CC-0. Nepal Sanskrit Academy, Kathmandu

नेपालको संक्षिप्त इतिहास

तोत्रराज पाण्डेय
नयराज पन्त

CC-0. Nepal Sanskrit Academy, Kathmandu

CC-0. Nepal Sanskrit Academy, Kathmandu

नेपालको संक्षिप्त इतिहास

तोत्रराज पाण्डेय
नयराज पन्त

संशोधन-मण्डल
काठमाडौँ

CC-0. Nepal Sanskrit Academy, Kathmandu

संशोधन-मण्डल
२७ डल्लुआवासमार्ग
काठमाडौँ, नेपाल

फोन नं. ५६७०३८०
४५३५७४९

मोबाइल नं. ९८४९६३४५९१
९८४९२२१६४२

ई-मेल– samshodhanamandala@gmail.com
पो.ब.नं. ४१६६, काठमाडौँ

पहिलोपटक– वि.सं. २००४ मा तोत्रराज पाण्डेयबाट
दोस्रोपटक– वि.सं. २०६० मा खिलशर्म-राजीवलोचनजोशीस्मारकप्रतिष्ठानबाट
तेस्रोपटक– वि.सं. २०८० मा संशोधन-मण्डलबाट

कम्प्युटर टाइपिङ- पुरुषोत्तम महर्जन
कम्प्युटर लेआउट- चिनिकाजी महर्जन
आवरणसज्जा- दिवेश प्रधान

ISBN: 978-9937-1-3980-9

मूल्य रु.- ४००।-

मुद्रक– **के. एम. प्रिन्टर्स**
तामसीपाखा-१८, काठमाडौँ, मोबाइल नं. ९८५१०६६३२४

वि.सं. २०८० वैशाख

CC-0. Nepal Sanskrit Academy, Kathmandu

पहिलो संस्करणको मुखपृष्ठ



CC-0. Nepal Sanskrit Academy, Kathmandu

CC-0. Nepal Sanskrit Academy, Kathmandu

पहिलो संस्करणबाट

नेपाल को संक्षिप्त इतिहास

(प्रवेशिका परीक्षा निमित्त)

लेखक

प्रोफेसर तोत्रराज पाण्डेय एम्.ए. (इतिहास र संस्कृत)

हिन्दू विश्वविद्यालय, काशी ।

पण्डित नयराजपन्त ज्योतिषाचार्य्य,

राजकीय संस्कृत पाठशाला, नेपाल ।

वि.सं. २००४

प्रथमवार १०००   मूल्य

CC-0. Nepal Sanskrit Academy, Kathmandu

पहिलो संस्करणबाट

प्रकाशक—
प्रो० तीर्थराज पाण्डेय
हिन्दू विश्वविद्यालय, काशी ।

(सर्वाधिकार सुरक्षित)

मुद्रक—
के० कृ० पावगी,
हितचिन्तक प्रेस, रामघाट, बनारस ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

पहिलो संस्करणबाट

परिचय

मुख्य गरी यो इतिहास छात्रवर्गहरुको लागि, पाठ्यक्रममा राखिनाको लागि लेखिएको हो। तर यस किसमको पुस्तक भएतापनि, लेखक ले यसमा प्रसस्त अनुसन्धान र मेहनत गरेकाछन्।

लडकाहरुको धेरैदिन देखिको मागपुर्ती गर्नाको लागि मेहनत साथ यो पुस्तक थोरै समयमा तयार गर्नु लेखकलाइ सह्नी गर्नु पर्ने कुराहो।

इतिहास कुनै सिमित समय र विषयवारे लेखिएको भएपनि यो लेखने ढङ्ग र काइदा अपरिमेयछ। यो इतिहास राष्ट्रीय दृष्टीकोण बाट लेखिएकोछ। यसले लडकाहरुको मद्दत साथ साथै आफ्नो देश प्रति भक्तिभाव जगाउन सकनेछ भन्ने मेरो पूरा भरोशाछ।

श्री मृगेन्द्रशम्शेर
डा० ज० प० इ० नेपाल

CC-0. Nepal Sanskrit Academy, Kathmandu

CC-0. Nepal Sanskrit Academy, Kathmandu

दोस्रो संस्करणबाट

नेपालको संक्षिप्त इतिहास

प्रा. तोत्रराज पाण्डेय

प्रा. नयराज पन्त

खिलशर्म-राजीवलोचनजोशीस्मारकप्रतिष्ठान

CC-0. Nepal Sanskrit Academy, Kathmandu

दोस्रो संस्करणबाट

प्रकाशक–
खिलशर्म–राजीवलोचनजोशीस्मारकप्रतिष्ठान
रक्तकाली, काठमाडौं ।
फोन: ४२६३४९४, ४४१७८५७

प्रकाशनमिति–
वि.सं. २०६० मार्ग १२ गते शुक्रवार मार्गशुक्ल पञ्चमी
(कविशिरोमणि राजीवलोचन जोशीको ७५ औँ स्मृतिदिवस)

दोस्रो संस्करण– ५०० प्रति
(खिलशर्म–राजीवलोचनजोशीस्मारकप्रतिष्ठानबाट पहिलो पटक)

मूल्य– रु. १२५/-

कम्प्युटर सेटिङ्ग–
चिनिकाजी महर्जन

मुद्रक–
अर्किड क्वालिटी प्रिन्टर्स
काठमाडौं, नेपाल ।
फोन: ४२५३२०८, ४२२७४५१

CC-0. Nepal Sanskrit Academy, Kathmandu

प्रकाशकको वक्तव्य

प्रा. तोत्रराज पाण्डेय र प्रा. नयराज पन्तद्वारा रचित नेपालको संक्षिप्त इतिहास वि.सं. २००४ मा प्रकाशित भएको हो । त्यस वेलासम्म उपलब्ध प्रामाणिक सामग्रीको आधारमा तयार पारिएको त्यो पुस्तक नेपालमा बसेर नेपालीले लेखेको नेपालको पहिलो इतिहास हो । धेरै कालसम्म प्रवेशिका (एस. एल. सी.) परीक्षाको पाठ्यपुस्तकको रूपमा रहेको त्यस पुस्तकको दोस्रो संस्करण हुन सकेन । नयाँनयाँ अनुसन्धान हुँदै जाँदा त्यस पुस्तकमा केही अशुद्धि पनि देखिन गएका छन् । प्रा. नयराज पन्तको विशेष आग्रहमा वि.सं. २०११ देखि नै त्यस पुस्तकमा रहेका कमीकमजोरी बाहिर आउन्न थालेका हुन् । यसो भए तापनि नेपालको संक्षिप्त इतिहासको आफ्नै महत्त्व छ । त्यसैले खिलशर्म-राजीवलोचनजोशीस्मारक-प्रतिष्ठानले यसको दोस्रो संस्करण प्रकाश गर्न लागेको हो । प्रकाश गर्दा पहिलो संस्करणमा जस्तो छ, त्यस्तै प्रकाश गरिएको छ अर्थात् सच्च्याइएको छैन । जोड्ने छुट्ट्याउने आदि भाषासम्बन्धी सामान्य अशुद्धिको संशोधन भने अहिले प्रकाश गर्दा मिलाइएको छ । अनुसन्धाताहरूको सजिलोको लागि पुस्तकको अन्त्यमा नेपालको संक्षिप्त इतिहासमा रहेका अशुद्धिको खण्डन परेका निबन्धको सूची हामीले दिएका छौँ । हाम्रा अरू प्रकाशनको जस्तै यसको पनि नीरक्षीरविवेकी विद्वान्हरूबाट यथोचित मूल्याङ्कन हुनेछ भन्ने आशा यस प्रतिष्ठानले लिएको छ ।

वि.सं. २०६० मार्ग १२ गते शुक्रवार
मार्गशुक्ल पञ्चमी
(कविशिरोमणि राजीवलोचन जोशीको
७५ औं स्मृतिदिवस)

खिलशर्म-राजीवलोचनजोशीस्मारकप्रतिष्ठान

CC-0. Nepal Sanskrit Academy, Kathmandu

CC-0. Nepal Sanskrit Academy, Kathmandu

मुखबन्ध

नयराज पन्तको इतिहाससम्बन्धी पहिलो कृति यही *नेपालको संक्षिप्त इतिहास* हो। हुन त यो एस्.एल्.सी.को पाठ्यपुस्तकको रूपमा छापिएको हो तापनि नेपालको इतिहाससम्बन्धी, अङ्ग्रेजी शब्द उधारो लिएर भन्ने हो भने, फर्स्ट्-रेट् रिसर्च् यहाँ परेको छ। पछि वि.सं. २००९ देखि छापिन थालेका *इतिहास-संशोधन*हरूमध्ये केहीको बीजरूप यसमा छ। नेपालको इतिहासरचनाको पनि इतिहास बुझ्न खोज्नेहरूलाई काम लागोस् भनी यसै प्रसङ्गमा यस इतिहासको रचनाको उठान र बैठान कसरी भयो भन्ने विषयमा केही लेख्नुपरेको छ।

वि.सं. १९९५ मा पढाइ सिद्ध्याई बनारसबाट फर्केपछि नयराज पन्तले नेपालको इतिहासको खोजी गर्न थाले। वि.सं. १९९६मा रुद्रराज पाण्डेय (वि.सं. १९५७-२०४३)लाई प्रसङ्ग[१]वश भेट्न उनी गए र राणाजीको दरबारमा रुद्रराज पाण्डेयको राम्रो पहुँच भएकोले नयराज पन्तले गर्न थालेको नेपालको इतिहासको अन्वेषणमा सरकारी अड्डाखानामा कागतपत्र खोतल्ने; त्यसको लागि सहायक जुटाइदिने; विदेशीले लेखेका, नेपालमा बजारमा नपाइने, तर राणाजीका सङ्ग्रहमा रहेका पुस्तक हेर्न पाउने जस्ता काममा रुद्रराज पाण्डेयबाट नयराज पन्तलाई मदत मिलेको थियो।

रुद्रराज पाण्डेय पाठ्यपुस्तक छापी पैसा कमाउने काममा लागेका र नयराज पन्तचाहिँ नेपालको इतिहास लेख्ने काममा लागेकाले र राणाशासनमा नेपालबाट नेपालको इतिहास छाप्नु असम्भवप्राय: भएकोले दरबारिया रुद्रराज पाण्डेयले नयराज पन्तमाथि चारो हाल्ने राम्रो मौका भेट्टाए। एस्.एल्.सी.लाई उपयुक्त हुने, नेपालको इतिहास लेख्ने प्रस्ताव रुद्रराज पाण्डेयले राखे। रुद्रराज पाण्डेय आफैँले त दुइचारवटा किताब पनि लेखेर छपाइसकेका हुनाले र आफू सरकारिया कलेजको प्रिन्सिपल जस्तो उच्च पदमा बसेकोले पनि होला, भरखर पढेर आई सरकारी जागीरमा प्रवेश गरेको ठिटो अर्थात् नयराज पन्तसँग मिलेर पुस्तक निकाल्न उनलाई सङ्कोच लाग्नु स्वाभाविक थियो, पाठ्यपुस्तक छापेर कमाइने द्रव्यको लोभले पनि उनलाई उत्तिकै गाँजेको थियो। त्यसैले उनका ठाहिँला भाइ तोत्रराज पाण्डेय (वि.सं. १९६७-२०१४)ले पनि इतिहासै पढेकाले र उनलाई बिकाउनु पनि परेकोले रुद्रराजले अब लेखिने इतिहासमा तोत्रराज पाण्डेय र नयराज पन्तको नाउँ हालेर छाप्ने प्रस्ताव राखे।

---

१. यो प्रसङ्ग बुझ्न नयराज पन्त २०१९: २६-२८ हेर्नू।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

अब लेखिने पुस्तक एस्.एल्.सी.को पाठ्यपुस्तकको रूपको हुने भए पनि नयराज पन्तको भित्तै पुगेर काम गर्ने स्वभाव भएकोले यस पुस्तकमा अन्त कतै नलेखिएका कुराले त्यसका निकै पाना ओगटेका छन् । यो किताब श्री ३ जुद्धशमशेरको पालामा वि.सं. १९९९ मा लेखिए पनि छापिनचाहिँ प्रजातान्त्रिक विचार भएका श्री ३ पद्मशमशेरको पालामा वि.सं. २००४ मा मात्र सम्भव भयो । तर पनि राणाकालको विषयमा लेख्दा नयराज पन्तले अलिकति सम्झौता पनि गर्नुपऱ्यो । त्यो के हो भने, श्री ३ जङ्गबहादुरको विषयमा एक अध्याय नै लेखिए पनि यहाँ श्री ३ जङ्गबहादुरको दोष देखाउने चेष्टा गरिएको छैन । जति जति पछिल्लो कालको इतिहास लेख्दै गयो, त्यति त्यति सम्झौता गर्दै जानुपर्ने भएर होला, नयराज पन्तले *नेपालको संक्षिप्त इतिहास* श्री ३ जङ्गबहादुरमै टुङ्ग्याइदिएका छन् ।

श्री ३ जङ्गबहादुरको गुण मात्र देखाई आफ्नो मन मोसेर इतिहास छाप्नुपरेकोमा नयराज पन्तलाई पछिसम्म पनि अप्ठ्यारो लागिरहेको थियो भन्ने कुरा *नेपालको संक्षिप्त इतिहास*मा परेका अशुद्धिको संशोधन गर्न उनका चेलाहरूले पहिलोपटक निकालेको *इतिहास-संशोधन* (धनवज्र वज्राचार्य र ज्ञानमणि नेपाल २०११:१८)मा लेखिएको तलको वाक्यबाट पनि स्पष्ट हुन्छ-

> **अन्त सवै ठाउँमा निष्पक्षपात बुद्धिले गुण दोष परीक्षा गरिएको र जङ्गबहादुरको वर्णनमा उनको गुणमात्र देखाइएकोले पुस्तकको आखिरी भाग भद्दा भएको छ ।**

यो पुस्तक खुद तोत्रराज पाण्डेयले लगानी लगाई आफैँ प्रकाशक भएकोले होला, पुस्तकको बिक्रीमा उनलाई खास चिन्ता लागेको थियो । बिक्रीको काममा नयराज पन्तलाई पनि जोत्ने उनको विचार थियो भन्ने कुरा उनले काशीबाट ई.सं. १९४८ डिसेम्बर ६ तारीखमा (वि.सं. २००५ मार्ग २१ गते) नयराज पन्तलाई लेखेको चिठीबाट पनि झल्कन्छ ।[२] *नेपालको संक्षिप्त इतिहास* एस्.एल्.सी.को पाठ्यपुस्तक भएकोले र यस पुस्तकका प्रकाशक नै यसको बिक्रीको लागि हारगुहार गरी लागिपरेकाले यसको बजारमा राम्रै खपत भयो ।

अब यस पुस्तकको प्रतिसंस्कार र परिवर्द्धन गरी यो पुस्तक फेरि छपाउने निर्णय रुद्रराज पाण्डेयले गरे । यसको लागि उपकरणहरूको सङ्ग्रह गर्न नयराज पन्तको

२. दिनेशराज पन्त २०६४: ३८ मा उद्धृत । त्यसको ई.सं.को मितिलाई वि.सं.कोमा परिवर्तन गर्दा उही: ३७ मा भ्रमवश **वि.सं. २००४ मार्ग २१ गते** छापिएको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

जिम्मामा ५००।- रुपैयाँ रुद्रराज पाण्डेयले वि.सं. २०१०मा दिए। उपकरणहरूको सङ्ग्रह गर्ने काममा नयराज पन्तले रामजी तेवारी (वि.सं. १९७३-२०४०) र शङ्करमान राजवंशी (वि.सं. १९८१-२०५६)लाई खटाए। *नेपालको संक्षिप्त इतिहास*को पहिलो संस्करणमा जङ्गबहादुरको पालासम्मको इतिहास मात्र परेकोले अब छापिने दोस्रो संस्करणमा वि.सं. २००७ सम्मको अर्थात् राणाकालसम्मको इतिहास पनि गाभ्ने निधो भएको थियो। यसैले रामजी तेवारी र शङ्करमान राजवंशीले सो अन्वेषणकार्य गर्दा राणाकालका उपकरणपट्टि खास चासो लिई राणाकालका निकै उपकरणको सङ्ग्रह गरे।[३] उपकरणहरूको सङ्ग्रह गर्न रामजी तेवारी र शङ्करमान राजवंशी जुन जुन दिन जान्थे, गएको दिनको जनही दश रुपैयाँ उनीहरूले पाउँथे।

रुद्रराज पाण्डेयलाई इतिहासका उपकरणहरूको सङ्ग्रहमा खास चासो थिएन। उनलाई त एस्.एल्.सी.को पाठ्यपुस्तकमा राख्न मिल्ने गरी नेपालको एकसरो इतिहास छाप्नु थियो। नयराज पन्तको निर्देशनमा रामजी तेवारी र शङ्करमान राजवंशी इतिहासका उपकरणहरूको सङ्ग्रह अझै गर्दै थिए। त्यस सङ्ग्रहको अनुशीलन गरी नयराज पन्तले इतिहास लेख्न थाल्नु त झन् धेरै टाढाको कुरा थियो। त्यो कुरा बेपारी रुद्रराज पाण्डेयलाई सह्य भएन। यसैले आफ्नो बेपार चलाउने विचारले रुद्रराज पाण्डेयका जेठा छोरा माधवराज पाण्डेयको नाउँमा छापिएको, साल र प्रकाशकको नाउँगोतासमेत नराखिएको *नेपालको इतिहास को एक झलक* नाउँको, एउटा मसिनो पुस्तक बजारमा देखा पऱ्यो। त्यस पुस्तकको जङ्गबहादुरसम्मको खण्ड मूलतः *नेपालको संक्षिप्त इतिहास*कै छोटकरी रूपको थियो। यसरी आफ्नो पुस्तकको अपहरण गरी रुद्रराज पाण्डेयले आफ्ना छोराको नाउँमा दर्ता गरेको देखेर नयराज पन्त अत्यन्त क्रुद्ध भए र रुद्रराज पाण्डेयसँग सम्बन्धविच्छेद गर्ने मनःस्थितिमा उनी पुगे। हुनत रुद्रराज पाण्डेयकहाँबाट आएको रुपैयाँको केही अंश रामजी तेवारी र शङ्करमान राजवंशीलाई उपकरणहरूको सङ्ग्रह गर्ने गरेको कामबापत दिँदा खर्च भइसकेको थियो तापनि उनीकहाँबाट आएको पूरै रकम नयराज पन्तले फिर्ता गर्ने भए। एक एक रुपैयाँका पाँच सय डबलले भरिएका, कपडाका दुइटा थैली मलाई अर्थात् छोरा महेशराज पन्तलाई बोकाई उनी रुद्रराज पाण्डेयकहाँ पुगे। नयराज पन्तको र रुद्रराज पाण्डेयको घरमा ५ मिनेटको पनि दूरी नभए पनि म सानै भएकोले होला, मलाई ती

---

३. खास गरी रामजी तेवारी २०३१:१८३-१८४ बाट यस कण्डिकामा परेका कुरा उतारिएका हुन्। यहाँ परेको रकमको अङ्कचाहिँ मैले आफ्नै सम्झनाको भरमा लेखेको हुँ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

थैली बोक्न गाह्रै भएको थियो । मैले सम्झेअनुसार त्यसवेला रुद्रराज पाण्डेयकहाँ भजन चलिरहेको थियो । भजनसजनमा रुचि नभएका नयराज पन्त त्यहाँ अचानक आएको देखेर रुद्रराज पाण्डेय अतालिए । संक्षिप्त भलाकुसारीपछि नयराज पन्तले आफू अकस्मात् आउनाको कारण बताई थैली उनलाई बुझाए । यस घटनाबाट स्तब्ध रुद्रराज पाण्डेयले तपाईँलाई पश्चात्ताप होला भनी नयराज पन्तलाई मनाउन निकै कोशिश गरे । पश्चात्ताप भए फेरि आउँला भनी नयराज पन्त फर्के ।

यसको भोलिपल्टै जस्तो रुद्रराज पाण्डेयका भतिजा अर्थात् तोत्रराज पाण्डेयका जेठा छोरा ध्रुवराज पाण्डेय नयराज पन्तकहाँ आए । ध्रुवराज पाण्डेयले नयराज पन्तकी सालीकी छोरी बिहे गरेकाले नाताले उनी नयराज पन्तका जुवाइँ पर्ने भए । मेरा ठूलोबुबाका छोरा दाइ माधवराज पाण्डेयले यस्तो काम गरे पनि हाम्रो खास परिवारको यसमा केही हात छैन, बितिसक्नुभएका मेरा बुबाको कीर्ति राख्न म जे गर्न पनि तयार छु, जसरी भए पनि यस पुस्तकको दोस्रो संस्करण हुनैपर्छ भनी उनले निकै जोड गरे । त्यसपछि पनि उनी पटक पटक नयराज पन्तकहाँ आए । यो काम गर्ने नै हो भने तिमीले पनि यहाँका अरू विद्यार्थीसरह पाठ बुझाई इतिहास पढ भनी रामजी तेवारीलाई लगाई पाठ कसरी पढ्ने भन्ने विधि पनि देखाए । यस किसिमको पढाइको गन्ध पनि नपाएका, इन्जिनीयर भइसकेका ध्रुवराज पाण्डेयले फेरि विद्यार्थी हुने आँट गरेनन् र कुरा त्यसै टर्‍यो ।[४]

*नेपालको संक्षिप्त इतिहास*को यसरी अपहरण भएको विषयमा नयराज पन्त (२०१९:४५)ले छोटकरीमा यसरी लेखेका छन्–

> **पुस्तक छपाई व्यापार गर्ने इच्छा मलाई थिएन । यस कारण *नेपालको संक्षिप्त इतिहास* अगाडि बढ्न सकेन । *नेपालको संक्षिप्त इतिहास*को सार झिकी इच्छानुसार थपघट गरी विद्वान् कहलाएका व्यापारीहरूले नानाथरीका अशुद्धिबहुल पुस्तक निकाली दुनियाँलाई मूर्ख आफूलाई धनी बनाइरहेछन् । विद्या र राष्ट्रको दृष्टिबाट सो काम अत्यन्त निन्दनीय हो ।**

नेपालको संक्षिप्त इतिहास बजारमा नपाइने भई धेरै वर्ष बितिसक्दा पनि नयराज पन्तको जीवनभर यो फेरि छापिएन । उनी परलोक भएको १ वर्षपछि वि.सं. २०६० मा खिलशर्म-राजीवलोचनजोशीस्मारकप्रतिष्ठानद्वारा यो पुस्तक यथावत् फेरि

---

४. यी घटना मैले प्रत्यक्ष देखेको हुँ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

छापियो । पहिलो संस्करणमा भन्दा यसमा खालि के फरक छ भने *नेपालको संक्षिप्त इतिहास*मा परेका अशुद्धिको खण्डन भएका निबन्धको सूची दिनेशराज पन्त (वि.सं. २००६ मा जन्म)को प्रबन्धबाट जोडिएको छ ।

दोस्रो संस्करणको लोकार्पण हुँदा उपस्थित जतिलाई निःशुल्क वितरण गरिएकोले र नयराज पन्तको नाउँले गर्दा पनि यो संस्करण छिटै नै सकियो । यसको परिमार्जित संस्करण संशोधन-मण्डलमार्फत प्रकाशित गर्ने अभिप्रायले १० वर्ष जतिअगाडि पुरुषोत्तम महर्जन (वि.सं. २०२८ मा जन्म)द्वारा यसको टाइप सेटिङ गराइयो । *नेपालको संक्षिप्त इतिहास*को पहिलो संस्करण तयार भएदेखि टाइप गराउँदासम्मको अवधिमा भएका खोजी मूल पुस्तकमा समाविष्ट गर्ने हो भने मूल लेखमा धेरै ठाउँमा परिवर्तन गर्नुपर्ने भयो । यसैले मूल पुस्तकमा नछोई परिमार्जन गरिएका जतिको विवरण परिशिष्टमा दिने विचार गरी मैले काम थालेको थिएँ । तर विद्यासम्बन्धी नै भए पनि धेरै थरी काममा समय दिनुपरेकोले मैले वर्षौं वर्षसम्म पनि त्यो काम पूरा गर्न सकिनँ । यसैले परिशिष्ट तयार पार्ने काम अहिले थाँती राखी दोस्रो संस्करण जसरी प्रस्तुत छ, त्यसरी नै यो छापिएको छ । खालि के फरक छ भने पहिलो संस्करणमा जस्तो शब्दविन्यास छ, सकेसम्म त्यस्तै शब्दविन्यास यस संस्करणमा कायम गरिएको छ । अर्कोचाहिँ, *नेपालको संक्षिप्त इतिहास*मा परेका अशुद्धिको खण्डन भएको फेहरिस्तमा एउटा प्रविष्टि थपिएको छ ।

वि.सं. २०८० बुद्धजयन्ती

महेशराज पन्त

यो लेख लेख्दा काम लिइएका साधनको तालिका

तोत्रराज पाण्डेय र नयराज पन्त २००४

= वि.सं. २००४ मा बनारसबाट तोत्रराज पाण्डेयद्वारा प्रकाशित, तोत्रराज पाण्डेय र नयराज पन्तको *नेपालको संक्षिप्त इतिहास*।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

तोत्रराज पाण्डेय र नयराज पन्त २०६०

= वि.सं. २०६० मा काठमाडौँबाट खिलशर्म-राजीवलोचनजोशीस्मारकप्रतिष्ठानद्वारा प्रकाशित, तोत्रराज पाण्डेय र नयराज पन्तको *नेपालको संक्षिप्त इतिहास* २ संस्करण ।

दिनेशराज पन्त २०६४

= वि.सं. २०६४ मा काठमाडौँबाट नारी स्वावलम्वी* समाजद्वारा प्रकाशित; हिरण्यकुमारी पाठकद्वारा सङ्कलित र सम्पादित, गार्गी शर्मा र गोपा शर्माद्वारा सम्पादित *तोत्र-प्रेम वृत्तान्त*का ३६-४० पृष्ठमा छापिएको, दिनेशराज पन्तको *नेपालको सङ्क्षिप्त इतिहासको विषयमा प्रा. तोत्रराज पाण्डेका दुई पत्र* ।

धनवज्र वज्राचार्य र ज्ञानमणि नेपाल २०११

= वि.सं. २०११।८।६।१ मा काठमाडौँबाट धनवज्र वज्राचार्य र ज्ञानमणि नेपालद्वारा प्रकाशित, उनीहरूकै

इतिहास-संशोधन

[४ संख्या]

प्रो. तोत्रराज पाण्डेय एम्.ए् तथा पं. नयराज पन्त

ज्योतिषाचार्य विरचित नेपालको संक्षिप्त

इतिहासमा रहेका अशुद्धिहरू ।

नयराज पन्त २०१९

= वि.सं. २०१९ मा ललितपुरबाट जगदम्बा-प्रकाशनद्वारा प्रकाशित; धनवज्र वज्राचार्य प्रधान सम्पादक र रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी, गौतमवज्र वज्राचार्य, महेशराज पन्त र नयनाथ पौडेल सम्पादक भई तयार गरिएको *इतिहास-संशोधनको प्रमाण-प्रमेय*मा छापिएको नयराज पन्तको *उपोद्घात* (१-५०पृष्ठ) ।

माधवराज पाण्डेय

= बेमितिको, काठमाडौँबाट ११/३५२, ट्यौडयेलद्वारा प्रकाशित, माधवराज पाण्डेयको *नेपाल इतिहासको एक झलक* ।

रामजी तेवारी २०३१

= वि.सं. २०३१ मा काठमाडौँबाट संशोधन-मण्डलद्वारा प्रकाशित *पूर्णिमा* ३१ पूर्णाङ्कका १८३-१८७ पृष्ठमा छापिएको, रामजी तेवारीको *बालाज्यूका दुइ अभिलेख* ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

अनुक्रमणिका

क्रम	नाम	पृष्ठ
१.	भूमिका	क-ख
२.	नेपालको सामान्य वर्णन	१-५
३.	प्राचीन इतिहास	६-१६
४.	मध्यकालको इतिहास	१६-१८
५.	चौबीसी	१८-२०
६.	बाईसी	२०-२१
७.	कान्तिपुर	२१-३२
८.	भक्तपुर	३२-३४
९.	ललितपुर	३४-४२
१०.	शाह गोरखा	४२-६०
	मकवानपुर ५०-५१	
११.	प्रतापसिंह	६०-६१
१२.	राजेन्द्रलक्ष्मी र बहादुर शाह	६१-६२
१३.	लमजुङ	६२
१४.	कास्की	६३
१५.	तनहूँ	६३-६५
१६.	भीरकोट, गरहुँ, सतहुँ, गुल्मी, अर्घा, खाँचीहरू	६५-६६
१७.	पर्वत	६६-६७
१८.	प्युठानहरू	६७-६९
१९.	कुमाउ	७०-७२
२०.	गढवाल	७२-७३
२१.	भोट	७४-८३
२२.	रणबहादुर शाह	८४-९६
२३.	गीर्वाणयुद्धविक्रम शाह	९६-९८
२४.	श्रीमोड, हण्डुर, कहलुर तथा बाह्रठकुराई	९८-९९
२५.	नेपाल र अंग्रेजयुद्ध	१००-११८
२६.	राजेन्द्रविक्रम शाह	११८-१२९
२७.	जङ्गबहादुर	१३०-१४३

CC-0. Nepal Sanskrit Academy, Kathmandu

CC-0. Nepal Sanskrit Academy, Kathmandu

भूमिका

नेपाल भनेको ८ कोश लामो ६ कोश चौडा खाल्डो हो भन्ने विचार स्मिथ[१] आदि केही यूरोपीय विद्वान्हरू गर्दछन् । यसैको पछि लागेर धेरै भारतीय विद्वान्हरू पनि हिँडेका र यो नेपालको इतिहास भएको हुनाले यस विषयको केही विचार यहाँ गर्नुपरेको छ ।

भारतका प्रसिद्ध गुप्तसम्राट् समुद्रगुप्त (वि.सं. ३८७-४३२) ले आफ्नो प्रशस्ति भएको प्रयागको खामोमा "कामरूप नेपाल कर्तृपुरका राजाहरूले मलाई कर तिर्छन्" भन्ने लेखाएका छन् । कामरूप भनेको आसाम हो भन्नेमा सबैको एक वाक्य छ । कर्तृपुर भनेको कत्यूर गढवाल हो भन्ने धेरैको विचार छ । यसरी आसाम र गढवालको बीचमा नेपाल पर्न आएको देखिनाले नेपालको वास्तव अर्थ खुल्दछ । स्मिथले भने झैँ नेपालखाल्डो नै नेपालको अर्थ भएको भए यति ठूलो देशमध्ये सानो टुक्रोमा मात्र समुद्रगुप्तको प्रभाव परेको हुँदा आफूलाई यस कुराबाट प्रशंसा गराउनाको साटो लाज मान्नुपर्ने कुरो समुद्रगुप्त जस्ता दिग्विजयीलाई पर्दथ्यो । ८×६ कोशको यो सानो टुक्रो समुद्रगुप्तको राज्यसँग कुन ठाउँमा मिलेको थियो यो कुरो पनि बुझ्नुपर्दछ ।

आफ्नो राज्यभित्रै पस्तै आएका कश्मीरी राजा जयापीडलाई नेपाली राजा अरमुडिले कालीगण्डकीको किनारमा कैद गरेको कल्हणले राजतरङ्गिणीमा लेखेका छन् । यो कुरो यस पुस्तकमा पनि परेको छ । यताबाट पनि नेपालको अर्थ गर्न निकै सजिलो पर्दछ ।

आयुर्वेदका ग्रन्थहरूमा नेपालमा पाइने भनेका जरीबूटी नेपालखाल्डोमा होइन, किन्तु नेपाल राज्यमा पाइने हुनाले पनि नेपालको अर्थ गर्न निकै सजिलो पर्दछ ।

लिच्छवि राजा मानदेवको राज्यको कुरो चाँगुको खामोमा र यस पुस्तकमा पनि परेको छ । यताबाट पनि नेपालको फैलावट बुझिन्छ ।

नेपालका राजा नरेन्द्रदेवसँग ७००० घोडचढी थिए भन्ने कुरो चिनियाँ लेखकको आधारमा स्मिथले[२] लेखेका छन् । स्मिथले भने झैँ नेपालखाल्डो नै नेपाल भएको भए यो संभव छैन ।

---

१. अर्ली हिस्ट्री अफ् इण्डिया तृतीय संस्करण पृष्ठ ३६५ ।
२. अर्ली हिस्ट्री अफ् इण्डिया तृतीय संस्करण पृष्ठ ३५३ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

यस कारण स्मिथका लेखमा पूर्वापर विरोध भएको र कुनै प्रमाणबाट त्यो सिद्ध हुन पनि नसकेकोले आसाम-गढवालको बीचको प्रदेश नै नेपाल भन्ने स्पष्ट देखिन्छ ।

यक्ष मल्लको पालासम्म पनि नेपालको त्यत्ति अङ्गभङ्ग भइसकेको थिएन । यसपछि ५२ जति राज्य खडा भई नेपालको वास्तव अर्थको लोपै भए जस्तो भयो र नेपालखाल्डोमा पनि कान्तिपुरका राजाहरूले पनि आफूलाई नेपालेश्वर भन्न लागे ।

पृथ्वीनारायणको पालादेखि गोरखाबाट फेरि नेपाली राज्यको पुरानो अर्थको प्रारम्भ भयो । यसैले वि.सं. १८४९ मा बनेको *जयरत्नाकरनाटक*मा कवि शक्तिवल्लभले नेपालको सङ्कुचित अर्थ नेपालखाल्डो हो, वास्तव अर्थ त यो होइन भनी लेखेका छन् । गोरखाबाट यो प्रयत्न शुरू भएको हुनाले नेपालीहरू गोरखाली कहलाउन लागे । नेपाली वा गोरखालीका प्रसिद्ध कवि भानुभक्त नेपालखाल्डामा जन्मेका पनि होइनन्, गोरखामा जन्मेका पनि होइनन्, तैपनि गोरखाली वा नेपाली त अवश्य हुन् ।

यो पुस्तक लेख्ता उही कालका शिलापत्र तामापत्र चिठीपत्रलाई सबभन्दा प्रमाण मानिएको छ । यसपछि खेस्रा कागतलाई प्रमाण मानिएको छ, त्यसपछि मात्र विदेशीका लेखलाई ।

हाम्रो देशको इतिहासमा आजसम्म नजानिएका, तर जान्नैपर्ने तथा जान्न पनि सकिने कुरा धेरै छन्, अहिले साधन नहुँदा ती कुराको समावेश गर्न नपाएको दुःख छँदैछ ।

कान्तिपुरको सबभन्दा बढ्ता कुरो यसमा पर्नु लेखकहरूलाई यतातिर धेरै परिचय मिल्नु हो । यसभन्दा अगाडि लेखिएका पाइएसम्मका नेपालको इतिहासविषयका पुस्तकहरू खोजी हेरी मनन गरी पुस्तक तयार गरिएको छ । यसैले ती सबै विद्वान्प्रति कृतज्ञता प्रकट गर्नु नै हामीले कर्तव्य संभेका छौँ ।

हामीहरूको काममा चाख मानी जो सकेको सहायता दिने सज्जनहरूलाई हामी भित्रैदेखि धन्यवाद दिन्छौँ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

नेपालको सामान्य वर्णन

प्राकृतिक दृष्टिबाट हेर्दा गङ्गाको प्रस्रवणक्षेत्र (बग्ने ठाउँ) अर्थात् शतरुद्रा (शतद्रु = सतलज)देखि पूर्व टिस्टादेखि पश्चिममा रहेको, हिमालको दक्षिण काख भएको भारतको शिरप्रदेशलाई नेपाल भन्नुपर्छ तापनि वर्तमानकालमा महाकालीदेखि पूर्व मेचीदेखि पश्चिमको प्रदेश नै नेपाल राज्यभित्र पर्न आएकोले यहाँ त्यतिको मात्र बयान गरिन्छ।

नेपाल राज्यको पूर्व दक्षिण पश्चिम ३ दिशातिर बङ्गाल (दोर्जलिङ्ग), विहार, संयुक्त प्रान्तनामक अंग्रेजी राज्यका जिल्ला पर्दछन्, उत्तरतिर चाहिँ भोटको राज्य पर्दछ। यो राज्य पूर्व-पश्चिम २२९ कोश लामो र उत्तर-दक्षिण ३५ देखि ६० कोशसम्म चौडा छ। यस राज्यको क्षेत्रफल १०,००० वर्गकोश छ। यस राज्यको उत्तरमा हिमालय, त्यसदेखि दक्षिण महाभारत र त्यसभन्दा पनि दक्षिण चुरे पर्वत पूर्वदेखि लिएर पश्चिमसम्म वारपार भएर रहेका छन्। हिमालयका चुलीलाई बाह्रै महीना हिउँले ढाकिरहन्छ। यसको शोभा अत्यन्त मनोहर देखिन्छ। हिमालय र महाभारतको बीचलाई पाहाडप्रदेश, महाभारत र चुरेको बीचलाई भित्री मधेश र चुरेदेखि दक्षिणको प्रदेशलाई मधेश वा तराई भन्दछन्।

नेपालमा मुख्य गरेर ३ नदी बहन्छन्। तिनमा पूर्वतिर कोशी नदी आफ्ना सहायक नदीहरूसाथमा बग्दै, उत्तरबाट दक्षिण-पूर्व हानिँदै गङ्गामा गएर मिल्दछिन्। तमोर, अरुण, दूधकोशी, लिखू, तामाकोशी, सुनकोशी, इन्द्रावती यिनको समूहलाई सप्तकोशी भन्दछन्। यिनमा सबभन्दा ठूलो अरुणको धार छ। यो भोटबाट हिमाल पार गरेर आई सोझै दक्षिण हानिएको छ। त्यसभन्दा पश्चिम त्रिशूली, बूढीगण्डकी, दरौँदी, मर्स्याङ्दी, सेती, काली (कृष्णा) गण्डकी, बढीगढनदीको समूहलाई सप्तगण्डकी भन्दछन्। यी नदीहरू पनि उत्तरबाट दक्षिणतिर बग्दै सबैको संयोग भएपछि नारायणी भन्ने नामले प्रख्यात भएर गङ्गाजीमा गएर मिल्दछिन्। यिनमा सबभन्दा ठूली कृष्णा गण्डकी मुस्ताङ हिमालबाट निस्केर दक्षिण हानिँदै बगेकी छन्। यिनमा शालिग्राम पाइन्छन्। अरू पश्चिममा भेरी, कर्नाली, पल्ली सेती, महाकाली आदि ठूला-ठूला नदी

CC-0. Nepal Sanskrit Academy, Kathmandu

बगेका छन् । यिनमा कर्नाली हिमकुण्ड मानसरोवरबाट निस्केकी छन् । सरयू नदीको माथिल्लो धार यिनै कर्नाली हुन् । यही पश्चिममा तलतिर रापती नदीको प्रवाह बगेको छ, यी सबै नदीहरू भागीरथीमा मिलेका छन् । यिनै नदीहरूबाट नेपाल राज्यको विभाजन पनि भएको छ । कोशीको प्रस्रवणक्षेत्र नेपालको पूर्व भाग, गण्डकीको प्रस्रवणक्षेत्र नेपालको मध्यभाग तथा कर्नालीको प्रस्रवणक्षेत्र नेपालको पश्चिम भाग भनी प्रसिद्ध छ ।

यी नदीहरूका किनारामा तथा शिरमा अनेकन् तीर्थहरू छन् । सप्तकोशीको संगममा वराहक्षेत्र, गण्डकीको मुख्य धार त्रिशूलीको शिर हिमालमा गोसाईँ कुण्ड, गण्डकीको मुख्य शाखा कालीगण्डकीको किनारामा रिडी, कालीगण्डकीको नजिक हिमालमा मुक्तिक्षेत्र तथा सप्तगण्डकीको संगममा द्यौघाटहरू प्रसिद्ध तीर्थ हुन् । यीबाहेक अरू तीर्थस्थल पनि नेपालमा प्रशस्त छन् । नेपालखाल्डाका श्रीपशुपतिनाथ र गुह्येश्वरी अत्यन्त पूजनीय देवता हुन् । बौद्ध र स्वयम्भूका दर्शनीय मन्दिर पनि यहीँ छन् । गोरखाका गोरखनाथ र मनकामना, महुत्तरीको जनकपुर, दुल्लु दैलेखको ज्वालामुखीदेवी पनि प्रसिद्ध तीर्थ हुन् । गौतम बुद्धको जन्म भएको बुटैलको लुम्बिनी (रुपन्देही) र उनको राजधानी कपिलवस्तु निग्लिहवामा तीर्थ गर्न आउने यात्रुहरू पनि प्रशस्त हुन्छन् ।

यहाँ हिमालको काखमा ज्यादै ठण्डी छ । त्यसभन्दा दक्षिण महाभारतसम्म गर्मी-जाडो ठिक्कै र भित्री मधेशमा चाहिँ अलि खराब हावापानी छ । त्यसदेखि दक्षिण तराईको प्रदेशचाहिँ गर्मी छ ।

संसारको सबभन्दा अग्लो चुचुरो सगरमाथा (माउण्ट एभरेष्ट) (समुद्रपृष्ठभन्दा १९४०० हात अग्लो) यही राज्यमा (पूर्व ३ नं. ओखलढुङ्गा जिल्लामा) पर्दछ । यस्तै गरी कञ्चनजंघा (१८५०० हात अग्लो) गौरीशंकर (१५६०० हात अग्लो) धौलागिरि (१७९०० हात अग्लो) आदि अग्ला-अग्ला हिमालचुली पनि यही राज्यमा पर्दछन् ।

नेपाल राज्यको पाहाडप्रान्त इलाम, धनकुटा, भोजपुर (पू. ४ नं.), ओखलढुङ्गा (पू. ३ नं.), रामेछाप (पू. २ नं.), चौतारा (पू. १ नं.), नुवाकोट (प. १ नं.), गोरखा (प. २ नं.), पोखरा (प. ३ नं.), पल्लोनुवाकोट (प. ४ नं.), पाल्पा,

CC-0. Nepal Sanskrit Academy, Kathmandu

प्युठाना, सल्यान, जुम्ला, दैलेख, डोटी, डडेलधुरा, बैतडी यी जिल्लामा भाग लाइएको छ । मधेशप्रान्तचाहिँ मोरङ, सप्तरी, महुत्तरी, रौतहट, सर्लाही, बारा, पर्सा, पाल्ही, माझखण्ड, खजहनी, स्युराज, बाँके, बर्दिया, कैलाली, कञ्चनपुर यी जिल्लामा बाँडिएको छ । भित्री मधेशचाहिँ कतै पाहाडप्रदेशमा, कतै मधेशप्रदेशमा गाभिएको र कतै छुट्टै रहेको पनि छ । छुट्टै रहेका भित्री मधेशका प्रदेशचाहिँ उदयपुर, सिँधुली, चिसापानी, चित्तौन, नवलपुर, दाङ देउखुरी (ढुडुवापाहाड) यी जिल्लामा बाँडिएको छ ।

नेपालखाल्डोचाहिँ पाहाडप्रान्तको बीचको प्रान्त हो । यहीं काठमाडौँ, ललितपुर, भक्तपुरनामक ३ शहर छन् । नेपाल राज्यको राजधानी काठमाडौँ यही खाल्डोमा परेको हुनाले यो खाल्डो सबभन्दा सानो प्रान्त भए तापनि सबभन्दा महत्त्वपूर्ण छ ।

नेपालका मध्यभाग (गण्डकीको प्रस्रवणक्षेत्र)मा मुस्ताङ र पश्चिम भाग (कर्नालीको प्रस्रवणक्षेत्र)मा जाजरकोट, सल्याना, बझाङ, थलहरा आदि आश्रित राज्यहरू छन् ।

नेपाल राज्य भारतवर्ष र भोटको बीचमा परेको हुनाले भारत र भोटलाई जोड्ने यही राज्य भएको छ । यताबाट भोट, भारतवर्ष दुवैतिर जाने प्रशस्त बाटाहरू छन् । तिनमा भारतवर्ष जाने बाटाहरूमा इलामको सीमानाबस्ती, मोरङको धुलाबारी, सप्तरीको सिराहा, रौतहटको कटहरवन, पर्साको वीरगञ्ज, सुमेश्वर (चित्तौन)को ठोरी, बुटौलको बैथरी, ढुडुवापाहाडको कोइलावास, नयाँ मुलुकको नेपालगञ्ज, महाकालीको झुलाघाट मुख्य छन् । भोट जाने बाटामा चाहिँ धनकुटाको हटिया, पू. ३ नं. को नाम्चेबजार, पू. २ नं. को लामबगर, पू. १ नं. को तातोपानी (कुती भई जाने), प. १ नं.को रसुवा (केरुङ भई जाने), पाल्पा जिल्लाको मुस्ताङ, जुम्लाको यारी इत्यादि बाटाहरू खूब प्रसिद्ध छन् ।

हिमालको अग्लो प्रदेशमा जौ आदि अन्नको थोरबहुत उब्जनी हुन्छ तापनि त्यहाँका बासिन्दाहरू धेरैजसो चौंरी र भेँडाको गोठ पाली त्यतैबाट घ्यू र ऊन पैदा गरी आफ्नो निर्वाह तथा व्यापार पनि गर्दछन् । टाँगन घोडाको पनि त्यहाँ उत्पत्ति हुन्छ । त्यहाँका मृग र बाज ता सर्वत्र प्रसिद्ध छन् । पाहाडप्रदेशमा धान, गहुँ, कपास, मकै, कोदो, ऊखु इत्यादिको खेती हुन्छ । भित्री मधेशमा ज्यादा गरेर आलस, तोरी हुन्छन् । तराईमा चाहिँ धानको खेती ज्यादा हुन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

नेपालमा जङ्गल प्रशस्त छन्। हिमालमा देवदार, धूपीहरू, पाहाडमा शाल, सल्लोहरू तथा मधेसमा शाल, सिसौ, खयर, शिमलहरूका प्रशस्त वन छन्। भित्री मधेश तथा तराईमा ज्यादै बाक्लो वन हुनाले त्यहाँ बाघ, भालु, गैँडा, अर्ना आदि प्रशस्त बनैया जन्तुहरूको बस्ती छ। त्यसैले यी जङ्गलहरू शिकारका लागि ज्यादै उपयुक्त छन्। यी जङ्गलमध्ये चित्तौनको जङ्गल शिकारका लागि ज्यादै प्रसिद्ध छ।

हिमालयमा नूनको खानी छ। पाहाडमा फलाम, तामा, गन्धक इत्यादिका खानी छन्। पाहाडमा कुनैकुनै नदीका बालुवा सफा गर्दा अलिकति सुन पनि पाइन्छ।

नेपालको व्यापार भारतवर्ष र भोट दुवै देशसँग चलेको छ। यसमा भारतवर्षमा नेपालबाट घ्यू, चमर, कस्तूरी, कम्बल, शाल, सिसौ, सूठो, सनपाट, हस्तीहाड र बाज आदि चराचुरुङ्गी आदिको निकासी र लत्ताकपडा, मसला, मट्टीतेलहरूको पैठारी हुन्छ। भोटको बाटो कपडा, तामाका भाँडा, मसलाहरूको निकासी र च्याङ्ग्रा, भैँडा, राडी, नून, पाखीहरूको पैठारी हुन्छ।

नेपालमा सबै किसिमका मालहरू पाइने भए तापनि यहाँको कम्बल, कस्तूरी, चमरको बयान उहिलेदेखि जताततै फैलिएको छ। भारतका प्रथम मौर्य्य सम्राट् चन्द्रगुप्तका मन्त्री अर्थशास्त्रका पण्डित चाणक्यले पनि नेपालको कम्बलको सह्रानी गरेका छन्।

नेपाली प्रजाहरू प्रायः सबै हिन्दु छन्, यिनमा केही शिवमार्गी (वैदिक-धर्मावलम्बी) र केही बुद्धमार्गी छन्। यी दुवै धर्मावलम्बीहरूको केही धार्मिक रीति फरक भए तापनि तान्त्रिक देवदेवताका पूजाआजा, विधिविधानहरू धेरैजसो मिल्दछन्। यसै कारण यिनीहरू उहिलेदेखि परस्परको सहयोगबाट मिलीजुली आएका छन्।

४ वर्ण, ३६ जातका नेपाली प्रजा छन्। यिनको संख्या ६४ लाखको करीबको छ। यी जातहरू कोही वर्गबाट, कोही पेशाबाट, कोही भाषाबाट छुट्टिएका छन्। यिनमा ब्राह्मण, क्षत्रियहरू पाहाड, मधेश जताततै छरिएका छन्। नेवारहरू (शिवमार्गी र बौद्धमार्गी दुवै थरी) नेपालखाल्डामै ज्यादा आबाद छन्। तामाङहरू नेपालखाल्डाका नजीकका पहाडप्रदेशमा घरजम गरी बसेका छन्। गुरुङहरू

CC-0. Nepal Sanskrit Academy, Kathmandu

गण्डकीको प्रस्रवणक्षेत्रको माथिल्लो भागमा ज्यादा रहेका छन् । मगरहरूको घना आबादी गण्डकीको प्रस्रवणक्षेत्रमा छ । लिखूदेखि पूर्वपट्टिका कोशीका प्रस्रवणक्षेत्रमा किरातीहरूको बस्ती, त्यसदेखि पूर्व अरुणपार लिम्बू, राई तथा लाप्चेहरूको बस्ती छ । यीबाहेक स्यार्पा, चेपाङ आदि जातिको पनि नेपालमा बस्ती छ । यी जातिहरू धेरैजसो खेतीपातीबाट र केही अंशमा नोकरी, व्यापार तथा शिल्पकलाको पेशाबाट पनि आफ्नो जीविका गर्दछन् । भित्री मधेशका थारू आदि जातहरू खेती तथा माछा मारी जीविका चलाउँछन् । कुसुण्डाहरू ता न खेतीपाती गर्छन्, न कुनै बन्दव्यापार, नोकरी-चाकरी नै गर्छन् । शिकार खेल्यो, कन्दमूल खोज्यो, वनमा बसाइँ सर्दै हिँड्यो, यही यो जातिको नियम छ । कर्नालीको प्रस्रवणक्षेत्रमा हिमाली भागमा हुनिया आदि घुमन्ते व्यापारी रहन्छन् । यिनीहरूको घरजम केही हुँदैन, भेँडा पाल्यो, ऊन जम्मा गर्‍यो बेच्यो, भोटबाट नून ल्यायो बेच्यो, यसै गरी घुम्दै यिनीहरू हिँड्दछन् ।

नेपाली प्रजामा पर्वतप्रान्तका बासिन्दा ज्यादै कष्टसहिष्णु र साहसी वीर हुनाले यिनीहरूको जताततै वीर योद्धा भन्ने नाम फैलिएको छ । पर्वतक्षेत्रका बासिन्दा हुनाले यिनलाई पर्वते र गोरखाली राजवंशको शासनकालमा राज्यको एकता भई यिनीहरूको योग्यता संसारभरमा फैलिन पाएकोले यिनलाई गोरखाली पनि भन्दछन् ।

पर्वते, मधिशे, नेवार, मगर, गुरुङ, तामाङ, किरातीहरूको आफ्नो आफ्नो भाषा भिन्नाभिन्नै भए तापनि परस्परको व्यवहारलाई यिनीहरूले आर्यभाषा संस्कृतको काखमा जन्मेको नेपाली भाषाको व्यवहार गर्दछन् । सोही भाषा हिमालप्रान्तको मुख्यभाषा भएको छ, यही भाषाको नेपालमा प्राधान्य छ ।

यहाँ श्री ५ महाराजाधिराजको सर्वोत्तम सम्मान हुन्छ । उहाँबाट राज्यको सर्वाधिकार प्राइम मिनिष्टरलाई सुम्पिएको हुनाले नेपाल राज्यको सबै बन्दोबस्त प्राइम मिनिष्टर (श्री ३ महाराज)का प्रबन्धबाट चल्छ ।

नेपाल राज्यका धेरैजसा प्रान्तहरू नेपाल सरकारबाट सोझै शासन हुन्छ । आश्रित राज्य जस्तै जाजरकोट, सल्याना, बझाङ, मुस्ताङ इत्यादि आफ्ना आफ्ना सामन्त राजाहरूबाट शासित हुन्छन् । यस किसिमबाट राज्यको शासनव्यवस्था चलेको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

प्राचीन इतिहास

जसका नामले गर्दा अजनाभवर्षको भारतवर्ष भन्ने नाम रह्यो, उनै प्रसिद्ध राजर्षि महाराज भरतले तपस्या गरेको गण्डकीकिनारको पुलहाश्रम (बागलुङनेर)मा हो भनेर *श्रीमद्भागवत* तथा *विष्णुपुराण*हरूमा लेखिएको छ। रामचन्द्रका ससुरा जनक राजा पनि यही नेपालको तराई जनकपुरमा बस्तथे । रामचन्द्रलाई शिक्षा दिने गुरु जस्तै भएका विश्वामित्र ऋषिको आश्रम पनि कोशी नदीका किनारामा थियो । तिनै कौशिकको (विश्वामित्रको) नामबाट कौशिकी (कोशी) नाम चलेर आएको हो । जनकहरूका गुरु शुक्लयजुर्वेद माध्यन्दिनीय शाखाका प्रवर्तक महर्षि याज्ञवल्क्यको आश्रम पनि जनकपुरकै नजीकमा थियो ।

उहिले नेपालमा भूमिगुप्त आदि गरिएका गोपालवंशी राजाहरूले ११ पुस्तासम्म राज्य गरे । त्यसपछि ३२ पुस्तासम्म एलम आदि गरिएका किरातवंशी राजाहरूको नेपालमा रजाइँ चल्यो । उस वेलाको शासन प्रायः सानोसानो प्रान्तमा सीमित रहेको हुन्थ्यो । बन्दव्यापार उत्तिको चलेको थिएन । मानिसहरू खेतीपाती गरेर, गोठ राखेर तथा शिकार खेलेर आफ्नो जीविका चलाउँथे ।

शाक्यहरूको उहिले बुटौल तराईमा प्रजातन्त्र राज्य थियो । त्यहाँको राजधानी कपिलवस्तु (बुटौल तौलिहवाको निग्लीहवा)मा राजा शुद्धोदन बस्तथे । उनकी ज्येठी रानी मायादेवीलाई माइत जान लाग्दा बाटामै व्यथा लाग्यो र लुम्बिनी (बुटौल माझखण्डमा रूक्मिनदेई)मा बगैँचाका एक रूखमुन्तिर विक्रमभन्दा ५०६ वर्ष पहिले वैशाखपूर्णिमाको दिन मायादेवीको गर्भबाट राजकुमार सिद्धार्थको जन्म भयो । यी राजकुमारको स्वभाव बालकालदेखि नै बडो गम्भीर र दयालु थियो । संसारमा मानिसहरू जन्मन्छन्, मर्छन्, दुःख भोग्छन्, के गरे संसारलाई सुख होला भन्ने कुरा यिनका मनमा खेलिरहन्थ्यो । आखिर यही चिन्ताले दरबार, बाबु, आफ्नी रानी, भरखर जन्मेको छोरोसमेत छोडेर हिंडे । यति भएपछि केही दिनसम्म एकजना विद्वान्कहाँ गएर उनले विद्याभ्यास गरे । तैपनि उनको मनको शङ्का गएन र उनी गयामा गएर कठोर तपस्या गरी ज्ञान प्राप्त गर्ने उद्योगमा लागे । यताबाट जीउ सुक्नुसिवाय विशेष लाभ नभएकोले कठोर तपस्याबाट उराठ भएर उनी शरीरलाई नियममा राखेर विचार गर्नपट्टि

CC-0. Nepal Sanskrit Academy, Kathmandu

लागे। यस्तैमा एकदिन पीपलको रूखमुनि विचार गरिरहेका वेलामा उनको मनलाई शान्ति मिल्दै गयो र उनी त्यहाँबाट आएर दुनियाँलाई "आफ्नो इन्द्रिय जित्नाले, कसैसँग झगडा-तगडा रिसराग नगर्नाले, शरीर तथा मनलाई नियममा राख्नाले, अरूलाई दुःख नदिनाले, आफूले जानेको असल कुरा अरूलाई सिकाउनाले सबैलाई दुःख, मृत्युको यो भयङ्कर चक्करबाट छुटकारा मिल्दछ" भन्ने सुनाउन लागे। बिस्तारबिस्तार उनका अनुयायीहरू बढ्दै गए। यताबाट उनलाई मानिसहरूले महात्मा गौतमबुद्ध भन्न लागे। बुद्ध आफूले बताएको बाटोलाई "मैले आफैँले निकालेको हो" भनेर भन्दैनथे। किन्तु यो कुरा उहिलेदेखि चलिआएको पौराणक पण्डिता (पुरानै विद्वान्हरूले मानेको सनातनको कुरा) नै हो भनेर भन्दथे। यस किसिमबाट उनी उत्तरभारतमा घुमेर जतातती प्रचार गर्न लागे। उनका चेलामा कोही घरबार छोडी भिक्षु भिक्षुणी भए, कोही घर-गृहस्थीमै रहेर उनको उपदेशसम्म मानी उपासक उपासिका बने। यसरी धर्मप्रचार गर्दै ८० वर्षका अवस्थामा कुशीनगर (गोरखपुर जिल्ला)मा भगवान् बुद्धले संसार छोडिदिए।

उनका चेलाहरूले नेपालमा पनि धर्मप्रचार गरे। ठाउँठाउँमा उनका उपदेशको चर्चा हुन लाग्यो। त्यही उपदेश चर्चा हुने ठाउँलाई विहार (बहाल) भन्न लागे।

उहिले वैशाली (आजकालको मुजफ्फरपुर जिल्लाको बसाढ)मा लिच्छविहरूको गण (प्रजातन्त्र) राज्य थियो। त्यहींका लिच्छविहरूले विक्रमको पहिलो शताब्दीमा नेपालमा आएर आफ्नो राज्य जमाए। त्यस बेलादेखि नेपालमा यो लिच्छविराज्य पुगनपुग ९०० वर्ष जति रह्यो। यी लिच्छविमा जयदेव विशेष नामी भए। नेपालमा लिच्छविवंश खडा भएपछि यसको बाहिर पनि संबन्ध बढ्दै गयो।

विक्रमको चारौँ शताब्दीदेखि भारतमा गुप्तहरूको प्राबल्य बढ्दै गएको थियो। गुप्तसम्राट्हरूले आफ्ना बाहुबल र बुद्धिमानीले प्रायः सम्पूर्ण उत्तरभारतलाई आफ्नो छत्रछायामा ल्याएका थिए। यी गुप्तसम्राट्हरूमा लिच्छविदौहित्र (लिच्छविका छोरीका छोरा) महाराजाधिराज समुद्रगुप्त (वि.सं. ३८७-४३२) को ठूलो नाउँ छ। उनले कैय्यन् देशलाई आफ्नो अधिकारमा ल्याएर अश्वमेध

CC-0. Nepal Sanskrit Academy, Kathmandu

यज्ञ गरेका थिए । नेपालका लिच्छवि राजाहरूले पनि समुद्रगुप्तसँग आश्रित सन्धि गरेका थिए ।

पछिपछि गुप्तराजाहरूको दबदबा घट्तै गयो र नेपाली लिच्छविहरूले टाउको उठाएर स्वतन्त्र हुने मौका भेट्टाए । यिनमा जयदेवका तेह्रौँ पुस्तामा पैदा भएका राजा वृषदेव कसैसँग निहुरनु नपरेर नेपालका हर्ताकर्ता बने । यिनको विशेष बौद्ध धर्ममा श्रद्धा थियो । यिनका छोरा शङ्करदेव भए । यिनै शङ्करदेवले पशुपतिमा त्रिशूल चढाएका हुन् । यिनका छोरा धर्मदेव थिए । धर्मदेवका छोरा मानदेव भए ।

अपर्भ्रट्टसँग राजा धर्मदेवको मृत्यु भयो । त्यस बखत मानदेवको उमेर कच्चै थियो । पहिले रानी राज्यवती सती जान तयार भएकी थिइन्, तर पछि छोरा मानदेवको ज्यादै ढिपीले गर्दा पुत्रस्नेहले रानीले सती जाने विचार छाडिन् । अब कच्चै उमेरमा मानदेव राजा भएको सुनेर वरिपरिका सामन्त (सिर्तो तिर्ने) राजाहरूले "स्वाधीन हुने मौका यही हो" भनेर मानदेवलाई टेर्न छोडिदिए । आमाको आज्ञा लिएर उनले आफ्ना फौजसाथ पूर्वतिर प्रस्थान गरे । पूर्वतिरका सामन्तहरू अगि त निकै तम्सेका थिए, मानदेवको मार पर्न लागेपछि त सेलाउन लागे र "त्वं शरणं" भन्न थाले । तिनीहरूलाई आफूलाई मान्ने तुल्याएर मानदेव पश्चिमतिर लागे । पश्चिमतर्फ पनि उनको मुख हेर्न सक्ने कोही भएन । परन्तु गण्डकीको पल्लो किनारका मल्लहरूले मानदेवलाई गन्न पनि गनेनन् । मानदेवले अलिकता फौज लिएर आफ्ना मामालाई एउटा गुप्ती बाटोबाट गण्डकी तर्न लाए, आफूचाहिँ अर्को बाटोबाट तरेर हमला गर्न पुगे । यसरी दुवैतिरबाट आफ्नो राज्यमा आक्रमण भएपछि त मल्लहरूले पनि मानदेवसँग लत्रनैपऱ्यो । यसरी मल्लहरूलाई पनि मानदेवले नथ्याई प्रभाव फैलाएर मानदेव सरासर फर्केर नेपाल राजधानीमा आई आफ्नी आमालाई सबै कुरा सुनाए । रानीले पनि गद्गद भएर अनेकन् यज्ञहरू गरिन् । यी मानदेवले चाँगुनारायणको भारी पूजा गरेर त्यहाँ आफ्नो जीतबाजीको वर्णन एउटा ढुङ्गे खम्बामा वि.सं. ५२१ मा लेखाएर राखेका छन् ।

मानदेवले आफ्नी मुमा राज्यवतीको नाममा वि.सं. ५२२ मा स्थापना गरेका भगवान् वामनको मूर्ति लाजिम्पाट तथा वाङ्मतीपारि छन् । यी मानदेवका

CC-0. Nepal Sanskrit Academy, Kathmandu

पालामा नेपालमा व्यापारको पनि विशेष उन्नति हुँदै गएको थियो । मानदेवले आफू बस्न भनी मानगृह नाम गरेको दरबार बनाएका थिए । मानगृहको अपभ्रंश मानिग्ल र मानिग्लको अपभ्रंश मङ्गल देखिएकोले सो दरबार पाटनमै थियो भन्ने अनुमान हुन्छ । पछिपछिसम्म पनि मानगृहमै लिच्छवि राजाहरू बस्तथे । विद्यामा पनि मानदेवको रुचि थियो । यिनको पालामा नेपालमा संस्कृतमा लेख्न जान्ने सिपालु लेखकहरू थिए । मानदेवले वि.सं. ५२० देखि वि.सं. ५४८ सम्म निष्कण्टक राज्य गरे ।

यी मानदेवका छोरा महीदेव भए । यिनका पालामा केही प्रसिद्ध घटना भएको बुझिएको छैन । महीदेवका छोरा वसन्तदेव भए । वसन्तदेवका पालाको वि.सं. ५७० को एउटा सनद शिलापत्र जैसीदेवलमा छ । वसन्तदेवपछि गणदेव गद्दीमा बसे तापनि राज्यको सारा अधिकार भौमगुप्तको हातमा गयो । गणदेव-भौमगुप्तको संयुक्त शासनकालमा वि.सं. ६२४ मा स्थापना गरिएका अर्धशौरीश्वर द्यौपाटनमा छन् । वि.सं. ६३३ मा राजाहरू साह्रै कमजोर हुँदा महासामन्त द्वितीय मानदेवले सारा अधिकार आफ्ना हात लिई आफ्नै नामबाट संवत् पनि चलाए । यस संवत्लाई मानदेवसंवत् भन्छन् । यस संवत्को व्यवहार नेपालमा ३०४ वर्षसम्म रह्यो । गणदेवपछि गद्दीमा शिवदेव बसे । राज्यको बागडोरचाहिँ लिच्छविवंशमा पैदा भएका अंशुवर्माको हातमा पर्न गयो । अंशुवर्मा बहुतै वीर र विद्याव्यसनी शासक थिए । अंशुवर्माले लिच्छवि राजाहरूको कमजोरीको मौका छोपी स्वतन्त्र हुँदै गएका सबै सामन्तहरूलाई काबूमा ल्याए । अगिबाट अंशुवर्माले महासामन्त पदवी लिएर नेपालको शासन चलाउन लागे । केही वर्षसम्म शिवदेव र अंशुवर्माको संयुक्त शासन रह्यो । पछि आफू बलियो हुँदै गएपछि वि.सं. ६६३ देखि आफ्नै नाउँबाट अंशुवर्मा शासन गर्न लागे । पछिपछि त हुँदा हुँदा यिनले महाराजाधिराज पदवी लिएर आफ्नै टक चलाए ।

जुन वेला नेपालमा अंशुवर्माको चकचकी फैलिएको थियो । ठीक त्यसै समयमा उत्तरभारतमा हर्षवर्द्धन र भोटमा स्रङ्चङ गम्पो राज्य फैलाउन लागेका थिए । यस्तो समयमा दुइ ढुङ्गाको बीचमा परेर नेपाललाई अँचेटिउँला भन्ने डर पनि पर्न सक्थ्यो । परन्तु अंशुवर्माको बुद्धिमानी र पराक्रमले नेपालमा कसैले खुट्टो टेक्न

CC-0. Nepal Sanskrit Academy, Kathmandu

पाएन । अंशुवर्माको पालामा जाहेर भएका अनेकन् सनद शिलापत्रहरू पाइन्छन् । यी शिलापत्रहरूमा "रातोदिन अनेकन् शास्त्रकै अर्थविषयमा छलफल गर्दा गर्दा खराब विचार हटिसकेको हुनाले लोकव्यवहारको बरबन्दोबस्त बाँध्नु नै ठूलो उत्सव सम्झने" तथा "अरू राजालाई साञ्जलिक प्रणाम गर्न अघि नसर्ने, धर्मको कामको बरबन्दोबस्त बाँध्नाले सुध्रिएको मनको अठोट भएका" र "श्रीपशुपतिनाथको पाउको अनुग्रह पाएका" यी विशेषण अंशुवर्मामा लागेका छन् ।

अंशुवर्माले एउटा व्याकरणपुस्तकको रचना गरेका थिए । भारत घुम्न आएका चिनियाँ यात्री ग्यान च्वाङले "भरखर भएका नेपालका लिच्छविवंशका राजा अंशुवर्मा विद्याको र गुणको कदर गर्ने, बुद्धिमानीसाथ न्याय गर्ने, निसाफ गर्ने स्वभावका थिए" भनी प्रशंसा गरेका छन् ।[१] अंशुवर्मापछि जिष्णुगुप्तको हातमा शक्ति गयो, गद्दीमा चाहिँ लिच्छवि ध्रुवदेव थिए । जिष्णुगुप्तपछि उनका छोरा विष्णुगुप्तको हातमा नेपालको शासन आयो, गद्दीमा चाहिँ लिच्छविवंशमै पैदा भएका भीमार्जुनदेव रहे । यसपछि लगत्तै भीमार्जुनदेवलाई खारेज गरी विष्णुगुप्त आफैँ हर्ताकर्ता भए, तर दुइ तीन वर्षभित्र अंशुवर्माका छोरा उदयदेवका छोरा नरेन्द्रदेवले गद्दीमा आफ्नो पुस्तौनी हक देखाएर विष्णुगुप्तबाट राज्य खोसेर आफैँले महाराजाधिराजको पदवी लिए । विक्रमको सातौँ शताब्दीको शुरूमा खडा भएको द्वैत शासन करीब १०० वर्ष जति रहेर नरेन्द्रदेवका हातबाट नासियो ।

यी नरेन्द्रदेव राजाका पालाको सनद शिलापत्रमा "उर्लेका वीर सिपाहीका भाला र बाणले उनिएका हात्तीघोडाले घनघोर भएको लडाइँमा सारा वैरीलाई सोतर पारेर दुनियाँहरूलाई धर्मकर्म रुपैयाँपैसाको व्यवहार र सुखसयलसमेत पुऱ्याइदिने, आफ्ना कीर्तिले दिशा विदिशा उज्यालो पारेका तथा श्रीपशुपतिनाथका पाउको अनुग्रह पाएका" यी विशेषण नरेन्द्रदेवमा लागेका छन् ।

---

१. भोटका राजा स्रङ्चङ गम्पोलाई नेपालका राजा गोचा (अंशुवर्मा)ले आफ्नी छोरी खिचुन (भ्रुकुटि) दिएका थिए । यी राजकुमारीले भोटमा बौद्ध धर्म खूब फैलाइन् । अझसम्म पनि भोटेहरू भ्रुकुटिलाई तारादेवीको अवतार मान्दछन् । यस्तो वर्णन भोटका पुराना लेखमा पाइए तापनि नेपालमा यो विवाहको केही वर्णन पाइएको छैन । गोचा भनेको अंशुवर्मा नै हुन् कि अरू कोही हो, यो पनि पक्का भएको छैन ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

यिनै नरेन्द्रदेवको पालादेखि आर्यावलोकेश्वर (राता मच्छिन्द्र)को जात्रा चलेको हो भन्ने उहिलेदेखि परम्पराबाट चलिआएको छ। यिनै नरेन्द्रदेवको पालामा चिनियाँ राजदूत वाङ युन चे चीनबाट भारतमा नेपालको बाटो वि.सं. ७०० देखि ७१४ सम्म ओहोरोदोहोरो गरेका थिए।

चिनियाँ राजदूतले "नेपालीहरू कान छेड्छन्, जामा लाउँछन्, आँखिभुइँको तहमा कपाल बनाउँछन्। नेपालीहरूका भाँडा-कुँडा र टक पनि तामाका हुन्छन्। नेपाली घर काठले बनेको हुन्छ, भित्ता कुँदिएको र रङ्गीन हुन्छ। नेपालीहरू सनही तथा ढोल बजाएर नाचगान गर्न खुशी मान्छन्। औषधि गर्न र ज्योतिषको काममा नेपालीहरू चतुरा हुन्छन्। नेपालमा खेतीवालभन्दा व्यापारी धेरै छन्। आफू नुहाईधुवाई सफासुग्घर रहने तथा पाँच पञ्चतत्त्वको ढुङ्गामा कुँदेको मूर्तिलाई शुद्धजलले स्नान गराई पूजा गर्ने, देवतालाई भैंडाको बलि दिने नेपालीको चलन छ। राजा नरेन्द्रदेव कानमा सुनको चौगडी लाउँछन् तथा मोती, मुगा, पन्नाहरूले सिँगारिएका हुन्छन्। उनको कम्मरपेटीमा बुद्धको मूर्ति कुँदिएको हुन्छ। बैठकमा फूल र सुगन्धी पदार्थहरू राखिन्छन्। राजा सिंहासनमा र भारादार उनका दायाँबायाँ तल बसेका हुन्छन्। हतियार भिरेका सयकडन् सिपाही (आठपहरिया) राजाका नजीकमा वरिपरि रहेका हुन्छन्। दरबार (कैलासकूटभवन)को बीचमा साततले तामाको छाना भएको एउटा बुर्जा छ। यसका दलिन, डँडाली, कठवार, खम्बा सबै कुरा असल र किमती पत्थरका बनेका छन्। बुर्जाको चार सुरमा तामाको नल लागेका छन्। नलका तलतिर सुनौला मकर (गोही) छन्। तिनको मुखबाट पानीको फोहरा छुटिरहन्छ" भन्ने बयान गरेका छन्।

नरेन्द्रदेवका छोरा द्वितीय शिवदेव भए। यिनको विवाह मौखरी राजकुमार भोगवर्माकी छोरी, मगधका राजा आदित्य सेनकी दौहित्री (छोरीकी छोरी)का साथ भएको थियो। यिनै भोगवर्माकी छोरी वत्सदेवीको गर्भबाट द्वितीय जयदेवको जन्म भयो। यी जयदेवको विवाह कामरूप देशका प्रतापी राजा हर्षदेवकी छोरी राज्यमतीसँग भएको थियो। यी जयदेवको प्रभाव बाहिर टाढाटाढासम्म फैलिएको थियो। "सुखसँग रहेका ब्राह्मणहरूले होमिएको घृतको आहुतिको

CC-0. Nepal Sanskrit Academy, Kathmandu

ज्वालाले रोगव्याध उडाइएको, आफ्ना बाहुबलको आडले बढाइएको, कण्टक (चोर, डाँका, बदमाश) शून्य भएको आफ्नो राज्यलाई पालना गर्दै अरूको राज्यमा दखल दिने हुनाले" यी जयदेवको अर्को नाउँ "परचक्रकाम = शत्रुको मुलुक लिन खोज्ने" भन्ने रहन गएको थियो । जयदेव राजा संस्कृतका साँच्चिकै कवि थिए । यिनले आफ्नी आमा वत्सदेवीका साथ सुनको केसर भएको चाँदीको कमल वि.सं. ७९२ मा पशुपतिनाथमा चढाएका थिए । यसको शिलापत्रमा "निर्लज्ज हुने मन नभएको कुनचाहिँ कुलीन पुरुष आफ्नो कुलको बयान आफैँ गर्ला ? त्यसैले असल कवि भए तापनि राजाले आफ्नो वंशावलीको वर्णन आफैँले गरेनन्, बुद्धिमान् राजाले आफैँ बनाएका पाँच श्लोक (पशुपतिको स्तुति, कमलवर्णन, पुण्यफल आमालाई चढाएको)लाई छाडेर बाँकी (२९) श्लोक राजाका उपरको स्नेहले बुद्धकीर्तिले बनाएका हुन्" भन्ने लेखिएको छ ।

यसपछिका लिच्छवि राजाहरूका वर्णन उस्तो पाइँदैन । विक्रमको नवौँ शताब्दीमा काश्मीर देश अत्यन्त बलियो हुँदै गएको थियो । त्यहाँका राजा जयापीड विनयादित्यले धेरै देश जितिसकेका थिए । तिनै राजा जयापीड नेपाल हान्न भनेर आए । त्यस बेलाका नेपालका राजा अरमुडि चलाक र लडाइँको कारवाई राम्ररी बुझ्ने वीर थिए । जतिजति जयापीड भित्र पस्दै गए, त्यतित्यति अरमुडि हारे जस्तै गरी हट्दै आए । यसरी शत्रु दब्दै गएको देखेर एउटा नदीको किनारामा जयापीडले आफ्नो अखाडा जमाए । अरमुडिचाहिँ भाग्दै गए, परन्तु दुइ तीन दिनपछि नदीको पल्लो किनारामा आएर आफ्नो फौजलाई अरमुडिले सजधजसँग सजाए । यसरी आफूले हराएको शत्रुले आफ्नै अगिल्तिर त्यस्तो फूर्त्ति गरेको देखेर जयापीडले तुरुन्त आफ्नो फौजलाई खोला तरी अरमुडिको फौजसँग लडाइँ गर्ने आज्ञा दिए । त्यस वेला पानी घुँडासम्म मात्र आउँथ्यो । नेपालीहरूले चलाकीसाथ एउटा पोखरीमा प्रशस्त पानी जमाएका रहेछन् । के कश्मीरीहरू नदीमा पसेथे, नेपालीहरूले पोखरीको मुहान खोलिदिए । नदीमा बाढी आयो; कश्मीरीहरू बग्न लागे । जयापीड पनि बग्दै गएका थिए । पौडीबाज नेपाली सिपाहीहरूले मसकको सहायताले तिनलाई पानीबाट उतारे । अरमुडिले जयापीडलाई काली गण्डकीको किनारको एउटा घरमा कैद गरिदिए ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

काश्मीरी मन्त्री देवशर्माले अरमुडिकहाँ दूत पठाए र काश्मीर राज्य उनलाई सुम्पने कुरा गरे । अरमुडिले पनि देवशर्मासँग भेट गरी कुरा गर्दा उनले हाम्रा राजाले पैसा धेरै जम्मा गरेको छ, त्यो कहाँ छ ? राम्रो मलाई थाहा छैन । राजासँग भेट गर्न पाए सो कुरा पनि खुल्ने थियो । सो ऐश्वर्यका साथ कश्मीर पनि सरकारकै अधीनमा रहनेछ भन्ने सुनाए । अरमुडिले पनि उनलाई जयापीडसँग भेट्ने आज्ञा दिए । देवशर्माले आफ्ना राजा जयापीडलाई भेट गरी सरकारले जुनसुकै उपायले भए पनि यस बन्धनबाट उम्कनुपर्दछ भन्ने सल्लाह दिए । राजा चर्पी गएका वेला "म मरेपछि मेरै जीउमा चढेर सरकारले नदी तरिबक्सिएला, नदीको उसपार हाम्रा सिपाहीहरू गुप्तभेषमा आएका छन्, तिनका साथ सरकार आफ्नो देशमा सवारी होला" भन्ने आशयको एउटा कागत लेखेर छाडी आफूले गलामा कपडा बाँधेर आत्महत्या गरे । राजा जयापीडले पनि मन्त्रीको मृत्युको शोक र आफ्ना छुटकाराको हर्ष दुवैका साथ मन्त्रीले भनेबमोजिम खोला तरेर कश्मीर पुगे ।

वि.सं. ९३७ मा नेपालमा लिच्छवि राज्यको भोग सकिएर नयाँ राज्यवंश शुरू भयो । यसै वेलादेखि मानदेवसंवत्‌को व्यवहार छुटेर नयाँ संवत् चल्यो, यसलाई नेपालसंवत् भन्दछन् ।

यस नयाँ वंशमा वि.सं. १०४३ तिर गुणकामदेव नाम गरेका राजा भए । यिनै राजाले काठमाडौँ शहर बसाएको तथा भीमसेनस्थानमनिको सुनधारा पनि यिनैले बनाएको हो भन्ने कुरा परम्पराबाट चलिआएको छ । गौडदेशका राजा प्रचण्डदेवले भिक्षुचर्या लिएर शान्तिकर वज्राचार्य्य नामले नेपालमा आएर स्वयम्भूमा बसी अनेकन् धर्मकर्म गरेका, यिनै गुणकामदेवका पालामा हो भन्ने *स्वयम्भूपुराण*मा लेखिएको छ ।

यसै वंशमा वि.सं. ११५६ मा तृतीय शिवदेव राजा भए । यिनका पालामा सिंहको मूर्ति कुँदिएको चाँदीको टक र महादेवको मूर्ति कुँदिएको सुनको टकको व्यवहार चल्यो । यी राजाले ठाउँठाउँमा कूवा, धारा, पोखरीहरू बनाए । पशुपतिनाथको देवलमा सुनको (मुलम्बा भएको) छाना चढाए । वि.सं. ११८३ सम्म यिनको राज्य रह्यो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

वि.सं. १२०३ मा नेपालका राजगद्दीमा आनन्ददेव बसेका थिए । बलिया हृदयका यी शासक थिए, चोरडाँकाहरूको जरो-मूलो नै खनिदिए । उहिले तीन शहरको भिन्नाभिन्नै बन्दोबस्त हुने गर्दथ्यो । त्यसमा यिनले सबैको बन्दोबस्त एकै ठाउँबाट हुने गरी एउटै राजधानी भक्तपुर नियत गरे । यसो गर्दा महापात्र (जिल्लाजिल्लाका पुस्तौनी शासक)हरूलाई मर्का पर्ने हुँदा उनीहरूले विरोध गर्नु स्वाभाविकै थियो । आखिरमा यस विरोधले निकै ठूलो स्वरूप लियो, तर आनन्ददेवले सारा विरोधीको दमन गरी छोडिदिए । यसरी वि.सं. १२२४ सम्म राज्य गरी यिनी यस लोकबाट बिदा भए ।

राजा अरि मल्ल र उनका छोरा अभय मल्लका पालामा नेपालमा ठूलो अनिकाल पऱ्यो । अभय मल्लले उपद्रवशान्तिका निमित्त वि.सं. १२८१ को लगभगदेखि पक्ष-पक्षमा लक्षहोम गर्ने र पशुपतिमा महास्नान गराउने रीत चलाए । राजा तृतीय जयदेवका पालामा वि.सं. १३१२ मा नेपालमा ठूलो भूकम्प गयो ।

आदित्य मल्लले सहोदर दाज्यू द्वितीय आनन्द मल्ललाई कैद गरेर राज्यको बागडोर आफ्नो हातमा लिएका थिए । यत्तिकैमा वि.सं. १३४४ मा पश्चिमबाट जितारि मल्लको भयङ्कर आक्रमण भयो ।यताबाट के फुर्सद मिलेथ्यो, फेरि तिरहुतिया (सिम्रौनगढ)का राजा शक्तिसिंहका मन्त्री चण्डेश्वरले आक्रमण गरे । यस्तै गडबड भएर धमाधम चारैतिरबाट शत्रु बढ्दै गएका थिए । यता आदित्य मल्लकी रानी विरम्बदेवीको हातबाट शासनसूत्र चल्न लागेको थियो । यस्तैमा जयरुद्र मल्लका सहायताबाट आनन्द मल्लले कैदबाट छुटकारा पाए । अधिकार जयरुद्र मल्लकै हातमा पर्न गयो । केही वर्षपछि आनन्द मल्लको मृत्यु हुँदा र उनका ठ्याहा सन्तान नहुँदा रुद्र मल्लले आफ्ना कुटुम्ब अरि मल्ललाई गद्दीमा राखेर आफू सर्वेसर्वा बने । सारा नेपाल रुद्र मल्लको इशारामा नाच्न लाग्यो । उहिले लिच्छविकालमा जसरी महाराजाधिराज र महासामन्तको व्यवस्था खडा भएथ्यो, त्यसै गरी अहिले राजा र उपराजको व्यवस्था खडा हुन आयो । अनेकन् बरबन्दोबस्त बाँधेर आफ्नो अधिकार फैलाउँदै वि.सं. १३८३ मा रुद्र मल्लको मृत्यु भयो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

रुद्र मल्लका छोरा थिएनन्। परन्तु उनकी रानी देवलदेवी साँच्चिकै जवामर्द आइमाई थिइन्। तिनले राज्यको बागडोर आफ्नो हातमा लिएर राजकाज चलाइन्। रुद्र मल्लकी छोरी नायकदेवीको विवाह हरिश्चन्द्रनामक एक क्षत्रियसँग भयो। नायकदेवीको पति हुन पाउनु वास्तवमा त्यस बखत नेपालको मालिक हुन पाउनु जस्तै थियो। त्यसैले हरिश्चन्द्रको भाग्य जाग्यो तथा उनले अरूको ईर्ष्यापात्र पनि बन्नुपर्‍यो। आखिरमा कुनै दुष्टले विष खुवाएर हरिश्चन्द्रलाई संसारबाट बिदा गरिदियो। त्यस बखत हरिश्चन्द्रका भाइ गोपालले नेपालको गद्दीमा दावा गरी २, ४ महीना त रमझम गरे। यस्तैमा जगत्सिंहले गोपाललाई कैद गर्न खोजे। त्यो देखेर देवर-भाउज्यू दुवै राजधानी भक्तपुरबाट भागेर ललितपुर पुगे। त्यहाँ एकजना किल्लाका रक्षक जोगरामले दुवैलाई आफ्नो किल्लामा आश्रय दिए। तर जगत्सिंहको प्रभावमा जोगरामको केही लागेन र उनले भागी प्राण जोगाए। एकलै परेका गोपाललाई जगत्सिंहले पक्रेर मारिदिए। यसपछि जगत्सिंह नै सर्वाधिकारी हुन गए। तर दुइचार दिनमै जगत्सिंहले पनि बाँधिनुपर्‍यो। यत्तिकैमा नायकदेवी पनि दश दिनकी छोरी राजल्लदेवीलाई छोडेर स्वर्ग गइन्। अब गद्दीमा को बस्ने हो भनी खलबल उठ्यो। आखिर दुवै राजकुलको सल्लाहबाट आनन्ददेवका मठ्याहा छोरा राजदेव ३० वर्षको उमेरमा वि.सं. १४०४ मा गद्दीमा बसे। राजकाजमा सबै अधिकार देवलदेवीकै हातमा रह्यो।

यही बीचमा वि.सं. १४०६ का हिउँदमा बङ्गालका सुल्तान शमसुद्दीनले नेपालमा जोरसँग आक्रमण गरे। आखिरमा नेपालमा टिक्ने सामर्थ्य नभएकाले शमसुद्दीनले फर्कनुपर्‍यो। राजल्लदेवी अब आफ्नी बज्यै देवलदेवीका कृपाले आफ्ना बाज्ये रुद्र मल्लको शिरपेच लाएर नेपालको राजगद्दीमा बसी सर्वाधिकारिणी हुने भएकी थिइन्। यिनै राजल्लदेवीसँग वि.सं. १४११ मा सिम्रौनगढका राजा नान्यदेवका सन्तान जयस्थिति मल्लसँग विवाह हुन आयो। स्थिति मल्लले पहिले त आफ्नी रानी राजल्लदेवीको प्रतिनिधि भएर राजकाज चलाउन थाले। वि.सं. १४१८ तिर राजदेवको मृत्यु भयो र गद्दीमा उनका छोरा अर्जुन मल्ल बसे। राजा अर्जुन मल्ल र उपराज स्थिति मल्लको वि.सं. १४३७ सम्म संयुक्त शासन रह्यो। आखिरमा

CC-0. Nepal Sanskrit Academy, Kathmandu

अर्जुन मल्ल र उनका अनुयायीहरूलाई कैद गरेर वि.सं. १४३७ मा स्थिति मल्लले "राजल्लदेवीपतिः = राजल्लदेवीका दुलाहा"का नाताले आफैँ महाराजाधिराज बने। यसरी रुद्र मल्लका पालादेखि खडा भएको द्वैत शासन करीब १०० वर्ष रहेर स्थिति मल्लका हातबाट समाप्त भयो। यहाँदेखि नेपालका पुराना मल्लहरूका स्थानमा सिम्रौनगढका नयाँ मल्लहरूको राज्य चल्न लाग्यो। यिनै जयस्थिति मल्लको पालादेखि नेपालको प्राचीनकालको इतिहास सिद्धिएर मध्यकालको इतिहास शुरू हुन्छ।

मध्यकालको इतिहास

स्थिति मल्लका पुर्खा नान्यदेवले सिम्रौनगढ (वीरगञ्ज-बारा)मा वि.सं. ११५४ मा एक राज्य स्थापना गरेका थिए। नान्यदेवका पुस्ताले त्यहाँ करीब सवा दुइ सय वर्षसम्म निर्विघ्नपूर्वक राज्य गरे। आखिरमा गयासुद्दीन तुगलकको मारले वि.सं. १३८१ मा उनीहरूको त्यो राज्य छिन्नभिन्न भयो र त्यहाँका राजा हरसिंहदेव नेपालतिर लागे। तिनैका सन्तान स्थिति मल्ल हुन्।

स्थिति मल्ल एक बलियो हृदय भएका शासक थिए। यिनको हातमा पुगेर गृहकलहबाट नेपालले फुर्सद लिन पायो। यिनले दुनियाँहरूमा धर्मशास्त्रबमोजिम जातजातका पेशा, पहिरनहरू छुट्ट्याएर स्थिति बाँधिदिए; नाप, तौल, ढकको मान निर्धारण गरे। यिनको यस कामले गर्दा अहिलेसम्म पनि दुनियाँहरू यिनको नाउँ लिँदैछन्। यिनका रानी राजल्लदेवीबाट तीन छोरा जन्मेका थिए। जेठा धर्म मल्ल, माहिला ज्योति मल्ल र कान्छा कीर्ति मल्ल। यी ३ छोरा र आफ्ना परमप्यारा पति स्थिति मल्ललाई छोडेर वि.सं. १४४४ भन्दा केहीअगि राजल्लदेवी स्वर्ग गइन्। यिनको वियोगमा राजाले उहिले लिच्छविका पालाको सुकेको धारो[२]लाई जीर्णोद्धार गरेका छन्। पशुपतिमा वाग्मती किनाराका श्रीरामचन्द्र र लवकुशको मूर्ति यिनैले स्थापना गरेका हुन् भनी मानिसहरू भन्दछन्। स्थिति मल्लका पालासम्म पनि नेपालमा ठाउँठाउँमा सामन्तहरू रहन्थे। ती सामन्तहरूले राजाप्रति उत्तरदायी हुनुपर्थ्यो। त्यस बखत कान्तिपुरका महापात्र (पुस्तैनी

---

२. यो धारा द्यौपाटनमा छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

सामन्त) सिंहराम थिए। राजाको गद्दी भक्तपुरमा थियो। उहिले मानदेवका पालादेखि बनेको मानगृहको अवशेष राजदरबार पाटनमा छँदै थियो। यस ताक त्यहाँ पनि राजाले पत्याएका मानिस शासक रहन्थे। स्थिति मल्लले सबैतिर आफ्नो प्रभाव फैलाई स्थितिबन्धेज बाँधी वि.सं. १४५२ मा स्वर्गको बाटो लिए।

स्थिति मल्लको शेषपछि केही कालसम्म त यिनका तीनै छोरा मिलेर राजकाज चलाए। पछि माहिला छोरा ज्योति मल्लले राज्य एकलौटी आफ्नो पारे। ज्योति मल्लले पशुपतिको मन्दिर स्वयम्भू चैत्य इत्यादि ठाउँठाउँमा मन्दिरहरूको जीर्णोद्धार गरे। यिनको पालामा नेपालमा शान्तिस्थापन र सीमानातिरको उन्नति हुँदै आयो। आखिरमा अनेकन् धर्मकर्महरू गर्दै वि.सं. १४८५ मा यिनको देहान्त भयो। यिनको शेषपछि केही वर्षसम्म यिनका दुइ छोरा यक्ष मल्ल, जीव मल्ल आफ्नी आमा संसारदेवी जीवित रहेसम्म मिलेर राजकाज चलाउन लागे। आमाको शेषपछि जेठा यक्ष मल्लको एकलौटी भयो। यक्ष मल्ल बडा योग्य शासक थिए। यिनको पालामा नेपालको सीमाना पूर्वतिरको बङ्गाल जिल्लासँग जोडिएको थियो, दक्षिणतिर मिथिलाप्रदेश (तिरहुत) सबै यिनको राज्यमा मिलेकोले यिनको राज्य गङ्गाजी (मुंगेर)तक थियो। उत्तरतिरको यिनको राज्य सिकारजुङसम्म पुगेको थियो। परन्तु पश्चिमतिर भने गोरखा नाघेर अगाडि बढ्न सकेको थिएन। यिनले आफ्नो राज्य बढाइसकेपछि गया आदि तीर्थयात्रा पनि गरेका थिए। यिनले राजधानी भक्तपुरमा दरबार तथा परखाल बनाएका हुन्। यसरी करीब ५० वर्षजति राज्य गरेर वि.सं. १५३४ को लगभगमा यिनी स्वर्ग गए। यक्ष मल्लका ६ जना छोराहरू थिए। यिनमा ज्येठा राय मल्ल, माहिला रत्न मल्ल, साहिँला रण मल्ल र काहिँला राम मल्ल विशेष प्रसिद्ध थिए। बाबुको शेषपछि यी चारै भाइहरू मिलेर राजकाज चलाउन लागे। केही वर्षपछि ज्येठा राय मल्लसँग विरोध गरेर तीन भाइले दाज्यूलाई वाग्मतीवार तर्न दिएनन् र राज्य टुक्र्याए। कान्तिपुरका महामन्त्रीहरूलाई विद्रोहीका नेता रत्न मल्लहरूले अगिबाटै पिटपाट पारिसकेका थिए। यसरी घरझगडा शुरू हुन लागेको बखतमा जतातत्तै सामन्तहरूले स्वतन्त्र हुन कोशिश गर्नु स्वाभाविकै थियो। त्यसमा नुवाकोटतिरका सामन्तहरूलाई वि.सं. १५४८ तिर रत्न मल्लले कज्याए। तर अन्ततिर भने राज्य

CC-0. Nepal Sanskrit Academy, Kathmandu

घट्न लाग्यो । लुछाचुँडी गरी ल्याएको राज्य पछि भाग लाग्यो । रत्न मल्लले पश्चिम-उत्तरतिरको राज्य दखल गरेर कान्तिपुरलाई आफ्नो राजधानी बनाए । रण मल्लले चाहिँ पूर्वतिरको राज्य भेट्टाए र बनेपालाई राजधानी बनाए । राम मल्लको मृत्यु भाग लागनुभन्दा केहीअगि भए जस्तो बुझिन्छ । दक्षिणतिरको राज्यचाहिँ रत्न मल्लहरूका विद्रोहका साथी जयसिंहले पट्काएर स्वतन्त्र भई पाटनलाई राजधानी बनाए । यस किसिमसँग स्थिति मल्लदेखि लिएर यक्ष मल्लसम्म तीन पुस्ताले बढाउँदै उन्नतिको बाटोमा ल्याएको नेपाल राज्यको अङ्गभङ्ग भयो र आपसमा झगडा गरिरहने तीन राज्य नेपालखाल्डाभित्रै खडा हुन आयो । यी तीन राज्यहरूको सत्ता नेपालखाल्डामा पुगनपुग पौने तीन सय वर्षसम्म रह्यो ।

चौबीसी

वि.सं. १५०० को करीबमा खाम सेनले पश्चिम पाल्पाप्रदेशमा एउटा राज्य खडा गरे । यिनका नाती रुद्र सेनले आफ्नो राजधानी तानसेन बनाए । रुद्र सेनका छोरा मुकुन्द सेन एक विजयी शासक निस्के । मुकुन्द सेनको नाम हाम्रा देशका बासिन्दाहरूका जिभ्राजिभ्रामा चलेको छ । उनको जीवनका घटनाहरू राम्ररी नसुने तापनि उनको वीरताको कथा गाउने मानिस जताततै फैलिएका छन् । यी राजा मुकुन्द सेन वि.सं. १५७५ को करीबमा पाल्पाको गद्दीमा बसेका हुन् । यक्ष मल्लको शेषपछि नेपालका (सिम्रौनगढे मल्लहरू) आपसका कलहमा फसी राज्य टुक्र्याउन लागेका थिए । यो गृहकलहको परिणाम पूर्व-पश्चिम दुवैतिर अव्यवस्था फैलिएको थियो । जतातता जोजो बलिया भए, त्यतात्यता उनैउनैले स्वतन्त्र राज्य खडा गर्ने उद्योग लिएका थिए । ठीक यही समयमा मुकुन्द सेनको शासन चल्न लागेको हो । मुकुन्द सेनभन्दा अगाडि नै पर्वत आदि बलिया राज्यहरू खडा भइसकेका थिए । गुल्मीका राजाकी छोरीसँग मुकुन्द सेनले विवाह गरेका थिए । पर्वतका राजा नारायण मल्ल मुकुन्द सेनका जुवाइँ थिए । कान्तिपुरका राजा रत्न मल्लले मुकुन्द सेनकहाँबाट केही फौज मगाई भोटेहरूको उपद्रवबाट आफ्नो देशरक्षा गरेका हुन् । यता पूर्वपट्टिका मोरङसम्मका तराईप्रदेशमा मुकुन्द सेनले आफ्नो विजयपताका फैलाएका थिए । उता गोरखा,

CC-0. Nepal Sanskrit Academy, Kathmandu

धादिङसम्म पनि यिनको दबदबा फैलिएको थियो । यिनले पूर्व पहाडप्रदेशमा पनि आफ्नो विजययात्रा गरेका थिए । यिनले आफ्नो तरवारलाई दूधकोशीमा पखालेका हुन् भन्ने पुरानो कथा चलिआएको छ ।

यसरी अब यिनका राज्यमा पाल्पा, गोरखा, धादिङ, मोरङसम्मका तराईका प्रदेश तथा पूर्व दूधकोशीसम्मको पाहाडप्रदेश थियो तापनि वास्तवमा गण्डकी र कोशी दून जम्मैमा यिनको प्रभाव थियो भन्नमा केही अत्युक्ति पर्दैन । किनभने पश्चिममा पर्वत, लंजुङ, कास्की राज्यहरू तथा बीचमा कान्तिपुर, ललितपुर, भक्तपुर राज्यहरू भए तापनि यिनीहरू मुकुन्द सेनका मित्रतामा बाँधिएका थिए । उनका भरमा सबै परेका जस्ता भइसकेका थिए ।

मुकुन्द सेनले खालि तरवार चलाएर मात्र नाम कमाएका होइनन् । धार्मिक काममा र विद्वान्‌हरूको आदर गर्नमा पनि यिनको ख्याति प्रशस्त चलेको छ । उमेर ढल्कँदै गएपछि राजपाठ छोराहरूलाई सुम्पेर यिनी गण्डकी किनार देउघाटमा बसी तपस्या गर्न लागेका थिए । यसैले दुनियाँहरू यिनलाई "मुनि मुकुन्द सेन" भन्न लागेका थिए । देउघाटमा तीर्थ जाने यात्रुहरू अझसम्म पनि मुकुन्द सेनले तपस्या गरेका ठाउँ हेरी फर्कँदैछन् ।

यक्ष मल्लको शेषपछि उनका छोराहरूले जसरी देशभक्तिलाई तिलाञ्जलि दिई आफ्नो स्वार्थलाई ठूलो संझी राज्यलाई टुक्र्याएर कमजोर बनाएथे, त्यही काम गर्नालाई मुकुन्द सेनका छोराहरू पनि अनकन्याएनन् । ज्येठा छोरा माणिक्य सेनले मूल गद्दी पाल्पा पाए । भृङ्गी सेनले तनहूँ हात लाए । विनायक सेनले बुटौलमा आफ्नो अधिकार राखे । लोहांग सेन मकवानपुरका शासक बने । मुकुन्द सेनका भतिजा रामसिंह सेन रिसिंगका राजा भए । मुकुन्दका नाति चन्द्र सेनले चाहिँ राजपुरमा कब्जा गरे । यसरी यो राज्य छिन्नभिन्न भयो ।

यता सिम्रौनगढे मल्लको कमजोरी, उता सेनको कमजोरीले गर्दा गण्डकीप्रदेशमा अनेकन् राज्य खडा हुन लागे । कुनै दुइचारवटा त अगाडि नै खडा भइसकेका पनि थिए । पर्वत घिरिङ गलकोटमा समालहरूको, प्यूठानामा चन्दको, पाल्पा तनहूँ रिसिंग पय्युँमा सेनको, खाँची र धुरकोटमा मेधासीको, गुलमी अरघा

CC-0. Nepal Sanskrit Academy, Kathmandu

इसमामा कालामकवानीको, ढोर गरहुँ भीरकोट सतहुँ नुवाकोट कास्की लमजुङ गोरखा आदिमा शाह (वा शाही)को राज्य खडा हुन आयो । यी राज्यहरूको संख्या कहिले बढ्ने, कहिले घट्ने पनि हुन्थ्यो । यिनको संख्या लगभग २४ थियो । यसैले यी राज्यहरूलाई चौबीसी भन्दथे ।

बाईसी

कर्नालीको दूनमा मल्लहरूको (यी मल्ल सिम्रौनगढे मल्ल पनि होइनन्, नेपालखाल्डाका पुराना मल्ल पनि होइनन्) एक बलियो राज्य थियो । अघि लिच्छवि राजा मानदेवको वि.सं. ५२१ भन्दा केहीअगाडि यिनै मल्लसँग युद्ध भएको थियो । वि.सं. १२४८ मा डुल्लुका राजा अनेक मल्लको राज्य गढवालसम्म फैलिएको थियो । त्यहाँका राजा क्राचल्लदेवले पनि कर्तृपुरमा आफ्नो अधिकार फैलाएका थिए । विक्रमको चौधौँ शताब्दीमा त्यहाँ जितारि मल्ल एक बलवान् राजा थिए । उनले खश सैन्य लिएर वि.सं. १३४४ मा नेपालखाल्डामा आक्रमण गरे । त्यस वेला नेपालखाल्डामा आफ्ना दाज्यू आनन्द मल्ललाई कैद गरेर आदित्य मल्लले राजकाज चलाएका थिए । जितारि मल्लको सैन्यसँग केही बेर लडेपछि हाकाहाकी लड्न नसकी आदित्य मल्लले अर्कै चाल खेले । सारा रसदहरू लुकाई जम्मै बासिन्दाहरू यत्रतत्र लागेर वनतिर पसे । अब जितारिले राज्य विजय प्राप्त गरे, तर आफ्ना फौज भोकभोकै मर्न लागेको देखी नेपालखाल्डा छोडी उनले फर्कनैपऱ्यो । यसरी शत्रुलाई दबाई आदित्य मल्ल फेरि आफ्ना राजधानीमा पसे, सारा प्रजा पनि आफ्ना घर फर्के । परन्तु जितारि मल्ल सानो आँट भएका मानिस थिएनन् । लगत्तै दुइ महीनापछि प्रशस्त रसदका साथ फौज लिई जितारिले फेरि आक्रमण गरे । यसमा भने आदित्य मल्ललाई टिक्न गाहारो थियो । उनले जितारिसँग सन्धिको प्रार्थना गरे, सन्धि भयो । जितारि पनि पशुपति, मछीन्द्र आदि देवदेवताहरूको दर्शन गरी फर्के । उत्तर-पश्चिमतिर पनि जितारिको विजयपताका अलमोडासम्म फैलिएको थियो । जितारिका सन्तानमा आजीत मल्ल पनि एक नामी शासक हुन् । यिनले वि.सं. १३८४ मा फेरि नेपालखाल्डामा आक्रमण गरेका छन् । जितारिको वंशमा पृथ्वी मल्लनामक

CC-0. Nepal Sanskrit Academy, Kathmandu

एक जना नामी राजा भए । यिनका कीर्तिहरू अझ दुल्लुतिर प्रशस्त पाइन्छन् । यिनको प्रशस्ति लेखिएको एक खम्बालाई अझसम्म मानिसहरू कीर्तिखम्बा भन्दैछन् । यस किसिमबाट यो राज्य एक शक्तिशाली राज्य भई पछि विक्रमको सोह्रौँ शताब्दीमा फुटी सानासाना राज्यमा परिणत भयो । त्यही राज्यको खण्डरूप जाजरकोट, सल्याना, रुकुम आदि राज्य हुन् । पछि बढ्दै बढ्दै यिनको संख्या करीब २२ सम्म पुग्यो र सो कर्नाली दून नै बाईसी भनी प्रख्यात भयो ।

कान्तिपुर

कान्तिपुरका राजा रत्न मल्लले आफ्नो पालामा ककु नाम गरेका एक थरी भोटेहरूले साह्रै उत्पात मचाउँदा पालपाली राजा मुकुन्द सेनको सहायताबाट ती विद्रोहीहरूको दमन गरेथे । रत्न मल्लका छोरा सूर्य मल्ल भए । यिनको पालामा विशेष घटना भएको केही बुझिएको छैन । सूर्य मल्लपछि उनका छोरा अमर मल्ल राजा भए । यी राजा अमर मल्लका पालामा त्रिशूलजात्रा कङ्केश्वरीजात्रा इत्यादि थरीथरीका देवदेवताका जात्राहरू चलेका हुन् भनी मानिसहरू भन्छन् । यिनले ठाउँठाउँको इतिहासको पनि खोजी गरेका थिए । २४ वर्ष जति राज्य गरी वि.सं. १६१० तिर यिनको मृत्यु भएपछि यिनका छोरा महीन्द्र मल्ल कान्तिपुरको गद्दीमा बसे । यिनले कान्तिपुरमा तलेज्यूको मन्दिर बनाए । महीन्द्रको शेषपछि उनका जेठा छोरा सदाशिव गद्दीमा बसे । यी उटपटाङ्ग स्वभावका थिए । आफ्ना तबेलाका घोडा छाडी दुनियाँका बालीनाली खुवाइदिन्थे । अर्काका छोरीबेटी राम्रा देखे आँखा लाउँथे । यसैले यिनका शत्रु पनि धेरै थिए । आखिरमा यिनले राज्यच्युत भई नजरबन्द हुनुपर्‍यो । सदाशिव मल्ल नजरबन्द भएपछि यिनका भाइ शिवसिंह मल्ल राजगद्दीमा बसे । शिवसिंह मल्ल राजकाज बुझेका र शूरा पनि थिए ।

यिनले पाटनमा चढाइ गरेर त्यहाँका राजालाई जिती त्यहाँ आफ्ना छोरा हरिहरसिंहलाई शासक नियुक्त गरे । मोरङसम्म पनि यिनको प्रभाव फैलिएको थियो । मोरङका राजा यिनको इशारामा नाच्तथे । यिनका पालामा धेरै देवमन्दिरको जीर्णोद्धार भयो । शिवसिंहका छोरा हरिहरसिंहले पाटनमा बसी आफैँले सारा

CC-0. Nepal Sanskrit Academy, Kathmandu

हैकम चलाई बाबुको उस्तो खायस राखेनन् । यसबाट बाबुछोराको वैमनस्य बढी बाबुले पनि आफ्नो पुर्ख्यौली गद्दी छोरालाई नदिएर नाती (हरिहरसिंहका ज्येठा छोरा) लक्ष्मीनरसिंहलाई दिएका हुन् । उता पाटनमा हरिहरसिंहका अर्का छोरा सिद्धिनरसिंह राजा भए । लक्ष्मीनरसिंहको राज्यमा एउटै रूखको काठबाट (गोरखनाथको) देवल बनेको हुनाले कान्तिपुरको नाम काष्ठमण्डप रहेको तथा काष्ठमण्डपको अपभ्रंश काठमाडौँ हो भन्ने मानिसहरूका भनाइ छ । परन्तु स्थिति मल्लका पालामा पनि काष्ठमण्डप नाम देखिएकाले सो घटना लक्ष्मीनरसिंहको पालामा भएको जस्तो देखिँदैन । लक्ष्मीनरसिंहको मानसिक कमजोरीले शासन खुकुलो हुँदै गएपछि छोरा प्रताप मल्लले यिनलाई नजरबन्दमा राखी वि.सं. १६८२ को लगभगमा राज्यको बागडोर आफ्नो हातमा लिए । वि.सं. १६९८ सम्म बाबुको प्रतिनिधिको हैसियतले यिनले शासन चलाए । यसपछि यिनी स्वयं आफैँ हर्ताकर्ता भई महाराजाधिराज बने । प्रताप मल्ल बलियो मन भएका शासक थिए । प्रताप मल्लको हाम्रो देशमा ठूलो ख्याति छ । कान्तिपुरका मल्ल राजाहरूमा प्रताप मल्लले ठूलो ख्याति कमाएका हुन् ।

प्रताप मल्लले कान्तिपुरका प्राय: सबै मुख्यमुख्य देवस्थानमा शिलापत्र राखेका छन् । ती शिलापत्रहरूमा देवताको स्तुति तथा आफ्नो वंश (सिम्रौनगढे वंश)को परिचय प्राय: लेखिएको हुन्छ । यताबाट पनि प्रताप मल्लको ख्याति बढेको हो । आफ्नो हातमा शासनको बागडोर आएपछि यिनले वरिपरिका छिमेकी राज्यसँग लडेर आफ्नो अधिकार फैलाउने चेष्टा गरे । यिनी चालबाजी खेल्न खूबै शिपालु थिए । यिनी कहिले मौका हेरी भक्तपुरको मित्र बनी ललितपुरमा जाइलाग्थे, कहिले ललितपुरको मित्र बनी भक्तपुरमा जाइलाग्दथे । प्रताप सकभर ललितपुरलाई कान्तिपुरमा मिलाउने उद्योगमा थिए । तर उनको यो इच्छा पुग्न सकेन । ललितपुरको पक्षमा नै गोरखा आदि राज्यहरू थिए । फेरि ललितपुरका राजा श्रीनिवास वीरता र कूटनीतिमा प्रतापभन्दा कम थिएनन् । वि.सं. १६९३ मा पाटनका राजा सिद्धिनरसिंहले कोटीहोम थालेको मौका छोपेर यिनले खूप सजधजसँग आक्रमण गरी ललितपुरका कैय्यौँ किल्लाहरू दखल गरे । ललितपुरका राजा सिद्धिनरसिंहको र गोरखाका राजा राम शाहको मित्रता थियो । राम

CC-0. Nepal Sanskrit Academy, Kathmandu

शाहका शेषपछि उनका छोरा डम्बर शाहसँग पनि सिद्धिनरसिंहको मित्रता थियो । ललितपुरको मद्दतगार भएर आएका डम्बर शाहलाई प्रताप मल्लले बीचैमा रोकी फौजलाई छ्यान्नब्यान्न पारी ललितपुरसम्म पुग्नै दिएनन् । एकलो ललितपुरलाई अँचेट्न प्रतापलाई निकै सजिलो भयो । भक्तपुरका राजा नरेश मल्लसँग लडेर प्रताप मल्लले भक्तपुरमा निकै हाहाकार मचाइदिएका थिए । नरेश मल्लले हात्ती दिई प्रताप मल्लसँग सन्धि गरेका थिए ।

वि.सं. १७२५ तिर प्रताप मल्लले ललितपुरका राजा श्रीनिवासमल्लसँग मिली भक्तपुरमा आक्रमण गरे । यसमा भक्तपुरका जगत्प्रकाश मल्ल बाहिर निस्की लड्न नशकी भित्र बसी आफ्नो रक्षामा लागेका थिए । आक्रमणकारीहरूले घेरा खूब कसी बाहिरबाट अन्नपात छिर्न नदिने, खेतका अन्न लुटी ल्याउने गरेकाले भक्तपुरेहरूलाई पर्नसम्म गोता पऱ्यो । यता शहरको छेउछाउमा रहेका राम्राराम्रा कालिगडीका वस्तु जे भेट्टाइन्छ, त्यो पनि प्रताप मल्लले बोक्दै कान्तिपुर ल्याउँदै गर्न लागे । पछि ललितपुरेहरू भक्तपुरेसँग मिलेकाले प्रतापले आफू एक्लै पर्दा घेरा झिकी फर्कनुपऱ्यो । प्रताप मल्लका समयमा भीम मल्लनामक एकजना प्रसिद्ध काजी थिए । यिनको नाम मुलुकको भित्री बन्दोबस्त बाँध्न र बाहिर लडाइँ गर्न दुवै कुरामा चलेको छ । ल्हासा, कुती, केरुङसम्म कान्तिपुरको विजयपताका फैलाउनमा यिनको ठूलो हात छ ।

भोटका अधिकारीहरूसँग कुरा मिलाई भोटमा रहेका नेपालीको अपुताली नेपाल राज्यकै हुन्छ भन्ने नियम पनि यिनै भीम मल्लले बाँधेका हुन् । यिनको उद्योगले गर्दा कान्तिपुरका व्यापारीहरूको भोटमा निकै अधिकार जम्यो । त्यसबाट प्रताप मल्ललाई पनि निकै फाइदा भएको हो । परन्तु भीम मल्लको भलो हेर्न नसक्ने मानिसको पनि कान्तिपुरमा कमी थिएन । तिनमा विशेष गरी भक्तपुरका गुप्त मतियारहरू थिए । तिनीहरू प्रतापलाई भीम मल्लको भएनभएको दोष सुनाउन आफ्नो बुद्धि खर्च गर्दथे । बाबु लक्ष्मीनरसिंह जीवितै रहेका हुनाले कदाचित् मलाई गद्दीबाट उतारिदिन्छन् कि भनी प्रताप मल्लले आफ्ना बान्धवहरूसँग ज्यादै सशङ्क भई रहनुपरेका थियो । भोटबाट फर्कँदा भक्तपुरमा भीम मल्लको ठूलो स्वागत भएको र भक्तपुरसँग प्रतापको मित्रता नहुनाले समेत प्रताप मल्ल

CC-0. Nepal Sanskrit Academy, Kathmandu

हुनसम्म शङ्कित भए । आखिर यही शङ्काको आगोमा भीम मल्लले प्राणको पूर्णाहुति दिनुपऱ्यो । भीम मल्लको बारेमा अनौठाअनौठा कुरा पनि सुनिन्छन् । पूर्व ३ नं. को ओखलढुङ्गा यो नाम भीम मल्लले पूर्वतिरको लडाइँमा त्यहीँ ढुङ्गाकै ओखल बनाई अन्न कुटी प्राणरक्षा गरेका हुनाले रहेको हो भन्ने कुरा उतातिर परम्पराबाट खूब चलेको छ ।

प्रताप मल्लको विवाह कुचविहारका दुइ राजकन्या रूपमती र अनन्तप्रियासँग तथा भगवतीपुरका राजकन्या लालमतीसँग भएको थियो । यीबाहेक राजमती आदि यिनका रानीसाहेब पनि थिए ।

वि.सं. १७०५ मा यिनले हनूमान्ढोकाका सामुन्नेको सुन्दर कृष्णमन्दिर बनाए । यो मन्दिर यिनले स्वर्गवासी आफ्ना रानीका नामले बनाएका हुन् । प्रताप मल्लको धर्ममा श्रद्धा पनि ठूलो थियो । वि.सं. १७११ मा यिनले गुह्येश्वरीको कुण्डमा दर्शन गर्न सजिलो हुने गरी मन्दिर बनाए । वि.सं. १७१२ मा यिनले पशुपतिमा गजूर बनाई त्यही नजीकको कोटिलिङ्ग (अष्टोत्तरसहस्रलिङ्ग)को स्थापना गरी दुइ रानीका साथमा यिनले आफ्नो सालिक पनि राखेका थिए । यसै सालमा यिनले सिम्भुमा प्रतापपुर तथा अनन्तपुरनामक दुइ मन्दिर स्तूपको वरिपरि बनाएका हुन् । यिनले सुवर्णतुला गरी खडा गराएका दुइ खम्बाहरू अझसम्म पशुपतिमा छँदैछन् । यसबाहेक वासुकि, भीमसेन, तलेजु, देगुतले आदि देवदेवताका मन्दिरको पनि यिनले जीर्णोद्धार गरे । कान्तिपुरमा पानीको दुःख नहोस्, नुहाउन सन्ध्या तर्पण गर्न सजिलो होस् भन्ने विचारले आफ्ना स्वर्गवासी माहिला छोरा चक्रवर्तेन्द्र मल्लको नामले वि.सं. १७२७ मा यिनले रानीपोखरी बनाएका हुन् । देगुतलेअगाडिको खम्बाको सालिक पनि यिनैको हो ।

प्रताप मल्ल संस्कृत, नेपाली, नेवारी, बङ्गाली, हिन्दी भाषाहरू जान्दथे । नेपालमा चलेका सबै किसिमका लिपिहरू र बाहिरका अरबी रोमन आदि लिपिहरूमा पनि यिनको गति थियो । यिनी संस्कृतभाषामा कविता गर्दथे । आफ्नो नामको अगाडि कवीन्द्र लेखेर कविता गर्न यिनलाई शौक थियो । यिनले विद्वान्हरूलाई सहायता दिई संस्कृतमा केही ग्रन्थ पनि लेखाएका हुन् । यिनको कविता धेरै जस्ता देवदेवताका स्तुति, केही शृङ्गाररसका पनि पाइएका छन् । यिनलाई "म

CC-0. Nepal Sanskrit Academy, Kathmandu

बेस कवि छु" भन्ने घमण्ड थियो । यिनले एक ठाउँमा "कविहरूमा राजाको पनि राजा मैले गरेको कविता कसलाई मन परोइन ... यसरी मैले कविता गर्दा पनि मानिस मेरो केही कदर नगरून् सहि, त्यसबाट मलाई केही अफसोस छैन, किनभने गुण्डाहरू आफ्नो घरमा भनेजस्ता शील-स्वभाव भएकी स्वास्नी छँदा छँदै पनि अर्काकी स्वास्नी दुःशीला नै भए तापनि तिनैलाई ताकेर हिँड्छन्" भनेर लेखेका छन् ।

प्रताप मल्ललाई गानाको पनि ठूलो शौक थियो । तरवार चलाउन पुस्तक पढ्न गाना गाउन तीनै कुरामा म सिपालु छु भन्ने यिनको विचार थियो । प्रताप मल्लका दरबारमा विद्वान्हरूको पनि जमघट थियो । लम्बकर्ण भट्ट, नरसिंह ठाकुर आदि विद्वान्हरूले यिनको दरबारको शोभा बढाउँथे ।

पशुपतिमा प्रताप मल्लको वंशावली भएको शिलापत्र र लिच्छवि राजा द्वितीय जयदेवको वंशावली भएको शिलापत्र सँगसँगै छ । प्रताप मल्ल "कवीन्द्र भएको म आफ्नो कुलको बयान गर्दछु" भन्दछन्, यता जयदेवका शिलालेखमा "निर्लज्ज हुन मन नभएको कुन कुलीन मानिस आफ्नो कुलको आफैँ बयान गर्लां" भनी लेखिएको छ । लिच्छविको लेखमा शब्द अर्थ दुवैको गाम्भीर्य छ, कल्पनाशक्तिको ठूलो खेल छ, व्याकरणहरूले साधु ठहरिएका पदको प्रयोग छ । प्रताप मल्लको लेखमा व्यर्थ घमण्डको जोश छ, उत्ताना कल्पना छन्, व्याकरणविरुद्ध पदको भरमार छ । दुवै पशुपतिका भक्त छन्, दुवै उही देशका राजा हुन्, दुवैमा वंशावली छ, परन्तु यत्रो आकाशपातालको अन्तर । यसबाट हाम्रो श्रद्धाभक्ति लिच्छविका उपर नै बढ्दछ तापनि कालको विचार गरी प्रताप मल्लको विद्याप्रेममा हामीले श्रद्धाभक्ति राख्नै पर्दछ । लिच्छविका समयमा हर्षवर्द्धन जस्ता विद्याप्रेमी राजा उत्तरभारतमा थिए । बाण जस्ता कवि उनको आश्रयमा बस्तथे । उता दक्षिणमा पुलकेशी जस्ता राजाका आश्रयमा रविकीर्ति जस्ता कवि बस्तथे । भारतमा त्यस वेला विद्वान्हरू अनेकन् विद्यामा बुद्धि लडाएर बस्तथे । यता प्रताप मल्लको पालामा आफ्नो मोहनिद्रामा भारत मुसलमानको गुलाम भइसकेको थियो । पुराना विद्यालयहरूका नाश भइसकेको थियो । त्यस समयमा प्रताप मल्लले विद्याको ज्योति निभ्न नदिन जो उद्योग गरे, त्यो अवश्य नै प्रशंसनीय छ । राजा प्रताप मल्लका छोरा पाँच जना, आठ छोरी थिए । तिनमा ज्येठा

CC-0. Nepal Sanskrit Academy, Kathmandu

भूपेन्द्र मल्ल र माहिला चक्रवर्तेन्द्र मल्लको बाबु छँदैमा देहान्त भएको थियो। चक्रवर्तेन्द्रको जन्म प्रतापको पाको उमेरमा भएको थियो। यिनका उपर बाबुको स्नेह थियो।

चक्रवर्तेन्द्रको नाममा यिनले वि.सं. १७२६ मा टक पनि चलाइदिएका थिए। यसरी अनेकन् काम गरी वि.सं. १७३१ मा हरिसिद्धिको नाच हेर्दा हेर्दै प्रताप मल्लले स्वर्गको बाटो लिए।

प्रताप मल्लको शेष पछि वंशक्रमले साहिँला छोरा महीपतेन्द्र मल्ल राजा हुनुपर्थ्यो तापनि भाइहरूका खेलले कैद पर्नुपऱ्यो। प्रतापका काहिँला छोरा नृपेन्द्र मल्ल गद्दीमा बसे। कामकारवाई गर्ने मद्दतगार कान्छा भाइ पार्थिवेन्द्र मल्ल बने। यसरी स्थिति तोडिनु छिमेकी राज्यहरूलाई निको लागेन। अझ ललितपुरका राजा श्रीनिवासले यस कुरामा निकै विरोध गरे। तर पछि भक्तपुरका राजा जितामित्र मल्लले कान्तिपुरकै पक्ष लिएका हुनाले श्रीनिवासले पनि नृपेन्द्रलाई कान्तिपुरको राजा माने। यी राजा नृपेन्द्रले पशुपति आदि देवताको मन्दिरका पश्चिममा रहेको सुनको सानो साँढे बनाएका हुन्।

वि.सं. १७३७ मा नृपेन्द्रको मृत्युपछि कान्तिपुरको गद्दीमा प्रतापका कान्छा छोरा पार्थिवेन्द्र मल्ल बसे। यी पनि आफ्ना बाबु जस्तै कविताप्रेमी थिए। यिनको पनि म संस्कृतको बेस कवि छु भन्ने विचार थियो। यिनले पनि ठाउँठाउँका शिलापत्रहरूमा आफ्ना कविता कुँदाएर राखेका छन्।

कैद परेका महीपतेन्द्र मल्ल यिनको समयमा उम्की ललितपुर पुगेका र उहाँका राजा श्रीनिवासले उनलाई आफ्नो आश्रयमा राखेका हुनाले पनि कान्तिपुर तथा ललितपुरको तक्रार निकै बढ्यो। यी राजाले पूर्व सिँधुलीगढीतिर आफ्नो अधिकार फैलाएका थिए। ८ वर्ष राजा भई वि.सं. १७४५ मा यिनको मृत्यु भयो।

पार्थिवेन्द्र मल्लका मृत्युपछि उनका छोरा भूपालेन्द्र मल्ल राजा भए। यिनका भाइ लक्ष्मीनारायण हर्ताकर्ता बने। यिनका पालामा कान्तिपुर तथा ललितपुर मिली पहिले भक्तपुरमा आक्रमण भयो। पछि फेरि भक्तपुरसँग ललितपुरको सन्धि भयो र कान्तिपुर तथा ललितपुरको नै घोरघमासान पऱ्यो। भूपालेन्द्रकी मुमा

CC-0. Nepal Sanskrit Academy, Kathmandu

ऋद्धिलक्ष्मीदेवीले काठमाडौँ गद्दीबैठकअगाडिको ठूलो अग्लो शिवजीको मन्दिर वि.सं. १७४६ मा बनाएकी हुन्। काठमाडौँका ठूला गरुडजी पनि भूपालेन्द्र मल्लले स्थापना गरेका हुन्। वि.सं. १७५७ मा तीर्थयात्रा गएका वेलामा अयोध्याको नजीकै ब्रह्मनाभमा यिनको मृत्यु भयो।

भूपालेन्द्र मल्लको मृत्यु हुँदा उनका छोरा भास्कर मल्ल नाबालकै थिए। यसैले उनकी मुमा भुवनलक्ष्मी छोरालाई काखमा लिएर राजकाज चलाउन लागिन्। भुवनलक्ष्मीले धर्मकर्महरू निकै गरेकी हुन्। यिनका पालामा देवताका मूर्ति पनि निकै बने। यिनै भास्कर मल्लले तराईका जङ्गलबाट पक्रेर सिँधुलीको बाटो निकै हात्ती ल्याए।

मकवानपुरका सेन राजाहरूसित मात्रै हात्ती प्रशस्त हुन्थे। नेपालखाल्डाका राजाहरू सेनहरूबाट नै प्रायः हात्ती लिन्थे। परन्तु अहिले सोझै भास्कर मल्लले आफैँ हात्ती ल्याउन सकेका हुनाले आफ्नो नाम महीन्द्रसिंह (पृथ्वीका इन्द्र) राखे तथा नेपालेश्वरगिरीन्द्र भन्ने उपाधि लिए। यिनको स्वभाव विलासी थियो। राम्राराम्रा विलासका वस्तु र शिकारमा पनि यिनलाई औधी प्रेम थियो। यसैको परिणाम विलासप्रिय केही हिन्दुस्थानी मुसलमानहरू यिनका दरबारिया हुन लागे। परन्तु यसरी विदेशीहरूको प्रभाव जमेको कुरा मन्त्रीहरूलाई बिल्कुलै मन परेन। यस वेला दरबारमा नेवार तथा खसहरूको प्राधान्य थियो। यसैले झंगलठाकुरनामक काजीका मातहतमा दरबारियाहरूले उपद्रव मचाउन लागे। पहिले राजाले उपद्रव दमन गर्न भरसक कोशिश गरे। परन्तु पछि दुनियाँको सहानुभूति झंगलठाकुरपट्टि भएको र यही मौकामा भक्तपुरेहरूले कान्तिपुरमा आक्रमण गर्दा पनि तिनै झंगलठाकुरका अनुयायीहरूले भक्तपुरलाई हटाएका हुनाले समेत राजाले ती विदेशीहरूलाई छोडिदिए। दरबारमा पहिले झैँ नेवार तथा खसको नै प्राधान्य रह्यो।

ललितपुरको गद्दी खाली भएको हुनाले ललितपुरको मन्त्रिपरिषद्ले यिनै महीन्द्रसिंहलाई राजा छान्यो। यसरी दुवै सहरको राजा भई यी बसेका थिए।

यिनैका राज्यकालमा वि.सं. १७७३ देखि कान्तिपुरमा महामारी शुरू भयो। बिस्तारबिस्तार यसको प्रकोप बढ्दै गएर मनुष्य, पशुपक्षीको प्रशस्त मृत्यु

CC-0. Nepal Sanskrit Academy, Kathmandu

भयो । मानिसहरू सहर छोडी बाहिरबाहिर यताउति छरिएर रहन लागे । ५, ६ वर्ष जति यसको प्रकोप रह्यो । वि.सं. १७७९ मा यही महामारीले राजाको मृत्यु भयो । यिनको मृत्युले सिम्रौनगढे मल्लवंश (छोरापट्टिका)को राज्य कान्तिपुरमा मासियो ।

यी राजा भास्कर मल्ल (महीन्द्रसिंह)का सन्तान थिएनन् । यिनले आफ्नो उत्तराधिकारी जगज्जय मल्ललाई छानेका थिए । ललितपुरको मन्त्रिपरिषद्ले जगज्जयलाई राजा मान्न स्वीकार गरेन । यस कारण भास्कर मल्लका शेषपछि जगज्जय मल्ल कान्तिपुरका मात्र राजा भए ।

यी जगज्जय मल्लको पितृकुल राजकुल थिएन । प्रताप मल्लका साहिँला छोरा महीपतेन्द्र मल्लका छोरीपट्टिका सन्तान यी हुन् । यसैले जगज्जय मल्ललाई भास्कर मल्लले आफ्नो उत्तराधिकारी छानेका हुन् तापनि आफ्नो कुललाई राजकुल सिद्ध गर्न जगज्जय मल्ल महीपतेन्द्र मल्लका उत्तराधिकारी बनी राज्य गर्न लागे ।

यी राजा जगज्जय मल्ल गुह्येश्वरीका भक्त थिए । वि.सं. १७८४ देखि गुह्येश्वरीको यात्रा यिनैले चलाएको हो । यिनी कहिले भक्तपुरका राजा रणजीत मल्लसँग मिली ललितपुरका राजा योगप्रकाश मल्लसँग लड्थे, कहिले योगप्रकाशसँग मिली रणजीतसँग लड्थे । यस कलहमा गोरखा, तनहूँ आदि राज्य पनि भाग लिन्थे । वि.सं. १७८१ मा भक्तपुरे नीलनारायण ठाकुरले सजधजसँग आक्रमण गरी साँखु कब्जा गर्न खोजेथे, तर जगज्जयका सैन्यले आक्रमण विफल गरी नीलनारायण-लाई नै पक्री कान्तिपुरमा ल्याएथे । ललितपुरको गद्दीमा विष्णु मल्ल बसेपछि भने उनी जगज्जयका जुवाइँ भएका हुनाले कान्तिपुर र ललितपुरको एकता बलियो भयो । यी दुवै राज्य मिली भक्तपुरमा आक्रमण गर्न लागे । भक्तपुरे पनि मौका हेरी गोरखा, तनहूँ आदिको मित्र बनी आफ्नो काम गर्न लागे ।

जगज्जय मल्लका पाँच छोरा थिए । तिनमा ज्येठा र कान्छाको बाबु छँदैमा मृत्यु भइसकेको थियो । माहिला जयप्रकाश र साहिँला राज्यप्रकाश दुवै जना नामी भएर निस्के ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

बाबुको शेषपछि वि.सं. १७९१ को करीबमा जयप्रकाश मल्ल कान्तिपुरको गद्दीमा बसे । उनको स्वभाव कडा हुनाले भारादारहरू यिनीदेखि ज्यादै डराउँथे । त्यसैले यिनीहरू राज्यप्रकाशलाई राजा बनाउन पाए हुन्थ्यो भन्ने चिताउँथे । परन्तु यसरी भारादारहरूले भाइमा गरेका प्रेमलाई देखेर जयप्रकाश हुनसम्म आगो भए । राजा भएका दाज्यू चिढिँदा राज्यप्रकाशलाई बसिनसक्नु भयो । आखिर उनी भागेर ललितपुर पुगे । ललितपुरका राजा विष्णु मल्लले पनि सालो आफ्नो शरणमा आएको र आफ्नो पनि कोही सन्तान नभएकाले आफ्नो उत्तराधिकारी राज्यप्रकाशलाई बनाए । यसरी एक किसिमबाट राज्यप्रकाशलाई दाज्यूले देखिनसहेको पनि लाभकारी नै हुन गयो । अब भारादारहरूको प्रेमपात्र आफ्नो भाइ ललितपुरको राजा बन्ने भएको देखेर जयप्रकाश ती भारादारदेखि झन् रिसाए । यसको परिणाम भारादारहरूले मिली जयप्रकाशका काहिँला भाइ नरेन्द्रप्रकाशलाई हात लिई उनलाई द्यौपाटन आदि केही ग्रामका राजा बनाइदिए । यस कामले अब त यसरी खुल्लंखुल्ला आफ्नो राज्यमा विद्रोह भएको देखेर जयप्रकाशले पनि सजधजसँग द्यौपाटनमा आक्रमण गरे । विद्रोहीहरूको भागाभाग भयो । नरेन्द्रप्रकाशले भक्तपुर पुगी ज्यान जोगाए । यसरी आफ्ना विरोधी भाइहरूलाई आश्रय दिएका हुनाले जयप्रकाश ललितपुर तथा भक्तपुर दुवैदेखि रिसाए । भक्तपुरसँग त बराबर मारामार चल्न लाग्यो । यता गोरखाबाट पृथ्वीनारायणको आक्रमणमा आफ्ना सेनापति जयन्त राना तथा उनका छोरासमेत लडाइँमा परी नुवाकोट आफ्नो हातबाट छुटेको हुनाले जयप्रकाशलाई ठूलो धक्का लाग्यो । ललितपुरसँग जयप्रकाशलाई सन्धि गर्न विशेष आवश्यकता पर्‍यो । त्यो मुलुक उकास्न नयाँ उद्योग जयप्रकाशले गरे । पुराना मन्त्री झंगलठाकुर खोसिई सुकुल मास्के नयाँ मन्त्री बने । काशीराम थापा सेनापति भई गोरखालीहरूसँग लड्न गए । तर यस पाला पनि आफ्नो हार भएको हुनाले जयप्रकाशले पक्का पनि यी मन्त्री र सेनापतिको नादानीले नै मेरो नाश भएको हो भन्ने संझे । यसको परिणाम यी नयाँ मन्त्री र सेनापतिले संसार छोड्नुपर्‍यो । कैय्यन् मन्त्री सेनापतिहरूले भागाभाग गरे । परन्तु यसको फल जयप्रकाशलाई ज्यादै नराम्रो भयो । भित्रभित्रै जाल तयार हुन लाग्यो । आखिरमा राजाकै

CC-0. Nepal Sanskrit Academy, Kathmandu

उद्धतपनले सबै बिग्रेको हो भन्ने कुरा विद्रोहीहरूले मचाउन लागे। यही मौकामा भक्तपुरे तथा गोरखाली मिली साँखु चाँगु दखल गरे।

उनका विद्रोहीहरूले तौढिक काजीको नेतृत्वमा जयप्रकाशलाई राज्यच्युत गरी बालक छोरा ज्योतिप्रकाशलाई वि.सं. १८०३ मा सिंहासनमा राखे। ललितपुरको यस दलसँग सहानुभूति थियो। जयप्रकाशले भागाभाग गरी कहिले कतै कहिले कतै गरी यताउति घुमी ज्यान जोगाउनुपऱ्यो। यो नयाँ दलले गोरखालीले दखल गरेको साँखु चाँगुबाट गोरखालीहरूलाई धपायो। राजाले हटाउन नसकेको वैरीलाई यसरी यो नयाँ दलले हटायो। यता भक्तपुरको दवाब पनि रोक्यो। यस कारण यसको प्रभाव झन् बढ्यो र प्रजाहरू यसैका पक्षपाती बने। जयप्रकाशका महारानी दयावतीको सहानुभूति पनि यही दलका साथमा थियो। यस किसिमबाट ४ वर्षसम्म बालक ज्योतिप्रकाशका नामले रानी दयावतीका अनुमतिले तौढिक काजीका मातहतमा यस दलले शासन गऱ्यो।

जयप्रकाश पनि कुनै लरतरा तथा कमजोर दिल भएका राजा थिएनन्। राज्यबाट च्युत भई यताउति लाग्नुपरे तापनि उनको हृदयबाट साहस च्युत भएको थिएन। अनेक दुःख झेली मौका विचारी घुमिरहेका थिए। जयप्रकाशलाई मुमा महारानी कुमुदिनीले गुप्त हिसाबबाट मदत गरिरहेकी थिइन्। उनका साथमा २०।२५ जना भारदारहरू थिए। यता गोरखा, तनहूँ, लमजुङ आदि राज्यहरू ज्योतिप्रकाशलाई राजा मान्न मंजूर गर्दैनथे, ललितपुर तथा कान्तिपुर दुवैले सन्धिको कुरा चलाउँदा गोरखा, तनहूँ तथा लमजुङले जयप्रकाश राजा छँदा छँदै ज्योतिप्रकाशसँग हामी सन्धि गर्न शक्तैनौँ भनेका थिए। आखिर गुह्येश्वरीको मन्दिरमा बसी केही मानिस जम्मा गरी जयप्रकाश रहन लागे। यी यहाँ रहन्ज्यालसम्म हाम्रो कल्याण छैन भन्ने संझी विद्रोही दलले उनलाई त्यहाँबाट लघार्न उद्योग गरेका थियो। लघार्न जाँदा जयप्रकाशले पनि आफ्ना मानिस सब लिई, तरवार हातमा लिई, निडर भई कान्तिपुरका सेनालाई तिमीहरूसँग मेरो रिसराग केही छैन, तिमीहरूले मेरो केही बिगार गरेका छैनौ, पर सर, मेरा शत्रुलाई मसँग लड्न देओ भने। राजाको यति कुरा सुनी तथा आफ्ना राजाले दुःख पाएको देखी सिपाहीहरू राजापट्टि नै लहसिए। अब के थियो, विद्रोहीका

CC-0. Nepal Sanskrit Academy, Kathmandu

मुखियाहरू १०।८ जना कत्तल हुनेबित्तिकै जयप्रकाशको बाटो खुलिहाल्यो । कान्तिपुरमा प्रवेश गरी जयप्रकाशले आफ्ना विद्रोहीहरूलाई खोजीखोजी सिद्ध्याए । विद्रोहीका मुख्य नेता तौढिकले आत्महत्या गरे । रानी दयावतीलाई सतीत्व भङ्ग गरी विद्रोहीसँग मिलेको बात लाग्यो । रानीले कैदमा आफ्नो जीवन बिताउनुपऱ्यो । केही वर्षपछि बालक ज्योतिप्रकाशले पनि रोगग्रस्त भई संसार छोडे ।

यसरी आफ्ना घरायसी शत्रुबाट फुर्सद लिई जयप्रकाश फेरि लडाइँको बरबन्दोबस्तमा लागे । अब उनलाई आफ्ना देशका मानिसदेखि ज्यादै शङ्का बढ्यो । यसको परिणाम उनले मधिसे सिपाहीको पल्टन जमाए । यस पल्टनको भरबाट सबैलाई दमन गरी आफ्नो अधिकार फैलाउने उनको इच्छा थियो । यसले केही दिनसम्म उनलाई राम्रो सफलता मिल्यो । कीर्तिपुरमा दुइदुइपटक गोरखालीको आक्रमण विफल गराउनमा यस सेनाको पनि हात थियो । परन्तु यी सेना राख्नाले जयप्रकाशलाई हानि पनि कम भएन । एक त आफ्ना देशमा विदेशीहरू भरमार हुँदा प्रजाहरू त्यसै खिन्न हुन्थे । अर्को आफ्नो देशका मानिस थोरै पैसामा पनि जति काम गर्ने हुन्छन्, त्यति पैसामा विदेशीबाट त्यति काम आउन शक्तैनथ्यो । यसले गर्दा ती सिपाही पाल्न जयप्रकाशलाई धेरै धनको आवश्यकता पर्न गयो । यता गोरखालीहरू बराबर नेपालखाल्डाभित्र पस्दै लड्दै गर्दथे तापनि उनीहरूको मुख्य नीति नेपालखाल्डालाई चारैतिरबाट घेरी बाहिरसँग संबन्ध छुटाइदिने नै थियो । यस्तो गर्दा व्यापारबाट हुने लाभ जयप्रकाशको बन्द हुँदै गएको थियो । गोरखालीहरू आक्रमण गरी नै रहन्थे । भक्तपुरे पनि मौका भेट्टाए आक्रमण गरी दुइचार गाउँ हात लाउन छोड्दैनथे । ललितपुरसँग बराबर झगडा नै भइरहन्थ्यो । यस्तो समयमा न त राम्रोसँग खेतीपाती बढ्न शक्तथ्यो । यस कारण आम्दानीको बाटो सुक्तै गयो । त्यस ताक नेपालखाल्डा तथा पूर्व-पश्चिम पहाडका राज्य आफूलाई खर्च गर्न रुपियाँ चाहिए दुनियाँसँग जग्गा बन्धक राख्ने वा सुक्रीबिक्री गर्ने गर्दथे । यो काम गर्दा कुनै राज्य आफ्नो बेइज्जती संझिदैनथ्यो । पहिले त जयप्रकाशले यसै गरी पैसा लिई पल्टन पाले । परन्तु यताबाट खर्च नचल्ने भएपछि देवदेवताको मन्दिरबाट त्यहाँ चढाएको गहना गजूर तथा नगदहरू लिई जयप्रकाशले आफ्नो

CC-0. Nepal Sanskrit Academy, Kathmandu

काम चलाउन लागे । यो काम दुनियाँलाई पटक्कै मन नपर्ने हुन आयो । उता मुलुकमा बाहिरबाट नून कपास केही नआउँदा दुनियाँमा हाहाकार फैलियो ।

आखिर वि.सं. १८२५ सालमा जयप्रकाशले आफैँले चलाएको कुमारीयात्रा गर्न लागेको वेलामा पृथ्वीनारायणले कान्तिपुरमा आक्रमण गरे । केही बेर लडी आफ्नो केही नलाग्ने देखी जयप्रकाश आफ्ना २०० सिपाही लिई ललितपुरतिर लागे । ललितपुरमा पनि पृथ्वीनारायणको दखल भएपछि तेजनरसिंहका साथमा जयप्रकाश भक्तपुर पुगे । भक्तपुरका राजा रणजीत मल्लले पनि दुनियाँहरूका सल्लाहबमोजिम उनलाई आफ्नो आश्रयमा राखे । वि.सं. १८२६ मा भक्तपुरमा पनि पृथ्वीनारायणको आक्रमण भएपछि त्यहाँ दरबारमा भरेङ चढ्न लाग्दा गोली लागेर राजा जयप्रकाश घाइते भए । केही दिनमा उनको मृत्यु आर्याघाटमा भयो । उनका दुइ रानी सती गए ।

भक्तपुर

भाइहरूले आफूसँग विद्रोह गरी चारैतिरको राज्य वि.सं. १५५० तिर टुक्र्याइदिएपछि वाग्मती नदीको पूर्वपट्टि मात्र राय मल्लको राज्य रह्यो । बनेपातिर पनि रण मल्लको अधिकार रहेको हुनाले भक्तपुर एउटा सानो राज्यमा परिणत हुन गयो । राय मल्लले शास्त्रबमोजिमको नवदुर्गाको नाच भक्तपुरमा नचाए तथा बोडेको महालक्ष्मीको नाच पनि यिनैले चलाएका हुन् । यिनैको पालामा वि.सं. १५७० मा भक्तपुरमा ठूलो अनिकाल पऱ्यो, त्यसले गर्दा त्यहाँका मानिसलाई साह्है हाहाकार पऱ्यो ।

राय मल्लपछि भुवन मल्ल भक्तपुरको गद्दीमा बसे । बनेपाका राजा रण मल्लका पनि सन्तान मासिएकाले बनेपा पनि भक्तपुरमा मिल्यो । भुवन मल्लको शेषपछि केही वर्ष उनका दुइ छोरा जीत मल्ल र प्राण मल्लको संयुक्त शासन भक्तपुरमा रह्यो । पछि प्राण मल्लको मात्र एकलौटी भयो । प्राण मल्लका छोरा विश्व मल्ल भए । यिनले देवताहरूका मन्दिर निकै बनाएका हुन् । विश्व मल्लको शेषपछि उनका छोरा त्रैलोक्य मल्लका छोरा जगज्ज्योतिर् मल्ल भए । यी जगज्ज्योतिर् मल्ल आफ्नो विद्याको प्रभावले गर्दा प्रख्यात भए । यी राजा ज्योतिषशास्त्र तथा

CC-0. Nepal Sanskrit Academy, Kathmandu

संस्कृतसाहित्यका विद्वान् थिए । यिनका आश्रयमा कैय्यन् विद्वान्हरू बस्दथे । यिनले *नरपतिजयचर्या*नामक ज्योतिषशास्त्रको ग्रन्थको टीका बनाएथे । यी राजाले *मुदितकुवलयाश्व* आदि अनेक संस्कृत नाटक लेखी खेल पनि खेलाएथे । यी नाटकहरू संस्कृतमा लेखिएका भए तापनि प्रौढ संस्कृतमा लेखिएका छैनन् । तथापि त्यस समयमा जगज्ज्योतिर्‌ले जो विद्याप्रेम देखाए, सो अवश्य प्रशंसनीय छ । नाटक तथा गानामा यी राजालाई ठूलो रुचि थियो । भक्तपुरको बिस्केटजात्रा यिनैले चलाएको हो ।

जगज्ज्योतिर्‌का छोरा नरेश मल्ल भए । यिनको र कान्तिपुरका राजा प्रताप मल्लको घोरघमासान परेथ्यो । नरेशका छोरा जगत्प्रकाश मल्ल भए । यी पनि संस्कृतका बेस विद्वान् थिए । आफ्ना समकालीन राजा प्रताप मल्ल जस्तै यी पनि देवदेवताका मन्दिरमा शिलापत्रहरू राख्तथे तथा आफूलाई ठूला कवि संझन्थे । प्रताप मल्लसँग शस्त्रमा (हतियारमा) यिनको प्रतिद्वन्द्विता थियो ता शास्त्रमा पनि प्रतिद्वन्द्विता कम थिएन । प्रताप मल्लले ललितपुरसँग मिली यिनलाई खूपै दुःख दिएका हुन् । प्रताप र यिनको परस्परको संघर्षले पनि नेपालमा संस्कृतको प्रचार बेसै गरायो ।

जगत्प्रकाशका छोरा जितामित्र मल्ल भए । यिनको पनि विद्यामा निकै प्रेम थियो । यी राजा आफ्नै हातले ग्रन्थ लेख्ने तथा सार्ने काम गर्दथे । वि.सं. १७४६ मा यिनले *जैमिनिभारत*को आधारमा संस्कृतमा *अश्वमेधनाटक* बनाएथे । यिनी आफूलाई "सुमति" अर्थात् "बुद्धि सप्रेको" भन्दथे । यिनले भक्तपुरमा खेतीपातीका निमित्त एक राजकुलो पनि बनाएका हुन् ।

जितामित्रपछि उनका छोरा भूपतीन्द्र मल्ल राजा भए । यी राजालाई देवमन्दिर, दरबारहरू बनाउनामा ठूलो शौक थियो । भक्तपुरको भैरवमन्दिर तथा ५५ झ्यालवाला दरबार पनि यिनैले बनाएका हुन् । भक्तपुरदरबारनजिकको शालिक यिनैको हो । कोटीहोम आदि यज्ञ पनि यिनले गरेथे । २६ वर्ष जति राज्य गरी वि.सं. १७७९ मा यिनी स्वर्गे भए ।

भूपतीन्द्र मल्लपछि उनका छोरा रणजीत मल्ल राजा भए । प्राचीन वस्तु र पुस्तकको संग्रह तथा विद्याप्रेम इत्यादिमा भक्तपुरे राजाहरू सबैभन्दा अगाडि

CC-0. Nepal Sanskrit Academy, Kathmandu

थिए। राजा रणजीत मल्लमा पनि आफ्ना पुख्र्यौली यी गुण भरिपूर्ण थिए। कान्तिपुरका राजा जसरी लडाक-भिडाकमा आफ्नो बुद्धि खर्च गर्दथे, त्यसै गरी यिनी शान्तिको मार्गमा बुद्धि खर्च गर्दथे। यिनले *कृष्णचरित्रनाटक* र *रामायणनाटक* बनाएका हुन्। तर यी निश्चित नीति भएका शासक थिएनन्। जो हात सो सात भने झैँ कहिले यी गोरखालीसँग, कहिले कान्तिपुरेसँग, कहिले ललितपुरेसँग र कहिले तनहूँसँग मिल्दथे। यसबाट यिनलाई भन्दा अर्कोलाई फाइदा हुन्थ्यो। यिनका विवाहितापट्टिका छोरा वीरनरसिंह र ल्याइतेपट्टिका छोरा उग्रसिंह आदि अनेकन् थिए। दाज्यूभाइको मेल थिएन। यही कलहमा परी वीरनरसिंहको प्राण गयो।

पछि जयप्रकाश मल्ल र तेजनरसिंह मल्ल पनि रणजीत मल्लकै आश्रयमा पुगेका थिए। पृथ्वीनारायणले भक्तपुरमा आक्रमण गर्दा ३ दिनको लडाइँपछि वि.सं. १८२६ मार्ग १ गते यिनले आत्मसमर्पण गरे। रणजीत मल्लको साधु प्रकृतिले गर्दा उनबाट आफ्नो कुनै नोक्सानी हुने पृथ्वीनारायणले देखेका थिएनन् तथा उनीसँगको आफ्नो मित्रताको कारणले पनि पृथ्वीनारायणले रणजीत मल्लसँग आनन्दपूर्वक बनेपा अथवा अरू कुनै शहरमा बस्नुहोस् भन्ने कुरा उठाउँदा उनले सो मञ्जूर नगरी काशी जाने इच्छा गरे। पृथ्वीनारायणले खर्चबर्च दिई उनलाई काशी पठाइदिए। केही वर्षपछि उनले काशी मणिकर्णिकामा देह छाडे।

ललितपुर

जेठा दाज्यू राय मल्लसँग विद्रोह गरी रत्न मल्लहरूले जुन विरोधी दल खडा गरेका थिए, त्यसमा जयसिंह पनि थिए। यी जयसिंह यक्ष मल्लका जुवाइँ थिए। पछि विरोधी दलमा फूट फैलिएपछि जयसिंहले मौका छोपी ललितपुरमा आफ्नो शासन कायम गरे। यिनले खडा गरेको सो राज्य करीब सय वर्षसम्म रह्यो।

ललितपुरका पहिला स्वतन्त्र राजा जयसिंह भए। यिनको कुल राजकुल थिएन। यसरी आफ्नो कुलले एकलौटी हक पाएको देशमा अर्को कुलको शासन चल्नु मल्लहरूका निमित्त साह्रै अप्रिय थियो। यस कारण यिनीहरू जयसिंहलाई सानो

CC-0. Nepal Sanskrit Academy, Kathmandu

कुलको संझेर अपमान गर्दथे । जयसिंहका छोरा कीर्तिसिंह भए । मल्लहरूसँग लडेर यिनले आफ्नो स्वातन्त्र्यरक्षा गरे । यही कामको लागि कीर्तिसिंहले प्रशस्त फौज पनि जमाएका थिए । कीर्तिसिंहका छोरा कुसुमसिंह भए । कुसुमसिंहका छोरा विष्णुसिंह भए । विष्णुसिंहका छोरा पुरन्दर भए । यिनले वि.सं. १६२२ मा बनाएको विष्णुमन्दिर ललितपुरमा छँदैछ ।

कान्तिपुरका मल्ल राजाहरूको आँखा ललितपुरमा अगिदेखि नै लागिरहेको थियो । शिवसिंहले वि.सं. १६५० तिर आक्रमण गरी ललितपुरलाई कान्तिपुरमा मिलाए । त्यहाँको बरबन्दोबस्त बाँध्न शिवसिंहले आफ्ना छोरा हरिहरसिंहलाई खटाएका थिए । परन्तु केही वर्षसम्म राजप्रतिनिधि भई काम चलाएपछि हरिहरसिंहले आफ्नो अधिकारमा ललितपुर राख्ने उद्योग गरे । यसबाट बाबुछोराको कलह फैलिई राज्य भिन्न भयो ।

सिद्धिनरसिंह आफ्ना बाबु हरिहरसिंहको शेषपछि वि.सं. १६७७ मा ललितपुरको गद्दीमा बसे । कान्तिपुरका राजालाई यसरी राज्य छुट्टिनु मनपर्ने कुरो अवश्य थिएन । आखिरमा गडबड उठी मारामार पऱ्यो । तर पछि कान्तिपुरका राजा लक्ष्मीनरसिंह र ललितपुरका राजा सिद्धिनरसिंहले वि.सं. १६७७ माघमा एकानि शत्रु एकानि मित्र गरी सन्धि गरे ।

राजा सिद्धिनरसिंहको ख्याति हाम्रो देशमा ठूलो छ । विशेष गरेर यिनले लडाका वीरमा ख्याति पाएका होइनन्, ईश्वरमा रहेको अटल भक्ति श्रद्धा र शास्त्र गाई ब्राह्मणको उपरको सन्मान तथा गरीब-दुःखीउपरको दयाले नै यिनलाई यति ठूलो ख्याति मिलेको हो ।

यिनले बौद्ध विहारहरूको पनि प्रबन्ध मिलाई ती विहार राज्यको प्रबन्धबाट चलाउने बन्दोबस्त बाँधेका हुन् । यिनले ललितपुरका अनेकन् देवमन्दिर धारा पाटी बनाए तथा अनेकन् देवलको जीर्णोद्धार गरे । यिनमध्ये वि.सं. १६९३ मा बनेको २१ गजूर भएको श्रीकृष्णको मन्दिर नेपालभरमा कालिगडीको एक नमूना छ । त्यसका भित्ताका पत्थरमा रामायण र महाभारतका कथाका मुख्यमुख्य घटनाका चित्रहरू कुँदिएका छन् । यो मन्दिर स्थापना गर्दा यिनले ४० दिनसम्म

CC-0. Nepal Sanskrit Academy, Kathmandu

कोटिहोम गराएका थिए । यही मौका छोपी कान्तिपुरका राजा प्रताप मल्लले सजधजसँग ललितपुरमा आक्रमण गरे । घोरघमासान पऱ्यो । आखिर ललितपुरका एकदुइ ठानासम्मलाई प्रताप मल्लले आफ्नो अधिकारमा राख्न सके ।

यी राजा सिद्धिनरसिंहले जाउलाखेलको पोखरी आफ्ना मुमा लालमतीको नामले बनाएका हुन् । यिनलाई देवदेवताको नाचको विशेष रुचि थियो । यिनले आफैँले कविता गरी चलाएका रामायण आदि नाचहरू अझसम्म पनि ललितपुरमा चल्दैछन् । ललितपुरको कार्तिकनाच पनि यिनैले चलाएको हो भन्ने मानिसहरूको भनाइ छ । गोरखाका राजा राम शाहसँग सिद्धिनरसिंहको मित्रता थियो । पछि उमेर पाको हुँदै गएपछि छोरालाई गृहभार सुम्पी राजा सिद्धिनरसिंह एउटा अध्यात्मवादी योगीको जीवन बिताउन लागे । ग्रीष्ममा पञ्चाग्नि ताप्नु, जाडामा ढुङ्गामा सुत्नु, कृच्छ्रचान्द्रायण व्रत लिनु इत्यादि कठोरकठोर व्रतहरू यिनी शरीर सुकाउने उद्देश्यले लिन लागे । आखिर वि.सं. १७१७ मा यिनी संसार चटक्क छोडी तीर्थयात्रा गए । यसपछि यिनी कहिल्यै नेपाल फर्केनन् ।

बाबुले छोडेको राज्य पाएर श्रीनिवास मल्ल राजकाज चलाउन लागे । यिनको धर्मको विषयमा बाबुको जस्तै रुचि थियो । यिनले बनाएका देवलहरू अझसम्म पनि ललितपुर इलाकामा प्रशस्त पाइन्छन् । ललितपुरको भीमसेनको मन्दिर पनि यिनैका पालामा जीर्णोद्धार भएको हो । वि.सं. १७२८ मा यिनले रातामछिन्द्रको देवल पनि संस्कार गराएका हुन्, त्यहाँका अनेकन् पूजाको गुठी पनि यिनले राखेका छन् । कीर्तिपुरको कोत पनि यिनैले बनाएका हुन् ।

श्रीनिवास धार्मिक प्रकृतिका भए तापनि आफ्ना बाबुले जस्तो विशेष धर्मतिर नै मन लाउन पाएका थिएनन् । नेपालखाल्डाका ती राज्यको परस्परको वैमनस्यले गर्दा त्यस वेला जुन अवस्था पर्न आएको थियो, त्यसमा यिनले पनि भाग लिई लडाइँभिडाइ निकै गरेका थिए । भक्तपुरका राजा जगत्प्रकाशसँग मिली यिनले कान्तिपुरका राजा प्रताप मल्लका निकै किल्लाहरू हात लाएथे, परन्तु पछिबाट भक्तपुरेले हामीले तिमीलाई मद्दत दियौँ, अब तिमी हामीलाई लाख रुपैयाँ, दुइ हात्ती तथा केही गाउँ देऊ भन्दा यिनी भक्तपुरेदेखि अप्रसन्न हुन गए । यही मौका

CC-0. Nepal Sanskrit Academy, Kathmandu

छोपी प्रताप मल्लले श्रीनिवाससँग सन्धि गरे । कान्तिपुरे तथा ललितपुरे सेनाले घनघोरसँग भक्तपुरमा घेरा हाल्यो । यस काममा मुख्य ललितपुरका सेनापति विश्वराम थिए । वि.सं. १७२० देखि करीब डेढ वर्ष जति चारैतिर भक्तपुरमा घेरा परेको हुनाले भक्तपुरेलाई खानसम्म मुस्किल पर्ला जस्तो भइसकेको थियो । यसरी भक्तपुरेलाई प्रशस्त शक्तिहीन गराई श्रीनिवासलाई पनि पक्रने प्रताप मल्लको इरादा थियो । परन्तु यो कुरा श्रीनिवासले बुझी प्रताप मल्लदेखि परपर सर्न लागे । यिनै ताक लडाइँका पक्षपाती ललितपुरे काजी विश्वरामको पनि मृत्यु भयो । यस्तैमा प्रताप मल्लले भक्तपुरसँग गुप्त सन्धि गर्ने प्रयत्न गरेको चाल पाई श्रीनिवासले नै पहिले भक्तपुरका राजा जगत्प्रकाशसँग सन्धि गरे । यति भएपछि वि.सं. १७२२ मा भक्तपुर-ललितपुरमा खूब आदान-प्रदान भयो । यसमा प्रताप मल्ल पनि चुप लागेर बस्ने मानिस थिएनन् । उनले अर्को सूत्र लाएर भक्तपुरेसँग सन्धि गरे । यसको अलिक दिनमा वि.सं. १७२४ मा फेरि प्रताप मल्लको नीतिज्ञताले भक्तपुरलाई एक्लाई ललितपुरलाई कान्तिपुरको मित्र बनायो । यता तनहुँका दामोदर सेन, गोरखाका पृथ्वीपति शाह तथा भक्तपुरका जगत्प्रकाश मल्लको एक दल खडा भएको थियो । यो दलमा ललितपुरका श्रीनिवास पनि मिल्न गए । आखिरमा यो दलले वि.सं. १७२८ मा मकवानपुरमा आक्रमण गऱ्यो, मकवानी राजा शुभ सेनले सन्धि गरे । यस सन्धिबाट श्रीनिवासले एक हात्ती हात लाएका थिए ।

मकवानी राजा शुभ सेनले आफूसँग जोडकातोड गरी खडा भएको विजयपुरको राज्यमा आक्रमण गर्ने इरादाले तनहूँ, भक्तपुर, ललितपुर तथा कान्तिपुरसँग एक सन्धि गरेका थिए । यो मित्रमण्डलले वि.सं. १७३१ मा विजयपुरमा आक्रमण गरी केही गाउँ हात लाग्यो । यो जीतको भागरूप शुभ सेनबाट श्रीनिवासले ४ हात्ती पाए ।

नीतिवश यसरी बराबर लडाइँभिडाइतिर पनि हात हाले तापनि यति साना राज्यले यसरी परस्परमा लडिरहे भने कल्याण हुँदैन भन्ने विचारले श्रीनिवास शकभर सबै नेपालको राज्यको परस्परमा मित्रता राखिछोड्ने उद्योगमा लागी नै रहन्थे । वि.सं. १७३१ माघमा उनले आफ्ना छोरा योगनरेन्द्रको व्रतबन्धमा

CC-0. Nepal Sanskrit Academy, Kathmandu

भक्तपुरका राजा जितामित्र मल्ल, कान्तिपुरका राजा नृपेन्द्र मल्ल, तनहूँका राजा दिग्विजय सेन, मकवानपुरका राजा शुभ सेन तथा गोरखाका राजा पृथ्वीपति शाहलाई निमन्त्रणा दिई हामीहरूले परस्परमा आक्रमण नगर्नू भन्ने किसिमको सन्धिपत्र गराएका थिए।

आफ्ना छोरा योगनरेन्द्र मल्लले आफ्नो नीतिमा सहमत नदेखाई भिन्नै ढङ्गले राजकाज गर्न मनसुवा लिएको देखेर "भइगयो बाबु तँ नै राज्य गर्" भनी सारा राजकाज वि.सं. १७४१ मा छोरालाई सुम्पिदिए। यसपछि वि.सं. १७४३ मा श्रीनिवासको मृत्यु भयो।

योगनरेन्द्र मल्लले कान्तिपुरका राजा भूपालेन्द्र मल्लसँग मिली भक्तपुरमा वि.सं. १७४७ मा आक्रमण गरे। विशेष गरेर यिनको धेरै समय भक्तपुरसँगको गडबडमा नै बित्यो। कान्तिपुरसँग यिनको मित्रता नै थियो। तनहूँ, मकवानपुरतिर पनि योगनरेन्द्रको मित्रता नै थियो। यिनको शालिक ललितपुर मङ्गलबजारको शोभा बढाउँदैछ। वि.सं. १७६२ कार्तिकमा यिनी चाँगुमा गई बसेका थिए। भक्तपुरको मतमा लागेको कुनै दुष्टले विष खुवाई यिनको प्राण त्यहीँ हरिदियो। यिनको लाशलाई त्यहाँबाट शङ्खमूल ल्याई अग्निसंस्कार गरे, २१ जना सती गए।

योगनरेन्द्रको मृत्यु हुनु के थियो, एक किसिमबाट ललितपुरमा अराजकता फैलिनु थियो। योगनरेन्द्रका कुनै ठ्याहा छोरा थिएनन्। एक जना बालक ल्याइतेपट्टिका छोरा महीन्द्रसिंहनामक थिए। परन्तु ललितपुरको मन्त्रिपरिषद् ती ल्याइतेपट्टिका छोरालाई आफ्नो राजा मान्न तयार थिएन। यो मौका छोपी कान्तिपुर पनि ललितपुरको हकवाला हुन अघि सरेको थियो। परन्तु ललितपुरको मन्त्रिपरिषद् कान्तिपुरलाई आत्मसमर्पण गर्न किन तयार हुन्थ्यो। यसैले कान्तिपुरसँग मारामार पनि चल्यो। सिद्धिनरसिंहकै कुलमा जन्मेका छोरीपट्टिका भए तापनि नजीककै सन्तानलाई राजा थाप्ने निश्चय ललितपुरको मन्त्रिपरिषद्ले गऱ्यो। यही निश्चयअनुसार योगनरेन्द्रका दौहित्र लोकप्रकाश मल्ल ललितपुरको गद्दीमा बसे। परन्तु दुर्भाग्यले एक वर्ष पनि राज्य नगरी यिनको मृत्यु भयो। यसपछि योगनरेन्द्र मल्लका भानिज इन्द्र मल्ल ललितपुरको गद्दीमा बसे। करीब २ वर्षजति राज्य गरी वि.सं. १७६६ मा यिनको पनि देहान्त भयो। अब त्यति नजीकको हकवाला छोरीपट्टिका पनि थिएनन्। उता योगनरेन्द्रका ल्याइतेपट्टिका

CC-0. Nepal Sanskrit Academy, Kathmandu

छोरा महीन्द्रसिंहको जन्म तनहूँमा भएको थियो । तनहूँसँग योगनरेन्द्रको संबन्ध बढिया नै थियो । महीन्द्रसिंह आफ्ना राज्यमा जन्मेका हुनाले यिनलाई आफ्ना छिमेकी ललितपुरमा राजा बनाउन पाए आफ्नो प्रभाव बढ्ने हुनाले तनहूँका राजा कामराजदत्त सेन सकभर महीन्द्रसिंहलाई नै ललितपुरको गद्दीमा राख्ने उद्योगमा थिए । अहिले अरू कुनै नजीकको हकवाला नभएको मौका छोपी कामराजदत्त सेनले कि त साक्षात् आफ्ना राजाका छोरा महीन्द्रसिंहलाई राजा मान, कि त हामीसँग लड्न तयार होऊ भनी गड्कन लागे । कान्तिपुरका राजा भास्कर मल्ल पनि हकवाला मै हूँ भनी ललितपुरको गद्दीमा दावा गर्दथे । यस्तो अवस्थामा विवश भई ललितपुरको मन्त्रिपरिषद्ले ल्याइतेपट्टिका महीन्द्रसिंहलाई तनहूँबाट ल्याई राजगद्दीमा राखी आफ्नो राजभक्ति देखायो ।

करीब ६ वर्षजति गद्दीमा बसी बालक महीन्द्रसिंह वि.सं. १७७१ मा शीतलाका व्यथाले परलोक भए । यिनको मृत्यु भएपछि योगनरेन्द्रका ल्याइतेपट्टिका दौहित्र ऋद्धिनरसिंह ललितपुरको गद्दीमा बसे । परन्तु दुर्भाग्यले १७७४ मै यिनको मृत्यु भयो । अब कुनै उपाय नपाई ललितपुरेहरूले कान्तिपुरका राजा महीन्द्रसिंहलाई ललितपुरको गद्दीमा राखे । दुवै शहरको राज्य गरी यिनी बसेका थिए ।

महीन्द्रसिंहको शेषपछि वि.सं. १७७९ मा ललितपुरको मन्त्रिपरिषद्ले योगप्रकाशलाई राजा छान्यो । यिनका पालामा पनि भक्तपुरसँग ललितपुरको निकै मारामार पऱ्यो । योगप्रकाशको मृत्यु भएपछि वि.सं. १७८६ मा मन्त्रिपरिषद्को अनुमतिले विष्णु मल्ल राजा बने । यी विष्णु मल्ल योगनरेन्द्र मल्लका भाञ्जीका छोरा हुन् । यी बलिया हृदय भएका शासक थिए । यिनको हातमा अधिकार भएपछि मन्त्रिपरिषद्को अधिकार घट्दै गयो । सबै हर्ताकर्ता यिनै भए । यी राजा कान्तिपुरका राजा जगज्जय मल्लका जुवाइँ हुन् । पहिले त यिनी कान्तिपुरसँग मिली भक्तपुरसँग निकै लडेका थिए । परन्तु पछि राज्यप्रकाश आफ्नो आश्रयमा आउँदा जयप्रकाशसँग फाटे परेको हुनाले गोरखासँग मिली कान्तिपुरसँग पनि लडेथे । यिनले शङ्खमूलमा धर्मशाला बनाई दामोदरको स्थापना गरेका हुन् । अग्निहोत्रको गुठी पनि यिनले राखिदिएका हुन् । विष्णु मल्लका छोरा थिएनन् । यिनले आफ्नो उत्तराधिकार आफ्ना आश्रयमा आएका

CC-0. Nepal Sanskrit Academy, Kathmandu

आफ्ना शाला राज्यप्रकाश मल्ललाई दिएका थिए। विष्णु मल्लको शेषपछि वि.सं. १८०२ मा राज्यप्रकाश राजा भए। राज्यप्रकाशले पहिले त आफ्ना दाज्यू जयप्रकाशसँग मिली गोरखालीहरूसँग लड्न भनी आफ्ना सेना पनि पठाएका थिए। ललितपुरको राज्य कीर्तिपुरमा गोरखालीले आक्रमण गर्दा जयप्रकाश मल्लले आफ्नो फौज पठाई गोरखालीहरूलाई धपाइदिएथे। परन्तु गोरखालीहरूको बल बढ्दै जाँदा लामीडाँडातिर आफ्नो अधिकार रहोस् तथा त्यतातिरबाट कपास आइरहोस् भन्ने अभिप्रायले ललितपुरेहरूले गोरखालीहरूसँग सन्धि गर्ने विचार गरे। यसबाट जयप्रकाश ललितपुरेहरूसँग ज्यादै रिसाए। यसको परिणाम निम्तोमा बोलाउँदासम्म पनि जयप्रकाशले राज्यप्रकाशकहाँ जान छोडिदिए। राज्यप्रकाशका धेरै रानीहरू थिए। सौतासौताको मेल हुनु ज्यादै गाहारो कुरो हो। त्यही कलहले गर्दा राज्यप्रकाशलाई नेत्ररोग भयो। यता गोरखालीहरूले बराबर नेपालखाल्डाभित्र पनि पसी ललितपुरका धेरै इलाका दखल गरे। ललितपुरेहरूले दुनियाँबाट रुपियाँ उठाई गोरखालीहरूलाई दिई सो इलाका छुटाए, यस्तो संघर्षमय समयमा राज्यप्रकाशले १३ वर्षसम्म राज्य गरी वि.सं. १८१५ मा स्वर्ग गए।

राज्यप्रकाशको मृत्युले गर्दा ललितपुरमा फेरि अराजकता फैलियो। त्यहाँका मन्त्रिपरिषद्को अधिकार अब असीम हुन आयो। मन्त्रिपरिषद्मा मुख्य ६ काजी थिए। तिनमा कालिदास, भिख्वाल आदि मुख्य हुन्। उनीहरूले आफूलाई मनपर्दो मान्छेलाई राजा बनाउन थाले। पहिले विश्वजीत मल्ल राजा भए। यिनी काजीहरूका हातका खेलौना बनी राजकाज गर्न लागे। यिनको आशक कालिदास काजीकी छोरी, चाकबहाल काजीकी बुहारीसँग परेको थियो। यसैमा जारलाई काट्नैपर्छ भन्ने सल्लाह गरी चाकबहाल काजीका छोराले हूल उठाई विश्वजीत मल्लको प्राण लिई आफूले सुइँकुच्चा ठोके।

विश्वजीत मल्लको हत्या भएपछि कान्तिपुरका राजा जयप्रकाशलाई ललितपुरको मन्त्रिपरिषद्ले वि.सं. १८१७ मा आफ्नो राजा मान्यो। सो राजा मान्नको कारण जयप्रकाशले गोरखालीको आक्रमणबाट हाम्रो रक्षा गर्नेछन्, भित्री शासनप्रबन्ध हामी आफ्नो हातमा राखौँला भन्ने ललितपुरे काजीहरूको मनसाय थियो। परन्तु जयप्रकाश जस्ता राजा अर्काका हातका खेलौना भई बस्ने मान्छे थिएनन्।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

काजीहरू पनि हामीले बनाएका राजा त तिमी हौ नि भन्ने विचारले उनीसँग दब्न चाहँदैनथे । आखिर यही गड्याङगुडुङ भई जयप्रकाशलाई ललितपुर राज्य छोड्न करै लाग्यो । जयप्रकाशलाई राज्यबाट निकाली ललितपुरे काजीहरूले भक्तपुरका राजा रणजीत मल्ललाई वि.सं. १८१९ मा राजा माने, तर रणजीत जस्ता सुधा राजाबाट आफ्नो रक्षा नहुने देखी उनीहरूले उनलाई चाँडै नै धपाइदिए ।

यता गोरखालीहरूको दबाव बढ्दै गएकोले उताबाट रक्षा पाउन जयप्रकाशलाई नै राजा मान्न ललितपुरे तयार भए । परन्तु जयप्रकाशले आफूलाई निकालेको रिस बिर्सेका थिएनन् । उनले ती काजीहरूलाई भुक्क्याएर कैद गरी आफ्नै तरफबाट ललितपुरको राज्य चलाउने उद्योग गरे । कैद परेका एक जना काजीले त आत्महत्या पनि गरे । जयप्रकाशको यस कामले ललितपुरेहरू कान्तिपुरेका घोर शत्रु बने । जयप्रकाशले ललितपुरेलाई दबाउन सकेनन् । आखिर उनले ललितपुर छोड्नैपर्‍यो ।

अब आफ्नो रक्षा हुने कुनै उपाय नदेखी जयप्रकाश जस्ता आफ्नो विरोधी हुँदा तथा गोरखालीहरूको घेराले गर्दा नून, कपास इत्यादिको अभाव भएकोले पनि ललितपुरे काजीहरूले पृथ्वीनारायणलाई राजा हुन निम्तो दिए ।

ललितपुरको राजा हुँदा जयप्रकाशले र रणजीत मल्लले सहनुपरेको बेइज्जती पृथ्वीनारायणले देखिसकेका थिए तथा ललितपुरे काजीहरूलाई हात लिन सके त ललितपुर हात लागिहाल्छ भन्ने आशा पनि उनलाई थियो । यसैले आफू नआई आफ्ना भाइ दलमर्दन शाहलाई आफ्नै प्रतिनिधि बनाई पठाए । दलमर्दन शाह पृथ्वीनारायणका प्रतिनिधि भई ललितपुरको गद्दीमा बसे । गोरखालीका घेराबाट नून, कपास आफ्नो राज्यमा आउन नपाएको हुनाले ललितपुरे काजीहरूले गोरखालीसँग सम्बन्ध तोडी दलमर्दन शाहलाई आफ्नो स्वतन्त्र राजा बनाए । आफूलाई दुइदुइपल्ट राजा बनाई निकालेको र आफ्ना वैरी पृथ्वीनारायणका भाइलाई राजा बनाएकोले जयप्रकाश मल्ल ललितपुरेहरूसँग जल्नसम्म जलेका थिए, यसै कारण जयप्रकाशले आफ्नो एउटा मानिसद्वारा ललितपुरका मुख्य काजी कालिदासलाई मराए । बाहिरबाट आफ्नो राज्यमा नून, कपास इत्यादि

CC-0. Nepal Sanskrit Academy, Kathmandu

केही आउन नपाएकोले ललितपुरको मन्त्रिपरिषद्ले दलमर्दन शाहलाई खारेज गरी तेजनरसिंह मल्ललाई वि.सं. १८२२ मा राजा बनायो ।

यी राजा तेजनरसिंह मल्ल पूरापूर काजीहरूको दबावमा रहेर काम गर्न लागे । यही समयमा उता गोरखालीहरूले झन्झन् भित्रभित्र अँचेट्तै ल्याए । वि.सं. १८२३ मा कीर्तिपुर पनि दखल गरे, ललितपुरतिर पनि घेरा दिन थाले । यसको लगत्तै अंग्रेजसँगको लडाइँ परेकोले केही दिनका लागि ललितपुरको घेरा झिकियो ।अंग्रेजलाई धपाएपछि फेरि पृथ्वीनारायणले नेपालखाल्डाभित्र आँखा लगाए । पहिले कान्तिपुर दखल गरे । त्यसको लगत्तै वि.सं. १८२५ आश्विनमा ललितपुरमा पनि पृथ्वीनारायणले आक्रमण गर्दा सानो लडाइँ भयो । जयप्रकाश मल्ल आफ्ना सिपाही र तेजनरसिंहलाई साथ लिई भक्तपुर पुगे । काजीहरूले आत्मसमर्पण गरे । वि.सं. १८२६ मा भक्तपुरविजयपछि ललितपुरका राजा तेजनरसिंह नजरबन्द भए । आखिर उनको जीवन उहीँ बित्यो ।

शाह गोरखा

चित्तौर(मेवाड)को राजवंशमा पैदा भएका राजकुमार हरिहरसिंह अजयसिंह दुइ भाइ विक्रमको पन्ध्रौँ शताब्दीमा कालीप्रदेश खिलूँ आबाद गरी बसेका थिए । यिनीहरूको बोलाउने नाउँ खाँचा र मिचा थियो । यिनमा ज्येठा हरिहरसिंहले ढोरमा र कान्छा अजयसिंहले पल्लोनुवाकोटमा आफ्नो राज्य बसाले । अजयसिंहका छोरा विचित्रले कास्कीमा दख्खल गरी उहाँ आफ्नो राज्य बसाले । विचित्रका छोरा यशोब्रह्म शाह लमजुङे प्रजाका सहायताले लमजुङ्का राजा बने । यी यशोब्रह्म शाहका नरहरि शाह, द्रव्य शाह र नरपति शाहनामक तीन छोरा थिए ।

यिन ताक गोरखातिर सानासाना राज्य थिए । गोरखामा खँड्कावंशका राजा थिए । गोरखादेखि अलि उत्तरतिर लिगलिगमा घले वंशका राजा थिए । यी घले राजाहरू वर्षेनि छानिन्थे । दशैँमा दौड हुन्थ्यो, सो दौडमा जसले सबलाई जित्न सक्यो, त्यस वर्षलाई उही राजा हुन्थ्यो ।

मुकुन्द सेनका सैन्यमा केही वर्षसम्म काम गरी गएका गणेश पाँडे नाम भएका एक जना पश्चिमका ब्राह्मण गोरखा छोप्राकमा आई बसेका अब सात वर्ष

CC-0. Nepal Sanskrit Academy, Kathmandu

भइसकेको थियो । पण्डित नारायण अर्ज्यालसँग गणेश पाँडेको गुरुचेलाको संबन्ध थियो । यी नारायण पण्डितको संबन्धबाट लमजुङे राजकुमार द्रव्य शाहसँग गणेश पाँडेको संबन्ध भयो । यताबाट गणेश पाँडेले खँड्काहरूले पिरेका प्रजाहरूलाई हात लिई एउटा दल खडा गरे । यो दलमा मगरहरूका अगुवा गङ्गाराम राना पनि मिलेका थिए । आखिरमा यो दल बलियो भएपछि द्रव्य शाहले आफ्ना केही भारदार साथ लिई लमजुङबाट आएर गणेश पाँडेले तयार गरेको दलको मदतले पहिले लिगलिगमा आक्रमण गरी घले राजाहरूलाई हराएर त्यहाँ दख्खल गरे । यसको अलिक महीनापछि द्रव्य शाहले गोरखामा आक्रमण गरे । यस लडाइँमा खँड्का राजा मारिए । वि.सं. १६१६ भाद्र २५ गतेका दिन द्रव्य शाह गोरखाको राजगद्दीमा बसे ।

गोरखामा दखल भएपछि द्रव्य शाहले सिह्रानचोक र अजीरगढनामक गोरखादेखि ५, ७ कोश परका दुइ डाँडाका चुलीमा पनि दख्खल गरे । यसरी भाइको बढ्ती हुँदै गएको देखेर लमजुङे राजा नरहरि शाहले "म ज्येठो भाइ हुँ, म छँदा छँदै कान्छाको राज्यमा हक हुँदैन" भन्ने कुरा निकालेर खिचोला झिके । द्रव्य शाहले "मैले बाबुको राज्यबाट केही सहायता नलिएर अरूहरूको मद्दतबाट आफ्नै बाहुबलले कमाएको राज्यमा दाज्यूको के हक" भन्ने जवाफ दिए । यसरी आफ्ना दुइ भाइ छोराको कलह हुन लागेको देख्दा आमाले चेपेको साँध गरी झगडा मिलाइदिइन् ।

परन्तु आमाको शेषपछि नरहरि शाहले द्रव्य शाहलाई श्राद्धको निहुँले लमजुङमा बोलाएर मौका पारी सिद्ध्याउने उद्योग गरेका थिए । द्रव्य शाहले पनि लमजुङ राज्यमा गई दाज्यूका साथमा श्राद्ध गरे । परन्तु पछि सो जाल थाहा पाएर सुटुक्क भागेर द्रव्य शाह आफ्नो राज्य गोरखामा फर्के । यसपछि नरहरि शाहले आफूले आँटेको काम नपुग्दा रिसले भुतुक्क भई आफ्ना सैन्यलाई गोरखा हान्न पठाए । द्रव्य शाहको सैन्य पनि लडाइँ गर्न गयो । घोरघमासान पऱ्यो । गोरखालीहरूले लमजुङेहरूलाई पिटपाट पारी चेपेपारि लखेटिदिए । गोरखाको सिंहासनमा ११ वर्षसम्म बसेर वि.सं. १६२७ मा द्रव्य शाहले संसारदेखि बिदा लिए ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

द्रव्य शाहपछि उनको छोरा पुरन्दर (पूर्ण) शाह गोरखाको राजगद्दीमा बसे। पुरन्दरपछि उनका छोरा छत्र शाह राजा भए, परन्तु सात महीना राज्य गर्दैमा छत्र शाहको मृत्यु भयो। उनका छोरा भएका थिएनन्। यसैले उनका भाइ राम शाहले वि.सं. १६६३ मा राज्याभिषेक पाए।

राम शाहले राजा भएपछि पहिले देशको आन्तरिक (भित्री) सुधारतिर आँखा लाए। यिनले माना, पाथी, तोला, बिसौलीहरूको मान नियत गरे। ब्याज दसौँदभन्दा बढ्ता नलिनू, साहूलाई असामीले साँवाब्याज गरी एकैपल्ट ऋण तिर्दा नगदीमा दोबर र अन्नमा तेबरसम्म तिर्नुपर्छ, त्यसभन्दा बढ्ता तिर्नुपर्दैन, मामुलीमामुली झगडा गाउँका बूढापाकाहरू मिलेर मिलाइदिनू, बटुवाको सुबिस्ताको निमित्त बाटाबाटामा रूखहरू लगाइदिनू, कसैलाई जग्गा दिँदा चार-किल्ला खुट्याई दिनू, ठाउँठाउँमा गोचर छाडिदिनू इत्यादि अनेकन् नियमहरूको बन्धेज पनि राम शाहले बाँधिदिए। आफ्ना भाइभारदार (चौतरिया, पुरोहित), काजी (मुख्यमन्त्री), कपरदार (भित्री दरबारको रखवाला), खर्दार (परराष्ट्र-अड्डाको हाकिम), धर्माधिकार (न्याय गर्ने हाकिम), छथर (पाँडे, पन्त, अर्ज्याल, खँदाल, राना, बोहरा– यी छ थरका मानिस)हरूको र राजदरबारमा गर्नुपर्ने स्थितिको राम्रो बन्दोबस्त पनि राम शाहले बाँधे। राम शाहले पहाडखण्डका बलियाबलिया राज्य जुम्ला, पाल्पा, पर्वतहरूका राजासँग र नेपालखाल्डाका ललितपुरका राजा सिद्धिनरसिंहसँग पनि घा बाँधेका हुन्। राम शाह र सिद्धिनर-सिंह मल्लको मित्रताका परिणामस्वरूपमा केही पाटने साहू गोरखा गई व्यापार गर्न लागे।

यति गरी राम शाहले गोरखावरपर पनि दख्खल गरे। नजीकैको छिमेकी राज्य लमजुङलाई यो कुरा मन परेन र लमजुङेहरूले गोरखामा चढाइ गरे, लडाइँ पऱ्यो। गोरखालीहरूले लघार्दै लमजुङेहरूलाई मर्स्याङ्दीपार धपाइदिए। यसरी लडाइँ जित्न नसकेको देखेर लमजुङेले बार्पाकका राजा चाग्या र सुर्तानलाई उचालेर राम शाहलाई शिकारमा गएको वेलामा सिद्ध्याउने प्रयत्न गरे। गोरखानजीकका वनमा तरुल भ्याकुर खोज्न आए जस्तै गरी चाग्या सुर्तानका केही गुप्ती मानिस आएका थिए। परन्तु शिकारमा गएको वेलामा राम शाहले थाहा पाई तिनीहरूलाई पक्रे। यताबाट चाग्या सुर्तानहरूसँग राम शाहको भित्र

CC-0. Nepal Sanskrit Academy, Kathmandu

वैरभाव भयो। बाहिर मित्रताको व्यवहार राखेर झुक्क्याई गोरखालीहरूले चाग्यालाई मारे, सुर्तान भागेका थिए, परन्तु पछि उनी पनि मारिए। यति भएपछि राम शाहले अठारशयखोला, निभारचोक आदि अनेकन् साना राज्यलाई जितेर पूर्वतिर बढ्दै त्रिशूलीसम्म दख्खल गरे। उता भोटतिर पनि रसुवागढीसम्म राम शाहको झण्डा फरफराउन लाग्यो। पश्चिमतिर पनि तनहूँका राजा तुला सेनसँग राम शाहको लडाइँ पर्‍यो। आखिरमा विजयलक्ष्मीले गोरखालीकै पक्ष लिइन्।

यसरी एउटा सानू गोरखा राज्य राम शाहको हातमा परेर मर्स्याङ्दीदेखि त्रिशूलीसम्म फैलिएको उत्तर हिमालय रसुवागढीदेखि दक्षिणमा महाभारतसम्म पुगेको एउटा अलि ठूलै राज्य बन्यो।

यी राजा राम शाह अनेकन् हतियार चलाई लड्न सिपालु थिए। उनको धार्मिक प्रकृति थियो। राजा हुनेबित्तिकै उनले पुरश्चरण पनि गरेका थिए। यी राजा राम शाहले वि.सं. १६७१ मा गोरखामा मुरलीधर नारायण पनि स्थापना गरेका हुन्। पछि उमेर पुग्दै गएपछि यिनको मन ईश्वरपट्टि लाग्दै गएको थियो। वि.सं. १६९० मा राम शाहले मर्स्याङ्दी र दरौँदीको दोभानमा संसारलाई छोडिदिए।

राम शाहका सभामा विद्वान्हरूको पनि कदर हुन्थ्यो। यिनका पालामा लेखिएका केही पुस्तक अझसम्म पाइँदैछन्। गोरखाका प्रसिद्ध मगर सिद्ध लखन थापा यिनैका पालामा भएका हुन् भनी मानिसहरू भन्दछन्। न्यायनिसाफ गर्न राम शाह उस्तै दत्तचित्त थिए। यिनैका पालादेखि "निसाफ नपाए गोरखा जानू" भन्ने आहान चलेको हो।

राम शाहका छोरा डम्बर शाह भए। यी बडा धर्मात्मा राजा थिए। यी आफ्ना हातले लेखीलेखी चण्डी दान गर्थे। डम्बर शाहपछि कृष्ण शाह गोरखाका राजा भए। कृष्ण शाहका छोरा रुद्र शाह भए। रुद्र शाहका छोरा पृथ्वीपति शाह भए। लमजुङेले पेल्दै ल्याएको गोरखाको स्वातन्त्र्यरक्षा यिनले बडो कौशलबुद्धिले गरेका हुन्। पृथ्वीपति शाहका छोरा वीरभद्र शाह बाबु छँदै परलोक भएका हुनाले उनका छोरा नरभूपाल शाह बाजेको शेषपछि गोरखाको राजगद्दीमा बसे।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

यिनको जन्म आफ्नो मावली तनहूँमा भएको हो । भक्तपुर तथा ललितपुरको लडाइँमा वि.सं. १७८२ मा यिनले भक्तपुरको मद्दत गरेका थिए । वि.सं. १७९२ मा नरभूपालले काजी महेश्वर पन्त र जयन्त रानाको मातहतमा नुवाकोट हान्न सैन्य पठाएका थिए । यसमा कान्तिपुर तथा ललितपुरको सैन्यसँग परास्त भई गोरखाली सैन्य हट्यो । यसको परिणाम जयन्त राना खोसिए । खोसिएपछि जयन्त राना कान्तिपुरमा जयप्रकाशको आश्रयमा आए, जयप्रकाशले पनि पर्वते सेनापति बनाई नुवाकोटको रक्षक जयन्त रानालाई बनाए ।

नरभूपाल शाहका चार रानी थिए । माहिली रानी पाल्पाराजकुमारी कौशल्यावतीको गर्भबाट वि.सं. १७७९ पौषमा पृथ्वीनारायण शाहको जन्म भयो । तीन आमापट्टि गरी पृथ्वीनारायणका जम्मा कीर्तिमहोद्दाम, दलमर्द्दन, दलजित् तथा शूरप्रताप-नामक चार भाइ थिए । नरभूपालकी ज्येठी रानी खाँची राजकन्या चन्द्रप्रभावतीले आफ्नो सन्तान कोही नहुँदा पृथ्वीनारायणलाई बालककालदेखि नै आफ्नो छोरो जस्तो गरी पालेकी थिइन् । पृथ्वीनारायणको पनि उनको उपरमा ठूलो मातृभक्ति थियो ।

पृथ्वीनारायणको विवाह मकवानपुरका राजा हेमकर्ण सेनकी छोरी इन्द्रकुमारीसँग भयो । विवाहपछि लगत्तै मकवानीहरूले छोरी बिदा नगरेको हुनाले गोरखालीहरू अप्रसन्न भई आफ्नो देश फर्के । विवाह भएको एक वर्ष जतिपछि मकवानीहरूले "आउनुहवस्, आफ्नो जहान लिएर जानुहवस्" भन्ने ब्यहोराको खबर पठाएकोले पृथ्वीनारायण ससुराली गए । त्यस बखत मकवानीहरूको हैसियत गोरखाली-हरूको भन्दा निकै ठूलो थियो । हाम्री छोरी मैयाँबाट कुमार पैदा नभएसम्म यहीँ बस्नुहवस् भन्ने कुरा मकवानीहरूले चलाए । परन्तु यस्तो कुरामा पृथ्वीनारायण जस्ता मनस्वीको चित्त बुझ्न गाहारो थियो । यसको परिणाम दुवै थरीको मनमा क्रोध दन्किनुसिवाय केही भएन । पृथ्वीनारायणको तातो रिसको झोँकमा परी एक दुइ मकवानी सिपाहीको ज्यान गयो । रित्तै हात फर्केर चितलाङको बाटो गरी पृथ्वीनारायण गोरखा पुगे । यति भएपछि काशीका रजपूतकन्या नरेन्द्रलक्ष्मीसँग गोरखामा पृथ्वीनारायणको दोस्रो विवाह भयो । यिनै नरेन्द्रलक्ष्मी पृथ्वीनारायणकी गृहलक्ष्मी भइन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

नुवाकोटको आफ्नो आक्रमण असफल भएपछि नरभूपाल शाह ज्यादै चिन्ताग्रस्त भए । उनका हातबाट राजकाज चल्न गाहारो भयो । त्यसैले जेठी रानी चन्द्रप्रभावतीले राज्यको प्रबन्ध आफ्नो हातबाट चलाउन लागेकी थिइन् । वि.सं. १७९९ मा नरभूपाल स्वर्गे भएपछि पृथ्वीनारायण सिंहासनमा बसे । उनलाई राजकाजमा बराबर चन्द्रप्रभावती मद्दत दिन्थिन् ।

आफू राजा भएपछि एकपल्ट पृथ्वीनारायणले नुवाकोट आक्रमण गर्न काजी महेश्वर पन्तका मातहतमा सैन्य पठाए । तर फौजले हारेर फर्कनुपऱ्यो । नुवाकोटमा हार भएपछि पृथ्वीनारायण आफ्ना केही भारदार लिएर काशी गए । गङ्गास्नान तथा विश्वनाथको दर्शन गरी उहाँबाट केही हातहतियार लिई पृथ्वीनारायण गोरखा फर्के । बाटमा गोमतीका चौकीदारले पृथ्वीनारायणको भारी खोल्ने कुरा गर्दा गोरखालीहरूले चौकीका सिपाहीलाई मारेर बाटो तताए । यति गरेर आफ्नो देशमा फर्केपछि पृथ्वीनारायण लडाइँको ठूलो प्रबन्धतिर लागे । चौबीसी राजाहरूसँग "म नेपालखाल्डाका राजाहरूसित युद्ध गर्दछु, तपाईँहरू मेरो मद्दत गर्नुहवस्" भन्ने प्रस्ताव राखे । चौबीसे राजाहरू गोरखा जस्तो सानो राज्यको मित्र बनी खाईनपाई अर्काको शत्रु बन्न चाहँदैनथे । अत एव उनीहरूको यसमा मञ्जूरी भएन । उसो भए "म पूर्वतिरको लडाइँमा फसेको वेलामा तपाईँहरूले मेरो देशमा आक्रमण नगर्नुहोला त" भन्ने प्रस्ताव पृथ्वीनारायणले लेख्ता "त्यसो हो भने तपाईँ पहिले लमजुङसँग कुरा मिलाउनुहवस्, लमजुङले मञ्जूरी गर्छ भने हाम्रो मञ्जूरी छ" भनी चौबीसेले जवाफ दिए । त्यसपछि लमजुङे राजा रिपुमर्दन शाहसँग भेट गरी कुरा गर्दा "मेरो कास्कीसँग सिमानाको गडबड छ, त्यसमा तपाईँले मलाई मद्दत गर्नुहुन्छ भने तपाईँको देशमा पनि म आक्रमण गर्नेछैन" भन्ने कुरा रिपुमर्दन शाहले उठाए । पृथ्वीनारायण शाहले सो कुरा मञ्जूर गरे । लमजुङ गोरखाको सन्धि भयो । सो सन्धिबमोजिम कास्कीको विरुद्ध लमजुङेलाई गोरखालीले मद्दत गरे । यति गरी पश्चिमतिरबाट निश्चिन्त भई पृथ्वीनारायण शाह पूर्वतिरको काममा विचार गर्न लागे । यस सन्धिले पृथ्वीनारायणलाई ठूलो बल भयो । सन्धिको कुरा मिलाउने काममा वंशीधर पाँडे (कालु पाँडे)ले खूब बुद्धिमानी देखाएका थिए । यसबाट प्रसन्न भएका पृथ्वीनारायण शाहले आफ्ना भाइभारादार तथा दुनियाँको राय लिई कालु पाँडेलाई कजाइँ (मुख्यमन्त्रीको पद) दिए ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

यसपछि पृथ्वीनारायण शाहले वि.सं. १८०१ आश्विन महीनामा करीब १३०० सैन्य लिई नुवाकोटमा आक्रमण गरे, यस लडाइँमा गोरखालीको विजय भयो। जयप्रकाशका सेनापति जयन्त रानाका छोरा शङ्खमणि राना यस लडाइँमा मारिए। जयन्त रानाचाहिँ बेलकोटमा लडाइँको प्रबन्ध मिलाई बसेका थिए। अलिक दिनमा गोरखालीहरूले बेलकोटमा पनि आक्रमण गरे। त्यसमा जयन्त रानाले पनि कम्मर कसेर लडे। लडाइँमा धेरै गोरखाली मरे। आखिरमा जयन्त राना पक्रिए तथा मारिए। आफ्ना सेनापति मरेको र अन्नले भरिपूर्ण भएको तथा भोटको व्यापारको मुटु जस्तो भएको नुवाकोटमा शत्रुले यसरी कब्जा गरेको देखी जयप्रकाशले ललितपुरसँग मेलमिलाप बढाई काशीराम थापानामक एकजना सेनापतिको मातहतमा प्रशस्त फौजलाई लड्न पठाए। काशीराम थापा पनि सबैतिरबाट प्रबन्ध मिलाउँदै गोरखालीसँग लड्न पुगे। २, ३ लडाइँमा हारेपछि काशीराम थापा लडाइँ छोडी आफ्नो घरको बाटो लागे। सो सेनाले पनि छ्यान्नब्यान्न भई भागाभाग गर्‍यो। अब त निर्धक्क भएर पृथ्वीनारायण शाह नुवाकोटमा बस्न लागे। यता भक्तपुरसँग पृथ्वीनारायण शाहको मित्रता थियो। जयप्रकाशसँग उनका मन्त्रीहरू पनि विरुद्ध भएका थिए।

त्यस कारण जयप्रकाशको देशमा गोरखालीहरू पेलिँदै आउन लागे। गोरखाली र भक्तपुरे मिलेर कान्तिपुरको नगरकोट दखखल गरे। यसरी गोरखालीहरू धमाधम पूर्वतिर बढ्न लागे तापनि बराबर कान्तिपुरेले पनि आक्रमण गरिरहने हुनाले तल खाल्डामा गोरखालीले पाइलो जमाउन पाएनन्। उता चौबीसे लमजुङ्‌ेहरू पनि पृथ्वीनारायणको सफलतादेखि सशङ्क भई मूल गद्दी नै उडाइदिने ताकमा लागे। यसैले त्यतातिर पनि विशेष सैन्यबल पृथ्वीनारायणले लाउनै परेको थियो। सिह्रानचोकमा एकपल्ट लमजुङ र पर्वत मिली भारी आक्रमण गरेथे। तर गोरखालीहरूले लडाइँमा यिनीहरूलाई हराए।

यता लामीडाँडातिर पृथ्वीनारायणले आफ्नो खुट्टा फैलाउँदै आएका थिए। सो लामीडाँडा अगि ललितपुर राज्यमा पर्दथ्यो, पछि ललितपुर भक्तपुर तथा कान्तिपुरको लडाइँमा गोरखाली र तनहुँवाला पनि मद्दतगार भई आएका वेलामा गोरखाली राजा नरभूपाल शाहले वि.सं. १७८७ तिर सो प्रदेश कब्जा गरेका

CC-0. Nepal Sanskrit Academy, Kathmandu

थिए । परन्तु कान्तिपुरका राजा जगज्जय मल्लका चतुराइँले भक्तपुरका मित्र गोरखालीले सो लामीडाँडा पाएनन्, कान्तिपुरका मित्र तनहूँका राजा कामराजदत्त सेनको हात परेको थियो । सोही लामीडाँडामा आफ्नो हक देखाएर यो हात लिने पृथ्वीनारायणको उद्योग थियो । तनहूँका राजा त्रिविक्रम सेनको त्यसमा मञ्जूरी किन भइरहन्थ्यो ? आखिरमा झुक्याएर पृथ्वीनारायणले त्रिविक्रम सेनलाई कैद गरी राखे । यता लामीडाँडातिर सैन्य पठाई सो दख्खल गरी ललितपुर र तनहूँको संबन्ध छुट्ट्याई तनहूँको नेपालखाल्डाको राजकाजमा हस्तक्षेप गर्ने बाटै छेकिदिए । यति गरी अलिक दिनमा त्रिविक्रम सेनलाई पृथ्वीनारायणले छोडिदिए ।

यता पूर्वतिर पनि पृथ्वीनारायण अगाडि बढ्दै जाँदा भक्तपुर राज्यका प्रदेश दोलखातिर पनि वि.सं. १८१२ देखि गोरखालीहरू घुस्न लागेका हुनाले रणजीत मल्ल पनि पृथ्वीनारायणका शत्रु हुन गए । चारैतिरबाट पृथ्वीनारायणले नेपालखाल्डालाई घेरी बाहिरतिरको संबन्ध छुट्याइदिने जस्तै गरे । यति गरी वि.सं. १८१४ मा पृथ्वीनारायणले नेपालखाल्डाको एक अग्लो शहर कीर्तिपुरमा दख्खल गर्ने विचारले आक्रमण गरे । त्यस वेला कीर्तिपुर ललितपुरको अधीनमा थियो । कान्तिपुरका राजा जयप्रकाशसँग पृथ्वीनारायणको पहिलेदेखिको शत्रुता छँदै थियो । भक्तपुरका राजा रणजीत पनि पृथ्वीनारायणसँग चिढिइसकेका थिए । यसैले तीनै राज्य मिलेर गोरखालीका उपर जाइलागे । गोरखालीहरूको भयङ्कर हार भयो । उनीहरूका सेनापति काजी कालु पाँडेको यही लडाइँमा ज्यान गयो ।

गोरखामा द्रव्य शाहको प्रतिष्ठा गराउने कामका मद्दतगार गणेश पाँडे ब्राह्मणका छैटौँ पुस्तामा कालु पाँडेको जन्म भएको हो । यिनी खस क्षत्रिय हुन् । यिनको नाउँ वंशीधर हो, तर यिनी कालु पाँडेका नामले नै प्रख्यात भए । यिनका सन्तानलाई कालापाँडे भन्दथे । पृथ्वीनारायणको मुख्यमन्त्री भई यिनले सन्धिविग्रह ठूलाठूला काम गर्ने र लडाइँमा पनि खूबै भाग लिने गरेका थिए । यिनका हतियार र लुगा अझ पनि कीर्तिपुर बाघभैरवको स्थानमा छन् ।

यसरी लडाइँमा हार खानुपरे तापनि पृथ्वीनारायण हरेस खाँदैनथे । यसपछि नेपालखाल्डाका वरिपरिका शिवपुरी आदि चुलीमा आक्रमण गरेर गोरखाली

CC-0. Nepal Sanskrit Academy, Kathmandu

सैन्यले आफ्नो किल्ला जमाउँदै लग्यो । वि.सं. १८१८ मा पृथ्वीनारायणले दोस्रोपटक कीर्तिपुरमा आक्रमण गरे । यसमा पनि अग्लो कीर्तिपुरमा गोरखाली घुस्न सकेनन् । सेनापति शूरप्रताप शाह (पृथ्वीनारायणका भाइ)को आँखा फुट्यो । गोरखाली सैन्य भाग्यो ।

(मकवानपुर)

राजा मुकुन्द सेनको वि.सं. १६१० को लगभगमा मृत्यु भएपछि जुन व्यवहार १५३४ मा यक्ष मल्लको मृत्युपछि उनका छोरा रत्न मल्लहरूले गरेथे, सोही व्यवहार उनका छोरा-भतिजाहरूले गरे । बाबुकै पालामा आफूले शासन चलाइरहेको पूर्वतिरको प्रदेशमा मुकुन्द सेनका कान्छा छोरा लोहाङ्ग सेनले आफूलाई स्वतन्त्र राजाको घोषणा गरे । यिनले राजधानी मकवानपुरमा बनाए । यिनले मोरङदेखि पश्चिम पर्सासम्मका तराईप्रदेश पनि जितेका थिए । लोहाङ्ग सेनका नाति हरिहर सेनले हिन्दूपतिको उपाधि लिए । त्यसै वेलादेखि मकवानी राजाहरू हिन्दूपति कहलाउन लागेका हुन् । हरिहर सेनका छोरा शुभ सेनलाई औरङ्गजेब (१७१५-१७६४)को पालामा धोखा दिई दरभंगामा फौजदारले पक्रे । वर्षको एउटा हात्ती करस्वरूपमा बुझाउने गरी शुभ सेनले सन्धि गरे । शुभ सेनका दुइ छोरामध्ये ज्येठा महीपति सेनले कमलादेखि पूर्वपट्टि अर्थात् विजयपुरतिर वि.सं. १७७० मा कब्जा गरे । कान्छा माणिक सेनका छोरा हेमकर्ण सेन र जगत् सेनमा मकवानपुरको राज्य बाँडिई वि.सं. १७८४ तिर मकवानपुर र चौदण्डीनामक दुइ राज्य खडा भयो ।

मकवानपुरका राजा हेमकर्ण सेनकी छोरीसँग पृथ्वीनारायणको विवाह भएको थियो । सो विवाह भएदेखि नै संबन्धमा प्रेमको सट्टा शत्रुता नै बढ्दै गएको थियो । आफ्ना पिताको मृत्युपछि दिग्बन्धन सेन राजगद्दीमा बसेका थिए । यी दिग्बन्धन सेन सबै व्यवहार पृथ्वीनारायणको विरुद्धमा गर्थे तथा नेपाल-खाल्डाका राजालाई मद्दत गर्दथे । वि.सं. १८१९ भदौमा पृथ्वीनारायणले आफ्ना भाइ कीर्तिमहोद्दाम शाह आदि सेनापतिको मातहतमा एउटा सैन्य पठाए । त्यस सैन्यले मकवानपुरमा आक्रमण गरी दिग्बन्धन सेनको सैन्यलाई हरायो । त्यहाँबाट हटी दिग्बन्धन सेन र उनका मन्त्री कनकसिंह बानियाहरू

CC-0. Nepal Sanskrit Academy, Kathmandu

हरिहरपुरगढीमा पुगे । त्यहाँ पनि अलिक दिनैमा गोरखालीहरूले आक्रमण गर्दा दिग्बन्धन सेन भागे, उनका परिवार पक्रिए। पछि दिग्बन्धन सेनले आत्मसमर्पण गरे । पृथ्वीनारायणको आज्ञाबमोजिम उनी नुवाकोटमा नजरबन्द भए ।

मकवानपुरविजयपछि पूर्व दूधकोशीसम्मका पाहाडप्रान्त र पर्सा, बारा, रौतहट, सर्लाही, महोत्तरीसम्म पनि आफ्नो अधिकार फैलिनाले पृथ्वीनारायणको शक्ति झन्झन् बढ्न लाग्यो । अब दक्षिण र पूर्वतिरबाट नेपालखाल्डालाई घेर्न सजिलो हुँदै गयो । यति भएपछि सिँधुलीगढी पनि कब्जा गरी त्यहाँ पनि पृथ्वीनारायणले आफ्ना फौज राखे ।

वि.सं. १८१९ मा बङ्गालका नवाब मीर कासिमले अंग्रेजबाट हार खाएका हुनाले आफ्नो प्रभुता बढाउन र अंग्रेजसँग बदला लिन नेपालतिर अधिकार फैलाउने उद्योग गरेका थिए । भरखर मकवानपुरमा पृथ्वीनारायणको अधिकार फैलिएको हुनाले पहिले त्यहीँ आक्रमण गर्ने निश्चय गरी मीर कासिम आफू बेतियामा बसी आफ्ना सेनापति गुर्गिन खाँलाई १८२० पौषमा एउटा विशाल सैन्य दिएर मकवानपुर हान्न पठाए। काजी वंशराज पाँडे आदि सेनापतिको मातहतमा आएको गोरखाली सेनाले सो मुसलमानी सैन्यमाथि आक्रमण गऱ्यो । घोरघमासान लडाइँ पऱ्यो । आखिरमा टिक्न नसकी मुसलमानी फौज मुख लुकाउँदै भाग्यो । गोरखालीहरू लखेट्दै गए । यस लडाइँमा गुर्गिन खाँका १७०० सिपाही स्वाहा भए। गोरखालीहरूले दुइ तोप तथा ५०० जति बन्दूक शत्रुसँग खोसेर लिए । यति भएपछि सिँधुलीतिरबाट पश्चिमतिर बढी धुलिखेल, बनेपा आदि गाउँ शहरमा कब्जा गरी गोरखालीले भक्तपुरलाई पूर्वतिरबाट घेरिदिए ।

वि.सं. १८२३ मा गोरखालीले तेस्रोपटक कीर्तिपुरमा आक्रमण गरे । चारैतिरबाट घेरा दिई गोरखाली सैन्य बस्यो । आखिरमा कीर्तिपुरेहरूले आत्मसमर्पण गरे । केही कीर्तिपुरेहरूको नाक-कान काटिए । पृथ्वीनारायण शाह जुनसुकै ठाउँमा विजय गरी प्रवेश गर्दा पनि भक्तिपूर्वक त्यहाँका देवदेवताहरूको दर्शन गरी गुठी राख्ने गर्दथे । सो गुठीको काम त्यहीँका प्रजालाई सुम्पिन्थ्यो । पृथ्वीनारायणले

CC-0. Nepal Sanskrit Academy, Kathmandu

कीर्तिपुरमा पनि आफ्नो प्रवेश भएपछि बाघभैरव तथा महाबौद्धमा राखिदिएको गुठी अद्यावधि चली आएकै छ ।

नेपालखाल्डाका अन्नले त्यहाँका बासिन्दालाई खान नपुग्ने हुंदा बाहिरबाट अन्न ल्याउने तथा कपास पनि बाहिरैबाट ल्याई लुगा बुन्न लाउने व्यवहार नेपालखाल्डाका बासिन्दा गर्दथे । नेपालखाल्डालाई चारैतिरबाट घेरी त्यहाँ बाहिरबाट अन्नपात र कपास केही छिर्न नदिई प्रजामा असन्तोष फैलाइदिने नीति पृथ्वीनारायणको थियो । नुवाकोट दख्खल गरी पश्चिम पहाडप्रान्त (बाईसी चौबीसे) तथा केरुङ आदि भोटका प्रदेशसँग, लामीडाँडा दख्खल गरी तनहूँसँग, धुलिखेल आदि दख्खल गरी पूर्व पाहाडप्रान्त (किरात चौदण्डी आदि) तथा कुती आदि भोटका प्रदेशसँग, मकवानपुर दख्खल गरी समस्त भारतवर्षसँग सम्बन्धविच्छेद गराई नेपालखाल्डालाई घेर्नामा पृथ्वीनारायण ज्यादै सफल भए । अगि त नुवाकोटतिरबाट अन्नपात, तनहूँतिरबाट कपास, केरुङ कुतीबाट नून तथा उत्तरभारत (पटनातिर)बाट केही कपडा तथा मसलाहरू नेपालखाल्डाभित्र पस्दथे । नेपालखाल्डाका परस्परको वैमनस्यले लाभ उठाई इसाई पादरीहरूले आफ्नो खुट्टा नेपालमा टेकी नेपालखाल्डामा इसाई धर्मको बीउ छर्न लागेका थिए । कदाचित् पृथ्वीनारायणको हातमा नेपालखाल्डाका तीनै राज्य परे भने त हाम्रो भेदनीति विफल हुन्छ, भोटलाई झैँ नेपाललाई पनि हामीले छोड्नुपर्ला भन्ने शङ्का ती पादरीहरूलाई परिसकेको थियो । यसैले ती पनि नेपालको एकता हेर्न सक्तैनथे । अंग्रेजहरूको नीति पनि पहिले व्यापार अनि हातहतियार भन्ने थियो । टुक्राटुक्रा परेर छिन्न-भिन्न भएको नेपाल नै उनीहरूको लागि प्रिय थियो । पृथ्वीनारायणको स्वदेशी वस्तुको अनुराग पनि अंग्रेजी व्यापारीहरूलाई निको लागेन । यस कारण पृथ्वीनारायणको उछित्तो गर्न विदेशी व्यापारी तथा इसाई पादरीहरूले अंग्रेजी इष्ट इण्डिया कम्पनीलाई उचाल्नसम्म उचालेका थिए । आखिरमा इष्ट इण्डिया कम्पनीका गभर्नरले नेपालखाल्डाको घेरा झिक्ने भए झिक, नझिक्ने भए हामी लड्छौँ भन्ने ब्यहोराको चिठ्ठी पृथ्वीनारायण शाहलाई लेखेका थिए । परन्तु सो कुरामा अंग्रेजलाई केही चासो थिएन । पृथ्वीनारायण गभर्नरका हप्कीको कदर गर्ने व्यक्ति थिएनन् । आखिरमा कपतान किनलक

CC-0. Nepal Sanskrit Academy, Kathmandu

सैन्य लिएर जनकपुरको बाटो सिँधुलीगढीबाट पृथ्वीनारायणसँग लड्न भनी वि.सं. १८२४ आश्विनमा आए । खजाञ्ची वीरभद्रको मातहतमा एक सैन्य र अर्को सैन्य काजी वंशराज पाँडेका मातहतमा अंग्रेजसँग लड्न भनी पठाए । सिँधुलीगढीसम्म त गोरखालीहरूले कुनै किसिमको रोकावट गरेनन् । सिँधुलीगढीमा अंग्रेजी फौज आएपछि दुवैतिरबाट आक्रमण गरी गोरखालीले अंग्रेजी फौज ध्वस्त पारे । कप्तान किनलकले भागाभाग गरी ज्यान जोगाए । अंग्रेजी फौजका निकै हातहतियार गोरखालीले खोसेर ल्याए ।

वि.सं. १८२५ भाद्र १४ गते इन्द्रजात्रा (अनन्तचतुर्दशी)को दिन राजा जयप्रकाश मल्लले आफैँले चलाएको कुमारीयात्राको रथमा आफू बसेर तल्लो टोलसम्म आइपुगेका वेलामा रातको ११ बजेको करीबमा पृथ्वीनारायणका सेनाले कान्तिपुरमा आक्रमण गऱ्यो । केही बेर लडाइँ भयो । आखिरमा जयप्रकाश मल्ल कान्तिपुर छोडेर ललितपुरका राजा तेजनरसिंह मल्लको आश्रयमा पुगे ।

तलेज्यूको देवलको वरिपरि जयप्रकाशले छर्न लाएका बारुद सल्किएर गोरखाली काजी तुलाराम पाँडेको प्राण गयो । यी काजी तुलाराम पाँडे पनि गणेशब्राह्मणका ६ पुस्तामा पैदा भएका खस क्षत्रिय हुन् । यिनका सन्तानलाई गोरापाँडे भन्दथे ।

जयप्रकाश मल्ल ललितपुरतिर लागेपछि पृथ्वीनारायणको आज्ञाबमोजिम बाँकी रहेको कुमारीयात्राको विधि साबिकबमोजिम समाप्त भयो । कान्तिपुरका प्रजाले पृथ्वीनारायणको दर्शन गरी राजभक्ति देखाए ।

यसको लगत्तै आश्विन ११ गतेको दिन ललितपुरका ६ थर काजीहरूले पृथ्वीनारायणलाई आत्मसमर्पण गरे । तेजनरसिंहका साथमा जयप्रकाश भक्तपुरतिर लागे । परन्तु संग्रामसिंह आदि ललितपुरे काजीहरूको आफ्नो प्रति व्यवहार शङ्कायुक्त देखेर पृथ्वीनारायणले यिनीहरूलाई कान्तिपुरको बन्दीखानामा कैद गरे । गोरखालीका पक्षपाती धनवन्त काजीले भने पृथ्वीनारायणबाट ठूलो सन्मान पाए ।

कान्तिपुर तथा ललितपुरका राजालाई भक्तपुरका राजा रणजीत मल्लले आफ्नो आश्रयमा राखे । कान्तिपुरका राजाको सैन्य तथा हातहतियार पनि उहीँ पुगेको

CC-0. Nepal Sanskrit Academy, Kathmandu

थियो । पृथ्वीनारायणले कान्तिपुर तथा ललितपुरका राजालाई मकहाँ पठाइदेऊ भनी रणजीत मल्लसँग मागेका थिए । परन्तु उताबाट हामी शरणको मरण गर्दैनौं भन्ने जवाफ आयो । वि.सं. १८२६ कार्तिकको निकल्दोतिर गोरखाली फौजले भक्तपुरमा घेरा हाल्यो । तीन दिनसम्म घेरा रह्यो । आखिर जयप्रकाश मल्ल घाइते भएपछि रणजीत मल्लले आत्मसमर्पण गरे । तीनै सहरमा पृथ्वीनारायणको विजयपताका फरफराउन लाग्यो ।

यसरी मकवानपुर, कान्तिपुर, ललितपुर तथा भक्तपुर यी चार राज्यलाई जिती गोरखामा मिलाई वर्त्तमान नेपाली साम्राज्यको जग खडा गराई पृथ्वीनारायणले पूर्व-पश्चिमतिर आँखा घुमाउन लागे । हुन त राजा प्रताप मल्लका पालामा वि.सं. १७१८ देखि नै पादरीहरू नेपालखाल्डाभित्र पस्न तथा त्यतातिरबाट भोटमा आवतजावत गर्न पनि लागेका थिए । तथापि वि.सं. १७७१ देखि नेपालखाल्डामा मल्ल राजाहरूको शासन ज्यादै खुकुलो र परस्पर द्वेष पनि बढ्दै गएको थियो । यसै समयदेखि यहाँ इसाई पादरीहरूको पाइलो पनि बलियो हुँदै गयो । कहिले कान्तिपुर कहिले भक्तपुर कहिले ललितपुर गरी यिनीहरू आफ्नो अखडा बनाउँदै हिँड्दथे । सिधासाधा दुइ चारजना यिनका कुरा सुनेर इसाई पनि बनेका थिए । बाहिर त यिनीहरू धर्मप्रचार गर्दथे, तर मौका विचारी राजकाजमा पनि हात हाल्न गाहारो मान्दैनथे । कान्तिपुरका साहसी राजा जयप्रकाशले एकपल्ट यी पादरीहरूलाई कैद पनि गरेका हुन् । पृथ्वीनारायणले घेरा हाली तीनै सहरमा अन्न छिर्न नदिने गरेका वेलामा पनि यी पादरीहरूलाई विदेशी साधु हुन् भन्ने संझी बाहिर आवतजावत गर्न तथा चाहिने रसद सामान बाहिरबाट किनी ल्याउन पनि दिएका थिए । यति गर्दा पनि यिनीहरू पृथ्वीनारायणको भलो हेर्न सक्तैनथे । इष्ट इण्डिया कम्पनीलाई उचाली पृथ्वीनारायणको नाश गर्न यिनीहरूले सकेसम्म उद्योग गरेका थिए । हुन त पृथ्वीनारायण ईश्वरका परमभक्त तथा महात्माका उपासक थिए तथापि धर्मान्ध त थिएनन्, सबै धर्मका उपरमा उनी श्रद्धा राख्दथे । बौद्धहरूका तीर्थमा उनले राखिदिएका गुठी जति भने पनि थिए, कान्तिपुरको मुसल्मानको मसजिदलाई उनले केही हानि गरेका थिएनन् । तथापि इष्ट इण्डिया कम्पनीका जासूस जस्ता यी धर्मध्वजी पादरीसँग संबन्धसम्म राखे पनि उल्टो आफ्नै नाश हुने संभावना

CC-0. Nepal Sanskrit Academy, Kathmandu

देखी वि.सं. १८२६ माघमा आफ्ना लट्टीपट्टी चेलाचेली लिई जाओ भनी दयापूर्वक केही दण्ड नगरी यिनीहरूलाई धपाइदिए। यस वेलासम्म यिनका चेलाचेली करीब ६० जति पुगेका थिए।

चार राज्यलाई जितेपछि पहिले उनको आँखा पश्चिमतिर पुग्यो। वि.सं. १८२७ को फाल्गुनमा पृथ्वीनारायणको सेनाले तनहूँमा आक्रमण गर्‍यो। तनहूँका राजा कामारिदत्त सेनले आफ्नो रक्षाको कुनै उपाय नदेखी आत्महत्या गरे। उनका भाइ हरकुमारदत्त सेनले बाहिर मित्रताको व्यवहार गरी गोरखाली फौजलाई आफ्नो मुलुकमा रहन दिने सन्धि गरे। यति भएपछि गोरखाली फौजले रिसिङ-ढोरतिर पाइलो सारे, त्यहाँका राजाले आश्रित सन्धि गरी राज्य जोगाए। गरहुँ र पैय्युँका राजाहरू राज्य छोडी भागे। भीरकोटे राजा लडेर लडाइँमा टिक्न नसकी भागे। अझ गोरखालीहरू अगाडि बढ्दै नुवाकोट-कास्कीतिर दख्खल गर्दै हिँडेका थिए। यसरी गोरखालीको सफलता देखेर सप्तगण्डकीप्रदेशका सबै राजाहरू सशङ्क भई एक मत लिई गोरखालीका उपर आक्रमण गर्न तयार भए। तनहूँ पनि बाहिर मित्र बनी भित्र मौका ढुकेर बसेको थियो। आफ्नो राज्यमा गोरखाली सैन्य बसेको उसलाई किन मन पर्दथ्यो। यसैले लमजुङ र पर्वतका राजाका मातहतको चौबीसेको संघटित सैन्यसँग वि.सं. १८२८ पौषमा गोरखालीहरूको सतहुँमा घोरघमासान पर्‍यो। विजयलक्ष्मीले चौबीसेको पक्ष लिइन्। गोरखाली काजी केहरसिंह बस्नेतले यस लडाइँमा प्राण विसर्जन गरे। यी केहरसिंह श्रीपाली बस्नेत हुन्। यिनका बाजे जयराजसिंह गोरखाली सेनाका एक प्रतिष्ठित सैनिक थिए। यिनका छोरा शिवरामसिंहले लडाइँमा प्राण त्याग गरेका हुन्। यिनै शिवरामसिंहका माहिला छोरा केहरसिंह हुन्। मीर कासिमसँगको लडाइँमा पनि यिनले बहादुरी देखाएका हुन्। यिनका भाइ अभिमानसिंह पनि नामी काजी हुन्। यी अभिमानसिंहले पूर्व किराँतको, पाल्पाको तथा भोटको लडाइँमा बहादुरी देखाएका हुन्।

मकवानपुर तथा नेपालखाल्डो दख्खल गरेपछि पूर्वका दुइ सेनराज्य (चौदण्डी, विजयपुर)तिर पृथ्वीनारायणको आँखा लागेको थियो। पश्चिमतिर तनहूँको हारले गर्दा चौबीसीसँगको लडाइँलाई पृथ्वीनारायणले केही खामस खाने नीति १८२९ सालदेखि लिई पूर्वतिर पाइलो सार्ने तारतुममा लागेका थिए। यता पूर्व

CC-0. Nepal Sanskrit Academy, Kathmandu

चौदण्डीको राजगद्दीमा त्यस वेला कर्ण सेन राजा थिए। यिनको राज्यमा दूधकोशी, अरुणबीचको पाहाड (पूर्व ३, ४ नंबर) तथा कमला-कोशीका बीचको तराई (सप्तरी) थियो। मकवानपुर लिएदेखि नै यी सेन राजाहरू पृथ्वीनारायणसँग रिसाएका थिए। दुवै थरीको घातप्रतिघात चलिरहेको थियो। पूर्वतिर दख्खल गर्न उनले काजी अभिमानसिंह बस्नेत तथा सर्दार रामकृष्ण कुँवर आदि भारदारहरूलाई खटाएका थिए। यिनै भारदारहरूले हाँकिएको सेनाले उस्तो ठूलो लडाइँ नगरी चौदण्डी राज्य वि.सं. १८३० सालको भदौमा दख्खल गर्‍यो।

पूर्व विजयपुरका अन्तिम राजा कामराजदत्त सेन र उनका मन्त्री बुद्धकर्ण राईको मेलमिलाप थिएन। यी राजा-मन्त्रीको परस्परमा मेल नहुनाले राज्यमा खडबड उठेको थियो। केही कालपछि यसै गडबडमा परी कामराजदत्त सेनको प्राण गयो। त्यसपछि विजयपुर राज्यको गद्दीमा चौदण्डीका भूतपूर्व राजा कर्ण सेनलाई बुद्धकर्ण राईले राजा स्थापना गरेका थिए। चौदण्डी दख्खल गरेपछि लगत्तै एकै वर्षमा पृथ्वीनारायणका सेनापतिहरूले विजयपुर पनि दख्खल गरिहाले। चौदण्डी विजयपुर दुवै राज्य पृथ्वीनारायणले दख्खल गरेपछि ती राज्यका किराँत र लिम्बूआनप्रदेशका शासकहरूले पृथ्वीनारायणप्रति आफ्नो सन्मान देखाई राजभक्ति प्रदर्शन गरे। अब नेपाल राज्यको सीमाना सुखीम राज्यसँग जोडिन पुग्यो। विजयपुरको टिस्टासम्म फैलिएको राज्यमा राजा-मन्त्रीको कलहको अवसर छोपी सुखीमले टिष्टादेखि कनकाईसम्मको प्रदेश आफ्नो अधीन गराएको थियो। पृथ्वीनारायणको भनाइ मैले विजयपुर जितेपछि विजयपुरको राज्य जम्मै मेरो हुनुपर्छ भन्ने थियो। सुखीम आफूले अँठ्याएको जग्गा छोड्न आनाकानी गर्दथ्यो।

यस कारण विजयपुर दख्खल हुनासाथ सुखीमसँगको गडबड शुरू भयो। किरातबाट भागी गएका आफ्ना शत्रुहरूलाई सुखीमले आश्रय दिएको हुनाले सो गडबड झन् बढ्यो।

यस किसिमबाट पृथ्वीनारायण शाह पूर्व पश्चिम दुवैतिर राज्य फैलाउने उद्योगमा लागेकै थिए। १८३१ सालको हिउँदमा नुवाकोट गएको वेलामा माघ १ गते

CC-0. Nepal Sanskrit Academy, Kathmandu

त्रिशूलगण्डकीका किनारमा ५२ वर्षको उमेरमा पृथ्वीनारायण शाहको देहान्त भयो । नरेन्द्रलक्ष्मी महारानी सती गइन् ।

पृथ्वीनारायणको नीति– आफ्नो देशमा कलाकौशल बढाउने, विदेशी वस्तुको व्यवहार आफ्नो देशमा घटाउने, आफ्ना देशमा खानी खुलाउने, आफ्ना देशको मालको व्यापार विदेशमा बढाउने कामतिर ढल्केको थियो । आफ्नो देशलाई सुखसमृद्धिपूर्ण गराउनु यिनी आफ्नो परम कर्तव्य सम्झन्थे । खालि विलासका लागि काम लाग्ने शृङ्गारका सामानलाई यिनी घृणाको दृष्टिले हेर्दथे । जुवा खेल्नु, गानाबजाना इत्यादि काममा यिनको कत्ति रुचि थिएन । राज्यको परिस्थिति आफैँ बुझ्ने र अरूहरूको राय लिई निर्णय आफैँ गर्न शक्ने शक्ति पृथ्वीनारायण शाहमा थियो । नयाँनयाँ किसिमका हतियार बनाउने ढलाउने काममा र फौजलाई नयाँनयाँ किसिमबाट शिक्षा दिनामा यिनी खूब दत्तचित्त थिए । यिनी लडाइँको संचालन आफैँ पनि बराबर गर्दथे, भित्री मुलुकको सुधार गर्नामा पनि खूब दत्तचित्त थिए ।

कुनै नयाँ मुलुक दख्खल गर्दा यिनी आफ्ना सिपाहीहरूलाई लुटपाट गर्न दिँदैनथे । दुनियाँको झै-झगडामा पूरापूरा निर्णय गराउन यिनी सकभर उद्योग गर्थे । घूस खाने खुवाउने दुवैलाई यिनी कडाकडा सजाय दिन्थे । कसैलाई कुनै पद दिनुपर्दा यिनी त्यसको योग्यताको खूब ख्याल राख्तथे । चार वर्ण छत्तीसै जातको साजा फूलबारी मेरो यो राज्य हो भन्ने उनको विचार थियो । यसैले गर्दा यिनका जागीरदारहरूमा योग्य मानिसको कमी हुँदैनथ्यो । यिनका समयका सेनापतिहरूले एकसेएक वीरता देखाएका छन् । यिनी आफू साधारण पढेका व्यक्ति भए तापनि कैय्यन् विद्वान्हरू तथा ग्रन्थकारहरूको यिनको सभामा प्रशस्त इज्जत थियो ।

पृथ्वीनारायण भोटका लामा तथा अवधका नवाबहरूसँग सकभर लड्न खोज्दैनथे, परन्तु आफ्नो हकमा उनीहरूले दख्खल गरे भने उनीहरूसँग लड्ने यिनको नीति थियो । अंग्रेजहरूको उठ्दै गएको शक्ति तथा भारतको उपर उनीहरूको लोभपूर्ण दृष्टिको विचार गरी यिनले अंग्रेजसँग हाम्रो एकनएक दिन अवश्य लडाइँ पर्नेछ भन्ने निश्चय देखेका थिए । सो लडाइँमा यिनको विचार आफूले

CC-0. Nepal Sanskrit Academy, Kathmandu

पहिले आक्रमण गर्नुको सट्टा वैरीले पहिले आक्रमण गर्न लाउनु भन्ने थियो। चीनसँग देश नजोडिएको हुँदा उसँग लड्ने कुरै थिएन।

यक्ष मल्लको शेषपछि छिन्न-भिन्न भई टुक्रा भएको नेपाललाई पृथ्वीनारायणले एकतामा बाँधेका हुन्। पुगनपुग १२००० घर भएको एउटा सानो देशका शासक भईकन पनि आफ्नै बुद्धिका भरले पृथ्वीनारायणले सो काम उठाए। उनीसँग त्यस वेला प्रशस्त धनसम्पत्ति वा हतियार थिएन। आफूभन्दा बलिया अनेकन् राज्यले वरिपरिबाट आफूलाई अँचेट्ने दाउ हेर्दा हेर्दै पनि पृथ्वीनारायणले जो सफलता प्राप्त गरे, सो अवश्य नै प्रशंसनीय छ। उनको उदार राजनीति, प्रजाको उपरको निष्पक्षपात दृष्टि, देशभक्ति तथा धर्मका उपरको श्रद्धाले नै उनलाई यति सफलता दिएको हो।

आफ्नो देशले अरू देशको भर पर्नु नपरोस्, दुनियाँलाई एक माना खान दुःख नहोओस्, फजूलको भडक देशमा नबढोस्, वीर योद्धाहरू आफ्ना देशमा प्रशस्त हून्, व्यापार शिल्प तथा खानीको आफ्नो देशमा वृद्धि होओस्, धर्म भनेर गृहकलह दुनियाँ नगरून् इत्यादि जो विचार पृथ्वीनारायणले प्रकट गरे तथा त्यसैअनुसार आफ्नो नीति पनि बनाए, सो अवश्य नै अत्यन्त स्तुत्य छ।

नेपाल समुद्रगुप्तको शिलालेखमा कामरूप (आसाम)देखि पश्चिम कर्तृपुर (कार्तिकेयपुर = कुमाउ, गढवाल) देखि पूर्वसम्म थियो भन्ने लेखिएको छ। पछि लिच्छविहरूको समयमा पनि नेपाल राज्यको उन्नति बढ्दै गएको थियो। यक्ष मल्लको पालासम्म पनि नेपाल राज्यको त्यत्तिको छ्यान्नब्यान्न भइसकेको थिएन। पछि दुर्भाग्यले गर्दा टुक्राटुक्रा भई पचासभन्दा बढ्ता भागमा बाँडिएको सो पुरानो राज्यलाई एकतामा मिलाउने जो काम पृथ्वीनारायण शाहको हातबाट भयो, सो अवश्य नै प्रशंसनीय छ।

पृथ्वीनारायण शाहले नेपालको सबै अङ्गलाई आफ्नो जीवनमा जोड्न सकेनन्, यो कुरा साँचो हो। तर उनले पछिका मानिसका लागि जो बाटो देखाइदिए, त्यसको निमित्त सबै नेपालीहरूले उनको ऋण स्वीकार गर्नैपर्दछ।

पृथ्वीनारायण शाहले जुनसुकै देश विजय गरे तापनि त्यहाँ लुटपीट मचाउने र दुनियाँलाई पिर्ने काम कहीँ गरेनन्। दुनियाँलाई आफ्नो विश्वासअनुसार धर्मकर्म

CC-0. Nepal Sanskrit Academy, Kathmandu

गर्न कहीँ बाधा गरेनन् । आफू पनि धार्मिक प्रकृतिका भएका हुनाले नयाँ देश विजय गर्दा उनी त्यहाँका देवताको दर्शन गरी गुठी राख्ने गर्दथे । उनले राखेका कैय्यन् गुठीहरू अझै चलिरहेछन् ।

धर्मको भेषमा राजकाजको काम गर्ने पादरीहरूले नेपालभित्र पसी यताउता घुमी राजाहरूको परस्परमा वैमनस्य बढाई नेपालमा विदेशी व्यापार तथा धर्म फैलाई नेपाललाई धेरै कालसम्म दासत्वमा बाँध्न सानो उद्योग गरेका होइनन् । तर पृथ्वीनारायण शाहले यो चालबाजी बुझेर इसाईहरूलाई नेपालबाट पठाइदिए । पृथ्वीनारायण शाहकै उद्योगले नेपालमा शिवमार्ग (सनातनधर्म) र बुद्धमार्ग (बौद्ध मार्ग)को रक्षा हुन आयो । यो अवश्य नै पृथ्वीनारायण शाहको प्रशंसनीय काम हो ।

टुक्राटुक्रा भई छ्यान्नब्यान्न भइसकेको नेपाल राज्यका प्रजाहरूमा भएको बलशक्ति परस्परको नाशमा नै काम लाग्दथ्यो । मकवानपुर, तनहूँ, कान्तिपुर आदिका राजाहरू इष्ट इण्डिया कम्पनीको मायाजालमा फस्न, लहसिन पनि लागेका थिए । त्यसो भइदिएको भए अनन्तकालदेखि स्वतन्त्र भई आएको नेपाल विदेशी जातिको पराधीन हुन केही बेर थिएन । पृथ्वीनारायणले नै इष्ट इण्डिया कम्पनीलाई हराई नेपालको स्वातन्त्र्यरक्षा गरेका हुन् ।

आफ्नो देशको रक्षाका लागि पनि विदेशी सिपाहीहरूको भर पर्नुपर्ने अवस्था जयप्रकाश मल्लको शासनकालमा परेको थियो । त्यसबाट आफ्नो देशको सैन्यशक्ति बढ्नको सट्टा घट्न बेर थिएन । आफ्नो देशको छिन्न-भिन्न भएको सोही शक्तिलाई संचय गरी एक बलियो सैनिक जाति तयार गराउने जो उद्योग पृथ्वीनारायण शाहको हातबाट भयो, सो अवश्य नै अत्यन्त प्रशंसनीय छ । पृथ्वीनारायण शाहका उद्योगले नै गोरखा, मकवानपुर, कान्तिपुर, ललितपुर, भक्तपुर, नौ लाख किराँत, लमजुङ, तनहूँ, पर्वत, पाल्पा, प्युठान, जाजरकोट, सल्यान, डोटी, जुम्ला आदि पचासौँ टुक्रामा बाँडिएको शक्ति एकमुख भई निस्कन पायो । सोही शक्ति नेपाली वा गोरखाली नामले भुवनमण्डलमा जो प्रख्यात हुन आएको छ, सो पनि पृथ्वीनारायण शाहकै काम हो ।

पृथ्वीनारायण शाहभन्दा अगाडि नेपालको व्यापार पनि नेपालीहरूको हातबाट छुटी विदेशी गोसाईँहरूको हातमा जान लागेको थियो । उहिले लिच्छविको

CC-0. Nepal Sanskrit Academy, Kathmandu

पालादेखि नेपालीहरू व्यापारमा निपुण हुन्छन् भनी चिनियाँहरूले भनेको कुरा माथि परिसकेको छ। तर यस ताका उल्टो नेपालीहरूले विदेशी व्यापारीको पञ्जामा पर्नुपरेको थियो। टुक्राटुक्रा भएको नेपाल ती विदेशीहरूको कामलाई बुझीबुझीकन पनि केही गर्न सक्तैनथ्यो। पृथ्वीनारायण शाहले यो सबै तत्त्व बुझी नेपालीहरूको हातमा व्यापारको काम रहन दिन खूब उद्योग गरे। भित्री राजकाजमा विदेशीको दख्खल, व्यापार विदेशीको हातमा, फौज विदेशी, धर्ममा विदेशीको प्रवेश हुन लागेको नेपालले आफ्नो गौरवको रक्षा गर्न जो पायो; सो पृथ्वीनारायण शाहकै उद्योग हो।

प्रतापसिंह

पृथ्वीनारायण शाहको मृत्यु भएपछि उनका ज्येठा छोरा प्रतापसिंह शाह चौबीस वर्षको उमेरमा राजगद्दीमा बसे। यिनी बडा राम्रा थिए। यिनको नीति लडाईंतिर ढल्केको थिएन। उनी सकभर कुनै छिमेकी राज्यसँग पनि लड्न खोज्दैनथे। पृथ्वीनारायण शाहकै पालामा सुखीमसँग लडाइँ हुन ठीक परिसकेको थियो। परन्तु प्रतापसिंहले आफू राजा भएपछि सो लडाइँलाई सकभर रोक्ने चेष्टा गरी केही वर्ष अडाएथे। भोटसँग पनि पृथ्वीनारायणकै पालामा मिसावटी टकको बारेमा गडबड उठिसकेको थियो। यसमा पनि ती मोहरहरूको दर नियत गर्ने विषयमा प्रतापसिंह शाहले पोटला लामा (दलाई लामा)सँग सन्धि गरेथे। उता पश्चिमतिर लमजुङ तनहुँहरूसँग पनि सम्बन्ध राम्रै थियो।

तनहूँको तराई रामनगरतिर अंग्रेजी इष्ट इण्डिया कम्पनीले आफ्नो अधिकार फिँजाउन लागेको थियो। रामनगर अंग्रेजी राज्यमा मिल्नासाथ सुमेश्वर (चित्तौन)मा अंग्रेजहरूको प्रवेश हुन केही गाहारो कुरा थिएन।

चित्तौनबाट गोरखा आक्रमण गर्न सहजै थियो। यसै कारण प्रतापसिंह शाहले विवश भई काजी अभिमानसिंह बस्नेतको मातहतमा एक सेना पठाई सुमेश्वरमा वि.सं. १८३४ भाद्रमा दख्खल गरे। सुमेश्वरमा मजबूत नेपाली फौज रहनाले त्यतातिरबाट पाहाडमा आक्रमण हुने कुनै डर रहेन।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

प्रतापसिंह शाहको मुख्य दृष्टि राज्यको भित्री बन्दोबस्तलाई मजबूत बनाउने थियो। उनका विश्वासपात्र काजी देवान स्वरूपसिंह कार्की थिए। स्वरूपसिंहले पूर्वका किरातप्रदेशमा बन्दोबस्त बाँध्ने काममा निकै बुद्धिमानी देखाएका हुन्। नेपालखाल्डाका बिर्ता जग्गाहरूमा अबल, दोयम, सीयम, चाहार छुट्याई तिनको आम्दानीको करीब छ खण्डको एक खण्ड सरकारको भाग लगाई सो भागको उस वेलाको भाउले नगदी असूल गर्ने चलन पनि प्रतापसिंहले चलाएका हुन्, यसैलाई पोता भन्दछन्।

प्रतापसिंहको तन्त्रशास्त्रमा खूब रुचि थियो। देव-देवताको अनुष्ठानमा यिनी विशेष भक्ति देखाउँथे। यिनले विद्वान्हरूको सहायताले *पुरश्चर्यार्णव*नामक तन्त्रशास्त्रको विद्वत्तापूर्ण ग्रन्थको रचना पनि गरेका हुन्। इन्द्रयात्राको इन्द्रध्वजोत्थान (लिङ्गो गाड्ने) चलन पनि प्रतापसिंहले नै कान्तिपुरमा चलाएका हुन्। पौने तीन वर्ष राज्य गरी भरखरको चढ्दो २७ वर्षको उमेरमा १८३४ साल मार्गमा पशुपति आर्याघाटमा प्रतापसिंहको देहान्त भयो।

राजेन्द्रलक्ष्मी र बहादुर शाह

प्रतापसिंहको देहान्त भएपछि उनका छोरा रणबहादुर शाह अढाइ वर्षका अवस्थामा राजगद्दीमा बसे। रणबहादुर शाहकी मुमा राजेन्द्रलक्ष्मी राजकाज चलाउन लागिन्। पृथ्वीनारायण शाहका कान्छा छोरा बहादुर शाहले उनलाई प्रबन्ध मिलाउने काममा मद्दत दिन लागे। परन्तु भाउज्यू-देवरको परस्परमा चित्त मिल्न सकेन। यसले गर्दा राजपरिवारमा कलह शुरू भयो। कहिले राजेन्द्रलक्ष्मी कहिले बहादुर शाह नजरबन्द हुन लागे। राजेन्द्रलक्ष्मीमा शङ्का ईर्ष्याको भाव ज्यादा थियो। बहादुर शाहमा विचारशक्ति तथा कर्मशक्तिको प्राबल्य थियो। यता यसरी गृहकलह भएको देखेर चौबीसी राजाहरूले पाल्पा पर्वत आदि बलियाबलिया राज्यको नेतृत्वमा गोरखामा आक्रमण गरी त्यहाँबाट नेपाल-खाल्डामा पनि आक्रमण गर्ने उद्योग गरे। उनीहरूको मुराद चारैतिरबाट घेर्ने थियो। चौबीसीहरूले १८३८ का हिउँदमा गोरखा सिह्रानचोकमा ठाना हाली त्यताबाट आक्रमण गर्ने उद्योग गरे। यता चौ. बलभद्र शाहका मातहतको

CC-0. Nepal Sanskrit Academy, Kathmandu

सेनाले चौबीसीको संयुक्त सैन्यसँग घोर युद्ध गरी तिनीहरूलाई परास्त गऱ्यो। यति भएपछि चौबीसीहरूको शक्ति क्षीण हुँदै गयो।

उता पूर्वतिर पनि पृथ्वीनारायण शाहकै पालादेखि गडबड उठिरहेकै थियो। प्रतापसिंहले सो लडाइँ भरसक रोक्ने चेष्टा गरेका थिए। उनको शेषपछि सुखीमसँग आकल–झुकल लडाइँ हुन लाग्यो। परन्तु भित्र आफ्नै कलह रहेको र पश्चिमतिरबाट चौबीसीहरूको ठूलो डर पनि रहेको हुनाले सुखीमतिर उत्तिको बल खर्च गर्न नेपाल दरबारले सकेको थिएन। सुखीमका सेनापति सत्राजित र उनका साथी देपावकार्पोहरूसँग नेपालीहरूको धेरै वर्षसम्म बराबर सानोसानो लडाइँ परिरहेकै थियो तथापि नेपालीहरूले कुनै ठूलो विजयलाभ गर्न सकेका थिएनन्।

लमजुङ

विचित्रका छोरा यशोब्रह्म शाहले लमजुङमा विक्रमीको सोह्रौँ शताब्दीमा आफ्नो राज्य स्थापना गरेका हुन्। यिनै यशोब्रह्मका छोरा नरहरि शाहका सन्तानले १२ पुस्तासम्म अढाइ सय वर्षजति राज्य गरे। लमजुङ मौका हेरी गोरखालाई च्याप्ने दाउ धेरैजसो गर्दथ्यो। तर लमजुङमा भन्दा गोरखामा जनसंख्या बढ्ता भएको र लमजुङे जत्तिकै लडाका गोरखाली पनि भएका हुनाले लमजुङको सो इच्छा पूर्ण हुन पाएन। गोरखाका राजा नरभूपालसँग वि.सं. १७९६ सालमा एकान शत्रु एकान मित्र गरी लमजुङे राजा भीम शाहको सन्धि भएथ्यो। नरहरि शाहको दसौँ पुस्तामा जन्मेका रिपुमर्दन शाह (भीम शाहका छोरा) पृथ्वीनारायणका समकालीन थिए। यिनै रिपुमर्दन शाहसँग सन्धि गरी पृथ्वीनारायण पूर्वतिर लागेका हुन्। अलिकता अगाडि बढुञ्ज्यालसम्म रिपुमर्दन चूपै लागेर बसेका थिए। तर पछि लमजुङसँग पनि पृथ्वीनारायणले बराबर लड्नुपरेथ्यो। रिपुमर्दनका छोरा वीरमर्दन शाहका पालामा पनि गोरखालीसँगको गडबड छँदै थियो। पछि १८३८ पौषको सिह्रानचोकको ठूलो लडाइँमा हार खाएपछि लमजुङेहरूको विशेष शक्ति गलेर गयो। वि.सं. १८३९ साल कार्तिक १८ गते लमजुङ राज्य नेपालमा मिल्यो। लमजुङे राजा वीरमर्दन शाहलाई बहादुर शाहले आदरपूर्वक राखेथे।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

कास्की

अजयसिंह (मीचा)का छोरा विचित्रले विक्रमीको सोह्रौँ शताब्दीमा आफ्नो राजधानी कास्कीमा कायम गरेका थिए । कास्कीबाट फुटी लमजुङे र लमजुङबाट फुटी गोरखाली राजवंश आएको हो । विचित्रका एघारौँ पुस्ताका कास्केली राजा प्रताप शाही पृथ्वीनारायणका समकालीन थिए । लमजुङे राजा रिपुमर्दन शाहसँग यिनको मेल थिएन । रिपुमर्दन शाहले गोरखामा आक्रमण गर्न लागेपछि प्रताप शाहीसँग पृथ्वीनारायणको मित्रता भएथ्यो । प्रताप शाहीपछि उनका छोरा सिद्धिनारायण शाही कास्कीको राजगद्दीमा बसेका हुन् । कास्कीका अन्तिम राजा यिनै हुन् । पर्वत अदि राज्यसँग मिली यिनले गोरखामा पनि आक्रमण गरेका हुन् । १८४२ को शुरूमा काजी जीव शाहले कास्कीलाई नेपाल राज्यमा मिलाए ।

तनहूँ

मुकुन्द सेनको शेषपछि उनका छोरा भृङ्गी सेन दाज्यूसँग विद्रोह गरी १६१० तिर तनहूँका पहिला राजा भए । यिनैका पालामा सुर भन्ने राजधानी कायम भयो । यिनका छोरा हम्मीर सेनको पालामा रिसिङका पहिला राजा राम सेन निःसन्तान भएको हुनाले रिसिङ पनि तनहूँमा मिल्न गयो । हम्मीर सेनका सन्तान नहुँदा राजपुर (तनहूँको पश्चिम तराई)का राजाका भाइ तुला सेन उनका धर्मपुत्र बनी वि.सं. १६८७ को करीबमा तनहूँको राजगद्दीमा बसे । तुला सेनले गोरखामा पनि आक्रमण गरेथे । तर राम शाहसँग हारी फर्के । तुला सेनको शेषपछि दामोदर सेन १७१० तिर तनहूँका राजा भए । यिनका पालामा राजपुरको राजवंश निःसन्तान हुँदा सो राज्य पनि तनहूँमा मिल्यो । यता दामोदर सेनका भाइ मधुसूदन सेनले रिसिङमा कब्जा गरी राज्य टुक्र्याए । दामोदर सेनपछि उनका छोरा दिग्विजय सेन तनहूँको गद्दीमा बसे । यसै समयमा मुगल बादशाह औरङ्गजेबको कुदृष्टि हिमालप्रान्तमा परेको थियो । धेरै होशियार राजाहरूले औरङ्गजेबको भित्री मुराद बुझी उनीदेखि परै रहे । तर दिग्विजय सेन औरङ्गजेबको मायाजालमा परी राजा भन्ने पदवी लिई आफ्नो स्वातन्त्र्य गुमाई मुगलका जागीरदार बने । दिग्विजय सेनको शेषपछि उनका छोरा कामराजदत्त सेन राजा भए ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

यिनै कामराजदत्त सेनकी छोरीसँग गोरखाली राजा नरभूपाल शाहले विवाह गरेका थिए। ललितपुर, कान्तिपुर तथा भक्तपुरको वि.सं. १७८२ देखि १७८७ सम्मको युद्धमा मद्दतगार भई गोरखा र तनहूँ आएका थिए। यसै लडाइँमा भक्तपुरका सहायक गोरखालीले ललितपुरको लामीडाँडा कब्जा गरेका थिए। तर कान्तिपुरका राजा जगज्जय मल्लले आफ्ना मित्र तनहूँलाई लामीडाँडा दिलाइदिए। कामराजदत्त सेनको शेषपछि त्रिविक्रम सेन वि.सं. १७९८ मा तनहूँको गद्दीमा बसे। पृथ्वीनारायण शाहले त्रिविक्रम सेनसँग लामीडाँडा मागे। आफूले १५, १६ वर्ष भोग गरिसकेको सो प्रदेश छोड्न उनले आनाकानी गर्दा उनलाई भुक्याएर पक्रेर केही काल कैदमा राखी पृथ्वीनारायणले फौज पठाई लामीडाँडा दख्खल गरी त्रिविक्रम सेनलाई छोडिदिएथे।

त्रिविक्रम सेन मुगलका जागीरदार बनेका हुनाले नवाब मीर कासिम चम्पारन आई जाँचबुझ गर्न लाग्दा तनहूँमा पनि उनी आउलान् कि भन्ने डरले आत्तिएका थिए। परन्तु मकवानपुरतिर मीर कासिम आएका र पृथ्वीनारायणले तिनलाई पूरा तवरसँग जितेर धपाइदिएका हुनाले त्यतातिरको डर त्रिविक्रम सेनलाई रहेन। यिनै त्रिविक्रम सेनका आश्रयमा गङ्गाविष्णुनामक विद्वान् थिए।

त्रिविक्रम सेनको शेषपछि उनका छोरा कामारिदत्त सेन वि.सं. १८२५ को करीबमा तनहूँको गद्दीमा बसे। १८२७ को फाल्गुनमा पृथ्वीनारायणले आफ्नो फौज पठाई तनहूँको राजधानी घेरे। यसै समयमा कामारिदत्त सेनले आत्महत्या गरे भन्ने कुरा परम्परादेखि चलिआएको छ। उनका भाइ हरकुमारदत्त सेनले पृथ्वीनारायणसँग सन्धि गरे। १८२८ पौषमा सतहुँको लडाइँमा पृथ्वीनारायणको हार भएपछि तनहूँ स्वतन्त्र भयो। यता तनहूँका राजा मुगलको जागीरदार बनेका हुनाले इष्ट इण्डिया कम्पनीलाई तनहूँतिर आफ्नो दख्खल जमाउन सजिलो पऱ्यो। यस्तैमा तनहूँको तराई रामनगरमा कम्पनीको अधिकार हुँदा तनहूँका राजा हरकुमारदत्त जमीनदार जस्ता बने। यसरी अंग्रेज भित्र घुस्न लागेको देखी प्रतापसिंहले वि.सं. १८३४ भाद्रमा सुमेश्वर (चुरे)सम्मको भित्री मधेस (चित्तौन) दख्खल गरे।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

यसपछि पनि तनहूँ दख्खल गर्न गोरखाली सेना गएको थियो । यस सैन्यसँग हारी हरकुमारदत्त सेन १८३५ माघमा भागी पाल्पा, पर्वतको मद्दत ल्याई हरकुमारले १८३६ मा आफ्नो राज्य फिर्ता लिए । यही हालतमा चौबीसी राजाहरूले मिली १८३८ पौषमा ठूलो सजधजसँग चारैतिरबाट घेरी गोरखालीको सत्ता उडाइदिने उद्योग गरे । सो उद्योगमा हरकुमार पनि मुख्य थिए । परन्तु सो उद्योग असफल हुँदा तनहूँको स्वतन्त्र सत्ता उडे जस्तो भयो । १८४० फाल्गुनसम्म तराईबाहेक जम्मै तनहूँ राज्य नेपाल राज्यमा मिल्यो । यी ४ राज्य नेपालमा मिल्न आएपछि सहजैसँग त्यहाँका अरू प्रदेशहरू १८४२ को वर्षाभरमा नेपाल राज्यमा मिल्न आयो ।

कालीदेखि पश्चिम, भेरीदेखि पूर्वका राज्यहरूमा पर्वत र पाल्पा यी दुइ राज्य बलिया थिए । यत्तिकैमा १८४३ बर्सादमा राजेन्द्रलक्ष्मीको देहान्त भएको हुनाले बहादुर शाह नै नेपालका हर्ताकर्ता बने । पाल्पाका राजा महादत्त सेन बहादुर शाहका मित्र बनेका थिए । यस कारण कालीगण्डकीपारका राज्यहरूमा शक्तिशाली राज्य पर्वत मात्र बाँकी थियो । पर्वतकै आड लिई लड्ने उद्योग त्यहाँका राजाहरूले गरेका थिए ।

गुल्मी, अर्घा, इस्माका राजाहरू एकै वंशका थिए । यिनीहरू काला मकवानी कहलाउँथे । गुल्मीका अन्तिम राजा शिव शाह हुन् । काजी जीव शाहका मातहतको सेनाले १८४३ साल ज्येष्ठमा यो राज्य नेपाल राज्यमा मिलायो । अर्घा, इस्मा पनि लगत्तै नेपालमा मिल्यो ।

पैय्यूँमा पहिले सेनहरूको राज्य थियो । यो वंश पनि मुकुन्द सेनकै वंशको हाँगा थियो । तनहुँ लमजुङ दख्खल भएपछि यो राज्य पनि नेपाल राज्यमा मिल्यो ।

भीरकोट, गरहुँ, सतहुँ, गुल्मी, अर्घा, खाँचीहरू

खाँची र धुरकोटमा मेधासी क्षत्रियहरू, हरिहरसिंह (खाँचा)का वंशहरूको भीरकोट, गरहुँ, ढोरमा भिन्न-भिन्न स्वतन्त्र राज्य थियो । हरिहरसिंहका नाति सूर्य खान भीरकोटका प्रथम स्वतन्त्र राजा भए । यिनैका वंशको १३ पुस्तासम्म

CC-0. Nepal Sanskrit Academy, Kathmandu

त्यहाँको राज्य रह्यो । तनहूँ, लमजुङ दख्खल भएपछि सो राज्य पनि नेपालको आश्रित हुन आयो ।

गरहुँमा पनि हरिहरसिंहका अर्का नाती दशरथ खानको वंशहरूको राज्य थियो । सो पनि त्यसै ताक नेपालमा मिल्यो । ढोरमा पनि दशरथ खानकै सन्तानकै राज्य थियो । त्यहाँ दश पुस्तासम्म यिनीहरूको राज्य रह्यो । त्यहाँका अन्तिम राजा शिवनारायण हुन् ।

नुवाकोटमा, सतहुँकोटमा पनि अजयसिंह (मीचा)का सन्तानहरूको राज्य थियो । अजयसिंहका छोरा भक्ति खान नुवाकोटका प्रथम राजा भए । यिनका वंशमा एघार पुस्तासम्म नुवाकोटको राज्य रह्यो । सतहुँकोटमा अजयसिंहका माहिला छोरा श्रीबह्म प्रथम राजा भए । यिनका वंशमा १२ पुस्तासम्म सतहुँको राज्य रह्यो । पछि सो राज्य नेपालको आश्रित भयो । मर्स्याङ्दी र कालीगण्डकीका बीचका राज्यहरूमा अजयसिंहका सन्तानहरूको राज्यमा लमजुङ, कास्की, नुवाकोट राज्यहरू र मुकुन्द सेनका सन्तानको राज्यमा तनहूँको राज्य बलवान् थियो । खाँचीका यस वंशका प्रथम राजा तुम सेन हुन् । यिनैका दशौँ पुस्ताका दल शाह खाँचीका अन्तिम राजा हुन् । १८४३ भाद्रमा नेपाल राज्यमा खाँची राज्य मिल्यो । धुरकोट पनि यस वेलासम्म आफ्नो स्वातन्त्र्य राखी बसेको थियो, यसै साल आश्विनमा नेपालसित मिल्यो ।

पर्वत

अघि लिच्छवि राजा मानदेवकै पालामा पनि पश्चिमप्रदेशमा मल्लहरूको शक्तिशाली राज्य रहेको कुरा माथि परिसकेको छ । पछि सोही वंशको दैलेखतिर बलियो राज्य रहेको र त्यतैका राजा जितारिले नेपालखाल्डामा आक्रमण गरेको कुरा पनि माथि बयान गरिसकिएको छ । पछि विक्रमीको पन्ध्रौँ शताब्दीमा सोही राज्य फुटी अछाम, जाजरकोट, सल्याना, रुकुम, जाहारी आदि सानासाना राज्य खडा भएको थियो । यी राज्यका राजाहरू समाल भनी कहलाउँथे । यिनै समाल राजकुमार आनबमले विक्रमीको सोह्रौँ शताब्दीको शुरूमा पर्वतमा एक राज्य स्थापना गरे । पर्वतको राजधानी वेणीदोभाननिर थियो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

यस राज्यको किल्लाचाहिँ ढोरालठना नामले प्रख्यात थियो । उत्तर भोटसँगको व्यापार र पश्चिम जुम्लासँगको सम्बन्ध यस राज्यको खूब थियो । आफ्ना छिमेकी राज्यहरूमा पर्वतको राज्य खूब बलियो थियो । आनबमका पाँचौँ पुस्ताका पर्वतका राजा नारायण मल्ल पाल्पाका राजा मुकुन्द सेनका जुवाइँ थिए । नारायण मल्लका शेषपछि सो राज्य फुट्यो । उनका ज्येठा छोरा द्वितीय जितारि मल्लले गलकोटमा आफ्नो राज्य खडा गरे । माहिला राज मल्ल पर्वतको पुर्ख्यौली गद्दीमा बसे । राज मल्लका सातौँ पुस्तामा मलयबमनामक राजा भए । यी राजा लमजुङे राजकुमारीका छोरा हुन् । पश्चिमतिर जुम्ला राज्यले राज्य च्याप्तै ल्याएको हुनाले यी मलयबमले डोटेल राजाको सहायता लिई जुम्ली राजालाई वि.सं. १७७५ तिर हराएका हुन् । यिनै मलयबमका सभामा अनेक ग्रन्थका रचयिता प्रसिद्ध विद्वान् प्रेमनिधि पन्त थिए । यिनै मलयबमका नाति कीर्तिबम पृथ्वीनारायणका समकालीन थिए । पर्वतका अन्तिम राजा यिनै हुन् । पर्वत र गोरखालीहरूको मेल थिएन । बराबर गडबड उठिरहन्थ्यो । आखिरमा वि.सं. १८४३ साल आश्विन १४ गतेको दिन काजी जीव शाह, काजी दामोदर पाँडेहरूले हाँकिएको फौजले पर्वतको राजधानी दख्खल गर्‍यो । गलकोट, घिरिङमा पनि यसै वंशका राजा थिए । ती पनि सहजै नेपाल राज्यमा मिले ।

प्युठानहरू

प्युठानका चन्दहरूको राज्य थियो । प्युठानका चन्द राजाहरू कुमाउका चन्द राजाहरूका गोतिया थिए । प्युठानको राज्य तराई (शिवराज)तिर पनि फैलिएको थियो । विक्रमीको अठाह्रौँ शताब्दीको अन्त्यमा त्यहाँ मानिक चन्दनामक राजा राज्य गर्थे । मानिक चन्दका छोरा मोती चन्द प्युठानका अन्तिम राजा हुन् । मोती चन्दका समयमा १८४३ कार्तिक १९ गते नेपाली फौजले प्युठानमा आफ्नो कब्जा गर्‍यो । प्युठानको तराई शिवराजमा बाँसीका राजाले नवाब आसिफुद्दौलालाई उठाई गडबड मचाउन खोजेथे । नेपालीहरू पनि नवाबसँग लड्न तयार भइसकेका थिए । तर पाल्पाका राजा महादत्त सेनले मध्यस्थ भई कुरा मिलाइदिएका हुनाले नवाबसँग लडाइँ हुन पाएन । प्युठानको तराई नेपाल राज्यमा मिल्यो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

सल्यानमा समालहरूको राज्य थियो भन्ने कुरा अगि नै बयान गरिएको हो। चक्रबम् सल्यानका प्रथम राजा हुन्। यिनैका वंशज कृष्ण शाहका छोरा रणभीम् शाह पृथ्वीनारायणका जुवाइँ थिए। यी बहादुर शाहका मित्र थिए। प्युठानसम्म विजय गर्दै गएपछि यिनी नेपालका आश्रित भएका थिए।

उता दाङतिर पनि एउटा स्वतन्त्र राज्य थियो। दाङको केही राज्य ढुडुवा-पाहाडदेखि दक्षिण तराईमा थियो। सल्यान तथा दाङको मेल थिएन। उतातिर नवाबको अधिकार खुकुलो हुँदै गएको र इष्ट इण्डिया कम्पनीको बल बढ्दै गएको हुनाले तराईतिर पनि कम्पनीको आँखा लागेको थियो। कदाचित् ढुडुवापाहाडभित्र पनि कम्पनीको प्रवेश भएमा पाहाडको रक्षा गर्न कठोर पर्दथ्यो। यसैले प्युठान दख्खल भएको महीना दिनभित्रैमा दाङका अन्तिम राजा नवाबसिंहले ढुडुवापाहाडदेखि दक्षिण तराई तुलसीपुरमा आश्रय लिए।

यति भएपछि रोलपा आदि सानासाना राज्यहरू पनि नेपाल राज्यमा मिले। नेपाल राज्यको पश्चिम सीमाना १८४३ मार्ग ७ गते भेरी नदीमा पुग्यो।

पर्वत राज्यदेखि उत्तरपट्टि हिमालप्रदेशमा मुस्ताङनामक एक राज्य थियो। त्यहाँका राजा आंग्याल दोर्जे नेपालसँग आश्रित सन्धि गरी नेपालका आश्रित राजा भए।

भेरी नदीदेखि पश्चिमपट्टि जाजरकोटमा समालहरूको राज्य थियो। जाजरकोटे राजा गजेन्द्र शाहले पनि नेपालसँग आश्रित सन्धि गरे।

पर्वतखण्डका राज्यहरूमा सबभन्दा बलियो राज्य जुम्ला थियो। कैय्यन् शताब्दीदेखि जुम्लाको अखण्ड प्रताप सबै राजाले मानी आएका थिए। जुम्लाको राज्य दक्षिणतिरभन्दा उत्तरतिर बढ्ता गएको थियो। उता वदरिकाआश्रम पनि जुम्ला राज्यभित्रै पर्दथ्यो। पछि क्रमशः शक्ति घट्दै गएको भए तापनि जुम्ला राज्य पूर्वमा भेरी नदीसम्म पश्चिममा कुमाउसम्म फैलिएको थियो। यता नेपालीहरूले भेरीतक आफ्नो राज्य पुर्‍याएपछि जुम्लासँग नेपाल राज्य जोडियो। भेरी नदीको साँध गरी सन्धि भयो। परन्तु आफ्नो राज्यसँग नेपाली राज्य जोडिनु तथा जाजरकोट, सल्यान आदिका राजाहरूले नेपालसँग आश्रित सन्धि गर्नु जुम्लालाई कति मन परेको थिएन। यसैले कुनै मौका छोपी आफ्नो अधिकार फैलाउने दाउमा जुम्ला थियो। १८४६ सालमा जुम्लाले भेरी तरी एक

CC-0. Nepal Sanskrit Academy, Kathmandu

विशाल सैन्यका साथ आक्रमण गऱ्यो । बहादुर शाहका आज्ञाले काजी शिवनारायण खत्रीले एक सैन्य लगी त्यसै साल श्रावणमा जुम्लाको राजधानी छिनाशिम दख्खल गरे ।

यता डोटीमा पनि एक बलियो राज्य थियो । डोटीका राजा आसन्तिको नाउँ खूबै चलेको थियो । तिनैका सन्तानहरूले त्यहाँ केरै कालसम्म राज्य गरेथे । विक्रमीको पन्ध्रौँ शताब्दीमा एकपल्ट नाग मल्लनामक एक भारदारले निरञ्जन पाललाई राज्यच्युत गरी आफू राजा भएथे । परन्तु पछि लडाइँमा तिनी मारिएका हुनाले डोटीको राज्य फेरि पुरानै राजघरानामा पुग्यो । त्यस वेला डोटीको राजधानी अजयमिर थियो । विक्रमको उन्नाइसौँ शताब्दीमा डोटीका राजा कृष्ण शाह थिए । दीप शाह र विष्णु शाहनामक तिनका दुइ छोरा थिए । कृष्ण शाहको शेषपछि दीप शाह गद्दीमा बसे । यिनै दीप शाहले दिपायल बसाएको हो भन्ने बूढीरूढिबाट चलिआएको छ । दीप शाह र विष्णु शाहको परस्परमा मेल थिएन । त्यतातिरका अनेकन् राजाहरूले नेपालसित आश्रित सन्धि गर्दै गएका थिए । परन्तु डोटी आश्रित सन्धि नगरी लड्न तयार भयो । आखिर जगजीत पाँडेको मातहतमा गएको फौजले १८४७ साल भाद्रमा डोटीको राजधानी दख्खल गऱ्यो ।

अछाममा समालहरूको राज्य थियो भन्ने कुरा अगि नै बयान गरिएको हो । अछामका अन्तिम राजा देवचन्द्र शाही हुन् । १८४७ सालमा अछाम नेपाल राज्यमा मिल्यो ।

डुल्लुमा विक्रमीको तेह्रौँ शताब्दीमा अनेक मल्लनामक एक प्रतापी राजा थिए । डुल्लुको शक्तिशाली राज्य फुटी सानासाना राज्य खडा भयो । दुल्लुका राजा उत्तम शाहले १८४७ सालमा नेपालसँग आश्रित सन्धि गरे ।

यति भएपछि बझाङ, थलहरा, छन्ना आदिहरूले नेपालसँग आश्रित सन्धि गरेका हुनाले नेपाल राज्यको सीमाना १८४७ सालको हिउँदसम्ममा पश्चिममा महाकाली हुन आयो । विजयपुर, मकवानपुर, पर्वत, पाल्पा, जुम्ला, डोटी आदि केही ठूला राज्य र भक्तपुर, ललितपुर, कान्तिपुर, गोरखा, लमजुङ, तनहूँ, कास्की आदि केही साना राज्य गरी जम्मा ५० राज्य जति मिलेर तयार भएको, मेचीदेखि महाकालीसम्म फैलिएको वर्त्तमान नेपाल राज्य यसै साल तयार भएको हो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

कुमाउ

नेपालको पश्चिममा सम्राट् समुद्रगुप्तको पालामा कर्तृपुर थियो। सोही कर्तृपुरलाई कार्तिकेयपुर (अल्मोडा) भन्दथे। कुमाउ, गढवालमा डुल्लुका मल्लहरूको अधिकार थियो भन्ने कुरा माथि नै बयान गरिएको हो। यो मल्लराज्य छिन्नभिन्न भएपछि कुमाउ पनि स्वतन्त्र भएको हो।

विक्रमको एघारौँ शताब्दीदेखि कुमाउमा चन्द क्षत्रियहरूको प्रवेश थियो तापनि डुल्लुतिरको प्रभाव रहेसम्म उनीहरूको चहलपहल विशेष रहन पाएको थिएन। विक्रमको पन्ध्रौँ शताब्दीदेखि चन्दहरूले कुमाउमा आफ्नो अधिकार फैलाउँदै लगेको देखिन्छ। त्यस वेला महाकालीपारका कुमाउका प्रान्तहरूमा जुम्ली राजाको र केही प्रान्तमा डोटेल राजाको अधिकार रहेको थियो। विक्रमको सोह्रौँ शताब्दीमा रतन चन्दनामक राजा सर्वप्रथम डोटीको बन्धनबाट मुक्त भएका हुन् तापनि सत्रौँ शताब्दीको मध्य भागसम्म पनि महाकालीपारका केही प्रान्तमा डोटीकै अधिकार थियो। यस वेला कुमाउको राजधानी चम्पावत थियो। रतन चन्दका नातिले आफ्नो राजधानी अल्मोडामा वि.सं. १६१५ तिर सारे।

कुमाउका राजा देवी चन्दको मृत्यु भएपछि वि.सं. १७८३ देखि कुमाउमा गृहकलह शुरू भएको थियो। वि.सं. १८०१ मा रूहेलहरूले कुमाउमा पसी उत्पात मचाए। यसको अर्कोन साल पनि ती रूहेलहरू उत्पात मचाउन कुमाउमा पसेका थिए। तर शिवदेव जोशीले ती रूहेलहरूलाई पिटपाट पारी धपाइदिएका हुनाले कुमाउ बच्यो। कुमाउको राजकाजमा जोशीहरूको प्रभाव बढ्यो।

राजा कल्याण चन्दका छोरा दीप चन्द लठ्यौरा भएका हुनाले शिवदेव जोशीकै हातमा सर्वाधिकार रहेको थियो। पछि दीपचन्दकी रानीको सहायताबाट मोहनसिंहनामक भारदारको प्रभाव बढ्यो। आखिरमा राजालाई समेत राज्यच्युत गरी मोहनसिंह मोहन चन्दका नामले कुमाउको गद्दीमा वि.सं. १८३४ मा बसे। परन्तु जोशीहरूले दुइ वर्षभित्रैमा गढवालको मद्दतबाट मोहनसिंहलाई धपाई गढवाली राजकुमार प्रद्युम्न शाहलाई कुमाउको गद्दीमा राखे। यसको अलिक

CC-0. Nepal Sanskrit Academy, Kathmandu

दिनमा प्रद्युम्न शाहले आफ्नो पुख्यौंली राज्य पनि पाए । प्रद्युम्न शाह गढवालको राजधानी श्रीनगरमा गई बसे । उनका भाइ पराक्रम शाह अल्मोडामा आई दाज्यूका प्रतिनिधि भई बसे । राजकाजमा जोशीहरूकै हात रह्यो । केही वर्षपछि भूतपूर्व मोहन चन्दले कुमाउमा आक्रमण गर्दा पराक्रम शाह टिक्न नसकी गढवालतिर लागे । मोहन चन्दले अल्मोडामा आक्रमण गरी आफू राजा भई सोह्र महिना जति राज्य गरे । यसै बीचमा वि.सं. १८४४ माघमा श्रीरणबहादुर शाहसँग मोहन चन्दको सन्धि भयो । तर यसको लगत्तै जोशीहरूका दलबाट मोहन चन्दको हत्या भयो । यस वेला जोशीहरूको अगुवा हर्षदेव जोशी थिए । मोहन चन्दका भाइछोराहरू र जोशीहरूको दाउपेच चलिरहेको थियो । यता यस्तो अराजकता फैलिएको थियो । उता पश्चिमतिरको विजय कामलाई बहादुर शाहले जगजीत पाँडेलाई खटाएका थिए ।

यी जगजीत पाँडे काजी तुलाराम पाँडेका छोरा हुन् । यिनको जीवनको धेरै भाग लडाइँमा बितेको थियो । पछि दामोदरहरूको नाश भएपछि पनि यिनी आफ्नो पदमा प्रतिष्ठित थिए । डोटी, कुमाउ र गढवालको लडाइँमा यिनले बुद्धिमानी तथा बहादुरी खूब देखाएका हुन् । काजी जगजीत पाँडेका मातहतमा सरदार अमरसिंह तथा कप्तान गोल्न्वाहरू थिए । डोटीको धेरै कालदेखि कुमाउमा अधिकार रहेको र डोटीमा नेपालीहरूको दख्खल भइसकेको हुनाले कुमाउ पनि नेपालको आश्रयमा आउनुपर्छ भन्ने विचार जगजीत पाँडेहरूको थियो । परन्तु त्यस वेला कुमाउका शासक भएका मोहन चन्दका भाइछोराहरू आश्रयमा आउन चाहँदैनथे ।

यस्तैमा काजी जगजीत पाँडेको आज्ञाले वि.सं. १८४७ चैत्रमा सर्दार अमरसिंह थापाले दुल्लुतिरका आश्रित राजाहरूको फौजका साथमा कुमाउमा आक्रमण गरे । ठूलै लडाइँ भयो । आखिर आफ्नो केही नलाग्ने देखी मोहन चन्दका भाइछोराहरू कुमाउ छोडी हिंडे । नेपालीहरूले चैत्रभरमा राम्रैसँग कुमाउ दख्खल गरे ।

मोहन चन्दका भगुवा भाइछोराहरूको कुरा सुनी अवधका नवाबले कुमाउको बारेमा नेपालीसँग खिचोला झिके । अंग्रेजहरू पाएसम्म यो खिचोला बढाउने र नेपालीलाई दबाउने दाउमा थिए । नवाबसँग नेपालीको लडाइँ पर्न आँटिसकेको

CC-0. Nepal Sanskrit Academy, Kathmandu

थियो । पछिबाट नवाबले कुमाउका पाहाडको अधिकार नेपालीलाई छोडिदिएका हुनाले कुमाउका तराईको अधिकार नेपालीले छोडिदिए । नेपालीले दख्खल गरेको कुमाउ नेपालकै अधिकारमा रह्यो ।

गढवाल

कत्युर (कर्तृपुर) वंशको अधिकार गढवालमा रहेको र सो वंश निर्बल भएपछि डुल्लुको अधिकार गढवालसम्म फैलिएको कुरा पनि अगि बयान गरिएको हो । पछि डुल्लु राज्य छिन्नभिन्न हुँदा महाकालीको पूर्वपट्टि बाईस राज्य खडा भए जस्तै पश्चिमपट्टि गढवालतिर पनि लगभग ५२ राज्य खडा भए । ती राज्यले आफ्नो रक्षाको लागि ठाउँठाउँमा गढ अर्थात् किल्ला बनाए । तिन ताक बाउन्नी भन्नले गढवाल राज्य बुझिन्थ्यो । गढवालको अर्थ पनि धेरै गढ अर्थात् (राजाका) किल्ला भएको देश भन्ने हो । गढवाल नाउँ त्यसै समयमा रहेको देखिन्छ ।

पछि तिनै राज्यमध्येका एक राज्य चाँदपुरको राजवंशमा पैदा भएका अजयपालनामक राजाले वि.सं. १५०० को लगभगमा सबै गढहरू दख्खल गरी गढवाल राज्य आफ्नो कब्जामा ल्याएका हुन् ।

यिनै अजयपालका वंशजहरूले गढवालमा राज्य गर्दै आएका थिए । यिनीहरू कुमाउका राजालाई कर तिर्ने पनि गर्दथे । पछि वि.सं. १७०० को लगभगमा महीपत शाहले आफू स्वतन्त्र बनी श्रीनगरमा राजधानी कायम गरे । यस वेलादेखि गढवाल राज्यलाई मानिसहरू श्रीनगर पनि भन्न लागे ।

त्यसै वंशका ललित शाहका छोरा प्रद्युम्न शाह कुमाउका राजा भएका र पछि उहाँबाट गढवाल भई कुमाउ, गढवाल दुवैका राजा भएका तथा उनको कुमाउबाट अधिकार हटेको कुरा पनि माथि बयान गरिएको हो । कुमाउ दख्खल भएपछि नेपालीहरूले गढवाललाई पनि आश्रित राज्य बनाउने इच्छा राखे । गढवाल अगिदेखि कुमाउको आश्रित रहेको हुनाले पनि उनीहरूको सो इच्छा झन् बलियो भयो । परन्तु गढवाली राजा प्रद्युम्न शाह यमुनापार श्रीमोडका राजा जगत्प्रकाशलाई केही रुपियाँ कबुली उनबाट मद्दत ल्याई नेपालीलाई हटाउने उद्योगमा लागे ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

कुमाउको शासनप्रबन्ध तथा रक्षाको काम सुब्बा योग मल्ललाई सुम्पी काजी जगजीत पाँडे, सर्दार अमरसिंह थापाहरूले हाँकिएको नेपाली सैन्य गढवालभित्र पसी राजधानी श्रीनगरसम्म वि.सं. १८४८ आषाढमा पुग्यो। गढवाली राजा प्रद्युम्न शाह त्यताबाट पश्चिम हटी नेपाली सैन्य बर्सादभर अलकनन्दा तरी पश्चिम जान सकेन। यता हिउँदमा गढवाली राजा प्रद्युम्न शाह सेना लिई लड्न आए। नेपाली सेना अमरसिंह थापाको मातहतमा अलकनन्दा तरी लड्न गयो। कौड्या भन्ने ठाउँमा घोरघमासानको लडाइँ पऱ्यो। प्रद्युम्न शाह पराजित भई भागे। श्रीमोडिया राजा पनि आफूलाई गढवाली राजाले कबुलेको धन नदिएकाले र नेपालीहरूको विजय हुँदै आएको देखी गढवाली प्रद्युम्न शाहदेखि पर हट्दै गए। यसै मौकामा श्रीमोडिया राजा जगत्प्रकाशसँग अलकनन्दामा भेटी काजी जगजीत पाँडेले जमुनाको साँध गरी वि.सं. १८४९ का भदौमा सन्धि गरे। प्रद्युम्न शाहले पनि नेपालको आश्रित राज्य भई वर्षको २५००० रुपैयाँ बुझाउने सन्धि जगजीत पाँडेसँग वि.सं. १८४९ आश्विनमा गरे। यता यही समयमा चीनको आक्रमण रोक्नालाई नुवाकोट आउनू भन्ने बोलावट बहादुर शाहले जगजीत पाँडेलाई पठाएका थिए। परन्तु जगजीत पाँडेले सो खबर पाउँदा नपाउँदा चीन पनि सन्धि गरी फर्किसकेको थियो। यस कारण गढवाल गएको सेनाले चीनसँग लड्नुपरेन।

काजी जगजीत पाँडे, सरदार अमरसिंह थापाहरू गढवालतिर अल्मलिएका थिए। उनीहरूका मद्दतका लागि राजधानीबाट फौज खटिएको थियो। यसैबीचमा १८४८ को निगल्दो जुम्लाका राजकुमार सुभान शाही डोटीका राजकुमार विष्णु शाहहरूले विद्रोह गरी बाटो छेकेर राजधानी र गढवालको संबन्ध तोडिदिने विचार गरे। परन्तु जाजरकोटे राजा गजेन्द्र शाहहरूले आफ्ना फौजका साथ त्यो विद्रोह रोक्ने प्रयत्न गरेका हुनाले सो बढ्न पाएन। राजधानीबाट खटिएका कप्तान कालु पाँडेले फौजसाथ पुगी आश्रित राज्यहरूका सहायताबाट सो विद्रोह २ महीना जतिमा शान्त पारे।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

भोट

नेपालदेखि उत्तरपट्टि छ सय कोस लम्बा र तीन सय कोस चौडा एउटा विशाल देश छ । त्यसलाई भोट वा तिब्बत भन्दछन् । त्यो प्रदेश समुद्रभन्दा नौ दस हजार हात उच्चा रहेको हुनाले ज्यादा ठण्डा छ । त्यहाँ अनेकन् अग्लाअग्ला पर्वतहरूको प्राधान्य भएको र वृष्टि कम हुने तथा ज्यादा हिउँ बर्सने हुनाले पनि मानिसहरूलाई खेतीपाती गर्न उत्तिको सजिलो पर्दैन । वैशाखदेखि भदौसम्म त त्यहाँ केही गरम हुन्छ । अगिपछि त सधैँ जाडै हुन्छ । मकै, जौहरूको खेती र भेँडा, चँवरीहरूको गोठ राखेर त्यहाँका मानिसहरू आफ्नो पेट पाल्दछन् । घरमा जति जना दाज्यूभाइ भए तापनि एउटै स्वास्नीसँग मात्र बिहे गर्ने चलन भोटमा हुनाले अंशबण्डा भई घर छुट्टिने कुरा त्यहाँ प्रायः पर्दैन । त्यसैले बाबुबाज्येदेखि आएको खेतीपाती र गोठबाट नै जीविका चलाएर बस्न त्यहाँका मानिसलाई सजिलै छ । यस कारण बाहिर बसाइँ सर्ने, बाहिरका मानिससँग हेलमेल राख्ने स्वभाव भोटका बासिन्दामा प्रायः देखिँदैन ।

विक्रमको प्रथम शताब्दीमा लिच्छविराज्य खडा नभएसम्म जसरी नेपाल साना टुक्रामा बाँडिएको थियो, त्यस्तै गरी विक्रमको सातौँ शताब्दीसम्म पनि भोटमा सानासाना राज्यहरू थिए । वि.सं. ६३७ मा भोटमा स्रोङ्चन गम्बोनामक एक जना राजा भए । यिनले आफ्ना बाहुबल र बुद्धिबलले सारा भोटलाई एक मजबूत साम्राज्यमा परिणत गरिदिए । ल्हासा शहर यिनैले बसाएको हो । यी राजा स्रोङ्चन गम्बो कोशल (अयोध्या)का राजा प्रसेनजित्का सन्तान हुन । यिनलाई चीनका बादशाहले तथा नेपालका राजा अंशुवर्मा (गोचा)ले आफ्नी छोरी दिएका थिए । यिनैको पालादेखि भोटमा कुह्मालेको काम, लुगा बुन्ने प्रथा चलेको हो भन्ने कुरा पनि भोटमा उहिलेदेखि परम्पराबाट चलिआएको छ ।

स्रोङ्चन गम्बोले मुलुक मात्र बढाएका होइनन्, यिनले देशमा अनेकन् महत्त्वपूर्ण काम पनि गरे । यिनले थोन भिनामक विद्वान्का सहायताले भोटमा लिपि चलाए । सो लिपि त्यस ताका नेपालमा चलेको लिपिको अनुसारको थियो । आजसम्म पनि सोही लिपि भोटमा चलेको छ । यिनका सभामा भारत,

CC-0. Nepal Sanskrit Academy, Kathmandu

चीन तथा चीनी तुर्किस्तानका अनेकन् विद्वान्‌हरूको जमघट थियो । नेपालका विद्वान् शीलमञ्जु पनि त्यसमा थिए । यिनै राजाले बौद्ध धर्मको भोटमा जग खडा गरेका हुन् । यिनैका पालामा भारतबाट नेपालको बाटो र चीनबाट पनि अनेकन् बौद्ध ग्रन्थ तथा आचारविचार भोट पुग्न लाग्यो । हुन ता नेपालका राजा अंशुवर्माहरू शिवमार्गी थिए, बौद्ध मार्गी थिएनन् तथापि उनीहरूको उदार धार्मिक नीतिले गर्दा नेपालमा पनि बौद्धहरूका अनेकन् विहारहरूको पनि सत्कार थियो । टुक्राटुक्रा परेको भोटलाई यसरी एउटा मजबूत बनाएर शिक्षाहरू दिई स्रोङ्चन गम्बोले वि.सं. ६९५ मा संसार छोडिदिए ।

स्रोङ्चन गम्बोका जनाति ठिसोङ देचन (वि.सं. ७९९-८४२)ले नालन्दाका आचार्य शान्तरक्षितलाई बोलाए । यस वेला नालन्दा विद्याको ठूलो केन्द्र थियो । त्यहाँ दर्शन र तन्त्रको ठूलो प्रचार थियो । आचार्य शान्तरक्षित नेपालमा पनि आएर बसेका थिए । यी आचार्यले भोटमा गई समयविहारको स्थापना गरी भोटेहरूलाई भिक्षुचर्याको शिक्षा दिई बौद्ध धर्मको जग बसाले । बौद्ध धर्म भोट नपसुन्ज्यालसम्म त्यहाँ धामी-झाँक्रीहरू नै धर्मका गुरु थिए । तिनीहरूले गरेको धर्मलाई मानिसहरू बोन धर्म भन्दथे । अब शान्तरक्षितको तर्कबुद्धिका अगाडि सानातिना कुरा टिक्न गाहारै थियो र बौद्ध धर्मले नै धामी-झाँक्रीहरूलाई पनि आफ्ना काखमा स्थान दिन लाग्यो । अब धमाधम भोटमा गुम्बा (मठ)हरू खडा हुन लागे ।

ठिसोङ देचनका छोरा ठिदेचन पोले भोटे भाषाको हुनसम्म उपकार गरे । बौद्ध शास्त्रका महायानका सबै ग्रन्थहरू संस्कृतभाषामा लेखिएका थिए । शान्तरक्षित आदि आचार्यहरूको सबै दर्शनमा गति भए तापनि रुचि ता महायानकै शाखा योगाचार सम्प्रदायमा थियो । अत एव उनीहरूको संस्कृतका उपरमा असाधारण प्रेम हुनु स्वाभाविकै थियो । उसमाथि यी भारतीय आचार्यहरू भोटे भाषा जान्दैनथे । यिनीहरू संस्कृतमा बोल्दथे, बीचको दोमासेले अनुवाद गरेर भोटका राजाप्रजालाई बुझाउनुपर्दथ्यो । भाषा रटाएर १०, १२ वर्ष बेकार फालिदिनुभन्दा संस्कृतका पुस्तक नै भोटे भाषामा अनुवाद गरी त्यतैबाट शिक्षा दिनु सहस्रगुण असल हुनाले अगिदेखि नै भोटका राजाहरूको आफ्नै भाषामा अनुवाद गराउने

CC-0. Nepal Sanskrit Academy, Kathmandu

रुचि छँदै थियो । ठिदेचन पोले विद्वान्हरूलाई राखेर संस्कृतका शब्द र भोटे प्रतिशब्दको राम्रो नियम बाँधी धडाधड अनेकन् ग्रन्थको आफ्नो भाषामा अनुवाद गर्न लाए । यसबाट भोटमा सजिलैसँग भारतका बडेबडे विद्वान् दार्शनिकहरूको गम्भीर विचार पनि पस्न पायो । जो पुस्तकका मूल प्रति नै लुप्त भइसकेका छन्, तिनका पनि अनुवाद भोटमा पाइँदैछन् ।

विक्रमको एघारौँ शताब्दीको शुरूदेखि नै स्रोङ्चन गम्बोको वंश आपस्तको कलहले र बोक्रे धर्मको आडम्बरले शिथिल हुँदै गयो । साम्राज्य टुक्राटुक्रा भयो । मठहरू पनि भिक्षु भएर आनन्दसँग जीवन बिताउन खोज्ने मूर्ख अल्सीको अखडा जस्तो भयो । यस्तैमा स्रोङ्चन गम्बोको कुलमा जन्मेका एउटा सानो प्रान्तका राजा फोरदेले आफ्नो राज्य भाइलाई सुम्पेर भिक्षुचर्या लिए । धर्मको अवनति देखेर यिनलाई साह्रै दुःख हुन्थ्यो । यिनले ठूलो विनय गरी विक्रमशिलाविहार (भागलपुर सुलतानगञ्ज)का आचार्य दीपंकर (अतिशा)लाई बोलाए । यी दीपंकरबाट भोटमा विद्याको प्रचार र धर्मको सुधार धेरै नै भयो । अनेकन् ग्रन्थहरूका पनि अनुवाद हुन लागेपछि पनि अनेकन् भारतीय विद्वान्हरू भोटमा गए । तिनमा शान्तिभद्र, अनन्तश्री आदि अनेकन् नेपाली विद्वान्हरू पनि थिए ।

वि.सं. १२५६ तिर मुहम्मद बिन बख्तियारको आक्रमणले गर्दा नालन्दा विक्रमशिला आदि विद्याको केन्द्र र त्यहाँका अमूल्य ग्रन्थको पनि स्वाहा भएपछि भारतबाट बौद्ध धर्म लुप्त जस्तो भयो । यस्तैमा अनेकन् बौद्धहरू नेपालमा आएर बसे । तिनमा एक जना विक्रमशिलाका आचार्य श्रीभद्रनामक काश्मीरी विद्वान् पनि थिए । यिनलाई शक्यमठका अधिकारीहरूले भोटमा बोलाएर लगे । यो शक्यमठ वि.सं. ११३० मा एक जना गृहस्थले स्थापना गरेको हो । यी विद्वान्को सहायताले शक्यमठमा निकै विद्याप्रचार भयो ।

वि.सं. १२६० देखि मङ्गोलियामा चंगेज खाँको प्रभाव बल्न लाग्यो । यिनको राज्य पश्चिममा यूरोपको पूर्वी भागसम्म, उत्तरमा रूससम्म, पूर्वमा चीनसम्म, दक्षिणमा भोटसम्म फैलिन गयो । यिनले चीनी तुर्किस्तानका सारा मुस्लिम राज्यको जरो खनिदिए, मस्जीदहरू स्वाहा भए । यिनका समयमा श्रीभद्रका

CC-0. Nepal Sanskrit Academy, Kathmandu

शिष्य शक्यमठका महन्त लामा कुङ्गग्र्येछनले मंगोलियामा बौद्ध धर्म प्रचार गर्न शुरू गरेका थिए । चंगेजका छोरा सम्राट् ओगोताइ कुङ्गग्र्येछनका शिष्य बनेका थिए । यसपछि ओगोताइका भतिजा सम्राट् मानकू खाँले आफ्नो राजधानीमा बौद्ध भिक्षु, पादरी, मौलवीहरूको धर्मका विषयमा ठूलो छलफल गराए । त्यस ताक तर्कशक्तिमा भारतीय दर्शनशास्त्रको जोडलाग्दो अरू देशमा कुनै तर्क थिएन । आखिरमा श्रीभद्रका चेला कुङ्गग्र्येछनका भतिजा फग्पाको भाषण सुनेर मानकू खाँले फग्पालाई गुरु मानी बौद्धधर्मको दीक्षा लिए । चङ आदि भोटका दुइ प्रान्त मानकू खाँले शक्यमठलाई वि.सं. १३०५ मा गुठी राखिदिए ।

यसपछि पनि शक्यमठका महन्तहरू मंगोलहरूका गुरु बन्दै गए । यस शक्यमठको महन्त्याइँ पुस्तौनी चल्दै गयो । अब शक्यमठले आफूले पाएको गुठीको बरबन्दोबस्त बाँध्न सिपाहीहरूको प्रबन्ध बाँध्दै गयो र बिस्तारबिस्तार मठका महन्तजी राजाका अधिकारमा पुगे, वरिपरि बढ्ता हात फैलाएर अधिकार जमाउन लागे । यस किसिमसँग अब भोटमा राजाका सट्टा लामाहरूको राज्य शुरू भयो ।

वि.सं. १३४७ मा बुतोननामक एकजना विद्वान्को जन्म भयो । यिनले अहिलेसम्म भोटे भाषामा अनुवाद भएका अनेकन् ग्रन्थहरूलाई मिलाएर सूचीपत्र बनाई कनजुर (बुद्धवचन अनुवाद) तथा तनजुर (शास्त्रवचन अनुवाद)नामक दुइ भागमा बाँडिदिए । वि.सं. १४१४ मा चोङ्खपनामक एक जना महापुरुषको जन्म भयो । यिनले ३८ वर्षका अवस्थासम्म विद्याको ठूलो अध्ययन गरे । विना विद्या कदापि धर्मको अवस्था असल रहँदैन भन्ने विचारले यिनले अनेकन् विद्यालयहरूको स्थापना गरेका हुन् । यिनले र यिनका चेलाले स्थापना गरेका सेर्गन्दन आदि अनेकन् विहारहरू हुन् । प्रत्येकमा हजारन् विद्यार्थीहरू दर्शन आदि शास्त्रमा शिक्षा पाउँदैछन् ।

चोङ्खपको मृत्यु वि.सं. १४७६ मा भएपछि यिनका चेला प्रथम दलाई लामा छानिए । यता अरूअरू मठहरूमा विशेष अधिकार आइसकेको हुनाले यी मठहरू यस ताक आपसमा काटमार गरेर आफ्नो रवाफ जमाउने कोशिशमा थिए । परन्तु १६९९ सम्म पनि चोङ्खपका चेलाहरू मंगोल राजाहरूबाट

CC-0. Nepal Sanskrit Academy, Kathmandu

दक्षिणास्वरूप राज्य पाउँदा पनि त्यसको आशा छोडेर बराबर विद्याप्रचार, धर्मप्रचारतिर नै लागेका थिए। मठहरूका आपसको काटमारमा मंगोल वीर गुश्री खाँले चङमठवालाहरूका विरुद्धमा फौज ल्याई सारा भोटमा अधिकार जमाई भोटको राज्य १६९९ मा पञ्चम दलाई लामाका पाउमा चढाए। यसपछि भोटमा दलाई लामाहरूकै सर्वप्राधान्य हुन आयो।

एउटा दलाई लामाको देहान्तपछि अलिक वर्षमा स्वर्गीय दलाई लामाको अवतार खोजेर ल्याउँछन् र तिनै साना बालकलाई गद्दीमा राख्तछन्। दलाई लामा भिक्षु हुनाले उनको विवाह हुँदैन। यसैले पुस्तौनी अधिकार नआएर यसरी अवतारमा अधिकार चल्दै आउँछ।

दिगर्चाका टशील्हुन्पोमठका महन्त टशी लामा कहलाउँछन्। पहिलेपहिले टशील्हुन्पोमठमा एउटा टशी लामाको देहान्त भएपछि उनका चेलामा सुयोग्यचाहिँ टशी लामा छानिन्थे। पञ्चम दलाई लामा भोटका सर्वोच्च पदमा पुगेका र उनका गुरु टशी लामा भएका हुनाले टशी लामाको ठूलो इज्जत भयो। त्यसै वेलादेखि टशील्हुन्पोमठमा पनि अवतार खोज्ने प्रथा चल्यो।

यसरी भोटमा लामाको राज्यप्रबन्धव्यवस्था चल्दै गएको छ। हुन ता भोटमा जतातत लामाका मठ छन् तापनि तीमध्ये तीन मठको ठूलो अधिकार छ। त्यसमध्ये मुख्य अधिकार दलाई लामाको छ। दोस्रो अधिकार टशी लामाको छ। अनि पछि शक्य लामाको अधिकार छ। यिनमध्ये भोटमा अहिलेसम्म १३ दलाई लामा भइसके। वर्त्तमान चौधौँ दलाई लामा खोजिएका भरखर ४, ५ वर्ष भयो। शक्यमठमा भने अवतार नखोजेर पुराना खान्दानी महन्तहरू नै सर्वाधिकारी हुँदै आएका छन्। पहिले शक्यमठले ठूलै दबदबा फैलाएको हो तापनि अहिले त्यत्तिको दबदबा छैन।

भोटसँग नेपालको संबन्ध पनि राम्रै स्रोङ्चन गम्बोको पालादेखि भइसकेको थियो। नेपालका कैय्यन् विद्वान्हरूले उहाँ गई अनुवाद गरेका हुन्। व्यापारको सम्बन्ध पनि भोटसँग नेपालको नयाँ होइन। भारतका माल नेपालकै बाटो भोट पुग्दथ्यो। भोटका माल पनि नेपालकै बाटो भारत आउँथ्यो। यसरी भोट र भारतका बीचमा नेपाल दोबाटो बनेको थियो। नेपालका सबै प्रान्तमा यो

CC-0. Nepal Sanskrit Academy, Kathmandu

सम्बन्ध रहिरहेको थियो । यक्ष मल्लको पालासम्म पनि नेपाल राज्य ज्यादै छिन्नभिन्न नभइसकेको हुनाले भोटका कुती, केरुङ आदि प्रान्तमा नेपालकै अधिकार थियो । परन्तु पछिबाट राज्य टुक्रा भएपछि त्यतातिरबाट पनि नेपालले आफ्नो अधिकार हटाउन पर्‍यो । गोरखाका राजा राम शाहले पनि केरुङसम्म एकपल्ट आक्रमण गरेका हुन् । पछि कान्तिपुरका राजा प्रताप मल्लले कुती, केरुङसम्म आफ्नो अधिकार फैलाई ल्हासामा केही कान्तिपुरे व्यापारीहरूलाई पठाई व्यापार बढाउने उद्योग र बेवारिसी नेपाली प्रजाको सम्पत्तिमा पनि नेपालकै हक हुन्छ भन्ने नियम बँधाएका हुन् । यसरी नेपालसँग भोटको संबन्ध रहिरहेको हो ।

भारत तथा चीनको राम्रो सम्बन्ध विक्रमको पहिलो शताब्दीमा भएको हो । यो सम्बन्ध भारतको पश्चिमोत्तर प्रान्तका कुषाण राजाहरूबाट भयो । यसपछि भारत तथा चीनको आवतजावत सम्बन्ध बढ्दै गएको देखिन्छ तापनि त्यस वेलाको बाटो भारतको पश्चिमतिर सीमाप्रान्त वा पूर्वसागर (बङ्गालको खाडी)को समुद्रको बाटो नै देखिन्छ । याङ च्वाङ नेपाल आएको र अंशुवर्माको नाम उनले लिएको कुरा माथि परिसकेको छ । विक्रमको सातौँ शताब्दीदेखि भोटको बाटो नेपालको पनि चीनसँग राम्रो सम्बन्ध भएको बुझिन्छ ।

लिच्छवि राजा नरेन्द्रदेवको पालामा वि.सं. ७०० देखि ७१४ सम्म नेपालको बाटो चीन तथा भारतमा चिनियाँ राजदूत वाङ युन चे दुइ तीनपटक ओहोरोदोहोरो गरेका थिए । चिनियाँ राजदूत नरेन्द्रदेवका दरबारमा आएका र नेपाली राजदूत चिनियाँ दरबारमा पनि यही ताक गएका हुन् ।

यसपछि पनि बराबर नेपाल र चीनको सम्बन्ध रहिरहेको थियो । वि.सं. १४४४ मा र १४८१ मा पनि चिनियाँ राजदूत नेपालमा आएका थिए । यसरी चीनसँगको सम्बन्ध पुरानो भए तापनि नेपाल राज्य छिन्नभिन्न भएपछि सो सम्बन्ध पनि टुट्तै गएको देखिन्छ ।

पछिल्ला मल्ल राजाहरूले आर्थिक संकटमा परी चाँदीको टकमा ताँवा मिसाई चलाउन लागेका थिए । त्यसो गर्दा अरूले पनि टक मार्ने संभव थियो, खोटा टक धेरै निस्कन्थे । यसैले खोटा टक नचलून् भन्ने मनसायले पृथ्वीनारायणको नीति चोखा

CC-0. Nepal Sanskrit Academy, Kathmandu

टक चलाउने थियो । उनले नेपालखाल्डो विजय गर्नुभन्दा अगाडिदेखि नै चोखा चाँदीका टक चलाउन लागेका थिए । नेपालखाल्डो विजय गरेपछि पनि उनको सोही नीति रह्यो । खोटा टक सकभर मास्ने विचार पृथ्वीनारायणको थियो ।

उहिलेदेखि भोटमा नेपाली टक चल्दथ्यो । ती ताँवा मिसाएका टक पनि भोटमा पुगेका थिए । पृथ्वीनारायण शाहले आफ्नो दूतको साथमा भोटमा चोखा चाँदीको टक पनि चलाउन पठाएका थिए । भोटका अधिकारीहरूको भनाइ ताँवा मिसिएका पुराना टक र चोखा नयाँ टकको एउटै भाउ गर्नुपर्छ भन्ने थियो । त्यसो गर्दा ती ताँवा मिसिएका टक रहिरहने हुँदा खोटा टक धेरै निस्कने संभव हुनाले नेपालीहरू सो काममा मञ्जूर थिएनन् । यसैले दुइ देशको व्यापार झन्झन् बिग्रँदै गयो । नेपाल र भोटको बीचमा यसले वैमनस्यको बीउ रोपियो । वि.सं. १८३२ मा प्रतापसिंहको समयमा नेपाल र भोटको यस विषयमा सन्धि भएको कुरा माथि परिसकेको छ । तर यो सन्धि पनि कार्यरूपमा चल्न सकेन । दुइ थरीको गडबड भई नै रह्यो ।

भोटमा चीनको प्रभाव रहेको हुनाले चीनलाई मध्यस्थ बनाई सो झगडा छिन्ने उद्योग पनि नेपालीहरूले गरे । परन्तु त्यसमा पनि भोटको बाटो नेपालको चिठी चीन पुग्न पाएन । नेपाली व्यापारीहरूको नोक्सानी बढ्दै गयो । यस किसिमबाट नेपाल र भोटको सम्बन्ध बिग्रेर लडाइँ पर्ने अवस्था भइसकेको थियो ।

डिगर्चाका टशी लामा पाल्देन येशे वि.सं. १८३८ मा चीनमा गएकोमा उनको उहीं मृत्यु भएपछि नयाँ अवतारी बालक टशी लामाका बाबुले सो मठको बुझबुझारथ गर्दा साबिकवाला टशी लामाका भाइ स्यामर्पा लामालाई पक्री बडो कडा कैदमा राखे । स्यामर्पा लामा भागी वि.सं. १८४४ मा नेपालमा आए । यी आउनाले र यिनलाई नेपालले आश्रय दिनाले समेत नेपाल र भोटको वैमनस्यको आगोमा घिउ हाले जस्तो भयो । भोटका लामाहरू चीनको धाकबाट नेपाललाई दबाउने उद्योगमा लागे । यसपछि भोट र नेपालको लडाइँ निश्चितै भयो ।

वि.सं. १८४५ सालको वर्षामा चौ. श्रीकृष्ण शाहको मातहतमा कुतीतिर र काजी कीर्तिमानसिंह बस्नेत र सर्दार अमरसिंह थापाका मातहतमा केरुङतिर नेपाली

CC-0. Nepal Sanskrit Academy, Kathmandu

सेनाले आक्रमण गर्‍यो । कुतीको बाटो सिकारजुङ र केरुङको बाटो झुँगासम्म नेपाली सैन्य पुग्यो । लडाइँ निकै चम्क्यो । सिकारजुङमा लडाइँ हारी कुतीसम्म नेपाली हटे, यही मौकामा झुँगामा नेपालीहरू घेरामा परे । यत्तिकैमा चौ. बलभद्र शाहले अर्को सेना लगी भोटे सेनालाई हराए । भोटेहरू त्यहाँबाट भागे ।

यसरी नेपालीको विजय भएपछि दलाई लामा, टशी लामा र शक्य लामाहरूका प्रतिनिधि आई नेपालसँग सन्धिको कुरा चलाउन लागे । त्यस वेला त्यस सन्धिका कामलाई चौ. बम शाहका मातहतमा नेपालबाटै एक दूतमण्डल गएको थियो ।

आफ्नो मातहतमा रहेको भोटमा नेपालको आक्रमण भएको सुन्दा चीनबाट घाचुङनामक एक जना सेनापति ठूलो फौजका साथमा भोटमा यही समयमा आइपुगे । तिनै घाचुङको मध्यस्थतामा नेपाल र भोटमा दूतहरूले सन्धि गरे । सो सन्धिबमोजिम भोटले हरजानास्वरूप ५०००० रुपैयाँ तिर्ने तथा नेपालले भोटमा कब्जा गरेको सबै ठाउँ छाडिदिने निश्चित भयो । नेपालबाट हरिबलभद्र खवास दूत भई चीनमा गए । यस किसिमबाट भोटसँगको गडबड टुङ्गियो ।

यस सन्धिबमोजिम भोटले नेपालीलाई वर्षेनि बुझाउनुपर्ने ५०००० रुपैयाँ एक वर्ष मात्र बुझायो । अर्कोन वर्षदेखि सो बुझाउन छाडिदियो । यसरी सन्धि भोटले तोडेको हुनाले फेरि अर्को लडाइँ अवश्य हुने भयो । नेपालीहरूले तीन वर्षसम्म पर्खे । तर भोटेहरूले सो तोडी नेपाललाई दबाउने निश्चयै गरिसकेका थिए । यसैले सो पर्खनाले पनि केही फाइदा भएन । आखिरमा वि.सं. १८४८ को वर्षामा राजपुत्र बहादुर शाहको आज्ञाबमोजिम काजी दामोदर पाँडेका मातहतमा एक नेपाली फौज कुतीको बाटो गयो । सो फौज बीचबीचमा अनेकन् लडाइँ विजय गर्दै टशी लामाको राजधानी डिगर्चामा पुग्यो । यता अर्को नेपाली फौज काजी अभिमानसिंह बस्नेतको मातहतमा केरुङको बाटो भोट पस्यो । डिगर्चा पुगेका नेपाली सेनापतिले तीन वर्षको बाँकी कर माग्दा त्यहाँका अधिकारीहरूले एक वर्षको कर मात्र दिई आलेटाले गर्दा केही सुन त्यहाँबाट खोसी हटियाको बाटो सो फौज माघमा नेपाल फर्क्यो ।

दलाई लामाहरूले सुखीमलाई उचाली नेपालको पल्लोकिराँतमा दखल गराउने र डिगर्चाबाट फर्केको नेपाली फौजलाई बीचैमा सिद्ध्याउने विचार गरे । भोटको

CC-0. Nepal Sanskrit Academy, Kathmandu

बल पाई सुखीमका सेनापति युक्सथुकले पल्लोकिराँतमा ठूलो फौज ल्याई आक्रमण गरे। चैनपुरका सुब्बा पूर्णानन्द र विजयपुरका सर्दार बदलसिंह बस्नेतको संयुक्त सेनासँग सुखीमका सेनाको लडाइँ पऱ्यो। युक्सथुकले सिद्धपोखरीमा आफ्नो किल्ला जमाए। काठमाडौँबाट बहादुर शाहले काजी देवदत्त थापाका मातहतमा सैन्य पठाए। सो सैन्यको र युक्सथुकका मातहतको सुखीमका सेनाको सिद्धपोखरीमा ठूलो लडाइँ पऱ्यो। नेपालीको जीत भयो। नेपाली सेनाले दपेट्दै टिस्यसम्म दख्खल गऱ्यो। सुखीमले नेपालको आधिपत्य स्वीकार गऱ्यो। यसरी सुखीमतिरको आफ्नो उद्योगले सुखीमकै हानि भएको देखेर निराश भई भोटका दलाई लामा, टशी लामा र शक्य लामाहरूले चीनसँग सहायता मागे। चीनबाट पनि ७००० सिपाही लिई टुङ्थाङनामक सेनापति भोटको मद्दतका लागि आए। त्यसमा भोटे सेनासमेत मिल्दा १३००० सिपाही भए। यी जम्मै सेना टुङ्थाङका मातहतमा नेपाल दख्खल गर्न भनी फाल्गुन निगल्दो ल्हासामा जम्मा भए। सो सेनाको उद्देश्य नेपालको जम्मै राज्य दख्खल गर्ने थियो। सो सेना नेपालको राजधानी काठमाडौँ दख्खल गर्न भनी कुकुरघाट भई केरुङको बाटो नेपालतिर लम्क्यो। कुकुरघाटमा नेपालीहरू दुइटा सानासाना किल्लामा बसेका थिए। १८४९ आषाढमा त्यहाँ लडाइँ पऱ्यो। जीत चिनियाँकै भयो। बीच बाटामा पनि एक दुइ लडाइँ पऱ्यो, २०० चिनियाँ र ३०० नेपालीले वीरगति पाए। पछि केरुङका किल्लामा पनि चिनियाँकै दख्खल भयो। केरुङबाट नेपाली फौज रसुवाको बाटो हुँदै धुन्चेसम्म आयो। यता राजधानीबाट सेना लिई चिनियाँलाई रोक्न भनी काजी दामोदर पाँडे धुन्चेमा बसेका थिए। धुन्चेनिरै देउरालीमा चिनियाँसँग मुठभेट भई नेपालीको लडाइँ भयो। चिनियाँ ४०० र नेपाली ४०० वीरगतिमा पुगेपछि धुन्चे छोडी नेपालीहरू धैबुङ आई बसे। शत्रुले हमला गर्दै आउँदा कमाऱ्यागढमा मुठभेट भयो र चिनियाँ फौज हारी धुन्चेमा पुग्यो। यसपछि चिनियाँहरूले सन्धिको कुरा चलाउँदा नेपालीहरूले पनि "हुन्छ त सन्धिको नियम निश्चित गरौँ" भनी पठाउँदा लडाइँ रोकियो। धुन्चेमा हामीलाई बस्न साँघुरो भई अप्ठ्यारो भयो, धैबुङमा बसी सन्धिको कुरा गरौँ भनी चिनियाँहरूले भन्दा नेपालीहरू वेत्रावती तरी वारि आए। धैबुङमा चिनियाँ फौज बस्यो, तर टुङ्थाङको सन्धि गर्छु त भन्ने मुखको भनाइ

CC-0. Nepal Sanskrit Academy, Kathmandu

मात्र रहेछ। भित्र पेटमा जुन रीतले भए पनि अलिअलि गरी अगाडि बढी राजधानी दखवल गर्ने इच्छा रहेछ। धैबुङ आएपछि "यो ठाउँ पनि सानो भयो, हामीलाई नुवाकोटसम्म आउन देऊ, सन्धि गनैपर्छ, त्यहीँ बसी सन्धि गरौँला" भनी निजले भनी पठाउँदा नेपालीहरूले मञ्जूर गरेनन्। त्यस वेला पूर्व सिद्धपोखरीबाट र पश्चिम प्युठानाबाट पनि फौज आइपुगेका हुनाले नेपाली फौज पनि ६, ७ हजार जति नुवाकोटमा जम्मा भएका थिए। भाद्र ८ गते चिनियाँ फौज चोकदेमा बसेका दामोदर पाँडेपट्टि एकमुख, गेर्खुमा बसेका कीर्तिमानसिंहपट्टि एकमुख तथा टुध्याथुम्कापट्टि एकमुख गरी जम्मा तीनमुख गरी वेत्रावती तरी हानिएर आयो। यता नेपालीहरूले जोरसँग आक्रमण गरे। घोरघमासानको लडाइँ भयो। चिनियाँ फौज हार्दै पछि हट्यो, नेपाली फौज लखट्दै पछि लाग्यो। वेत्रावती तर्दै शत्रुहरू भागेर गए। यस लडाइँमा मर्ने लड्ने र बग्ने गरी चिनियाँ फौज १५०० जति र नेपाली ५०० जति नोक्सान भए। यसपछि टुङ्थाङले नेपाल विजय गर्ने इच्छा छोडी सन्धि गर्नेपट्टि मन दिए। आफ्नो राज्यभित्र यति वरसम्म शत्रु पसिसकेपछि नेपालीहरूलाई पनि सन्धि गर्नैमा बढिया थियो। यस सन्धिबमोजिम मिसावटी टकको दर नियत भयो। चोखा टकको र मिसावटी टकको जो झगडा उठेथ्यो, सो शान्त भई झगडाको मूल जरो काटियो। व्यापार पूर्ववत् चल्यो। वर्षेनि ५०००० रु. भोटले तिर्ने ४५ सालको सन्धिपत्र च्यातियो। स्यामर्पा लामालाई नेपालले सुम्पनुपर्‍यो। तर स्यामर्पा लामाले आत्महत्या गरेका हुनाले उनको लाश मात्र टुङ्थाङले पाए। नेपालबाट चीन बादशाहकहाँ पाँचपाँच वर्षमा राजदूत जाने बन्दोबस्त भयो। ती राजदूतको सारा बाटाखर्च चीनले कबूल गर्‍यो। यति भएपछि वि.सं. १८४९ आश्विन १४ गते टुङ्थाङ चीनतिर लागे। चीन दरबारमा नेपालबाट दूत भई काजी देवदत्त थापाहरू गए।[३] यसपछिको भोटको सम्बन्ध पछि दिइएको छ।

---

३. यस वेलादेखि ५, ५ वर्षमा चीनमा नेपाली राजदूतमण्डल जान लागेको हो। ती दूतहरूलाई पाहुनाको रूपमा चीन सरकारबाट सत्कार गरिन्थ्यो। यो रीत वि.सं. १९६५ सम्म रह्यो।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

रणबहादुर शाह

रणबहादुर शाह १८५१ सालमा २० वर्षका पुगे । यिनको जीउडाल बडो खाइलाग्दो थियो । देख्तैमा मानिसलाई वश पार्न सक्तथे । यिनको स्वभाव पनि विचित्र थियो । जेसुकै कुरामा पनि भित्तै पुग्न खोज्दथे । धर्मकर्म राजकाज न्यायनिसाफ सबै कुरा यिनका अरूका भन्दा धेरै पर पुगेका हुन्थे । ललितपुरका देगुतलेलाई विष्णु मल्लले र भक्तपुरका देगुतलेलाई भूपतीन्द्र मल्लले एक ठूलो घण्टा चढाएका थिए । रणबहादुरले ती दुवैभन्दा ज्यादै ठूलो घण्टा काठमाडौँका देगुतलेलाई चढाइदिए । कसैलाई दिनुपर्दा यी निष्फिक्रीसँग वैरिदिन्थे, कसैलाई सजाय दिनुपर्दा अत्यन्त कडाकडा सजाय दिन्थे । राजकाजमा भारदार तथा प्रजाहरूको मनोवृत्तिलाई बुझेर त्यसैअनुसार व्यवहार चलाउने स्वभाव यिनको बिलकुलै थिएन । यिनी जहाँसुकै पनि आफ्नो व्यवहार आदर्श बनाउन खोज्दथे ।

पश्चिम गढवाल राज्य नेपालको आश्रित हुन आएको र यमुनाको साँध भई सिरमौडसँग सन्धि भएको हुनाले पश्चिम सीमानामा शान्ति रहेको थियो । पूर्व टिस्टाको साँध भई सुखीम नेपालसँग दबी सन्धि गरेको हुनाले पूर्वतिर पनि शान्ति थियो । उत्तर भोटसँग पनि मिसावटी टकको पुरानो झगडा छिनिई पूर्ववत् व्यापार चल्ने सन्धि चीनको मध्यस्थताबाट भएको हुनाले शान्ति नै थियो । यस कारण १८४९ सालको आखिरीदेखि नेपालमा सर्वत्र शान्ति फैलिएको थियो ।

रणबहादुर शाहले आफ्ना कान्छा बाबु राजकुमार बहादुर शाहको हातबाट राजकाज लिन १८५१ सालको आखिरमा इच्छा प्रकट गरे । यस वेला बहादुर शाहको हातमा ठूलो शक्ति थियो । उनलाई आफ्ना भतिजाको उटपटाङ स्वभाव पनि थाहा थियो । उनले रणबहादुर शाहलाई रोक्न खोजेको भए रोक्न धेरै संभव थियो । परन्तु खुद राजालाई रोक्ता राज्यमा गृहकलह उठी राज्य कमजोर हुने डर र राज्यको भार आफूले बोक्नुपर्दा रणबहादुर शाहको स्वभाव पनि सुध्रने आशा भएकोले बहादुर शाहले सुरुक्क राज्यभार सुम्पिदिए ।

पाल्पाली राजा महादत्त सेनले नेपाललाई १८४३ सालमा मद्दत गरेका हुनाले त्यसको बदला उनले गुल्मी आदि ३ राज्य पाएका थिए । गुल्मीका राजा शिव

CC-0. Nepal Sanskrit Academy, Kathmandu

शाहका नातिनी राजराजेश्वरीदेवीसँग रणबहादुरको विवाह बहादुर शाहले गराइदिएका थिए। रणबहादुरले आफूले राज्याधिकार लिएपछि महादत्त सेनका छोरा पृथ्वीपाल सेनलाई दबाएर गुल्मीको राज्य आफ्ना जेठान सिद्धिप्रताप शाहलाई फिर्ता गराइदिए। यो कामले पृथ्वीपाल सेनसँग मित्रताको सम्बन्ध शिथिल भयो।

प्युठानको तराई स्युराज नेपालमा मिल्दा त्यहाँ बाँसीका राजाले उठाएको गडबडको कुरा माथि परिसकेको छ। अहिले पाल्पाली राजा पृथ्वीपाल सेन रणबहादुरसँग अप्रसन्न भएको मौका छोपी बाँसीका राजाले फेरि स्युराजमा आफ्ना फौज पठाई १८५३ सालमा कब्जा गर्न खोजे। त्यस वेलाका प्युठानका शासक रणजीत कुँवरले बाँसीका फौजलाई पिटपाट पारी धपाइदिए। आफ्नो जोर नचल्ने देखी बाँसीका राजाले लखनौका नवाबलाई उठाई झगडा बढाउन खोजेका थिए। परन्तु नवाब पनि यस समय नेपालीसँग लड्न चाहँदैनथे। यसैले झगडा मस्याङ्ग्रिएर गयो।

बहादुर शाहले राज्यभार रणबहादुरलाई सुम्पिदिएका भए तापनि मन्त्रिपरिषद्मा सबभन्दा ठूलो मान बहादुर शाहकै थियो। स्वाभाविक चातुर्य, नीतिज्ञता तथा पृथ्वीनारायणका छोरा हुनु इत्यादि उनका इज्जतका कारण थिए। बहादुर शाहले आफ्ना शासनकालमा धेरै भारदारहरूलाई प्रसन्न राखेका थिए। त्यस कारण पनि धेरै भारदारहरू उनलाई आदर तथा स्नेहका दृष्टिले हेर्दथे। रणबहादुर शाहको फजूल खर्चले गर्दा २, ३ वर्षमै ढुकुटी रित्तिँदै गएको थियो। उनलाई चाहिने पैसा कम्ती हुँदै गयो। बहादुर शाहको अर्ती शिक्षा पनि विषमय भएको हुनाले रणबहादुरले बहादुर शाहसँग उनले शासन गरेको वेलाको जम्मै बही बुझ्ने कुरा उठाए। उनको विचारमा बहादुर शाहले पैसा लुकाई राखेका छन् भन्ने घुसेको थियो। परन्तु लडाइँभिडाइमा खर्च भएको त्यत्रो विशाल सेनाको खर्च र भित्री मुलुकी खर्चको पनि तुरुन्तै हिसाब बुझाउन सम्भव थिएन। आखिर यही निहुँले बहादुर शाह नजरबन्द गरिए। त्यसमा अरू भारदारहरूको चित्त दुखेको देखी रणबहादुर शाहले झन् कडा गरे। आखिरमा ४ महीना जति नजरबन्द भई १८५४ साल आषाढमा बहादुर शाहले आफ्नो गलामा पासो बाँधी संसारलाई छोडिदिए।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

बहादुर शाहको जन्म १८१४ सालमा नुवाकोटमा भएको थियो । यिनको शीलस्वभाव बडो राम्रो थियो । यिनी मानिससँग बोल्दा बडो हँसिलो चाल र नम्रताको व्यवहार गर्दथे । राजकाजको तत्त्वलाई यिनी बालककालदेखि नै राम्रोसँग बुझ्ने भएका थिए । यिनको विवाह पाल्पा राजकुमारीसँग भएको थियो । पृथ्वीनारायण शाहको शेषपछि दाज्यूसँग खडबड परी बहादुर शाहले विदेशिनुपरेको थियो । १८, १९ वर्षदेखि १०, १२ वर्षसम्म विदेशमा घुमन्ता भई हिँडेका हुनाले सांसारिक परिस्थितिदेखि यिनी राम्रोसँग परिचित थिए । यिनी सकभर सबैसँग मित्रताकै व्यवहार गर्दथे । यिनले नेपाल राज्यको बागडोर आफ्ना हातमा राम्रोसँग लिएको १८४३ सालमा हो । पृथ्वीनारायणले छोडेको १२ वर्ष भइसकेको भए तापनि राज्य प्रायः बढ्न सकेको थिएन । कहिले बढि-हाले तापनि घटिहाल्थ्यो । यिनले आफ्नो ७ वर्षकै शासनकालमा पृथ्वीनारायणले छाडेको नेपाललाई करीब तेब्बर बनाइदिए । पश्चिम यमुनादेखि पूर्व टिस्टासम्म नेपालको झण्डा फरफराउन लाग्यो । चीन जस्तो विशाल साम्राज्यले भरखर उभिन लागेको नेपालको जरो उखाड्ने इच्छा गर्दा हरेस खाई फर्कनुपऱ्यो । दक्षिणतिर अवधका नवाबले पनि सकभर नेपालसँग मित्रताकै व्यवहार गर्ने नीति लिएका थिए । अंग्रेजहरू पनि नेपालसँग विरोध गर्न दच्कन लागेका थिए । सो सबै बहादुर शाहको बुद्धि र योग्यताको फल थियो । बहादुर शाहले मुलुक मात्र जितेका होइनन् । भित्री शासनप्रबन्धको पनि यिनले खूब राम्रो बन्दोबस्त बाँधेका हुन् । सकभर पुरानो राज्यलाई नउडाई त्यसलाई आश्रितसम्म बनाउने यिनको नीति थियो । यिनकै यस नीतिको फलस्वरूप पाल्पा, मुस्ताङ, जाजरकोट, सल्याना, बझाङ, गढवाल इत्यादि अनेक राज्यहरू नेपालको आश्रित राज्य हुन आएका हुन् । यी आश्रित राज्यहरूमध्ये अनेक राज्यहरू अझसम्म नेपालका अङ्ग भइरहेकै छन् । पुराना व्यवस्थाहरूलाई छिन्नभिन्न गराउने नीति बहादुर शाहको थिएन । यसैको फलस्वरूप त्यति चाँडै जितिएको राज्यमा नेपालको खुट्टा जमेको हो । ७, ८ वर्षको छोटो समयमा उसमाथि लडाइँभिडाइको त्यस मारामारमा पनि बहादुर शाहले विद्यापट्टि पनि प्रशस्त ध्यान दिएका थिए । यिनका आश्रयमा कैय्यन् ठूलाठूला विद्वान्हरू थिए । बहादुर शाहका आज्ञाले वाणीविलास, लक्ष्मीपति, शक्तिवल्लभ आदि विद्वान्हरूले उच्चकोटीका

CC-0. Nepal Sanskrit Academy, Kathmandu

ग्रन्थ लेखेर छोडेका छन् । नेपाली भाषामा पनि उच्चकोटीको ग्रन्थ लेखाउने सर्वप्रथम बहादुर शाह नै हुन् । कैय्यन् वर्षदेखि रोकिएको भोटसँगको व्यापार पनि यिनैको उद्योगले चल्न लाग्यो । नेपालमा नयाँनयाँ हतियार तथा तोपहरू बनाउने, ढलाउने काममा पनि बहादुर शाह दत्तचित्त थिए । छिन्नभिन्न भएको नेपाल राज्यलाई एकतामा बाँध्ने जो सुन्दर प्रयत्न पृथ्वीनारायण शाहले उठाएथे, त्यसलाई बहादुर शाहले पूरा गरिदिए ।

रणबहादुर शाहका पट्टमहिषी राजराजेश्वरीदेवीबाट छोरा भएका थिएनन्, छोरी मात्र थिए । रानी सुवर्णप्रभापट्टि रणोद्योत र समरशेरनामक दुइ छोरा थिए । तिरहुतसुन्दरी महारानी कान्तवतीदेवीबाट गीर्वाणयुद्धविक्रमको जन्म भएको थियो । रणबहादुर शाहले आफ्नो २४ वर्षको उमेरमा आफ्नो प्रेमको प्रकट रूप १८५५ फाल्गुनमा डेढ वर्षका बालक गीर्वाणयुद्धविक्रम शाहलाई राजगद्दी दिए । ३, ४ वर्षका बालक रणोद्योत शाह र समरशेर शाहलाई चौतरिया (मन्त्री) बनाए । यी बालक राजा र चौतरियाबाट राजकाज चल्न संभव थिएन । यसैले राजकाजका लगि रणबहादुर शाहले आफ्ना भाइ विदुर शाह र शेरबहादुर शाह, आफ्ना गोतिया कृष्ण शाह, बलभद्र शाह, बम शाह, ज्यान शाह तथा दामोदर पाँडे, अभिमानसिंह बस्नेत, कीर्तिमानसिंह बस्नेत, रणजीत पाँडे, रणबम पाँडे, नरसिंह गुरुङ, त्रिभुवन प्रधान आदि भारदारहरूको एक मन्त्रिपरिषद् बनाए । यिनको देखरेख महारानी राजराजेश्वरी र रानी सुवर्णप्रभाको हातमा रह्यो । यिनीहरू सबैलाई धर्म भकाई गीर्वाणयुद्धका कट्टर भक्त पनि रणबहादुरले बनाए । उनी आफूचाहिँ राजकाज छोडी महानिर्वाणानन्द स्वामीका नामले यताउति रहन लागे । वास्तवमा त्यस किसिमको अध्यक्ष नभएको मन्त्रिपरिषद्बाट काम चल्नु साह्रै गाहारो थियो । उसमाथि राजा दूधे बालक थिए । रणबहादुर शाह चटक्क सबै अधिकार छोड्न पनि तयार थिएनन् । मन्त्रिपरिषद्को काममा बीचबीचमा हात हाली शासन उलटपुलट पारिदिन पनि उनी गाहारो मान्दैनथे । यसबाट मन्त्रीहरूमा गोलमाल उठ्न केही बेर थिएन । इत्यादि काम गरेर रणबहादुर शाहले वास्तवमा आफ्नो खुट्टामा आफैँले बञ्चरो हाने ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

महारानी कान्तवतीलाई क्षयरोग लाग्दा उनैलाई प्रसन्न पार्न उनका पुत्र गीर्वाणयुद्धविक्रमलाई रणबहादुर शाहले राजगद्दी छोडेका थिए । पछि रोगले ढाक्तै गएपछि उनको उपचारको निमित्त रणबहादुरले हुनसम्म गरे । बडेबडे वैद्य, धामी, झाँक्री, जान्ने कुनै बाँकी रहेनन् । नेपालमा भएभरका देवदेवताको आजापूजा भयो । जतिजति उनको रोग बढ्दै गयो, उतिउति रणबहादुरमा रिसको मात्रा बढ्दै गयो । यही झोँकमा नेपाल राज्यमा भएभरका गिद्धलाई समाती मार्नू भन्ने हुकूम रणबहादुरको भयो ।

आखिर १८५६ साल कार्तिकमा महारानी कान्तवतीको देहान्त भयो । त्यसपछि त रणबहादुरको होसहवासै उडे जस्तो भयो । अगि निको पार्छौं भन्ने वैद्यहरूलाई कडाकडा दण्ड दिनु, पुजाहारीहरूलाई दुःख दिनु, देवताहरूको अपमान गर्नु इत्यादि उनका साधारण काम हुन गए । दुनियाँलाई खपिशक्नु भएन । उनले बनाएका मन्त्रिपरिषद्का मन्त्रीहरू पनि डरले थरथर हुन लागे । कतिले त मुगलान पसी ज्यान जोगाए । यस हाहाकारको अवस्थामा केही नलागी मन्त्रिपरिषद्का धेरै मन्त्रीहरूले गीर्वाणयुद्धको सवारी १८५६ साल माघमा नुवाकोट पुऱ्याई राजधानी नै सारिदिए । अब रिसले आगो भएर रणबहादुर आफ्ना पक्षमा लागेका केही भारदारका सहायताले फौज जम्मा गरी नुवाकोटमा आक्रमण गर्ने प्रबन्धमा लागे । उनले आफ्नो किल्ला पाटन पुलचोकमा बनाए । उपद्रवले दुनियाँ आजित भइसकेका र भारदार तथा महारानीहरू पनि रणबहादुरदेखि वाक्क भइसकेका हुनाले उनको उद्योग सफल भएन । यता आफ्नो केही नलाग्ने देखी रणबहादुर शाह यहाँबाट हिंडी १८५७ साल ज्येष्ठमा काशी पुगे ।

यसरी रणबहादुर शाह काशी गइदिनाले मन्त्रिपरिषद्का भारदारहरू अक्कनबक्क परे । उनीहरूको विचार रणबहादुर राजसी इज्जतमा नेपालमै रहून्, खालि राजकाजसम्ममा हात नहालिदिऊन् भन्ने थियो । मन्त्रीहरूले राजधानी काठमाडौँमा सारे । महारानी राजराजेश्वरीदेवी रणबहादुरकै पछिपछि लागी गइन् । भीमसेन थापा, बालनरसिंह कुँवर, दलभञ्जन पाँडे आदि अनेक भारदार रणबहादुरसँगै काशी पुगे । पछिपछि यिनका इष्टमित्र पनि जान लागे ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

बालक राजा गीर्वाणयुद्धविक्रमलाई काखमा राखी रानी सुवर्णप्रभाले राज्यको बागडोर आफ्नो हातमा लिई बम शाह, दामोदर पाँडे, कीर्तिमानसिंह बस्नेत आदि भारदारहरूको सल्लाहबाट राजकाज चलाउन लागिन् । यत्तिकैमा महारानीको जोडले कीर्तिमानसिंहको जताततै अधिकार बढ्दै गयो । त्यो खप्न नसकी कुनै मानिसले देखा नभई उनको गुप्त हत्या गरिदियो । काजी कीर्तिमानसिंह काजी केहरसिंह बस्नेतका छोरा तथा काजी कालु पाँडेका दौहित्र हुन् । यिनका मामा काजी दामोदर पाँडे बडा शक्तिशाली पुरुष थिए । मामा-भानिजको पेट मिलेको थिएन । यसैले यस हत्यामा पाँडेहरूको पनि हात छ भन्ने शङ्का रानी सुवर्णप्रभालाई पऱ्यो । दामोदरका छोरा तथा अरू दुइ भारदारहरू पनि पक्रिए । यस वेला दामोदर राजधानीबाहिरै थिए । यो खबर पाई रातरात गरी राजधानी उत्रे । पुर्पक्ष जोरिँदा दामोदरको पक्ष निर्दोष सिद्ध भएकाले तिनीहरूलाई रानीले छोडिदिइन् । काजी प्रतिमन राना आदिले सजाय पाए । यसपछि डिट्ठा सुबुद्धि खड्का काजी भई रानी सुवर्णप्रभाका हजुरिया मन्त्री भए ।

यता यस्तो हालत थियो । उता रणबहादुर शाहको डरले सबै भारदारको मुटु ठोक्तथ्यो । उनी परै बसे जाति हुने थियो भन्ने सबैको मन थियो । त्यसैले यसै बखत रणबहादुर शाहलाई काशी खर्च पुऱ्याइदिन र उनलाई उहीँ राख्न दामोदरहरू उपाय खोज्न लागे । अंग्रेजहरू पनि नेपालमा घुस्न दाउ खोजिरहेका थिए । यही कारण नेपाल र अंग्रेजको एक नयाँ सन्धि भयो ।

उता काशी पुगेर पनि राजराजेश्वरीले सुखसँग बस्न पाइनन् । केही दिनमै रणबहादुरले उनलाई अपमान गरी पठाइदिए । यता नेपालमा पाइलो हाल्नासाथ उनलाई सीमानामै रोक्ने आज्ञा सुवर्णप्रभाबाट गएको थियो । सीमाना नाघ्नासाथ उनका साथमा आएका केही सिपाहीहरू पक्रिए । सीमानामा केही दिन यताउति गरी निर्भय चित्तले १०, ८ जना सुसारेका साथ राजराजेश्वरी नेपालभित्र पसिन् । बाटमा उनलाई रोक्न सैन्य खटिएको थियो । तर जताततै दुःखले आकुल भएकी महारानीले हातमा खुकुरी लिई "लौ आइज, राजाकी सिँधुर हालेर ल्याएकी स्वास्नीलाई रोक्न कसको तागत छ" भनी गड्कँदा रोक्न गएका सिपाहीहरू लाजले अधोमुन्टो लगाई यताउति लागे । उनी निर्विघ्नपूर्वक

CC-0. Nepal Sanskrit Academy, Kathmandu

१८५८ को हिउँदमा काठमाडौँमा भित्रिइन् । उनको साहस र पातिव्रत्य आदि देख्ता धेरै भारदारहरूको हृदय उनीतिर लहसिएको थियो । रानी सुवर्णप्रभाका हातबाट राज्यको बागडोर राजराजेश्वरीको हातमा पुग्यो । उनले अगि आफूलाई बाटामा रोक्नु इत्यादि दुःख दिएको कुरा लिई कसैलाई दुःख दिइनन् ।

महारानी राजराजेश्वरीले काजी दामोदर पाँडेलाई आफ्नो हजुरिया मन्त्री बनाइन् । विशेष गरेर राजकाज उनका सल्लाहबाट चल्न लाग्यो । रणबहादुरले जस्तो गरे तापनि राजराजेश्वरी एक पतिव्रताका हैसियतले उनको भित्र दिलैदेखिन् असल चिताउँथिन् । बिस्तारबिस्तार उनले आफ्ना चातुर्यले धेरै मन्त्रीहरूलाई आफ्ना पक्षमा मिलाइन् । बम शाह आदि भारदारहरू रणबहादुरलाई नेपाल फर्काउने पक्षमा लहसिन लागे । यता अंग्रेजहरू पनि त्यस सन्धिबाट छिद्र भेट्टाई लाभ लिन नसकेकाले उराठ हुँदै गएका थिए । अंग्रेजसँगका सन्धि राजराजेश्वरीलाई मन परेको थिएन । १८५९ सालको हिउँदमा अंग्रेजहरूले सन्धि तोडिदिए । यताबाट रणबहादुरलाई काशीमा रोक्न कुनै शक्ति रहेन । यति भएपछि रणबहादुरलाई नरोक्ने कुरामा झन् धेरै भारदारहरू लहसिए । यस वेलाका मन्त्रीहरूमा दामोदर पाँडे बडा बुज्रुक थिए । यिनी काजी कालु पाँडेका छोरा हुन् । बहादुर शाहको शासनकालमा यिनले ठूलाठूला बहादुरी देखाएका थिए । पश्चिमको विजयमा, डिगर्चाको लडाइँमा तथा चीनसँगको लडाइँमा पनि यिनले खूब नाम कमाएका हुन् । दामोदरका शारीरिक शक्तिको बारेमा अचम्मका कथा सुनिन्छन् । भेडासिंहको नाउदेवलको जङ्गी ढुङ्गे साँढेलाई यिनी जुरुक्कै उचाल्दथे भनी मानिसहरू भन्दछन् । यिनका अक्षर पनि राम्रा थिए । यिनी बहादुर शाहको नीतिका पक्का अनुयायी थिए । राजराजेश्वरीप्रति यिनको श्रद्धा थियो । तर राजराजेश्वरी पातिव्रत्य धर्ममा चुर्लुम्म डुबेकी थिइन् । दामोदर सबै कुरालाई बुद्धिपूर्वक विचार गर्दथे । रणबहादुर शाहको उज्जण्ड स्वभाव यिनले राम्रोसँग बुझेका थिए । यसैले यिनी आखिरसम्म रणबहादुर शाहलाई रोक्ने पक्षमा नै थिए । रणबहादुर नेपाल आउँदा कसैलाई पनि लाभ हुनेछैन भन्ने उनको भनाइ थियो ।

परन्तु बम शाह, रणजीत पाँडे, वक्तुवारसिंह बस्नेत, अम्बरसिंह थापा (बूढा)हरू दामोदरको पक्षको विरोध गर्न लागे । दामोदरले पनि ती भारदारहरूलाई

CC-0. Nepal Sanskrit Academy, Kathmandu

हनूमान्ढोका भँडारखालमा नजरबन्द गरे। यसरी नेपालमा गृहकलह शुरू भएको र आफ्ना पक्षमा धेरै भारदार लहसिएको सुनी रणबहादुर शाह नेपाल फर्कने तारतुममा लागे। यसमा सारा बन्दोबस्त मिलाउने भीमसेन थापा थिए। आखिर १८६० साल फाल्गुनमा एक्कासि काशीबाट रातारात गरी ६ दिनैमा रणबहादुर शाह काठमाडौँ उत्रे। यति चाँडै आइपुग्लान् भन्ने दामोदरले विचार गरेका थिएनन्। रणबहादुरका साथमा ५, ७ जना भारदार थिए। यता स्वयं महारानी उनकै पक्षमा थिइन्। शेरबहादुर शाह आदि बडेबडे भारदार रणबहादुर शाहकै पक्षपाती भइसकेका थिए। रणबहादुर राजधानी काठमाडौँमा उत्रिसकेका थिए। यस अवस्थामा दामोदरलाई बडो संकट पऱ्यो। आखिर दामोदर साहसपूर्वक फौज लिई रणबहादुरलाई भेट्न पुगे। उनको मनसाय हाँ हूँ गरी रणबहादुरलाई सम्झाई बुझाई ५६ सालकै हैसियत (गीर्वाणयुद्धलाई राज्य सुम्पी स्वामी बनी बसेकै हैसियत)मा राख्ने थियो। परन्तु यस बखत दामोदरको पक्ष निर्बल भइसकेको थियो।

३, ४ वर्ष बितिसकेको हुँदा रणबहादुरको उज्जण्डता साधारण सिपाही र दुनियाँहरूले बिर्सिसकेका थिए। रणबहादुर आफैँ फौजको अगाडि खडा हुँदा सिपाहीहरू अधोमुन्टो लाई चूपचाप रहन लागे। रणबहादुरका अनुयायीहरूले दामोदरलाई पक्रे। दामोदरका अनुयायी चौ. अमर शाही, टकसारी भीम आदि भारदार पनि पक्रिए। आखिर एउटा भारी भारदारी रणबहादुरले गरे। त्यसमा दामोदर पाँडेहरूका उपर राजद्रोहको मुद्दा लाग्यो। दामोदर पाँडे, उनका दुइ छोरा, टकसारी भीम आदि ७, ८ जना भारदार र तिनका अनुयायीहरू काटिए। चौ. अमर शाह आदिका परिवारहरूलाई साह्रै बेइज्जत गरी कसैलाई कैद र कसैलाई हेलम्बुमा निकाला गरिदिए। रणबहादुर शाह अब आफ्ना पुत्र गीर्वाणयुद्धविक्रमको प्रतिनिधि भई स्वामी निर्वाणानन्द महाराजका नामले राजकाज चलाउन लागे। परन्तु उनी राजकाजको बोझ आफ्नै टाउकामा बोकेर बस्न खोज्दैनथे। यसैले राजकाजको सारा अभिभारा उनले भीमसेन थापालाई सुम्पिदिए। सुबेदार भीमसेन थापालाई प्रधानमन्त्रीको पद उनले काशीमै दिएका थिए।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

भीमसेन थापाका बाज्ये वीरभद्र थापा, पृथ्वीनारायणका राजदूत भई कास्कीमा बसेका थिए। रणबहादुर र भीमसेन थापाको जन्म एकै सालमा भएको हो। यिनीहरू दौँतरी साथी थिए। काशीमा र उहाँबाट फर्कँदा पनि सारा बन्दोबस्त भीमसेनले मिलाएका थिए। यसैबाट रणबहादुरले भीमसेनलाई मुख्य कज्याइँ र उनका पिता तथा भाइहरूलाई पनि ठूलाठूला इज्जत दिए।

काशीमा आफ्ना पछिपछि गएका बालनरसिंह कुँवर, दलभञ्जन पाँडे तथा काशीबाट आफ्ना पछिपछि आएका रङ्गनाथ पण्डितज्यू आदि भारदारहरूको रणबहादुरले कदर गरे। यहाँ नजरबन्द भएका रणजीत पाँडे, बम शाह आदि भारदारहरू पनि राजभक्त सिद्ध भई नजरबन्दबाट छुटी आफ्ना आफ्ना इज्जतमा रहे।

१८४९ सालमा काजी जगजीत पाँडेले गढवाली राजा प्रद्युम्न शाहसँग जो सन्धि गरेका थिए, सोहीअनुसार वर्षको २५ हजार रुपियाँ गढवालीले नेपाललाई बुझाउनुपर्दथ्यो। परन्तु रणबहादुर शाह काशी पुगेका र भारदारहरूमा गृहकलह भएको हुँदा नेपाललाई कमजोर संझी २, ३ वर्ष यतादेखि प्रद्युम्न शाहले सो कर बुझाउन छोडेका थिए। आफ्नै घरभित्र फुट भएको हुनाले त्यस बखत दामोदर पाँडेले पनि प्रद्युम्न शाहका विरुद्ध केही गर्न सकेका थिएनन्। रणबहादुर शाहले चौ. हस्तदल शाह र काजी अम्बरसिंह थापालाई गढवालबाट सन्धिबमोजिमको सो कर उठाउन १८६१ साल वैशाखमा खटाए। प्रद्युम्न शाहले कर तिर्नपट्टि नलागी लडाइँ गरी नेपालीलाई हटाउने उद्योग गरे। नेपाली फौजले गई पहिले गढवालको राजधानी श्रीनगर दखल गऱ्यो। राजा प्रद्युम्न शाह भागी आफ्ना सुनचाँदी बेची १२००० सिपाहीको पल्टन जमाई लडाइँ गर्न आए। देहरादूननिर १८६१ साल कार्तिकमा ठूलो लडाइँ भयो। गोली लागी प्रद्युम्न शाह वीरगतिमा पुगे। प्रद्युम्न शाहका भाइछोराले सुइँकुच्चा ठोके। प्रद्युम्न शाहका एक जना भाइ प्रीतम शाह[४] खुट्टामा गोली लागी नेपालीहरूका कैदी भए। यति भएपछि सम्पूर्ण गढवाल राज्य सोझै नेपालभित्र मिल्न आयो।

---

४. यी प्रीतम शाहलाई केहीपछि डोटी, कुमाउका शासक चौ. बम शाहले आफ्नी छोरी बिहे गरिदिई घरजुवाइँ बनाई राखेका थिए।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

वि.सं. १६१० को लगभगमा मुकुन्द सेनको देहान्त भएपछि उनका भाइछोराहरूमा गडबड हुँदा उनका जेठा छोरा माणिक्य सेनले पाल्पाको मूल राजगद्दी र अर्का छोरा विनायक सेनले विनायकपुर (बुटौल)को अधिकार गरेको कुरा अघि नै बयान गरिएको हो। माणिक्य सेनका पनाति पृथ्वी सेनका सन्तान नहुँदा विनायक सेनका जनाति अम्बर सेनले वि.सं. १७१० तिर पाल्पा पनि आफ्ना राज्यमा मिलाए। यसै वेलादेखि पाल्पा र बुटौल एकै राज्यमा मिल्यो। यिनका छोरा गन्धर्व सेन (पृथ्वीनारायणका मातामह)ले खाँची र गुल्मीका सहायताले बलढ्याङ्गका मगरहरूलाई आफ्ना अधिकारमा ल्याएका हुन्। गन्धर्व सेनका पनाति राजा महादत्त सेन पनि बलिया शासक थिए। अवधका नवाब आसफुद्दौला यिनका मित्र थिए। यिनले धेरै चौबीसी, बाईसी राजाहरूको सहायताले १८३८-३९ तिर गोरखामा ठूलो आक्रमण गरेका हुन्। तर चौ. बलभद्र शाहहरूले त्यो बल हटाएको कुरा माथि लेखिसकिएको छ। यस हारले गर्दा चौबीसीहरूको शक्ति क्षीण भयो र काजी अभिमानसिंह बस्नेतले १८४० सालको निगल्दोमा पाल्पा दख्खल गरेका हुन्। तर फेरि पाल्पालीहरूले उनीहरूलाई धपाए। यसको केही दिनपछि बहादुर शाहको हातमा नेपालको बागडोर आएको हो। यिनले महादत्त सेनकी छोरीसँग बिहे गरेका थिए। उनको नीति पनि कुनै राजालाई राज्यच्युत गराउनुभन्दा आफ्नो आश्रित बनाउनामा धेरै ढल्केको थियो। यसले गर्दा उनको प्रयत्नले महादत्त सेन चौबीसीदेखि फुटी नेपालसँग मिल्न आएथे। चौबीसी, बाईसी राज्य नेपालमा मिल्न आएपछि गुल्मी, अर्घा, खाँची तीन राज्य पाल्पामा मिलेका हुन्। महादत्त सेनपछि उनका छोरा पृथ्वीपाल सेन पाल्पाका राजा भए।

गीर्वाणयुद्धविक्रम शाहको राज्याभिषेकमा राजा पृथ्वीपाल सेनलाई पनि रणबहादुर शाहले निम्तो गरेका थिए। रणबहादुरले काशीबाट आफ्नो सहायताका लागि पृथ्वीपालसँग प्रार्थना गरेथे। तर पृथ्वीपाल बहादुर शाहकै पालादेखि दामोदर पाँडेसँग प्रसन्न थिए। यस कारण यस वेला पनि दामोदरकै पक्ष लिई रणबहादुरको प्रार्थना आलटाल गरी बिताइदिए। यसैले रणबहादुर पृथ्वीपालदेखि भित्र जलेका थिए। काशीबाट फर्की आफ्नो हातमा फेरि शक्ति आएपछि रणबहादुरले पृथ्वीपाललाई उनकी बहिनीसँग आफूले बिहे गर्ने निहुँले राजधानीमा बोलाए।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

विश्वास मानी ४०० सिपाहीका साथ १८६१ सालको निगल्दोमा काठमाडौँ उत्रेका पृथ्वीपाल सेन रणबहादुरका आज्ञाबमोजिम पाटन दरबारमा नजरबन्द रहे।

यता १८६३ साल वैशाखमा रणबहादुरको हत्या भएपछि हत्याकारी शेरबहादुरको मद्दतगारी ठहरिएकाले पृथ्वीपाल सेनले पनि प्राणदण्डको सजाय पाए। उता पाल्पा दख्खल गर्न काजी अम्बरसिंह (भीमसेन थापाका पिता) र काजी दलभञ्जन पाँडेहरू खटिएका थिए। उनीहरूले सजिलैसँग पाल्पा दख्खल गरी नेपाल राज्यमा मिलाए।

परन्तु पाल्पाविजय नेपाललाई शुभदायक भएन। आफ्ना मित्र राजासँग यसरी विश्वासघात गरेको देखिन आयो। यसले गर्दा धेरै आश्रित राज्यहरू शत्रुका कुरा सुनी भड्कने संभव भयो।

पाल्पाका राजपरिवारहरूलाई अंग्रेजहरूले भड्काउनसम्म भड्काए। नाना किसिमले भड्काउने र आशा देखाउने काम यिनीहरू गर्दथे। आखिर अंग्रेजी राज्यमा बसी आफ्नो भलो केही नहुने देखी मरे पनि आफ्नो देशमा मर्नु जाति भनी पाल्पाली राजाका धेरै परिवारहरू पाल्पै फर्के। उनीहरूलाई त्यहाँका शासक काजी अम्बरसिंह थापा (भीमसेन थापाका पिता)ले उदारतापूर्वक चाहिँदो कुराको बन्दोबस्त मिलाई राखिदिएथे।

भीमसेन थापा बडा उत्साही थिए। उनको मुख्य दृष्टि मजबूत पल्टन जमाउने काममा लागेको थियो। नेपालको दक्षिण सीमानामा अंग्रेजहरूको प्रभाव बढ्दै गएको र उनीहरूको नेपालमाथिको कुदृष्टिले तथा पश्चिमतिर सीख फौजको मजबूत संघटनले गर्दा नेपालमा एक बलियो स्थायी सैन्यशक्ति अवश्य चाहिन्छ भन्ने उनको विचार सत्य पनि थियो। अगिअगि नेपालमा काजी सर्दार आदि भारदारहरूको मातहतमा उनीहरूकै घरमा तोप, बन्दूक, धनु, खुँडा आदि हतियार रहन्थे तथा ती हतियार चलाउने सिपाहीहरू पनि उनीहरूकै मातहतमा रहन्थे। ती सबैलाई जग्गा भर्ना सर्कारबाट भारदारहरूको जिम्मामा दिइएको हुन्थ्यो। राज्यमा केही काम पर्दा ती भारदारहरूलाई बोलाहट जान्थ्यो। उनीहरू आफ्ना आफ्ना मातहतका सिपाही तथा हातहतियार लिई सामेल हुन्थे। तर यस किसिमबाट जम्मा भएका सबै सिपाहीमा एकै किसिमको तालीम नरहने हुँदा जम्मैलाई सोझै राज्यबाट एकै किसिमको तालीम गर्ने तथा नयाँनयाँ हतियार

CC-0. Nepal Sanskrit Academy, Kathmandu

बनाउने र फौजको संख्या पनि बढाउने भीमसेन थापाको विचार थियो । तर यी सबै कामका लागि धनको आवश्यकता थियो । चाहिने जति धन राजकोषमा थिएन । सालबसालको आम्दानी साबिकदेखिकै कामलाई ठीक हुन्थ्यो । यस कामका लागि माफी बिर्ता खानेहरूबाट केही सालका लागि सर्कारले सो बिर्ता लिई चाहिने हतियारहरू जोरजाम गरी सैन्य मजबूत बनाएपछि सो बिर्ता फिर्ता दिने प्रस्ताव भीमसेन थापाले गरे । उनको लक्ष्य काँगडा हात आएपछि सो बिर्ता फिर्ता दिउँला भन्ने थियो । रणबहादुर शाहको यसमा मञ्जूरी भयो । माफी बिर्ता खाने त्यस समयमा धेरैजसा ब्राह्मणै थिए । त्यस वेला सर्कारिया कुनै पाठशाला थिएनन् । ब्राह्मणहरू त्यही माफी बिर्ता खाई विद्याको पठनपाठन गर्दथे । सो बिर्ता हरिएको खण्डमा पठनपाठनमा विघ्न हुने धेरै संभव थियो । यस कारण धेरै भारदारहरूको यसमा चित्त बुझेको थिएन । तथापि ज्यादै आवश्यक परेको र राजाको अनुमतिसमेत भएको हुनाले ती जग्गा सरकारले केही वर्षका लगि भनी आफ्नो हातमा लियो । यसैलाई बासठ्ठीहरण[५] भन्दछन् । यसले धर्मभीरु भारदार तथा दुनियाँहरूको मनमा अनिष्टको आशङ्का गरायो ।

रणबहादुर शाहले राज्यको सारा अधिकार भीमसेन थापालाई सुम्पिदिएका थिए तापनि राजकाजमा बराबर आफू पनि हात हाल्दथे । काशीबाट फर्केपछि १ वर्षसम्म उस्तो प्रचण्ड काम केही देखाएनन् । परन्तु पछि अलिअलि गरी उनको झोँक प्रचण्ड हुँदै आयो । जुन पट्टमहिषी महारानी राजराजेश्वरीदेवीको पातिव्रत्यको प्रभाव र युक्तिबुद्धिले गर्दा रणबहादुर शाहले आफ्नो हातबाट गइसकेको अधिकार फेरि पाएथे, उनै महारानी १८६१ सालको हिउँदमा रणबहादुरका आज्ञाले नजरबन्द भइन् । केही दिनपछि राजधानीबाट हेलम्बुमा निकाला गरिइन् । १८६२ सालको हिउँदमा नेपाल राजधानीमा शीतलाको प्रकोप बढ्यो । रणबहादुरका आज्ञाले काँचा (नखोपाएका, बिफर नआएका) केटाकेटी जति पक्रिँदै राजधानीबाट निकाला गरिए । परन्तु यस्ता कामबाट दुनियाँमा हाहाकार मच्चिनुसिवाय अरू केही हुँदैनथ्यो । बिस्तारबिस्तार असंतुष्ट भारदारहरूको संख्या बद्दै गयो । चौ. श्रीकृष्ण शाह आदि ठूलाठूला भारदारहरू नजरबन्द हुँदै गए ।

---

५. हरिएका यी बिर्तामध्ये केही पछि राणाहरूको शासनकालमा फिर्ता भएथ्यो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

असंतुष्ट भारदारहरूले कुनै गुप्त जालको प्रबन्ध गरेको शङ्का पाई रणबहादुर शाह आफ्ना भाइ शेरबहादुर शाहबाट त्यस विषयको कुरा थुत्ने छलफल गरिरहेका थिए। काजी त्रिभुवन प्रधानको घरमा (रणमुक्तेश्वरमा) भारादारी लागेको थियो। रातको मौका थियो। कुरैकुरामा रणबहादुरका मुखबाट दुर्वाच्य र प्राणदण्डको आज्ञा निस्कनासाथ शेरबहादुरले गुप्ती तरवारले हानी रणबहादुरलाई घायल पारे। रणबहादुरका अङ्गरक्षक काजी बालनरसिंह (जङ्गबहादुरका पिता)का हातबाट शेरबहादुर तुरुन्त मारिए। शेरबहादुरका दाज्यू चौ. विदुर शाह पनि भाइका मद्दतगार ठहरिएकाले तुरुन्तै मारिए। घाउको चोटले गर्दा भोलिपल्टै १८६३ साल वैशाख १५ गतेका दिन रणबहादुर शाहको पनि ३१ वर्षकै चढ्दो उमेरमा प्राण गयो। यसरी रणबहादुर शाह, विदुर शाह र शेरबहादुर शाह यी तीनै भाइ एकैपल्ट स्वर्ग पुगे। हेलम्बुबाट आई राजराजेश्वरी रणबहादुर शाहका साथ सती गइन्। शेरबहादुरका मद्दतगार को को रहेछन् भनी जाँच गर्न भारी भारदारी बस्यो। काजी नरसिंह गुरुङ, काजी त्रिभुवन प्रधान, खजाञ्ची जगजीत पाँडे आदि भारदारहरू शेरबहादुरको पक्षमा लागेको देखिनाले उनीहरूले प्राणदण्डको सजाय पाए। दुर्भाग्यवश पाटन दरबारमा नजरबन्द रहेका पाल्पाली राजा पृथ्वीपाल सेनको पनि शेरबहादुरसँग गुप्त संबन्ध देखिएको र त्यसै अपराधले गर्दा उनको प्राण पनि गएको कुरा माथि परिसकेको छ।

गीर्वाणयुद्धविक्रम शाह

रणबहादुर शाहले आफ्नो प्राण जाने वेलामा सारा राज्यको हालीमुहाली अधिकार आफ्ना भक्त भीमसेन थापालाई सुम्पी आफ्ना छोरा गद्दीनरसिंह गीर्वाणयुद्धविक्रम शाहलाई उनैका जिम्मामा छोडेका थिए। भीमसेन थापाका हातमा अब असीम शक्ति आयो। भरखरको चढ्दो उमेरको जोश उनमा थियो तापनि विचारशक्ति पनि उनमा खूब थियो। सबै कुराको जबाफदेही आफ्नो टाउकोमा लिन यिनी तयार रहन्थे। गीर्वाणयुद्ध ९ वर्षका बालक थिए, उनलाई शिक्षा दिने कुरा भीमसेन थापाले राम्रोसँग गरेका थिए। उनलाई आफैँ पनि बसी खेलाउँथे। यी बालक राजासँग राजकाजको कुनै सल्लाह हुन शक्तैनथ्यो। रणबहादुरका कान्छा

CC-0. Nepal Sanskrit Academy, Kathmandu

महारानी त्रिपुरसुन्दरीदेवीसँग भीमसेन थापा राजकाजका केही सल्लाह गर्दथे। वास्तवमा अब नेपाल राज्यको सारा प्रबन्ध गीर्वाणयुद्धका नामले भीमसेन थापाले चलाउन लागे। जो महतारी झैँ स्नेह गर्ने, पिता झैँ हित कुरा बिन्ति गर्ने, बन्धु झैँ प्रेम गर्ने, स्वास्नी झैँ सुख दिने, दास झैँ सेवामा हाजिर हुने तिनै भीमसेन मन्त्रीलाई राज्य सुम्पेर बालक राजा आनन्दसँग रहन लागे।

शतरुद्रापार पनि अनेकन् सानासाना राज्यहरू थिए। तिनलाई जित्दै कटोच (काँगडा)का राजा संसारचन्द्र शतरुद्रावारि आई राज्य फैलाउने काममा लागेका थिए। नेपालीका मित्र श्रीमोडका राजा कर्मप्रकाशलाई पनि उनले आक्रमण गरेको कुरा अगि नै बयान गरिएको हो। श्रीमोडमा हार खाएपछि संसारचन्द्र नेपालीसँग रिसाएका थिए। उनको इच्छा नेपालीलाई धपाउने थियो। यता ठीक यही समयमा पंजाबमा रणजीतसिंह आफ्नो बल बढाइहरहेका थिए। संसारचन्द्र अमरसिंहसँग अल्मलिएको मौका छोपी रणजीतसिंहले आफ्नो बल बढाउँदै लगे।

आखिर १८६३ मा नेपालीहरूले शतरुद्रा तरी कटौचमा आक्रमण गरे। त्यहाँ काँगडानामक एक मजबूत किल्ला थियो। संसारचन्द्रले त्यसैको आडले नेपालीहरूलाई रोके। भीमसेन थापाका माहिला भाइ काजी नयनसिंह थापा (प्राइम्मिनिष्टर माथवरसिंह थापाका पिता, श्री ३ जङ्गबहादुरका मातामह) त्यसै लडाइँमा परे। नेपालीहरूले ३ वर्षसम्म पनि त्यहाँ विजय गर्न सकेनन्। नेपालीहरू किल्ला काँगडामा घेरा दिइरहेका थिए। संसारचन्द्र पनि बराबर मौका छोपी लडिरहन्थे। आखिर उनको बल घट्दै गयो। नेपालीहरूले १८६६ ज्येष्ठमा किल्ला काँगडा दख्खल गरे। यसको लगत्तै महीना दिनभित्रैमा लाहौरबाट १ विशाल सैन्य लिई सीख राजा रणजीतसिंहले किल्ला काँगडामा एक्कासि आक्रमण गरे। नेपाली र सीखहरूको घोरघमासान लडाइँ पर्‍यो। बूढा काजी अम्बरसिंह आफ्नो राजधानी काठमाडौँभन्दा दुइ महीनाको बाटो पर पुगेका थिए। रणजीतसिंह आफ्नो राजधानी लाहौरबाट नजीकै थिए। एक्कासि रणजीतसिंहले आक्रमण गर्लान् भन्ने अम्बरसिंहले सम्झेका पनि थिएनन्। आखिर आफ्नो संख्या थोरै हुँदा आफूबाट काँगडाको रक्षा नहुने देखी बूढा काजी अमरसिंह आफ्ना सैन्यका साथ शतरुद्रा तरी वारि आए।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

उतातिर हण्डुरका राजा रामचन्द्र अंग्रेजहरूसँग मिली नेपालीको जरो खन्ने काममा अगिदेखि नै लागेका थिए । अम्बरसिंहले काँगडाको रक्षा गर्न नसकी फर्केको देख्दा उनको उत्साह खूप बढ्यो । अंग्रेजहरूले पनि यतातिर खूप आँखा लाएका थिए । यहाँका आश्रित राजाहरूलाई भड्काउन उनीहरूको पनि ठूलो भेदनीति चलेको थियो । आखिर दुर्भाग्यवश श्रीमोडिया राजा कर्मप्रकाश आफ्ना मित्र काजी अमरसिंहसँग बाउँडी हिँड्न लागे । उनले दिन कबुलेको खर्चको रुपियाँ पनि दिन छाडे । संसारचन्द्रले आक्रमण गर्दा उनको राज्य अम्बरसिंहले नै थामिदिएका थिए । सबै उपकार बिर्सी उनले विद्रोह गरे । अरु कुनै उपाय नदेखी काजी अम्बरसिंहका आज्ञाले उनैका छोरा काजी रणजोर थापाले आक्रमण गरी श्रीमोडको राजधानी नाहन दख्खल गरे ।

यता राजधानीमा भीमसेन थापा नयाँ किसिमबाट फौज तयार पार्ने काममा लागेका थिए । उनका सहयोगी भई काम गर्ने काजी रणध्वज थापा (बूढाकाजी अम्बरसिंहका छोरा) थिए । भीमसेन थापाले नेपालमा नयाँ बारुदखाना तथा तोपखानाहरू बनाउन लाए र ठाउँठाउँमा बाटाहरूको पनि मरमत गर्न लागेका थिए । १८६८ सालमा श्री ५ गीर्वाणयुद्धविक्रमबाट भीमसेन थापालाई जनरल पदवी मिल्यो ।

श्रीमोड, हण्डुर, कहलुर तथा बाह्रठकुराई

गढवालभन्दा पश्चिम यमुनापारि श्रीमोड राज्य पर्दछ । श्रीमोडको राजधानी नाहन हो । त्यहाँ राठौर राजपूतहरूको राज्य थियो । श्रीमोडका राजा कीर्तिप्रकाश, रणबहादुरका समकालीन थिए । यिनी साहसी र उत्साही थिए । यिनले श्रीमोडको पश्चिमका विलासपुरका राजालाई दबाई बाह्रठकुराईको प्रभुता आफ्नो हातमा लिएथे । कीर्तिप्रकाशका छोरा जगत्प्रकाशसँग १८४९ सालको भदौमा यमुना साँध गरी काजी जगजीत पाँडेले मित्रताको सन्धि गरेको कुरा अघि बयान गरिएको हो । जगत्प्रकाशको कच्चै उमेरमा मृत्यु भएकोले उनका भाइ धर्मप्रकाश गद्दीमा बसे । यसै वेला काँगडाका राजा संसारचन्द्र आफ्नो प्रभुता फैलाउँदै ल्याएका थिए । संसारचन्द्रको सहायता पाई हण्डुरका राजा रामचन्द्रले श्रीमोडमा

CC-0. Nepal Sanskrit Academy, Kathmandu

आक्रमण गरे । यसै लडाइँमा धर्मप्रकाशको मृत्यु भयो । उनीपछि श्रीमोडको गद्दीमा उनका भाइ कर्मप्रकाश बसे । काँगडा र हण्डुरको सम्मिलित सैन्यसँग लड्ने शक्ति आफूमा नहुँदा कर्मप्रकाशले १८४९ को सन्धिको सम्बन्ध देखाई गढवालको रक्षाका लगि बसेका काजी अम्बरसिंह थापा (बूढा)सँग मद्दत मागे । अम्बरसिंहले हाँकिएको नेपाली फौजले काँगडाका संसारचन्द्र र हण्डुरका रामचन्द्र दुवैलाई हरायो । यति भएपछि आफ्नो गद्दीमा निर्विघ्नपूर्वक कर्मप्रकाश बस्न पाए । उनले नेपालको आश्रय स्वीकार गरे ।

श्रीमोडका पश्चिम वर्त्तमान सिम्ला जिल्लामा करीब १२ वटा सानासाना राज्य थिए । तिनीहरू श्रीमोडका आश्रयमा थिए । यति भएपछि बाह्रठकुराईका राणाहरू (बाह्रठकुराईका राजाहरूलाई राणा भन्दथे)ले पनि नेपालको आश्रय स्वीकार गरे । यसरी वर्तमान सिम्ला जिल्ला विना लडाइँले नै नेपालको आश्रयमा आयो ।

श्रीमोडभन्दा पश्चिममा हण्डुरको राज्य निकै शक्तिशाली थियो । यहाँ चन्द्र क्षत्रियहरूको राज्य थियो । त्यहाँका राजा रामचन्द्र काँगडाका राजा संसारचन्द्रसँग मिली अम्बरसिंहसँग लड्न आएथे । पछि लडाइँमा हारी भागी तराई पसे । उनको राज्यको पाहाडभाग नेपाल राज्यमा मिल्यो ।

बाह्रठकुराईभन्दा पश्चिम शतरुद्रा (शतद्रु = शतलज)को नजिकै कहलुरको राज्य थियो । त्यहाँको राजधानी विलासपुर थियो । त्यहाँ चन्द्र क्षत्रियहरूको राज्य थियो । त्यहाँका राजा देवीचन्द्र पृथ्वीनारायण शाहका मित्र थिए । उनका छोरा महाचन्द्रलाई काँगडाका राजा संसारचन्द्रले अँचेटेका थिए । संसारचन्द्रलाई अम्बरसिंहले हराएपछि विलासपुरका राजा महाचन्द्र नेपालीहरूको आश्रयमा रहे । काजी अम्बरसिंहले महाचन्द्रलाई आफ्नो मित्र सम्झी आदरपूर्वक राज्यमा राखे ।

यति भएपछि नेपाल राज्यको पश्चिम सीमाना शतरुद्रा हुन आयो । पूर्व टिस्टादेखि लिएर पश्चिम शतरुद्रासम्मको गङ्गाजीको प्रस्रवणक्षेत्र, जो कि प्रकृतिको दृष्टिबाट एक विभाग बनेको छ, नेपाल राज्यमा सम्मिलित भयो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

नेपाल र अंग्रेजयुद्ध

वि.सं. १८२४ सालमा अंग्रेजहरूले सिँधुलीतिर आक्रमण गरी नेपाल दख्खल गर्ने मनसुवाले सेना पठाएका थिए । सो सेना हारी फर्केपछि पाहाडमा आफ्नो जोर नचल्ने देखी अंग्रेजहरूले यतातिरको चेष्टा छाडिदिए ।

पृथ्वीनारायणको नीति बाहिरका राज्यहरूसँग सम्बन्ध राखी देशको उन्नति गर्ने थियो । त्यहीबमोजिम उनले वि.सं. १८३१ देखि भोटमा र पाहाडका अनेकन् राज्यमा दूत पठाई ब्रिटिश इष्ट इण्डिया कम्पनीको राजधानी कलकत्तामा पनि एक नेपाली दूत बस्ने बन्दोबस्त बाँधेका हुन् । अंग्रेजहरूको नीति पनि शकभर घनिष्ठता बढाई पहिले वाणिज्यसन्धिमा बेरी पछि राजनीतिमा पनि हात हाल्ने थियो ।

वि.सं. १८४८ सालमा नेपालको विरुद्धमा भोटले तथा भोट, चीन दुवैका विरुद्धमा नेपालले इष्ट इण्डिया कम्पनीसँग सहायता मागेका थिए । यिन ताक चीनको राजधानी पेचिनमा व्यापारको अधिकार माग्न अंग्रेज दूत पुगेका थिए । चीनसँग लडाइँमा हात हाल्दा आफूलाई फाइदा केही हुने नदेखी चीन र नेपालको लडाइँमा कम्पनीका गभर्नर जनरल कर्नवालिसले हात हालेनन् । तर यसै सूत्रबाट नेपालसँग वाणिज्यसन्धि गरे । अंग्रेजसँगको यही वाणिज्यसन्धिबाट वि.सं. १८४९ को आखिरमा अंग्रेज दूत मेजर कर्कपेट्रिक नेपाल आए । वास्तवमा भोट र नेपालको सीमानामा बसी व्यापारको बन्दोबस्त गर्न दूतका रूपमा आफ्ना राजनीतिज्ञ दूतहरू फैलाई दुवै राज्यको राजनीतिमा हात हाल्ने अंग्रेजहरूको मुराद थियो । अंग्रेज दूतहरूलाई नेपालमा ल्याई फिँजाउँदा नेपाललाई हानिसिवाय लाभ केही थिएन । यसैले त्यस विषयमा बहादुर शाहले आफ्नो सम्मति दिएनन् । सन्धिबमोजिम निकासी-पैठारीको काम चल्यो ।

वि.सं. १८५७ मा रणबहादुर शाह काशी पुगेपछि नेपाली भारादारहरूलाई पर्नसम्म पीर पऱ्यो । जसरी भए पनि राजकाजमा रणबहादुर शाहको हात नरहोस् भन्ने ती भारादारहरूको विचार थियो । यो चाल बुझी ब्रिटिश इष्ट इण्डिया कम्पनीका दूतहरूले नेपालसँग सन्धि गर्ने कुराकहानी चलाए । रणबहादुर

CC-0. Nepal Sanskrit Academy, Kathmandu

शाहलाई काशीमै रोक्ने तथा उनलाई नेपालबाट खर्च पुऱ्याइदिने तथा मकवानपुरका जङ्गलबाट वर्षेनि आफूले बुझ्ने गरेका हात्ती छोड्ने (अबदेखि नबुझ्ने) कबूल कम्पनी सर्कारले र काठमाडौँमा कम्पनीको राजदूत राख्ने तथा अवधका नवाबसँगको झगडामा कम्पनीलाई मध्यस्थ बनाउने कबूल नेपाल सर्कारले गरे। वास्तवमा यस सन्धिबाट नेपाल राज्यलाई विशेष केही फाइदा थिएन। यसैले कति भारादारहरू यस सन्धिका पक्षमा थिएनन्। तैपनि रणबहादुर शाहको उज्जण्ड स्वभावले गर्दा सारा राज्यै डुब्ला भन्ने डरले अक्करमा परेर नेपालीहरूले सो सन्धिमा मञ्जूरी दिएका थिए। वि.सं. १८५८ को कार्तिकमा दुवै पक्षबाट सन्धिपत्रमा सहिछाप परेपछि कप्तान नक्स कम्पनीका दूत भई नेपाल उत्रे। यस सन्धिको बाटो नेपाल उत्री नेपालका भारादारहरूलाई पैसाको जोडले किन्ने उद्योग पनि नक्सले गरेका थिए। परन्तु नेपाली भारदारहरूको देशभक्तिले र राजभक्तिले गर्दा नक्सको उद्योग सफल हुन शकेन। तैपनि यताउति गरी नेपालको राजनीतिमा केही दख्खल गर्ने उद्योग अंग्रेजहरूले गर्दै थिए। परन्तु अंग्रेजहरूलाई यताबाट नेपालमा विशेष फाइदा भएन। यस कारण अंग्रेजहरूले सो सन्धि तोडी रणबहादुरलाई छोडिदिने विचार गरे। यसबाट नेपालमा दुइ दल निस्की तिनीहरूको परस्परको कलहमा एक दलले आफूसँग मद्दत माग्ला र त्यसको मद्दतगार बनी नेपालको राजनीतिमा दख्खल दिन पाइएला भन्ने अंग्रेजहरूले सोचेका थिए। यसै विचारले कम्पनीका दूत कप्तान नक्स नेपाल छोडी वि.सं. १८५९ को निगल्दोमा हिंडे। वि.सं. १८६० को हिउँदमा कम्पनीका गभर्नर जनरल लार्ड वेलेज्लीले नेपालसँगको सन्धि तोडिदिए। यस किसिमबाट अंग्रेजसँगको दोस्रो सन्धि पनि तोडियो।

यूरोप जस्तो ठण्डा मुलुकका बासिन्दा अंग्रेजहरूलाई भारतको गर्मी खप्न गाहारो पर्दथ्यो। यस कारण हिमालको काख नेपाललाई हात लाउने यिनीहरूको भित्री मनसाय थियो। वि.सं १८६२ सम्म भारतमा मराठाहरूकै ठूलो शक्ति हुनाले नेपालसँग विरोध गर्न अंग्रेजहरू हच्केका थिए। त्यही साल मराठाहरूलाई हराई भारतका मैदानमा आफ्नो प्राधान्य गराएपछि अंग्रेजहरूले नेपालतिर कुदृष्टि दिन लागे। तिन ताक सीमानामा केही चिह्न थिएनन्। त्यसैले सीमानाको

CC-0. Nepal Sanskrit Academy, Kathmandu

तकरार नै सर्वप्रथम उठाए । परन्तु लगत्तै पंजाबमा रणजीतसिंहले बलवान् सीख राज्य खडा गरेका र त्यहाँ शतरुद्राका किनारमा नेपाली र सीख राज्य जोडिएको हुनाले पनि दुवै थरी मिलेमा आफूलाई फाइदा नहुने देखी कम्पनीका गभर्नर जनरल सर जर्ज बर्लोले नेपालसँग सो सीमानाको तकरारको कुरा त्यसै राखे । नयाँ गभर्नर जनरल मिन्टोले वि.सं. १८६६ को आरम्भमा रणजीतसिंहसँग शतलज नतर्ने सन्धि गरे । त्यही साल रणजीतसिंहलाई उचालेर किल्ला काँगडामा नेपालसँग लडाइँ पारिदिए । यता शतलजवार रहेको नेपाली राज्यमा पनि शतलज तरी आक्रमण गर्न रणजीतसिंहलाई वि.सं १८६८ सालदेखि अंग्रेजहरू उचाल्न लागेका थिए ।

यसरी सीखहरूलाई नेपालको विरुद्ध पारेपछि फेरि सीमानाको तकरार अंग्रेजहरूले उठाए । अंग्रेजी राज्यका जमीन ठेकदारलाई दिएका र नेपालको जमीन च्याप्न पाए ती ठेकदारहरूलाई नै फाइदा हुने हुनाले नेपालको सीमाना च्याप्तै ती ठेकदारहरू कम्पनीका आडमा बखेडा मचाउन तयार रहन्थे । वि.सं. १८६८ मा तिनै ठेकदारहरूले रौतहटमा नेपाली सुब्बा लक्ष्मण गिरिलाई मारिदिए । यसरी आफ्ना भारादार मारिँदा सहिनसक्नु भई नेपालीहरूले गभर्नर जनरललाई सो पुर्पक्ष जोर्न प्रेरणा गरे । गभर्नर जनरलले आलेटाले गरी सो कुरा टंग्र्याउँदा नेपालीहरूले सो तकरारी जमीन दखल गरे । तैपनि अंग्रेजहरूलाई सो जग्गामा आई साक्षी प्रमाण बुझी पुर्पक्ष गर्नलाई नेपालीहरूले खुशीराजीसँग दिएका थिए ।

बुटवल राज्य पाल्पाको तराई हो । पाल्पाली राजाहरूले सो तराई निष्कण्टक भोग गरी आएका थिए । अम्बरसिंह थापा (भीमसेन थापाका पिता)ले पाल्पा दखल गरेपछि सो तराई पनि वि.सं. १८६३ देखि नेपालमा मिलेको थियो ।

त्यसमा अवधका नवाबहरूले पनि आफ्नो हक देखाएका थिएनन् । नेपालमा मिलेकै पनि यतिका वर्ष भइसकेको थियो । अंग्रेजहरूले यहीँ गडबड उठाए । तैपनि राम्रोसँग साक्षीप्रमाण बुझी दुवै थरी राजदूत बसी पुर्पक्ष गर्न नेपालीहरूले मञ्जूर गरे । नेपालबाट दूतहरू पनि गए । अंग्रेज दूतहरूको एकोहरो जिद्दीले गर्दा विफल भई नेपाली दूतले फर्कनुपर्‍यो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

वि.सं. १८६९ सालका हिउँदमा डाक्टर किरापटनामक एक जना अंग्रेज आफू भेष बदलेर भेष बदलेका ३० जना जति सिपाही लिई गेरुवा खोलका भित्रपट्टि बन्दूक लुकाई बद्री जाने यात्रुसँग मिसिई गढ-कुमाउमा पसी जात्रुहरूसँग फाटी भोटतिर लागे । यो रहस्य चौकीदारले पछि सुइँको पाएर ती फर्कँदा "हाम्रो र तिम्रो मित्रता छँदा छँदै लुकीलुकी किन जानुपर्थ्यो, अब पर्ख यहीँ बस, हामी सरकार साधेर तिमीलाई छाडिदिन्छौँ" भनी चौकीदारले भन्दा भरेको बन्दूक देखाई ती उम्कन खोजे । तिनलाई पक्री ती चौकीदारले गढ-कुमाउका शासक चौ. बम शाहकहाँ जाहेर गरे । यत्तिकैमा फरुखाबादबाट "हाम्रा किरापट घोडा खोज्न भनी भोट गएका थिए । फर्कँदा भूल परेर ती त्यतातिर गएछन् । तिनले कुनै खराब आशय लिई त्यता गएका होइनन् । मित्रता सम्झी एकपल्टलाई छाडिदिए हुन्थ्यो" भन्ने खबर आउँदा चौ. बम शाहले अंग्रेजसँगको आफ्नो सम्बन्ध सम्झी "भैगयो एकपल्टलाई, अबदेखि कहिल्यै यसो नगरे" भनी निजलाई छाडिदिएका थिए । यस्तो खटपट चलिरहेको समयमा पनि सकभर छिमेकसँग मित्रता राख्नु नै नेपालले आफ्नो ठूलो कर्तव्य सम्झेको थियो ।

यस्तैमा वि.सं. १८७० मा इष्ट इण्डिया कम्पनीलाई नयाँ सनद दिँदा भारतमा अंग्रेजी बस्ती बसाउने विचार ब्रिटिश पार्लियामेण्टमा उठेको थियो । जलवायुको हिसाबबाट अब सो कामलाई पाहाडप्रान्त जसरी भए पनि हात नलाई नहुने भयो । यसै साल लर्ड हेष्टिङ्ग इष्ट इण्डिया कम्पनीका गभर्नर जनरल भई आए । नेपाली दूतहरू बराबर अंग्रेज दूतहरूसँग भेटी सो तकरारी जमीनको पुर्पक्षविषयमा कुरा चलाउँदै थिए । उता लर्ड हेष्टिङ्गको आशय बुझी अंग्रेज दूतहरूले नेपाली दूतहरूको अपमान गर्न पनि लागे । वि.सं १८७० को अन्त्यमा बुटवल जम्मै आजका २५ दिनभित्र छोड भनी गभर्नर जनरलले नेपाललाई खरिता पठाए । सो म्यादभर नछोडे बलैसँग पनि बुटवल दख्खल गर्नू भन्ने आज्ञा पनि गोरखपुरका मेजिष्ट्रेटलाई दिए । वास्तवमा यो खरिता युद्धको हाँक थियो । अब नेपालीले या त बुटवल छोड्नुपर्‍यो अथवा लडाइँमा कम्मर कस्नुपर्‍यो ।

यसपछि जनरल भीमसेन थापाले श्री ५ गीर्वाणयुद्धविक्रम शाहको रोहबरमा यस विषयमा छलफल गर्न काठमाडौँमा ठूलो भारादारी गरे । नेपालीहरूको

CC-0. Nepal Sanskrit Academy, Kathmandu

लडाइँ गर्ने इच्छा थिएन । न भारतका कुनै अंग्रेजी प्रान्तमा आँखा नै उनीहरूले लाएका थिए । आफ्नो राज्य रक्षा गर्नामा र त्यहाँ शासनको प्रबन्ध मिलाउनामा नै उनीहरूको इच्छा थियो । यस कारण अहिले लडाइँ रोक्नै पाए बढिया हुन्थ्यो भन्ने सबैको मनमा थियो । बुटवल छोडिदिए यसपल्ट लडाइँ रोकिन्थ्यो तापनि सीमानाको तकरार रौतहट, डोटी, कुमाउ, जतातते उठिरहेको थियो । दब्दै गए अरू जग्गामा पनि तकरार उठ्ने भई आखिर सारा तराई नै छोड्नुपर्ने परिस्थिति परी आउँथ्यो । यसरी हप्कीमा दबेर हातखुट्टा छोड्नु कुनै पनि देशाभिमानी नेपालीको हृदय मान्दैनथ्यो । यस कारण सकभर न्यायतिर कम्पनी सर्कारको ध्यान दिलाई पुर्पक्ष गराउने विचार भारादारीबाट निश्चित भयो । त्यहीबमोजिम खरिता नेपालबाट गभर्नर जनरलकहाँ गयो । पाल्पाका शासकका नाउँमा बुटवलमा अंग्रेजी ठाना आए हटाइदिनू भन्ने लालमोहर पनि श्री ५ बाट गयो । केवल आत्मरक्षाका लागि नेपालीहरूले अक्करमा परी यो काम गर्नुपर्‍यो । परन्तु यो खरिता नपुग्दै २५ दिन पुगिसकेकोले कम्पनीका फौज आई बुटवल दख्खल गर्‍यो । पाल्पाका शासकले त्यस विषयमा लालमोहर नआइपुगेको हुनाले अंग्रेजी सेनालाई रोक्न उचित सम्झेनन् । नेपालीहरूले केही रोकावट नगर्दा सजिलैसँग बुटवलमा आफ्ना ठाना राखी अंग्रेजी सैन्य फर्क्यो । पछि लालमोहर पाएपछि नेपालीहरूले वि.सं. १८७१ को ज्येष्ठ महीनामा २ कम्पनी नेपाली पल्टन पठाई अंग्रेजी ठानालाई बुटवलबाट उठाइदिए । यसमा ती ठानाका रक्षक कम्पनीका १८ सिपाही मारिए, अरू भागे । यसपछि लडाइँ प्रायः निश्चितै भयो ।

यता यस लडाइँको बारेमा बाहिर रहेका भारादारहरूको पनि राय लिइएको थियो । त्यसमा पश्चिम यमुनाप्रान्तका शासक बूढाकाजी अम्बरसिंह थापा र कर्नालीप्रान्तका शासक चौ. बम शाहको अहिले लडाइँ नगर्नु नै थियो । काठमाडौँबाट आफ्नो प्रान्त टाढा भई पाहाडपर्वतको बाटोबाट हातहतियार ल्याउनुपर्दा चाहिने लडाइँका सामान आफूसँग मौजदात नरहेको र आफूले शासन गरेको प्रदेश भरखर लिएका हुनाले त्यहाँ शत्रुको भेदनीति चल्ने डर पनि भएकोले ती दुवै भारदारहरूले लडाइँमा आत्मरक्षा गर्न गाहारो पर्ला भन्ने देखेका थिए । उनीहरूको यो विचार वास्तव कुरा पनि थियो । तर के लाग्यो, अक्करमा परी लडाइँ लड्न तिनीहरूले पनि कम्मर कस्नै पर्‍यो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

लडाइँको सरसामान जोडी गौँडागौँडामा तोप, बन्दूक, गोली तथा सिपाहीहरू पठाउने काममा नै वर्षाभर भीमसेन आदि नेपालका भारदारहरू लागे । तैपनि निसाफतिर गभर्नरको ध्यान दिलाउन भीमसेन थापाले श्री ५ को खरिता लिई नेपाली दूतलाई पठाएका थिए ।

यता अंग्रेजहरू जसरी भए पनि नेपाल हात लाउने विचारमा कम्मर कसी बसेका थिए । नेपालसँगको लडाइँका निमित्त अवधका नवाब गाजिउद्दिनबाट लर्ड हेष्टिङ्गले २ करोड जति रुपियाँ सापट लिए । यति गरी फौज पनि जम्मा नेपाल राज्यमा भएकाभन्दा दोबर जति तयार गरी सजधजसँग पूर्व मोरङदेखि दिएर पश्चिम हण्डुरसम्म जम्मै नेपाल राज्यमा दख्खल गर्न ५ बाटो फौज पठाउने निश्चय गरी वि.सं. १८७१ कार्तिक १८ गतेका दिन लडाइँको घोषणा हेष्टिङ्गले लखनउबाट गरे । आफू सो लडाइँको सेनापति भई फरुखाबादमा आई बसे ।

दार्जलिङको बाटो पूर्व दख्खल गर्न र सुखीमलाई भड्काउन १५०० फौज लिई मेजर पेटर आएका थिए । ६००० फौज र १२ तोप लिई जनरल मार्ली मकवानपुरको बाटो काठमाडौँ दख्खल गर्न हिँडेका थिए । ३५०० फौज र १० तोप दिई जनरल उड बुटवलको बाटो पाल्पा र गोरखा दख्खल गर्न खटिएका थिए । ३५०० फौज र ८ तोप लिई जनरल जिलेस्पी देहरादूनको बाटो गरी एक भाग सेनाले गढवाल दख्खल गर्ने र अर्को भागले पश्चिमतिर बढी काजी अम्बरसिंहको पूर्वको बाटो छेक्ने आँट गरी आएका थिए । ८००० फौज र १२ तोप लिई जनरल अक्टरलोनी हण्डुरको बाटो क्योंथल, कहलुर आदिमा अधिकार गर्न हिँडेका थिए ।

पूर्वतिरको अधिकार विजयपुरका शासक काजी भक्तवीर थापा (बूढाकाजी अम्बरसिंह थापाका छोरा)का मातहतमा महाभारतका अनेकन् किल्लामा जम्मा २००० फौज थिए । मकवानपुरका रक्षाका लागि काठमाडौँबाट कर्णेल रणवीरसिंह थापा (भीमसेनका कान्छा भाइ– फूल जर्नेल– पछि अभयानन्द स्वामी) खटिएका थिए । उनका मातहतमा ४००० जति सैनिक थिए । चौ. प्राण शाह र काजी दलभञ्जन पाँडेहरू पनि रणवीरसिंहका सहायताका लागि केही फौज

CC-0. Nepal Sanskrit Academy, Kathmandu

लिएर गएका थिए । पाल्पाका शासक जनरल अमरसिंह थापा (भीमसेनका पिता) यो लडाइँ शुरू हुनुभन्दा केहीअगाडि परलोक भएका हुनाले पाल्पा रक्षाका लागि उनै अमरसिंहका नाति, नयनसिंहका छोरा कर्णेल उजीरसिंह (माथवरका दाज्यू- जङ्गबहादुरका मामा) कार्तिक २७ गते काठमाडौँबाट हिँडेका थिए । उनको मातहतमा पाल्पामा ३००० नेपाली फौज थिए । डोटी, कुमाउ, गढवाल रक्षाका लागि चौ. बम शाह थिए । यिनी गोरखाका राजा पृथ्वीपति शाहका पनाति हुन् । (यिनको जीवन प्रायः लडाइँको काममा नै बितेको थियो । पश्चिमतिरको लडाइँमा, भोटसँगको लडाइँमा र १८४९ को चीनसँगको लडाइँमा पनि यिनले ठूलो बहादुरी देखाएका थिए । १८५५ फाल्गुनमा गीर्वाणयुद्धविक्रमको राज्याभिषेक भएपछि रणबहादुर शाहको इच्छाबमोजिम बनेको मन्त्रिपरिषद्मा पनि यिनी मन्त्री बनेका थिए । दामोदर पाँडेहरूसँग यिनको अगिबाट मत मिलेको थियो । पछि राजराजेश्वरी काशीबाट फर्केपछि रणबहादुरतिर श्रद्धा देखाउँदा वि.सं. १८६० मा यिनी नजरबन्द भएका थिए । रणबहादुर शाह काठमाडौँ उत्रेपछि चैत्रमा नजरबन्दबाट छुटे । यसपछि यिनी डोटी, कुमाउका शासक भई गएका थिए । अहिले यिनको उमेर ६० वर्षको थियो । यो लडाइँपछि ५, ६ वर्ष यिनले डोटी-बैतडीको शासनमा जीवन बिताए ।) । पश्चिम यमुनाप्रान्त (सिमलाप्रदेश)का काजी अम्बरसिंह थापा थिए । यिनका पिता भीमसिंह थापाले वि.सं. १८१६ मा पलाञ्चोकको लडाइँमा ठूलो बहादुरी देखाएका थिए । यिनको मृत्यु पनि लडाइँमा भएको हो । वि.सं. १८२५ मा अम्बरसिंह सर्दार भएका थिए । त्यसै वेलादेखि यिनले लडाइँको काम गर्न लागेका थिए । वि.सं. १८३० मा काजी अभिमानसिंह बस्नेतको मातहतमा यिनले पूर्व चौदण्डीमा ठूलो लडाइँ लडी विजय प्राप्त गरेका थिए । सर्दार रामकृष्णका साथमा पनि यिनले पूर्व किराँतमा ठूलो लडाइँ लडेका हुन् । यिनको जीवनको धेरै भाग पश्चिमको लडाइँमा नै बितेको थियो । १८४८ मा काजी जगजीत पाँडेको मातहतमा यिनले कुमाउ, गढवालमा विजय लाभ गरेका थिए । यसपछि यिनी काजी भएका हुन् । वि.सं. १८६१ मा यिनले चौ. हस्तदल शाहीका मातहतमा गढवाल दख्खल गरी त्यसपछि बराबर पश्चिम बढ्दै एकै सालमा नेपाल राज्यको सीमाना पश्चिम सतलज पुऱ्याइदिए । यस समयमा यिनी आर्कीमा थिए ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

यिनको मातहतमा ३५०० सैनिक थिए। यिनको उमेर यस समयमा ६४ वर्षको थियो। राजधानीबाट टाढा रहेको हुनाले त्यहाँबाट मद्दत पुग्न धेरै समय लाग्दथ्यो। यसैले शत्रुले आफ्नो ठूलो बल यहीं लाउने गरेको थियो। यस कारण अम्बरसिंहको लडाइँ यस लडाइँको मुख्य अङ्ग बनेको थियो। यस लडाइँपछि यिनी काठमाडौँ उत्रे, परन्तु चाँडै नै स्वर्ग पनि गए।

लडाइँको घोषणा हुनुभन्दा अगाडि नै शत्रु गङ्गा-जमुनाप्रान्तमा घुस्न लागिसकेको थियो। देहरादूनमा कार्तिक ८ गते शत्रु घुस्यो, लडाइँको घोषणा नहुँदै शत्रुले आक्रमण गर्ला भन्ने नेपालीहरूले सम्झेका थिएनन्। त्यसमाथि अहिले दशैँको मौका थियो। यसैले नेपालीहरू सो उत्सवमा लागेका थिए। मद्दतका लागि राजधानीबाट खटिएका सिपाही टीकाको साइत गरी हिँड्ने भएका थिए। यसै मौकामा शत्रु देहरामा घुस्यो। देहराको रक्षाको लगि काजी अम्बरसिंह थापाका आज्ञाले कप्तान बलभद्र कुँवरका मातहतमा ३०० सिपाही र तिनका जहान छोराछोरी देहराभन्दा दुइ कोसपरको नालापानीमा एउटा सानो गढीमा खलङ्गा हाली बसेका थिए। सो गढी पनि मामूली ढुङ्गाहरूले बनेको थियो। बर्सात बितेपछि भत्केबिग्रेको मरमत गर्दै लगेका थिए। यस्तो सानो किल्लामा यति थोरै सिपाही बसेका र हिन्दूहरूको महापर्व महानवमीको दिनसमेत परेको हुनाले मौका छोपी कार्तिक ९ गतेका दिन अंग्रेजले आत्मसमर्पण गर भन्ने चिठ्ठी कप्तान बलभद्र कुँवरकहाँ पठाए। बलभद्रले पनि "म किल्ला छोड्दिनँ, अंग्रेजहरूलाई इच्छा छ भने म उनीहरूलाई मैदानमा भेट्न तयार छु" भन्ने जवाफ दिए।

भोलिपल्ट अंग्रेजी फौजले सो गढीमा गोली बर्साउन लाग्यो। भित्रबाट बलभद्रका मातहतमा रहेको नेपाली फौजले गोलीले जवाफ दियो। दिनभर यही हाल रह्यो। आखिरमा निराश भई अंग्रेजी फौज फर्क्यो। यसरी आफ्नो फौज हारेर फर्केको खबर सुनेर स्वयं जनरल जिलेस्पी आई फौजको अधिकार आफैँले लिई बडो जोरसँग एकैपल्ट आक्रमण गरी सो किल्ला ध्वस्त पार्ने बन्दोबस्तमा केही दिन बिताए।यही समयमा नाहनबाट बलभद्रका मद्दतका लागि सर्दार रिपुमर्दन थापा अढाइ सय सिपाही लिई गढीभित्र पुगे। यसरी अब त्यस गढीभित्र पुगनपुग ५५० जति सिपाही जम्मा भए। कार्तिक १७ गतेका दिन

CC-0. Nepal Sanskrit Academy, Kathmandu

जिलेस्पीले चारैतिरबाट घेरा दिई ६ तोपबाट दनादन गोली चलाई ३५०० सिपाही लिई गढीमा आक्रमण गरे । नेपालीहरूले पनि दनादन गढीका परखालबाट गोलन्दाजलाई ताकीताकी गोली ठोकी तोपलाई बन्द गराए । जिलेस्पीले पैदल फौजलाई अगाडि सारे । यत्तिकैमा धेरै शत्रुहरू गढीका ढोकामा पुगे । त्यहाँ एक तोप नेपालीहरूले ठिक्क पारी राखेका थिए । सानो द्वार खोली त्यतैबाट नेपालीहरू गोली बर्साउन लागे । यता पर्खालमुनि आइपुगेका शत्रुलाई पनि नेपालीहरूले बन्दूकका गोलीले सत्कार गरे । गोलीको मार खप्न नसकी अंग्रेजी फौज लाचार भई पछि हट्यो । यसरी यति थोरै नेपाली फौजले आफ्नो यत्रो उद्योग विफल गराएको देखी रिसले चूर भएर जिलेस्पी (जावाका वीर) आफैँ अघि सरी फौज लिई अगाडि बढे । यत्तिकैमा किल्लाबाट छुटेको गोली छातीमा लागी ती ढले । आफ्ना जनरल ढलेपछि अंग्रेजी फौज मुख लुकाउँदै फर्क्यो । यो पहिलो शुरूको लडाइँमा नेपाली पूरा विजयी भए ।

यसरी हारेर फर्केपछि फेरि दिल्लीबाट बडा तोप र फौज झिकाई नालापानीमा आक्रमण गर्ने सुरमा मार्वी लागे । यसैले केही दिन चूप लागी दिल्लीबाट मद्दत आइपुगेपछि मार्वीले मार्ग १४ गतेका दिन घनघोरसँग गोली बर्साए । नेपालीहरू पनि गोलीले जवाब दिन लागे । गोली सकिँदा कुनै कुनै सिपाहीले बाण पनि छोड्न लागे । यता किल्लाभित्र मनुष्य घट्दै गएका र शत्रुले च्याप्पै लगेको हुनाले भित्रका नेपाली आइमाईहरू पनि ढुङ्गामुढा हानी शत्रुको ध्वस्त गर्न लागे । तोपको ठूलो मारले गर्दा किल्लाका परखालमा ठूलाठूला प्वाल परे । सोही प्वालबाट भित्र घुस्ने उमेद गरी अंग्रेजी पैदल अगाडि बढ्यो । परन्तु तुरुन्तै नेपालीहरूले सो प्वाल टालिदिएका हुनाले अंग्रेजी फौज परखाल नाघी भित्र पस्ने उद्योगमा लाग्यो । भित्रपट्टि परखालमुनि बाँसका सोलाहरू गाडिएका थिए । भित्र पस्ने केही सिपाही त्यही सोलामा उनिए । केही नेपालीका खुकुरीका धारमा परी दुइ टुक्रा भए । यस पाला पनि शत्रु विफल भई फर्क्यो । अब लडेर नेपालीहरूलाई हटाउन असाध्य देखी अंग्रेजी फौज चारैतिरबाट किल्ला घेरी बस्यो ।

किल्ला अग्लो ठाउँमा भएको हुनाले त्यहाँ इनार खन्न असाध्य हुँदा किल्लाबाहिरका सोताभित्र पसेको पानीले नेपालीहरू निर्वाह गर्थे । शत्रुले सो पत्ता पाई सो सोताको मुख अन्त फर्काई पहरा राख्यो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

यसपछि भित्र बसेका नेपालीहरू पानीविना तिर्खाएर आकुल भए । तैपनि ३ दिनसम्म शत्रुसँग भित्र बसी लड्दै रहे । आखिर पानीविना प्राण राख्नै मुस्किल हुँदा मार्ग १७ गतेको बेहानीपख किल्लाभित्र बचेका ७० जवान वीरका साथमा बलभद्र कुँवर किल्लाबाट बाहिर निस्की सोतातिर गई पेटभर पानी पिएर पाहाडतिर लागे । ती वीरहरू आफ्नो शिरमा चाँदतोडा लाई हातमा हतियार भिरी निस्केका थिए । सो थाहा पाई घेरा दिने अंग्रेजी फौजले गोली बर्साउन लाग्यो । तर सो सबै छलेर नेपालीहरू पाहाडमा बेपत्ता भए । अंग्रेजहरू भोलिपल्ट नेपालीलाई दवेट्न दौडे । उता द्वारानामक गाउँमा आफ्ना मद्दतका लागि सिपाही साथमा आएका काजी रणदीपसिंह बस्नेतका साथमा बसेका कप्तान बलभद्रलाई अंग्रेजले भेट्टाए । नेपालीहरूले अग्लो ठाउँमा अडिई शत्रुलाई रोके । सानोसानो लडाइँ भयो । यसपछि नेपालीहरू त्यताबाट हटे । बाटामा चुमाउगढमा काठमाडौँबाट केही फौज लिई आएका काजी रेवन्त कुँवरसँग उनीहरूको भेट भयो । यसपछि यिनीहरू जयन्तगढमा गई बसे । बलभद्रलाई दवेट्न गएका अंग्रेजहरू असफल भई फर्के । यहाँ नेपालीहरू निस्केपछि नालापानीको रित्तो किल्लालाई अंग्रेजहरूले ध्वस्त पारे ।

वास्तवमा यो शुरूको लडाइँमा बलभद्रको मातहतमा नेपालीहरूले जो वीरता देखाए, त्यो अलौकिक वीरता थियो । १२, १५ तोपका साथमा आएका ३५०० शत्रुलाई ५५० फौजको भरमा रोकी शत्रुको जनरल नै मार्नु बलभद्रको ठूलो वीरता थियो । अझ पानीको दु:ख नपरेको भए कत्ति दिनसम्म तिनै बाँकी ७० जवानले सो किल्ला बचाउँथे ।

यी बलभद्रका बाज्ये जयकृष्णले तिमालको लडाइँमा वि.सं. १८१९ मा वीरगति पाएका थिए । बाबु सुब्बा चन्द्रवीरले भोटसँगको लडाइँमा र गढवालतिरको लडाइँमा पनि बहादुरी देखाएका थिए । वास्तवमा नेपाली जातिको अलौकिक वीरता अंग्रेजहरूले पहिलोपटक बलभद्रद्वारा थाहा पाए । यही दिनदेखि नेपालीहरूको नाम सुन्नाले अंग्रेजी फौजको मुटुमा ढ्याङ्ग्रो ठोक्न लाग्यो ।

नालापानी दख्खल गरेपछि बीचका दुइ चार सानासाना किल्ला दख्खल गर्दै अंग्रेजी फौज अगाडि बढ्यो । बाटामा जयन्तगढमा उनै बलभद्र कुँवर, रेवन्त

CC-0. Nepal Sanskrit Academy, Kathmandu

कुँवर र रणदीप बस्नेतहरू ५०० नेपाली फौजका साथमा बसेका थिए। तिनीहरूलाई हटाई अगाडि बढ्न अंग्रेजी फौजले ठूलो कोशिश गरे । तर उसको सबै यत्न माटोमा मिल्यो । लाचार भई अंग्रेज फर्के । जयन्तगढ नेपालीकै हातमा रह्यो । जैतकका मद्दतका लागि माघ निगल्दो बलभद्र त्यताबाट बाटोमा २, ४ लडाइँ लड्दै रणजोरकहाँ पुगे ।

जैतकका रक्षाका लगि काजी अम्बरसिंह थापाका आज्ञाले उनैका छोरा रणजोरसिंह थापा २००० नेपाली फौजका साथमा बसेका थिए। नाहनमा बसी शत्रुसँग मुकाबिला गर्नुभन्दा त्यहाँबाट एक कोस पर डाँडामा रहेको जैतकमा बसी शत्रुसँग मुकाबिला गर्न सजिलो पर्ने हुँदा अम्बरसिंहका आज्ञाबमोजिम उनी पौष १३ गते नाहन छोडी जैतकमा गए। जिलेस्पीका ठाउँमा आएका जनरल मार्टिनडेलको फौजले रित्तो नाहनलाई भोलिपल्टै दखल गऱ्यो ।

मार्टिनडेलका आज्ञाले साथमा दुइतिरबाट जैतकलाई घेर्न उद्योग गरे । रातको मौका पारी शत्रु आएको थाहा पाई काजी रणजोर थापाका आज्ञाले काजी जसपाउ थापा र सरदार भैरवसिंह बस्नेत ५०० सिपाही लिई लड्न अघि सरे। दुइपटक अंग्रेजले आक्रमण गरे । दुवै पटक आडबाट निस्की नेपालीले शत्रुलाई हराए । जसपाउ थापाले बाजा बजाउँदै आडबाट निस्की शत्रुका उपर आक्रमण गरे । नेपालीको गोली खप्न नसकी अंग्रेजी सेना मुख लुकाउँदै हट्यो । जसपाउ थापाले रातभर दपेटे । नेपाली फौज बन्दूक पीठमा बाँधी खुकुरी उजाएर पछि लाग्यो । खुकुरीका धारमा परी धेरै वैरी कत्तल भए ।

यता ६००० फौजका साथ मकवानपुरको बाटो काठमाडौँ दखल गर्न हिंडेका जनरल मार्लीले पौष लागेपछि नेपालभित्र पाइलो हाले । उनका आज्ञाले पर्सामा र समरनपुर (रौतहट)मा अंग्रेजी फौजले आफ्नो किल्ला जमाए। कर्णेल रणवीरसिंहका आज्ञाले १२०० फौजका साथमा कप्तान सर्वजीत थापाले समरनपुरमा र १२०० फौजका साथमा कप्तान वीरकेशर पाँडेले पर्सामा पौष १९ गते रातको बिहानीपख आक्रमण गरे । समरनपुरमा दशै मिनेटको लडाइँमा अंग्रेजका सेनापति सैन्यहरू निकै मारिए र बाँकी रहेकाले भागेर ज्यान जोगाए।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

यता पर्सामा शत्रुसँग दुइ तोप हुनाले केही बेरसम्म लडे । तर सेनापति मारिएपछि बाँकी रहेकाले भागाभाग गरी ज्यान जोगाए । नेपालीहरूले तोप-बन्दूक गोलीगट्ठा सबै दख्खल गरी लिए । यति भएपछि त मुख्य जनरल मार्लीको मुटु पनि ठाउँमा रहेन, उनले सुइँकुच्चा ठोके । उनको नालायकी देखी लार्ड हेष्टिङ्गले फाल्गुनमा तिनलाई खारिज गरी जनरल जर्ज उडलाई तिनको ठाउँमा खटाए । जर्ज उड १३४०० फौज लिई नेपाल सीमानाभित्र घुसे । उडको आज्ञाले ५०० रिसल्ला र केही सिपाही अगाडि बढे । चुरेमा ५०० नेपाली सैनिकका साथमा उनको लडाइँ पऱ्यो । अगाडि बढ्न नसकी अंग्रेजी फौज फर्क्यो । यसपछि यताउति गरी जर्ज उड दिन बिताउन लागे । भित्र पसी आक्रमण गर्न उनको मनमा साहस पनि आएन ।

यता बुटवलको बाटो पाल्पा, गोरखा दख्खल गर्न भनी ३५०० फौज र १० तोपका साथमा हिंडेका उड पौष २० गते नेपाल सरहदभित्र पसी नुवाकोटगढी दख्खल गर्न आए । नुवाकोटगढीदेखि एक कोस फरकमा दक्षिणपट्टि जीतागढी थियो । पौष २२ गते साँझमा ४०० अंग्रेजी फौजले सो गढीमा आक्रमण गऱ्यो । कर्नेल उजीरसिंह थापाका आज्ञाले ४०० फौजसाथमा सर्दार वीरभञ्जन पाँडे जीतागढीमा रहेका थिए । उनी लडाइँ गर्दै थिए । जनरल उड पनि २१०० फौज लिई त्यहीँ आइपुगे । शत्रु आएको थाहा पाई नुवाकोटगढीमा बसेका उजीरसिंह पनि २००० नेपाली फौजका साथमा त्यहीँ आइपुगे । आफ्नो फौजमा ५ अफिसर र सवा सय जति सिपाही नोक्सानी हुनेबित्तिकै उडले आफ्नो फौजलाई हट्ने आज्ञा दिए । नेपालीहरूले दपेट्दै लगे । शत्रु नेपाल सीमाना छोडी भाग्यो ।

चैत्रसम्म चूप लागी १८७२ को वैशाख लागेपछि बडा तोप लिई फेरि उड बुटवलभित्र पसे । बुटवलको गढीमा केवल ३०० सिपाहीका साथमा कुमेदान कृपासुर थापा बसेका थिए । उड दनादन तोपका गोली चलाउन लागे । त्यत्रो विशाल शत्रुसँग लडेर साध्य नदेखी पहिले चूपचाप लागेर कृपासुर बसे । नेपालीको चाइँचुइँ केही नसुन्दा अंग्रेजी फौज सानोसानो डफ्फामा बाँडिएर गढी दख्खल गर्न आए । गढीका ढोकामा शत्रु आइपुग्नासाथ कृपासुरले पहिला डफ्फालाई झाइँझुइँ पारिदिए । यसरी पहिला डफ्फा खलास हुनासाथ तर्सेर शत्रु भागाभाग गरी गोरखपुर पुग्यो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

यता १५०० फौजका साथमा पूर्वतिर आएका मेजर पेटरलाई रोक्न काजी भक्तवीर थापाका आज्ञाले काजी बहादुर भण्डारीले ६०० नेपाली फौजका साथमा माघमा आक्रमण गरे । यस लडाइँमा शत्रुको फौजको संख्या ठूलो हुनाले बहादुर भण्डारी शत्रुलाई हटाउन नसकी किल्लामा फर्के । पहाडमा शत्रु आउन सकेन । मोरङका दक्षिणभागमा बसी मेजर पेटरले सुखीमलाई नेपालका विरुद्ध उचाल्न लागे ।

जुन दिन नालापानीमा आक्रमण भएथ्यो, त्यही दिन कार्तिक ९ गते जनरल अक्टरलोनीले शतरुद्रा तरी नेपालभित्र पाइलो हाले । उनले तलतिरका २, ४ वटा किल्ला दख्खल गरी मार्गमा रामगढ दख्खल गर्न फौज पठाए । तर बाटमा कप्तान भक्ति थापाले त्यसलाई रोके ।

नेपाल हान्न आएका अंग्रेजहरूमध्ये जनरल अक्टरलोनी सबभन्दा चतुरा थिए । नेपालीहरूलाई खालि हतियार र फौजका बलले जित्न असंभव देखी अर्कै जुक्ति सोच्न उनी लागे । अब अंग्रेजी तरवारभन्दा अंग्रेजी थैली अगाडि हिँड्न लाग्यो ।

शतरुद्रातिरका कहलुर (राजधानी विलासपुर)का राजा महाचन्द्र नेपालका आश्रित मित्र बनेका थिए । यिनलाई नेपालको विरुद्ध उठाए । यसपछि अम्बरसिंहले मलाउँ पर्वतको राजगढमा आफ्नो मुख्य मुकाम बनाए ।

यता कुमाउतिर कर्णेल गार्डेनर २००० फौज लिई फाल्गुन ६ गते नेपाल सरहदभित्र घुसे । चौ. बम शाहका आज्ञाले सरदार अङ्गद थापा ७०० नेपाली फौज लिई तिनलाई रोक्न गएका थिए । यता गार्डेनरको सफलता देखी मेजर हियर्सी पनि १००० फौज लिई नेपालभित्र घुसे । तिनलाई रोक्न चौ. बम शाहका आज्ञाले ३०० सिपाहीका साथमा चौ. हस्तदल शाही गए । चैत्र २२ गतेका दिन कुथलगढमा युद्ध भयो । सो युद्धमा हियर्सी पक्रिए । भागाभाग गरी बाँकी शत्रुले ज्यान जोगायो ।

उता अक्टरलोनी बिस्तारबिस्तार गरी अगाडि बढ्दै गए । चैत्रसम्म अम्बरसिंह पनि आफ्ना साथमा रहेका फौजका साथ उनको मुकाबिला गर्दै गए । सूर्यगढीमा अम्बरसिंहका आज्ञाले भक्ति थापा ५०० सिपाहीका साथमा बसेका थिए ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

सूर्यगढी र राजगढको बीचमा २ कोस थियो। त्यहाँ बीचमा नेपालीहरूले बडाबडा मजबूत आड बनाएका थिए। दुर्भाग्यले गर्दा देवस्थलको एउटा आड कमजोर बन्न गएको रहेछ। राजगढतिर शत्रुले आक्रमण गर्दा भक्ति थापा राजगढमा अम्बरसिंहका मद्दतका लागि हिँडे। देवस्थलमा २०, ३० जना नेपाली सिपाही शत्रुको गति बुझ्न आडभित्र बसेका थिए। २००० फौज लिई स्वयं अक्टरलोनी एक्कासि रातमा देवस्थलमा पुगे। आड कमजोर हुँदा भित्रका ती नेपाली सिपाहीलाई हटाई अक्टरलोनीले देवस्थल वि.सं. १८७२ वैशाख ४ गते रातमा दख्खल गरे। यता राजगढ दख्खल गर्न गएका कप्तान रोवर्स वैशाख ५ गते मारिए। हार खाई अंग्रेजी फौज फर्क्यो।

यसरी राजगढको रक्षा नेपालीहरूले गरे तापनि नजिकै देवस्थलमा शत्रुको दख्खल भएको देखेर अम्बरसिंहले तुरुन्त भारादारी गरी देवस्थलमा आक्रमण गर्नै उचित सम्झे। राजगढमा यस समय पुगनपुग २००० जति सिपाही थिए। ती पनि दिनभरको लडाइँले गर्दा थकित भइसकेका थिए। तिनै थकित सिपाही पनि लडाइँका लागि कटिबद्ध भए। रातैमा कप्तान भक्ति थापा ती सिपाही लिई राजगढबाट देवस्थलतिर अगाडि बढे। स्वयं अम्बरसिंह थापा पछिल्तिर बसी सैन्य संचालन गर्न लागे। भक्ति थापाको उमेर ७० वर्षको थियो। उता पुत्रशोकले यिनलाई गलाएको थियो। तैपनि आफ्ना देशका लागि ज्यानको आशा मारेर यिनी हिँडे। राजगढबाट केही ओर्लेर देवस्थलमा चढ्न पर्दथ्यो। माथि टुप्पाबाट शत्रुका तोपका गोली बर्सिरहेका थिए। निडर भई भक्ति थापा अगाडि बढ्दै गए। नेपालीका निशानबाजीले गर्दा ती तोपका गोलन्दाज जम्मै भने जस्ता स्वाहा भए। शत्रुको गोलीको परवाह नराखी आडनेरै पुगी नेपाली भिडिई खुकुरी चलाउन लागे। शत्रु आडभित्र थिए। लडाइँ चल्दै थियो। शत्रुको गोली लागी भक्ति थापाले वीरगति पाए। यसपछि नेपाली हट्दै आए। यी सर्दार भक्ति थापाले बडाबडा लडाइँ लडेका थिए। अम्बरसिंहले लडेका धेरैजसा लडाइँमा यिनले लडेका थिए। भक्ति थापा मारिँदा अम्बरसिंहको दाहिने हातै भाँचियो। यिनको लाशलाई अक्टरलोनीले दोसल्ला ओढाई आदरसाथ अम्बरसिंहकहाँ पठाइदिए। यिनकी पत्नी सती गइन्।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

यता कुमाउतिर चैत्रमा २००० फौज र १२ तोप गार्डनरका मद्दतका लागि आए। बम शाहका आज्ञाले हस्तदल शाही ७०० फौज लिई अंग्रेजी फौज रोक्न हिंडे। १३०० अंग्रेजी फौजले त्यहाँ आक्रमण गर्‍यो। गणनाथमा १८७२ वैशाख १३ गते रातमा लडाइँ भिडियो। यस लडाइँमा हस्तदल शाही परे।

यी हस्तदल शाहीले युद्धमा खूब काम गरेका थिए। यिनैका मातहतमा बूढाकाजी अम्बरसिंहले गढवाल विजय गरेका हुन्। यिनका साथमा यिनकी पत्नी सती गइन्। यिनको स्मारक बैतडी देवलहाटमा छ।

यति भएपछि गार्डनरले चारैतिरबाट अल्मोडालाई घेरे। नेपालीहरूको फौजको संख्या ज्यादै कम थियो। तैपनि नेपालीहरूले शत्रुलाई वीरतापूर्वक रोकिरहेका थिए। अब भने चौ. बम शाह शत्रुका घेरामा परे। उनका साथमा अहिले १००० जति सिपाही थिए। दुर्भाग्यले रसदको पनि अभाव थियो। शत्रुको संख्या ५००० थियो। यस अवस्थामा अल्मोडाको किल्ला छोडिदिनुसिवाय अर्को उपाय नदेखी गार्डनरसँग पत्रव्यवहार गरी कैदी साटासाट गरी बम शाहले कुमाउ वैशाख १७ गते छोडिदिए। आफ्ना हातहतियार जङ्गी असबाब लिई महाकाली तरी बैतडीमा आई बसे।

यता राजगढमा अम्बरसिंहलाई रसदको कमीले गर्दा मुस्किल परेको थियो। आफ्ना साथमा रहेका सिपाहीलाई आधा पेट पाल्नसम्म पनि उनीसँग अन्न रहेन। तैपनि शत्रुसँग आत्मसमर्पण गर्नुभन्दा मर्नु धेरै जाति हो भन्ने यिनको विचार थियो। आफूसँग रहेका त्यति फौजका साथमा फेरि एकपल्ट शत्रुसँग भिडिई मार्नु अथवा मर्नु यिनले निश्चय गरेका थिए। भोकभोकै पर्दा सिपाही घट्दै गए। हुँदा हुँदा यिनका साथमा २०० सिपाही बाँकी रहे। यस्तैमा बम शाहले कुमाउ छोडेको खबर पुगेपछि ज्येष्ठ ६ गते यिनले अक्टरलोनीसँग भेट गरी राजगढ छोडिदिए। आफ्ना जङ्गी असबाब हातहतियार लिई अम्बरसिंह मधेस ओर्ली महाकालीबाट उत्रे। अम्बरसिंहका आज्ञाले रणजोर थापाले पनि आफ्ना हातहतियार लिई जैतक छोडिदिए।

यति भएपछि नेपाल र अंग्रेजको सन्धिचर्चा चल्यो। नेपाली दूत र अंग्रेजी दूत बसी सुगौलीको सन्धि निर्णय गर्न लागे। महाकालीपारका सबै प्रान्त छोडिदिनु

CC-0. Nepal Sanskrit Academy, Kathmandu

तथा चुरेका दक्षिणका सबै तराई छोडिदिनु यस सन्धिको मुख्य सार थियो। महाकालीपारका प्रान्त त अगिबाटै छोडिदिएका हुनाले त्यसमा नेपालीहरूले केही बोलेनन्। परन्तु सारा तराई छोडिदिनाले नेपालको सत्ता नै नरहने तथा तराई र पाहाडप्रान्त उहिलेदेखि नै एउटै शासनमा रहिरहेको हुनाले पनि यसमा नेपालीहरूले मञ्जूर गरेनन्। यस सन्धिका शर्तहरू नेपालमा अंग्रेज राजदूत राख्ने तथा पूर्वमा मेची सीमाना लाउने, अंग्रेज जातिका मध्यस्थतामा मात्र अरू यूरोपियन जातिसँग सम्बन्ध राख्ने थियो, यी शर्तबाट पनि नेपाललाई विशेष हानि नहुने देखेकाले नेपालीहरूले विरोध गरेनन्। तराई छोड्न भने नेपालीहरू केही गरे पनि राजी भएनन्। यसपछि अंग्रेजहरूले तराईको बदला वर्षको २ लाख रुपियाँ नेपाललाई दिन मञ्जूर गरे। वास्तवमा यस सन्धिका आडमा नेपाललाई निचोरी नेपालको शक्ति सर्वदाका लागि क्षीण गराइदिनु लार्ड हेष्टिङ्गको भित्री मुराद थियो।

नेपाली तराईका बदलामा वर्षको दुइ लाख रुपियाँ लिने सन्धिपत्र लिई दूत फर्के, तर भीसेन थापा आदि भारदारहरूले यसमा लालमोहर गराउन अस्वीकार गरे।

यता लार्ड हेष्टिङ्गले काठमाडौँ दखल गराई नेपालीलाई अँचेट्न अक्टरलोनीका मातहतमा २०००० फौज पठाए। अक्टरलोनीका आज्ञाले ४००० फौज हरिहरपुरतिर, ४००० फौज हेटौँडातिर बढ्यो।आफू अक्टरलोनी बाँकी फौज लिई माघका आखिर सिमरामा उत्रे।

२०००० फौजका साथमा आएका अक्टरलोनीसँग लड्न यता नेपालबाट ९००० फौज लिई कर्णेल रणवीर थापा हिंडे। ती ९००० मध्ये २००० सिपाही लिई काजी रणजोर थापा (जैतकका वीर) हरिहरपुरमा बसे। सिमराको बाटो रोक्न कप्तान वीरकेशर पाँडे र कप्तान बखतसिंह बस्नेत ३००० सिपाही लिई अगाडि बढे। बाँकी ४००० सिपाही लिई रणवीरसिंह मकवानपुरमा बसे।

चुरेका बाटामा शत्रुलाई पर्खेर वीरकेशर पाँडे बसेका थिए। नेपालीलाई हाँकाहाँक लडेर जित्नु अक्टरलोनीले पोहोरैदेखि असंभव देखिसकेका थिए। यस कारण अगाडि नबढी अक्टरलोनी मौका ढुकिरहेका थिए। यस्तैमा चुरे पार गर्न एउटा

CC-0. Nepal Sanskrit Academy, Kathmandu

चोरबाटो चोरी व्यापार गर्नेहरूबाट पत्ता पाई एक्कासि रातमा अक्टरलोनीले त्यही बाटो चुरे पार गरे । सो चोरबाटो ज्यादै बेचल्तीको हुनाले त्यतातिर नेपालीहरूले फौज राखेका थिएनन् ।

यसरी चुरे पार गरेपछि फाल्गुन १९ गते अक्टरलोनीले मकवानपुरनजीकैको सिकरकठेरी दख्खल गरे । शत्रु यसरी एक्कासि नजीकै आइपुगेपछि रणवीरसिंहका आज्ञाले कप्तान शंसेर राना २००० फौज लिई लड्न गए, बडो जोरसँग आक्रमण गरे । ९ घण्टासम्म लगातार लडाइँ चल्यो, तर शत्रु टकुरोमा र आफू तलतिर पर्दा तथा शत्रुको संख्या आफ्नो भन्दा ५ गुना भएकाले पनि शत्रुलाई हटाउन नसकी नेपाली मकवानपुर फर्के । हरिहरपुरको नजिकै फाल्गुन २० गते अंग्रेजी फौज पुग्यो । त्यहाँ रणजोर थापाले एक आड बनाएका थिए । सो आड अंग्रेजले दख्खल गर्न लाग्दा रणजोरले भोलिपल्ट २००० फौजका साथमा आक्रमण गरे । रातको ३ बजेदेखि दिनको ११।३० बजेतक घोरघमासान युद्ध भयो । यसपछि रणजोरले आफ्नो फौजलाई गढीमा फर्काए ।

यसरी सिकरकठेरीसम्म शत्रु आएको थाहा पाएपछि भीमसेन थापाले सुगौलीको सन्धिपत्रमा लालमोहर गरी अक्टरलोनीकहाँ पठाइदिए । मकवानपुरबाट अगाडि बढ्न अक्टरलोनीलाई पनि महाकठिन परेको थियो । यसैले बढ्ता दबाउनपट्टि नलागी यही सन्धिलाई गनिमत सम्झी अक्टरलोनी फर्के । यसको केही दिनपछि पाल्पाबाट ३००० फौज लिई कर्णेल उजीरसिंह थापा पनि काठमाडौँमा उत्रेका थिए । तर लडाइँ बन्द भइसकेको थियो । यसरी १८७२ सालका समाप्तिमा यो लडाइँ पनि समाप्त भयो । १८७३ वैशाख ६ गते सन्धिबमोजिम अंग्रेज राजदूत काठमाडौँमा उत्रे ।

दुर्भाग्यले गर्दा यसरी लडाइँ बिग्रेपछि तराई पनि सबै काटिए । नेपाल राज्य बुच्चो बन्यो । अहिले नेपालीले विवश भई अंग्रेजसँग सन्धि गरेका थिए तापनि अंग्रेजसँग बदला लिने उद्योग उनीहरूले छोडेका थिएनन् । चीनको र मरहठ्ठाको सहायताबाट अंग्रेजसँग लड्ने उद्योगमा यिनीहरू लागे । अंग्रेजका चरहरूले नेपालीको यस उद्योगको सूचना पनि पाए । यस्तैमा १८७३ सालको तराईको २ लाख रुपियाँ लिने दिने बखत पनि आएको थियो । सो रुपियाँ लिन नेपालीले मञ्जूर गरेनन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

उता लर्ड हेष्टिङ्गलाई मरहठ्ठासँग लड्नुपरेको थियो । नेपालीसित प्रत्यक्ष असंतोष छँदा छँदै मरहठ्ठासँग लड्नु असम्भव थियो । यसैले तराई नेपाललाई फिर्ता दिने, त्यसमध्ये अवधका नवाबसँग लिएको ऋण २ करोडको साटो उनलाई कर्नालीप्रान्तको तराई (नयाँ मुलुक) दिने निश्चय गरी परस्परमा मित्रता राख्ने कुरा हेष्टिङ्गले चलाए । संवत् १८७३ पौष ४ गते सन्धिपत्रमा सहिछाप पर्‍यो ।

यस लडाइँमा कोशीदेखि कर्नालीसम्मका प्रान्तमा नेपालीहरूले अंग्रेजलाई हराए । उता गङ्गा-यमुनाप्रान्तमा नेपालीहरूले अंग्रेजलाई हराउन सकेनन्, आत्मरक्षासम्म गरे, यता कुमाउमा आत्मरक्षासम्म पनि गर्न सकेनन् । यस लडाइँमा मुख्य हतियार तोप थियो । तोप राजधानी काठमाडौँमा ढालिन्थे । पाहाडको भीरको बाटो शतरुद्रासम्म तोप पुर्‍याउन नेपालीहरूलाई धेरै काल र परिश्रम लाग्दथ्यो । उता मधेसका पटमैदानमा अंग्रेजहरू सहजै यताउति तोप लान शक्तथे । कोशीदेखि कर्नालीसम्मका प्रान्तमा नेपाली सुव्यवस्थित शासनप्रणाली चलिसकेको थियो । यहाँका प्रजामा देशभक्ति उम्लिसकेको थियो । यता कुमाउ-गढवालमा शासनव्यवस्था नेपालीहरू गर्दै थिए । जमुनाप्रान्त (सिमलाप्रदेश)मा भरखर दख्खल भएको हुँदा त्यहाँ शासन जम्न केही काल बाँकी थियो । अंग्रेजहरूले यो लडाइँमा भेदनीति खूब प्रयोग गरेका हुन्, सारा राज्यै सुम्पने प्रलोभन पनि अम्बरसिंह तथा बम शाहहरूलाई दिएका हुन् । परन्तु आफ्ना राजा तथा देशका निमित्त यिनीहरू मर्नुपरे पनि राजी थिए, परन्तु देशविद्रोह गरी राजा हुन पनि तयार थिएनन् ।

यता भरखर दख्खल भएको गङ्गा-जमुनाप्रान्तमा एकदुइटा खाइहाल्दा देशद्रोही जन्मेका थिए । यी देशद्रोही आफ्नो घृणित स्वार्थका लागि जन्मभूमि, धर्म, जाति सबै कुराको नाश गर्न तयार थिए । यिनै देशद्रोहीहरू अंग्रेजका हातका कठपुतली बनेका थिए । अंग्रेजहरूले यिनीहरूलाई ठूलाठूला प्रलोभन देखाएका थिए । अम्बरसिंह, बम शाहहरूले यिनै देशद्रोहीहरूलाई आफ्ना स्वदेशी सम्झी विश्वासपात्र सम्झेका थिए । यतैबाट धोखा खानुपर्‍यो । अम्बरसिंह तथा बम शाहहरूले शत्रुको भन्दा आफ्नो फौज ज्यादै कम रहेको हुँदा पहाडी किल्लामा बसी मुकाबिला गर्ने नीति लिएका थिए । यो नीति कोशीदेखि कर्नालीसम्मका

CC-0. Nepal Sanskrit Academy, Kathmandu

प्रजाले बुझेका थिए । परन्तु गङ्गा-जमुनाका प्रजाले यस नीतिलाई हार सम्झेका थिए । यसबाट पनि देशद्रोही जमाउन सजिलो परेको थियो । सबभन्दा नेपालीको कमजोरी प्रचारमा थियो । प्रचारबाट शिक्षित जनतामा उस्तो प्रभाव पर्दैन, तर अशिक्षितमा उद्धुम प्रभाव पर्दछ । अंग्रेजका दूतहरू नाना भेषमा हिंडी प्रचार गरी हिँड्दथे । कुमाउमा दख्खल गर्न ५००० जति फौज आएको थियो । अंग्रेजका दूतहरू ३२००० फौज आएको छ भनी साधारण जनतालाई भड्काई हिँड्दथे । यस्तै नाना किसिमका कुरा साधारण जनतालाई सुनाउनु यिनीहरूको काम थियो । बलभद्रको मारले अंग्रेजी फौजको यस्तो नाश भएको थियो । उल्टो यी दूतहरू बलभद्रलाई अंग्रेजहरूले मारे भन्ने प्रचार गर्दै हिँड्दथे । अंग्रेजको हतियारसँग लड्ने नेपालीको हतियार थियो, तर यस प्रचारको बदला नेपालीको केही थिएन । यसले गर्दा फौजको मस्ती गल्ने सम्भव थियो । मुख्य हारको कारण यही हो ।

नेपालीहरूले जुन बहादुरीसँग लडे, त्यसबाट मरहठ्ठाहरूको पनि हौसला बढेको थियो । यता सीखहरू पनि जगमगाएका थिए । रणजीतसिंह त फौज लिएर शतरुद्रासम्म पनि आएका थिए । "भारतमा अंग्रेजले लडेका लडाइँमध्ये सबभन्दा विकराल नेपालको लडाइँ थियो । अंग्रेजका सिपाहीले पाहाडमा आई नेपालीहरूसँग मुठभेट गर्न सक्ने होइनन् । अंग्रेजहरूको सबभन्दा बढ्ता नोक्सान यसैमा भयो" इत्यादि कुरा नेपालीहरूकै बहादुरीले देखायो । नेपालीहरूको बहादुरी देखी रणजित्सिंहले लाहौरमा नेपाली सेना यसै वेलादेखि राख्न लागेका हुन् । अंग्रेजहरूले पनि नेपालीहरूलाई आफ्ना फौजमा भर्ना गर्ने काम यसै वेलादेखि गरेका हुन् ।

राजेन्द्रविक्रम शाह

१८७३ मार्गमा १९ वर्षको उमेरमा गीर्वाणयुद्धविक्रम शाहको शीतलाको व्यथाले स्वर्गवास भयो । उनका ३ वर्षका बालक छोरा राजेन्द्रविक्रम शाहलाई गद्दीमा राखी जनरल भीमसेन थापा अगि जस्तै राजकाज चलाउँदै गए । रणबहादुर शाहका कान्छी महारानी त्रिपुरसुन्दरीदेवी उनलाई राजकाजमा मद्दत गर्थिन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

अंग्रेजहरूसँग भएको लडाइँको हार नेपालीहरूका मनमा खूब गडेको थियो। परन्तु यस हारबाट नेपालीहरूले शिर निहुराएका थिएनन्। झन् उल्टो दृढतासाथ उत्साही र अंग्रेजविरोधी भएका थिए। अंग्रेजहरू बिस्तारबिस्तार नेपालको भित्री काममा आफ्नो खुट्टा फैलाउने र नेपालको सैनिक शक्ति तोड्ने दाउ खोज्दथे। भीमसेन थापाको नीति नेपालको कामकारबाईमा अंग्रेजहरूलाई हात हाल्न नदिने तथा नेपालको सैनिक शक्ति बढाउँदै लाने थियो। नयाँ नयाँ तोप बन्दूक ढलाउने र फौजलाई ठीकसँग तालीम दिने काममा खूब दत्तचित्त थिए। यसै कामका लागि उनले छाउनी, तोपखाना, मेगेजिन आदि बनाए। उनी अंग्रेजहरूदेखि सकभर परै बसी मौकामा हारको बदला लिने दाउमा थिए।

महारानी त्रिपुरसुन्दरीदेवी धार्मिक प्रकृतिकी थिइन्। यता मुलुकमा शान्ति सुव्यवस्था रहेको हुनाले र लडाईँभिडाइ पनि केही नपरेको हुँदा राज्यको आय पनि बढ्दै गएको थियो। यसै कारण यस वेला मन्दिर धारा पाटी पुलहरू खूब बन्न लागे। त्रिपुरेश्वर महादेवको मन्दिर, धर्मशाला, वाग्मती आदि अनेक ठाउँका पुल, सुनधारा आदि अनेक धाराहरू यसै वेला बनेका हुन्। धरहरा पनि यसै वेला बनेको हो। १८८८ साल चैत्रमा महारानी त्रिपुरसुन्दरीदेवीको देहान्त भयो।

१८९० भाद्रमा नेपालमा ठूलो भूकम्प भयो। करीब १८००० जति घरै नोक्सान भए। धेरै देवमन्दिरहरू पनि बिग्रे। भूकम्पको ठूलो मार भक्तपुरतिर भयो। १८९२ कार्तिकमा श्री ५ राजेन्द्रविक्रम शाहबाट जनरल भीमसेन थापाले कम्याण्डर इन चीफको पदवी पाए। अंग्रेजसँगको लडाइँको हारमा एउटा कारण पैसा कम हुनु पनि हो भन्ने भीमसेन थापाले सम्झेका थिए। यसैले उनी किफायतीमा लागेका थिए। नवयुवक राजा राजेन्द्र र उनका महारानीहरू फुक्का हात रहन चाहन्थे। यसैले उमेर चढ्दै गएका राजारानीलाई भीमसेन थापाको व्यवहार अप्रिय हुँदै गएको थियो। महारानी त्रिपुरसुन्दरीदेवीको देहान्त नभएसम्म भित्र दरबारमा भीमसेन थापाको विरुद्ध कोही चाइँचुइँ गर्न शक्तैनथ्यो। यसपछि बिस्तारबिस्तार उनका चुक्लीले राजेन्द्रविक्रमका कान भरिन लागेका थिए। भीमसेन थापाकै अयोग्यताले गर्दा कालीपारका मुलुक गुमेका हुन् भन्ने कुरा

CC-0. Nepal Sanskrit Academy, Kathmandu

बिस्तारबिस्तार दरबारमा फैलिँदै गयो । भीमसेन थापा बिस्तारबिस्तार राजारानीका आँखाका काँढा हुन लागे । तर उनको शक्ति एकदम गिराउन असंभव थियो । रणबहादुर शाहबाट उनले जीउताभरका लागि प्रधानमन्त्री र सेनापतिको पद पाएका थिए । उसमाथि उनको असल चिताउने मानिसहरूको कम्ती थिएन ।

दामोदर पाँडेका छोरा रणजङ्ग पाँडे अब राजेन्द्रविक्रम शाहका प्रियपात्र हुन लागेका थिए । उनका भाइ रणदल पाँडेले पाल्पाको तैनाथी पाए । राजेन्द्रविक्रम शाहका ज्येठी महारानी रणजङ्गलाई शक्तिशाली बनाउने पक्षमा थिइन् । १८९३ साल माघमा उनकै प्रेरणाले दामोदर पाँडेको अगि हरण भएको सम्पत्ति रणजङ्गले फिर्ता पाए ।

१८९४ साल श्रावणमा राजेन्द्रविक्रम शाहका ज्येठी महारानीपट्टिका एक बालक राजकुमारको मृत्यु भयो । यी बालकलाई भीमसेन थापाले एकदेव वैद्यलाई लाएर विष खुवाई मराएका हुन् भन्ने मुद्दा उठ्यो । यही मुद्दाले भीमसेन थापा, उनका भाइ जनरल रणवीरसिंह थापा तथा एकदेव वैद्यहरू पक्रिए । प्रधानमन्त्रीको काम रणजङ्ग पाँडेले र सेनापतिको काम चौ. फत्यजङ्ग शाहले पाए । परन्तु रणजङ्ग पाँडे मुल्की बन्दोबस्तमा भन्दा फौजी काममा ज्यादा रुचि देखाउने स्वभावका थिए । यसैले दुइ महीनाभित्रैमा प्रधानमन्त्रीको काम रङ्गनाथ पण्डितज्यूका हातमा गयो । यता भीमसेन थापाका उपरमा लागेका विषमुद्दाको जाँचबुझ हुँदै थियो । आखिर त्यसै साल चैत्रमा भीमसेन थापाहरूले आफ्ना उपर लागेको मुद्दामा सफाइ पाए जस्तो भई उनीहरू छुटे । उनीहरूको रोक्का भएको धनमाल फुक्का भयो । तर अब भीमसेन थापा ढाक्रे भए । राजकाजसँग उनको सम्बन्ध छुट्यो । उनी आफूले बनाएको बोर्लाङ (गोरखा)को बघैँचाघरमा गई रहन लागे ।

प्रधानमन्त्रीको भार रङ्गनाथ पण्डितज्यूले बोकेका थिए । यिनका बाजे पण्डित जयमङ्गल पौडेल पृथ्वीनारायणका महारानीका दीक्षागुरु थिए । यिनका बाबु व्रजनाथ पण्डित १८३४ सालमा नेपालबाट धपाइएका थिए । त्यस बखत रङ्गनाथ ४ वर्षका बालक थिए । काशीमा गई यी ६० सालसम्म रहे । यिनले विद्याको अध्ययन राम्रोसँग गरेका थिए । रणबहादुर शाह काशीबाट फर्कँदा यी

CC-0. Nepal Sanskrit Academy, Kathmandu

पनि सँगसँगै फर्केका थिए । यसै वेलादेखि यिनले नेपालको राजकाजमा हात हाल्न लागेका हुन् । भीमसेन थापाको शासनकालमा यिनले विशेष गरेर राजदूतको हैसियतको काम गरेका थिए । यिनले दुइ तीन पुस्तक पनि लेखेका छन् । त्यसमध्ये *कर्पूरस्तव*को टीका खूब प्रख्यात छ ।

त्यस ताक सबभन्दा ठूलो प्रभाव रणजङ्ग पाँडेको थियो । उनलाई फौज बढाउने र नयाँ लडाइँ खोल्ने उत्कट इच्छाले छोपेको थियो । यसैले यनी निजामती काममा आफ्नो बुद्धि खर्च गर्न चाहँदैनथे । यस वेलासम्म रणजङ्ग पाँडेको हातमा सेनापतिको सारा अधिकार आइसकेको थियो ।

अंग्रेजसँगको लडाइँ बिग्रनु नै भीमसेन थापाको सबभन्दा ठूलो अयोग्यता हो भनी रणजङ्ग पाँडेले देखाएका थिए । त्यसैले उनी अंग्रेजहरूसँग लडी नेपालबाट अंग्रेजी राज्यमा मिल्न गएका देश फिर्ता लिई आफ्नो योग्यता देखाउने उद्योगमा लागेका थिए । यसै कामका लागि १८९५ सालमा भारतका ठूलाठूला राज्यहरूमा र चीन, भोट, बर्माका राजदरबारमा समेत गई नेपाली गुप्त दूतहरू ती राजाहरूलाई उचाली अंग्रेजहरूका विरुद्ध युद्ध गर्ने चेष्टामा लागेका थिए तथा गुप्ती हिसाबबाट नेपालका महाभारतका किल्लाकिल्लामा नेपाली फौज फिँजाउने काम पनि भएको थियो ।

नेपालीहरूका यस गुप्त सल्लाहमा पञ्जाबका राजा रणजीतसिंह पनि सम्मिलित थिए । यिनीहरू यस किसिमबाट प्रबन्ध मिलाउँदै थिए । ग्वालियरका राजा जनकोजीबाट रहस्य खुल्दा यसपल्ट कुरा त्यसै मस्याङ्ग्रिएर गयो ।

१८९६ साल वैशाखमा भीमसेन थापालाई राजकाजमा सल्लाह लिन काठमाडौँमा राजेन्द्रविक्रम शाहले बोलाएका थिए । दुर्भाग्यवश उनी केही दिन यहीँ अलमलिँदा सो पुरानो विषमुद्दा फेरि उल्टिएर आयो । आखिर ठूलो भारादारीमा वादीहरूले केही कागजपत्र पनि पेश गरे । ती सबै कीर्ते हुन्, नभए ९४ सालमै ती आउनुपर्ने हो भनी भीमसेन थापाले बहस गरे । तर उनको बहस केही काम लागेन । चारैतिरबाट उनी शत्रुहरूले घेरिएका थिए । उनका उपर दोष साबित भयो । उनी आफ्नै बागमहलमा नजरबन्द भए । आखिर अनेक बेइज्जती सहेर बाँच्नुभन्दा मर्नु धेरै निको भन्ने सम्झी १८९६ साल श्रावणमा ६४ वर्षको

CC-0. Nepal Sanskrit Academy, Kathmandu

उमेरमा सेरिएर भीमसेन थापाले संसार छोडिदिए। अगिसम्म त विषमुद्दाका बापतीसम्मलाई आपद् परेको थियो। परन्तु भीमसेन थापा सेरिएर मरेकाले सारा थापा र उनका सम्बन्धीउपरमा नै दुःख पर्न आयो।

भीमसेन थापाले एक टङ्कारसँग ३४ वर्षसम्म नेपालको भित्री शासन मजबूत बनाउनमा ठूलो काम गरेका हुन्। यिनको बुद्धि बडो तीखो र शारीरिक शक्ति पनि खूब मजबूत थियो। गीर्वाणयुद्धविक्रम र राजेन्द्रविक्रम शाह यिनैका काखमा खेली हुर्केका थिए। यिनी धेरैजसो आफ्ना महलमा नबसी राजदरबार हनूमान्ढोकामा नै बस्तथे। यिनी एकपल्ट आफ्नो महलमा श्राद्ध गर्न लागेका थिए। त्यसै वेला दरबारबाट बोलाहट गयो, यिनी हातमा लिएको पिण्ड हातैमा लिई दौड्दै दरबार आइपुगे भन्ने यस्ता अपूर्व कथा पनि यिनका बारेमा सुनिन्छ। यिनका छोरा थिएनन्। ३ मुखिनीपट्टि गरी ३ छोरी मात्र थिए। आफ्ना छोरीहरू भीमसेन थापाले पाँडेहरूलाई विवाह गरी दिएका थिए। आफ्ना भतिजा कर्णेल उजीरसिंह थापाका छोरा कर्णेल शेरजङ्ग थापालाई यिनले धर्मपुत्र पालेका थिए। धर्ममा भित्रैदेखि यिनको श्रद्धा थियो। १८५६-५७ सालमा रणबहादुर शाहका झोंकमा परी भत्केबिग्रेका मन्दिरहरू यिनैले जीर्णोद्धार गरिदिएथे। यिनले आफूले पनि मन्दिर बनाई देवता स्थापना गरेथे।

यता रणजङ्ग लडाइँतिर नै दत्तचित्त थिए। तर लडाइँका लागि उनले अड्कले जति धन त्यस वेला मूल ढुकुटीमा थिएन। यस कामका लागि उनले भारादारी गरी सबैतिर खर्च किफायत गर्ने तथा जागीरदारको जागीर कम्ती गराउने प्रबन्ध मिलाएका थिए। यत्तिकैमा १८९७ सालको शुरूमा प्रधानमन्त्रीको अभिभारा रङ्गनाथ पण्डितज्यूका हातबाट चौ. पुष्कर शाहका हातमा गयो।

यो जागीर घट्ने घोषणा हुँदा ठूलाठूला भारादारहरूमा त विशेष केही प्रभाव परेन। परन्तु साधारण सिपाहीहरूमा त ठूलो असंतोष फैलियो। यता सिपाहीहरूको पजनी नभई त्यसै अडिरहेको थियो। ती सिपाहीहरूले जतातत्तै उत्पात गर्नन् जस्तो गर्न लागे। तर तत्कालैमा राजेन्द्रविक्रम शाहले बुद्धिमानीपूर्वक जागीर घटाउने कुरा छोडी सिपाहीहरूलाई थामथुम पारे। रणजङ्ग लडाइँतिरको तारतुम मिलाउँदै थिए। पहिले आफ्नो देशमा सैन्यशक्ति ठीक पारी कुनै मौका

CC-0. Nepal Sanskrit Academy, Kathmandu

छोपी लड्ने उनको इच्छा थियो । सुमेसर (चित्तौन)का कुनै अबुझ सिपाहीहरूले यत्तिकैमा कम्पनीको आश्रित राज्य भएको रामनगर (तनहूँको पुरानो तराई)मा लागेको मेलामा नेपालबाट सरकारी आज्ञा नपाईकन हाहामा लागी जगात उठाइदिए । यसबाट सीमानामा तुरुन्त लडाइँ उठ्ने सम्भव हुन आयो । तर यस वेलासम्म लडाइँको ठीक प्रबन्ध मिलिसकेको थिएन । यसैले गर्दा रणजङ्गदेखि राजेन्द्रविक्रम शाह अप्रसन्न भए । यत्तिकैमा राजेन्द्रविक्रमको ज्येठी महारानी साम्राज्यलक्ष्मीदेवी (सुरेन्द्रविक्रम शाहको मुमा)को ९८ साल आश्विनमा स्वर्गे भयो । उनको स्वर्गे भएकाले रणजङ्गको दरबारमा धेरै प्रभाव घट्यो । यसै समयमा पुष्कर शाहको देहान्त भएको हुनाले प्रधानमन्त्रीको काम चौ. फत्यजङ्ग शाहले पाए । सेनापतिको काम पनि रणजङ्गबाट झिकियो । तैपनि उनी सुरेन्द्रविक्रम शाहका आश्रयले खुट्टा टेकी उभिने दाउमा थिए ।

राजेन्द्रविक्रम शाह पढेगुनेका र बुद्धिमान् पनि थिए । उनको जीउडाल पनि बडो राम्रो थियो । परन्तु उनमा एउटा ठूलो दोष थियो । परिस्थितिलाई आफैँले ठीकसँग बुझी काम चलाउनुको सट्टामा अर्काका कुरा यिनी सुन्दथे । मालिकले कुरा सुन्न लागेपछि कुरा पुऱ्याउने मानिसको पनि केही कमी थिएन । यसैले गर्दा र दुइ गुण भएकाले पनि राजगृहमा दाउपेच खूब चल्दथ्यो । ज्येठा महारानीको स्वर्गवास हुनाले त राजगृहको परिस्थिति झन् विषम भयो । कान्छा महारानीको भित्री इच्छा आफ्नै छोरालाई राजगद्दीमा राख्ने थियो । तर ज्येठीपट्टिका दुइ भाइ छँदा छँदै यस्तो हुनु सम्भव थिएन । यसैले उनी कुनै एउटा बलियो मानिसलाई आफ्नो पक्षमा मिलाई आफ्नो मतलब सिद्ध गर्ने दाउ हेर्दथिन् ।

तर राजेन्द्रविक्रमको इच्छा आफ्ना ज्येठा छोरा सुरेन्द्रविक्रम शाह नै आफूपछि गद्दीमा बसून् भन्ने थियो । यसै मनसायले १८९९ साल कार्तिकमा श्री ५ राजेन्द्रविक्रम शाहबाट १३ वर्षका सुरेन्द्रविक्रम शाहलाई युवराजाधिराजको पद मिल्यो । तर यसबाट कान्छा महारानीको ज्यादै नै मन दुखेको देखी त्यसै साल पौष महीनामा राजकाजका केही अधिकार कान्छा महारानी राज्यलक्ष्मीदेवीलाई छोडियो । यसबाट ज्येठा छोरा सुरेन्द्रविक्रम राज्यको उत्तराधिकार पाउनाले र कान्छा महारानी राज्यलक्ष्मीदेवी राजकाजको अधिकार पाउनाले प्रसन्न हुनन् र

CC-0. Nepal Sanskrit Academy, Kathmandu

आफ्नो घरको कलह शान्त होला भन्ने राजेन्द्रविक्रमले सम्झेका थिए । परन्तु यसको परिणाम उल्टो हुन आयो । यता सुरेन्द्रविक्रम शाह बालक भएका हुनाले राम्ररी उचित अनुचित विचार गर्न शक्तैनथे । उता कान्छा महारानीको अधिकार पाउनाले प्रभाव बढ्दै गएको थियो । यसैले धेरै भारादारहरू पनि उनकै अनुयायी हुन गए । यसरी राजा छँदा छँदै रानीका हातमा अधिकार पुग्नु चौ. फत्यजङ्ग शाहहरूलाई चित्त बुझेको थिएन । चौतरियाहरू त्यसै आफूसँग प्रसन्न नभएका र पाँडेहरू पनि सुरेन्द्रविक्रम शाहका अनुयायी भएकाले कान्छा महारानीले यी दुवै दलबाट आफ्नो काम नबन्ने देखी थापाहरूलाई राज्यको अभिभारा दिन पाए त आफ्नो काम सिद्ध होला भन्ने सम्झेकी थिइन् ।

थापाहरूमा जनरल रणवीरसिंह र जनरल मातवरसिंह थिए । परन्तु त्यस वेला आफ्ना प्रशस्त जग्गाहरू गुठी राखी रणवीरसिंह अभयानन्दका नामले संन्यासी भई काठमाडौँ सहरका यताउति लागेका थिए । यसैले उनबाट अब केही काम हुन शक्तैनथ्यो । मातवरसिंह पनि थापाहरूको पतन हुने लक्षण देख्नासाथ एक निहुँले मुगलान पसिसकेका थिए । कान्छा महारानीका सल्लाहबमोजिम राजेन्द्रविक्रम शाहको बोलावटको लालमोहर मातवरसिंहकहाँ पुग्यो । पहिले त उनी आउन अलि अनकनाएका थिए । तर पछि यताउति सबै कुरा बुझेपछि १९०० साल वैशाखमा उनी नेपाल उत्रे । उनी नेपाल उत्रेपछि भीमसेन थापाका उपर लागेको विषमुद्दाको विषयमा फेरि भारादारी हुन लाग्यो । आखिर धेरै छलफल भएपछि सो मुद्दामा वादीले पेश गरेका सबै कागजपत्रहरू कीर्ते ठहरिए । १९०० साल श्रावणमा थापाहरूले जितापत्र पाए । त्यस वेला काजी रणजङ्ग पाँडे सिकिस्त बिरामी थिए, उनका दुइ भाइ काटिए, उनी आफ्नै कालगतिले स्वर्ग गए ।

रणजङ्ग पाँडे आफ्ना बाबु, दाज्यूभाइहरू १८६० सालको पर्वमा पर्दा १४ वर्षका बालक थिए । नेपालको अंग्रेजसँगको लडाइँमा यिनी अंग्रेजी राज्यमा थिए । त्यस वेला नेपालको शासन भीमसेन थापाको हातमा थियो । उनीदेखि रणजङ्ग जल्नसम्म जलेका थिए । त्यसैले रणजङ्गलाई ठूलाठूला आशा देखाएर हात लिई भेद गर्ने इच्छा गरी अंग्रेजहरूले पर्साको लडाइँमा यिनलाई साथै ल्याएका

CC-0. Nepal Sanskrit Academy, Kathmandu

थिए। तर त्यस वेलाको लडाइँ भीमसेन थापा र अंग्रेजको लडाइँ थिएन। वास्तवमा नेपाली जाति आफ्नो जीवनमरणका लागि एक यूरोपीय जातिसित लडाइँ गरिरहेको थियो। त्यो लडाइँ बिग्रे भीमसेन थापा मात्र बिग्रने थिएनन्, नेपाली जाति नै अर्काको दास हुन्थ्यो। यो तत्त्वलाई रणजङ्गले राम्रोसँग बुझेका थिए। अगिबाट अंग्रेजहरूसँग हाहामा हाहा मिलाउँदै ठीक मौकामा नेपाली सेनापति रणवीरसिंह थापाकहाँ आई आफूले जानेबुझेको शत्रुको सबै भेद खोलिदिए। यस वेलादेखि रणवीरसिंह थापा र रणजङ्ग पाँडेको भित्री दिलैदेखि दोस्ताना भएको थियो। यही दोस्तानाको बलले दरबारमा उनको प्रभाव बढ्दै गएको थियो। पछि भीमसेन थापाका उपरको विषमुद्दा उठाउनु र उनको बेइज्जती गर्नु इत्यादि काम जो ज्येठा महारानीको प्रेरणाले भएको थियो, त्यसमा रणजङ्गको पनि हात थियो। वास्तवमा त्यो यिनको अनुचित काम थियो। तर अरू जेसुकै दोष भए तापनि यिनमा उज्ज्वल देशभक्ति थियो।

विषमुद्दामा सफाइ पाएपछि मातवरसिंह थापाको दरबारमा प्रभाव खूब बढ्यो। तथापि उनको हातमा कुनै तोकिएको अधिकार थिएन। राजेन्द्रविक्रम शाहलाई मातवरसिंहको प्रभाव बढ्नु मन परेको थिएन। १९०० साल पौषमा कान्छा महारानीको जोडले मातवरसिंह थापाले प्राइम्मिनिष्टर र कमाण्डर इन चीफका पदका साथ नेपाल राज्यको मुलुकी, फौजी दुवै अधिकार पाए। आफूले त्यति गरीकन बोलाई त्यति ठूलो अधिकार दिँदा त अवश्य मातवरसिंहले आफ्नो काम गरिदेलान् भन्ने कान्छा महारानीले संझेकी थिइन्।

मातवरसिंहको उमेर यस वेला ४६ वर्षको थियो। केही वर्ष पाल्पाको तैनाथी पनि यिनले चलाएका थिए। आफ्नो देशको र बाहिरको राजकाजको परिस्थिति यिनले राम्ररी बुझेका थिए। शारीरिक शक्ति पनि यिनको खूब मजबूत थियो। हाडे ओखरलाई मुठीमा च्यापी यिनी चूर्णचूर्ण पारिदिन्थे। सिपाहीहरूको मनोवृत्ति बुझेर त्यसलाई आफ्नो अनुकूल बनाउन पनि यिनी कुशल थिए। यति सबै गुण भईकन पनि यिनको स्वभाव अलि घमण्डी थियो। यही एक दोषले गर्दा यिनीदेखि आफन्त मानिस पनि चिढिन्थे।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

राजेन्द्रविक्रम शाह अघिदेखि नै मातवरसिंहदेखि उस्तो प्रसन्न थिएनन् । कान्छा महारानी अब आफ्नो आशयबमोजिम मातवरसिंहले काम नगरेकाले उनीदेखि जल्न लागिन् ।

यो परिस्थिति भएको मातवरसिंहले पनि बुझे । अब उनले अरूहरूको भरले भन्दा आफ्नै भरले खुट्टो टेक्ने निश्चय गरे । यत्तिकैमा राजेन्द्रविक्रमबाट जीउताभरको प्राइम्मिनिष्टरी र फौजको सारा अधिकार मातवरसिंह थापालाई मिल्यो । अब मातवरसिंहको हातमा असीम शक्ति आयो । उनले आफ्नो रक्षाका लागि केही फौज नियत गरे । अब उनको मुखमा ठाडो शिरले हेर्न सक्ने कोही भएन ।

मातवरसिंह आफ्नो हातमा अधिकार आएपछि फौजी बन्दोबस्तपट्टि खूब दत्तचित्त भई काम गर्न लागे । उनको इच्छा एउटा विशाल फौज जमाउने थियो । तर यसका लागि चाहिने खर्च थिएन । त्यसैले बिर्तावारहरूबाट बिर्ता लिई त्यही जग्गा भर्ना दिई सिपाही भर्ना गर्ने कामको बन्दोबस्ततिर मातवरसिंह लागेका थिए ।

यता यस्तो हाल थियो, उता आफ्नो मनोकाङ्क्षा नपुग्दा मातवरसिंहको नाशको उद्योगमा कान्छा महारानी थिइन् । उनको कुरा सुनी राजेन्द्रविक्रम शाह पनि मातवरको नाशमा तत्पर भएका थिए । यो सबै काम मिलाउने कान्छा महारानीका हजुरिया काजी गगनसिंह थिए । तर मातवरसिंहको नाश अब कुनै सोझो हिसाबबाट गराउनु सम्भव थिएन । यसैले एक गुप्त जाल रची मातवरसिंहको नाश गर्ने उद्योग गगनसिंहको प्रयत्नबाट ठीक भयो । आखिर १९०२ साल ज्येष्ठ ६ गतेको आधारातमा महारानीलाई एक्कासि शूल भयो भन्ने खबर मातवरसिंहकहाँ पुग्यो । उनी तुरुन्तै निःशङ्क चित्तले दरबारमा आए । भरेङ चढ्न लाग्दा काजी जङ्गबहादुरको हातबाट छुटेको गोलीले मातवरसिंहको देहान्त भयो ।

राजेन्द्रविक्रम शाह मैले आफ्नै हातले मातवरसिंहलाई मारेको हुँ भनी गड्कन लागेकाले जङ्गबहादुरका उपर कसैको शङ्का भएन । झन् उल्टै मातवरसिंहका अनुयायी जङ्गबहादुरको आश्रयमा रहन लागे । जङ्गबहादुरले खूब चतुऱ्याइँसाथ सबैलाई आफ्नो अनुकूल बनाए ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

मातवरसिंहको हत्यापछि कान्छा महारानीलाई राज्यको काम गर्ने अधिकार राजेन्द्रविक्रम शाहबाट मिल्यो । कान्छा महारानीको भित्री इच्छा गगनसिंहलाई नै सारा राज्यको अधिकार दिई उनबाट आफ्नो मतलब हासिल गर्ने थियो । तर राजेन्द्रविक्रमको इच्छा भने चौतरियाहरूलाई प्रधानमन्त्रीको काम दिने थियो । केही महीना यही बहसमा बिते । आखिर १९०२ साल आश्विनमा चौ. फत्यजङ्ग शाहले प्रधानमन्त्रीको काम पाए । गगनसिंह र अभिमानसिंह राना जनरल भई काम गर्ने भए । काजी दलभञ्जन पाँडे पनि मन्त्रिपरिषद्मा काम गर्ने भए । यिनीहरूका मातहतमा पल्टन पनि बाँडिए । यसको केही महीनापछि काजी जङ्गबहादुर पनि जनरल भई ३ पल्टनको तैनाथवाला भए ।

चौ. फत्यजङ्ग शाह प्रधानमन्त्री भए तापनि वास्तवमा उनको हातमा कुनै ठूलो अधिकार रहेन । राजकाजको सारा अधिकार जनरल गगनसिंहकै हातमा गयो । अब उनले जो बोल्यो, सोही कुरा महारानी पुऱ्याइदिन्थिन् । महारानीको इच्छा गगनसिंहका बलले आफ्ना छोरालाई राजगद्दीमा राख्ने थियो ।

चौ. फत्यंजङ्ग शाह र जनरल अभिमानसिंह राजेन्द्रविक्रमका भक्त थिए । गगनसिंह महारानीका पूरा भक्त र सबभन्दा शक्तिशाली थिए । जनरल जङ्गबहादुर भित्र सुरेन्द्रविक्रमका भक्त थिए, तर बाहिर महारानीका भक्त जस्तै बनेका थिए । यी दलहरू परस्परमा एउटा अर्काको नाश गर्न खूब दत्तचित्त थिए । गगनसिंहका सहायताले आफ्ना छोरालाई राजगद्दी दिलाउने कान्छा महारानीको अभिप्राय राजेन्द्रविक्रमले पनि बुझे । यसैले गगनसिंहको अधिकार बढ्नु उनलाई कत्ति मन परेन । राजेन्द्रविक्रमको आशय बुझी फत्यजङ्ग शाह र अभिमानसिंहको सल्लाहबाट एउटा गुप्त जाल तयार भयो । यही जालबमोजिम १९०३ साल भाद्र ३१ गतेका रात्रि लाल झानामक एउटा बदमाशले छानाबाट गई आफ्ना पूजाकोठामा बसी पूजा गर्न लागेका जनरल गगनसिंहलाई गोली हानी उनको हत्या गऱ्यो, आफूचाहिँ सुइँकुच्चा ठोकी बेपत्ता भयो ।

गगनसिंहको हत्या भएको खबर सुन्नासाथ रिसले आगो भएर महारानी आफैँ कोतमा आई सबै भारदारहरूलाई सामेल हुने आज्ञा दिइन् । उनको विचार तुरुन्तै अपराधी पक्रने थियो । जङ्गबहादुर आफ्ना भाइहरू र आफ्नो तैनाथको

CC-0. Nepal Sanskrit Academy, Kathmandu

पल्टन लिई चाँडै नै उहाँ पुगे । उनको हतियार भिरेको पल्टन देख्ता महारानीलाई शङ्का पऱ्यो । तर चतुरा जङ्गबहादुरले गगनसिंहसँगको आफ्नो मित्रता देखाउँदा र अगिदेखि जङ्गबहादुरले आफ्नो पक्ष लिएको सम्भनाले पनि उनको चित्त बुझ्यो । कोतमा भारादार जम्मा हुँदै गएपछि कपर्दार वीरकेशर पाँडेलाई लक्ष्य गरी महारानीले पक्रने आज्ञा जनरल अभिमानसिंहलाई दिइन् । चौ. फत्यजङ्ग शाह, अभिमानसिंहहरूले मुद्दाको छलफल नभई अपराधी पत्ता लाउन गाहारो पर्दछ भन्दा महारानीको क्रोधको सीमा रहेन । तुरुन्तै अपराधी पक्रन पर्छ भन्ने उनी ढिपी गर्न लागिन् । आखिर त्यही गडबड भारदारहरूमा नै म म तँ तँ पर्दा लठावज्र उठ्यो । धडाधड मानिसका गिँड ढल्न लागे । चौ. फत्यजङ्ग शाह, जनरल अभिमानसिंह राना, काजी दलभञ्जन पाँडे, काजी रणजोर थापा आदि ३० जना जति बडेबडे भारदारहरू लडे । कसैकसैले भागाभाग गरी ज्यान जोगाए । जनरल जङ्गबहादुर आफ्ना दलका साथ कुशलपूर्वक बचे । यति भएपछि जङ्गबहादुरलाई कान्छा महारानीबाट प्राइममिनिष्टरी मिल्यो ।

यति गरी जङ्गबहादुरलाई अधिकार दिएपछि उनबाट आफ्नो काम होला भन्ने महारानीले सम्भेकी थिइन् । परन्तु जङ्गबहादुरको विचार ईश्वरले राजा हुन भनी जन्माएका ज्येठा सुरेन्द्रविक्रम शाहको राज्याधिकार खोसी कान्छालाई राजा बनाउनु ईश्वरको आज्ञा नाघ्नु तथा शास्त्रको मर्यादा तोड्नु हो भन्ने थियो । यसैले उनले आलटाल गरी बिताइदिँदा त घाउ लागेकी बघिनी जस्तै भई महारानी अर्कै उद्योगमा लागिन् । यसको केही दिनपछि काजी वीरध्वज बस्नेत आदि भारदारहरूले महारानीका आशयबमोजिम जङ्गबहादुरको हत्या गर्ने उद्योग गरे । त्यसमा उनले पण्डित विजयराज[६]लाई पनि मिलाएका थिए । जङ्गबहादुर र विजयराजको पहिलेदेखि नै मित्रता थियो । यस्तो विकट परिस्थितिमा नेपालको रक्षा गर्ने योग्यता भएको पुरुष जङ्गबहादुर नै छन् भन्ने पनि विजयराजले राम्ररी बुभेका थिए । यस कारण विजयराजले महारानीको पक्ष नलिई जङ्गबहादुरकै

६. यिनका पुर्खा तनहूँका सेन राजाहरूका गुरु थिए । यिनका जिज्यूबाज्ये गौरेश्वर पण्डित गोरखाली राजा नरभूपाल शाहका गुरु थिए । यिनका कान्छा बाज्ये रामहृदय चौडण्डी राज्यका धर्माधिकार थिए । जङ्गबहादुरको शासनकालमा यिनी राजगुरु तथा धर्माधिकार भए ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

पक्ष लिए । उनी हाँमा हाँ मिलाई सबै कुरा थुती जङ्गबहादुरलाई सुनाइदिन्थे । जङ्गबहादुरले पनि वीरध्वज आदि भारदारहरूलाई सिद्ध्याई महारानीलाई काशी जाने अनुमति दिए । यसैलाई "भण्डारखालपर्व" भन्दछन् ।

सबै तरहबाट निराश भई कान्छा महारानी आफ्ना दुइ छोराका साथमा काशी जाने बन्दोबस्तमा लागिन् । राजेन्द्रविक्रम कायममुकायमी महाराजाधिराजको पद आफ्ना छोरा सुरेन्द्रविक्रम शाहलाई सुम्पी कान्छा महारानीका प्रेममा फसेर उनैका पछि लागी काशी पुगे । उहाँ पुगेपछि नेपालबाट भागी गएका र केही अगिदेखि उहीँ बसेका भारादारहरूको कुरा सुनी राजेन्द्रविक्रम शाहले उताबाट जङ्गबहादुरको हत्याका लागि केही मानिस गुप्त हिसाबबाट नेपाल पठाए । यी सबै कुराको रहस्य खुलेपछि जङ्गबहादुरले नेपालका भारादारहरूको अनुमति लिई सुरेन्द्रविक्रम शाहलाई १९०४ साल वैशाख ३१ गतेका दिन नेपालको राजगद्दीमा बसाए । १९३८ साल ज्येष्ठसम्म सुरेन्द्रविक्रम शाह निष्कण्टक नेपालको राजगद्दीमा बसी ५२ वर्षका उमेरमा पशुपति आर्यातीर्थमा मुक्त भए ।

सुरेन्द्रविक्रम शाह गद्दीमा बसेको कुराको सूचना पाएपछि रिसले चूर भई राजेन्द्रविक्रमले चौ. गुरुप्रसाद शाह (फत्यजङ्ग शाहका भाइ), रङ्गनाथ पण्डितज्यूका सहायताबाट केही फौज जमाई नेपाल उत्रने उद्योगमा लागे । राजेन्द्रविक्रम शाह आफ्ना अर्धशिक्षित सेनाका साथ बरेवा तहसील कब्जा गरेर अलौमा मुकाम गरी नेपाल उत्रने दाउ हेर्दै थिए । अगि रणबहादुर नेपाल उत्रे झैँ म पनि उत्रुँला भन्ने उनको आशय थियो । अलौमा मुकाम गरेका वेलामा नेपालबाट पल्टन लिई गएका कप्तान सनकसिंह (जङ्गबहादुरका ज्येठान)ले राजेन्द्रविक्रम शाहका अर्धशिक्षित सैन्यका उपर आक्रमण गरे । सो सैन्यले केही बेर लडी भागाभाग गऱ्यो । आखिर १९०४ साल श्रावणमा नजरबन्द भई राजेन्द्रविक्रम शाह काठमाडौँमा उत्रे । केही वर्षसम्म उनी भक्तपुर दरबारमा बसी पछि काठमाडौँको दरबार हनूमान्ढोकामा उनले आफ्नु शेष जीवन बिताए । ६८ वर्षको अवस्था पुगी आफ्ना पनाति पृथ्वीवीरविक्रम शाहको राज्यकालमा १९३८ साल श्रावणमा यिनी पशुपति आर्यातीर्थमा मुक्त भए ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

जङ्गबहादुर

विक्रमको अठाह्रौँ शताब्दीमा अहिराम कुँवर कास्कीमा बस्दथे । कास्कीका राजाले उनकी रूपवती छोरीलाई क्षत्रियोचित संस्कार नगरी दियोकलश मात्र पूजी विवाह गर्न खोज्दा अहिरामले मञ्जूर गरेनन् । गडबडमा अहिराम गोरखामा आए । गोरखाका राजा नरभूपालले पनि उनको जात्यभिमान तथा वीरता आदि गुणबाट प्रसन्न भई उनलाई आफ्नो राज्यमा आदरपूर्वक राखे । अहिरामका रामकृष्ण तथा जयकृष्णनामक दुइ छोरा थिए । ज्येठा रामकृष्ण पृथ्वीनारायणका प्रसिद्ध सेनापति भए । कान्छा जयकृष्ण पनि खूब लडाका वीर थिए । यी जयकृष्णले तिमालको लडाइँमा वीरगति पाएका थिए । यिनै जयकृष्णका नाति नालापानीका वीर बलभद्र हुन् ।

रामकृष्ण पृथ्वीनारायणका फौजका सरदार थिए । यिनले वि.सं. १८१९ सालको मीर कासिमसँगको लडाइँमा, १८२४ सालको अंग्रेजसँगको लडाइँमा, पूर्वकिराँत विजय (१८२९-३०)मा तथा पश्चिम सुमेसर (तनहूँ)को लडाइँमा पनि ठूलो बहादुरी देखाएका हुन् । यिनको धर्ममा पनि खूब रुचि थियो । गुह्येश्वरीदेखि पशुपतिसम्मको बाटो पनि यिनैले ढुङ्गा छापी बनाएका हुन् । अहिलेसम्म पनि सो बाटो (उनैका पनाती श्री ३ रणोद्दीपसिंहद्वारा जीर्णोद्धार) सुन्दर रूपमा भइरहेको छ ।

यिनका छोरा काजी रणजीत पनि प्रसिद्ध लडाका हुन् । यिनको जीवनको धेरैजसो भाग पश्चिमको लडाइँमा र त्यहाँको प्रबन्ध मिलाउनमा बितेको थियो । बूढाकाजी अम्बरसिंहको साथमा रही यिनले काँगडाका लडाइँमा खूब बहादुरी देखाएका थिए । वि.सं. १८७१-७२ को अंग्रेजको लडाइँमा यिनको मातहतमा प्यूठानको शिवराजको रक्षाको अभिभारा थियो । सीमानामा आएका शत्रुलाई धपाई सो काम यिनले राम्रोसँग गरेथे ।

काजी रणजीतका बालनरसिंह, रेवन्त तथा बलराम तीन छोरा थिए । त्यसमध्ये ज्येठा काजी बालनरसिंह हुन् । रणबहादुर शाहसँग यिनी काशी गएका थिए । उताबाट फर्केपछि रणबहादुरका हत्याकारी शेरबहादुर शाहलाई यिनैले

CC-0. Nepal Sanskrit Academy, Kathmandu

वि.सं. १८६३ मा सिद्ध्याएका हुन् । यिनको स्वभाव बडो धार्मिक प्रकृतिको थियो । यिनी आफ्ना पाठपूजामा कैय्यन् घण्टा बिताउँथे । यिनै बालनरसिंहकी कनिष्ठ पत्नी (नयनसिंहकी छोरी– भीमसेन थापाकी भतिजी– गणेशकुमारीदेवी-रक्षकुमारी)को गर्भबाट वि.सं. १८७४ साल आषाढमा जङ्गबहादुरको जन्म भएको हो । जङ्गबहादुरका ज्येठी मुमापट्टि एक दाज्यू र आफ्ना मुमापट्टि ६ भाइ थिए । यसरी जङ्गबहादुरका ८ भाइ थिए ।

जङ्गबहादुरको न्वारानको नाम वीरनरसिंह हो । यिनका मामा कर्णेल मातवरसिंह थापा (पछि प्राइम मिनिष्टर)ले यिनको नाम जङ्गबहादुर राखेका हुन् । आफ्ना पिता काजी बालनरसिंह १८८५ सालतिर केही वर्ष पूर्व धनकुटामा र ९२ सालतिर केही वर्ष पश्चिम डडेलधुरा, जुम्लातिर तैनाथवाला भई बसेका वेलामा जङ्गबहादुर पनि बाबुकै साथैमा गएका थिए । यस अवस्थामा यिनलाई दौड्नु, घोडा चढ्नु, निशाना मार्नु, रूख चढ्नु, पौड्नु, कुस्ती खेल्नु इत्यादि काममा खूब अभ्यास गर्ने मौका मिलेको थियो । नेपालको पूर्व-पश्चिमको सीमानातिरको अवस्था पनि यिनले यसै बखतमा राम्रोसँग देखेका थिए । लेखपढ गर्न पनि त्यसै बखतमा सिकेका थिए । पुराणका कथाहरू पनि सुनेका थिए । पितृ तथा मातृ दुवै कुल प्रतिष्ठित भारदारको हुनाले राजकाजमा बालककालदेखि नै यिनको बुद्धि घुसेको थियो । लडाइँभिडाइका कुरा पनि बालककालैदेखि यिनका कानमा परेका हुनाले यिनी शूरा बहादुर बनेका थिए । यिनको रुचि लेखपढ गर्नामा भन्दा कुस्ती खेल्नु र बन्दूक चलाउनुतिर नै ज्यादा थियो । यसरी यिनको २० वर्षसम्मको जीवन थोडबहुत लेखपढमा र ज्यादा शुऱ्याइँका काममा सुखपूर्वकै बितेको थियो ।

भीमसेन थापा बिग्रेपछि थापाहरू र उनका सम्बन्धीहरूका उपरमा पनि दुःख पर्दा जङ्गबहादुरलाई कष्ट भएको थियो । त्यस अवस्थामा यिनी झाडीमा पसी हात्ती पक्रेर बेची धन कमाउँला भन्ने उत्कट अभिलाषा मनमा खेलाउँथे । तर एकलै हात्ती पक्रन सम्भव थिएन तथा जङ्गबहादुरका मद्दतगार पनि कोही थिएनन् । यस्तै अवस्थामा यिनी काशीतिर पनि लागेथे । तीर्थ तथा घुमफिर गरी केही अनुभवका साथ यिनी फिरे । ३, ४ वर्ष यताउति गरी दिन बिताए ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

यस्तैमा श्री ५ राजेन्द्रविक्रम शाहकी कान्छा महारानी राज्यलक्ष्मीदेवीको प्रभाव बढ्दै गयो र यिनी थापाहरूका पक्षपात गर्ने भएको हुनाले जङ्गबहादुरको पनि भित्र प्रभाव बढ्यो । बिस्तारबिस्तार जङ्गबहादुर भित्रिया हुँदै गए ।

जङ्गबहादुर केही दिनसम्म युवराज सुरेन्द्रविक्रमका हजुरिया पनि भएका थिए । सुरेन्द्रविक्रम केटाकेटी र चञ्चल प्रकृतिका भएका हुनाले पनि जङ्गबहादुरले उनका साथमा प्रशस्त गोता खानुपरेको थियो । एकपल्ट सुरेन्द्रविक्रमका आज्ञाले घोडा चढी बीच साँघुबाट त्रिशूलीमा जङ्गबहादुर हाम्फालेथे । तर जङ्गबहादुर सिपालु पौडीबाज भएको हुनाले वर्षा मासको त्रिशूलीमा पनि पौडेर पार उत्रे । एकपल्ट काठमाडौँ लगनको इनारमा पनि सुरेन्द्रविक्रमको आज्ञाले यिनी हाम्फालेथे । त्यहाँ हामफाल्दा यिनका खुट्टामा इनारभित्रको हाडले काटेथ्यो, सो घाउ पाकी यिनले घाटसम्म पनि पुग्नुपरेथ्यो ।

पहिले त काजी जङ्गबहादुरको आफ्ना मामा प्राइम मिनिष्टर मातवरसिंहसँग प्रेम थियो । पछि एकपल्ट काटिने भएका आफ्ना सगोत्रलाई क्षमा गरिदिनुहवस् भनी जङ्गबहादुरले मातवरसिंहसँग भन्दा "बाबु, घरायसी कुरामा मामा-भानिजको नाता रहन्छ, राजकाजमा को कसको हुन्छ ?" भन्ने जवाफ पाए । यसबाट जङ्गबहादुरको मुटुमा काँढो बिझेथ्यो । १९०२ साल ज्येष्ठ ६ गते मातवरसिंहको हत्या भएपछि त्यसै साल आश्विनमा चौ. फत्यजङ्ग शाह मुख्यमन्त्री भई जो नयाँ मन्त्रिपरिषद् तयार भएथ्यो, त्यसमा जङ्गबहादुरको कुनै तोकिएको काम थिएन तापनि उनलाई ३ पल्टनको तैनाथ र जनरल पदवी मिलेथ्यो ।

१९०३ साल आश्विनमा कोतपर्व भएपछि जङ्गबहादुरलाई प्राइममिनिष्टरीका साथ सारा पल्टनैको तैनाथ मिलेथ्यो । यसै वेलादेखि उनको हातमा ठूलो शक्ति आएको थियो । यसको लगत्तै डेढ महीनापछि "भण्डारखालपर्व"पछि त उनको मुखमा पुलुक्क हेर्न सक्ने पनि कसैको शक्ति रहेन ।

जङ्गबहादुर राजकाजको वास्तविक तत्त्वलाई खूब बुझ्दथे । यिनी लडाकाभिडाका थिए तापनि बेकामको हत्याका विरोधी थिए । मातवरसिंहको हत्यापछि उनका छोरा रणोज्ज्वलसिंहहरूलाई आफ्ना धनमालका साथ भाग्न जङ्गबहादुरले ठूलो

CC-0. Nepal Sanskrit Academy, Kathmandu

मद्दत गरेका थिए । पछि आफ्नो हातमा पूर्ण शक्ति आएपछि उनीहरूलाई नेपालमा बोलाएर कर्णेली दिई आदरपूर्वक राखेथे । कोतपर्वमा पर्ने मुख्य भारदार चौ. फत्यजङ्ग थिए । त्यस वेला पाल्पाका तैनाथवाला उनका भाइ चौ. गुरुप्रसाद शाह थिए । कोतपर्वको खबर पुगेपछि उहाँबाट मुगलान पसी उनले जङ्गबहादुरको नाशका लागि ठूलो चेष्टा गरेथे । अलौपर्व उठाउनामा पनि ठूलो हात गुरुप्रसाद शाहकै थियो । पछि उनले पनि जङ्गबहादुरको उछित्तो गर्न निकै उद्योग गरेका हुन् । तर पछि जङ्गबहादुरको नीतिसँग आजित भएर गुरुप्रसाद शाह पनि जङ्गबहादुरका मित्र बने । नेपालमा आदरपूर्वक जङ्गबहादुरले उनलाई राखे । आफ्नी बहिनी हिरण्यगर्भकुमारीको जङ्गबहादुरसँग गुरुप्रसादले वि.सं. १९११ मा विवाह गराइदिए । यिनै हिरण्यगर्भकुमारी जङ्गबहादुरकी बडामहारानी भएकी थिइन् । श्री ५ पृथ्वीवीरविक्रम शाहका मुमाको जन्म यिनै हिरण्यगर्भबाट भएको हो । जङ्गबहादुर चतुरा सभापण्डित थिए तथा उनमा हाजिरी जवाफ दिने शक्ति पनि खूब थियो । बेलायत गएका वेलामा एकपटक अंग्रेजी गाना सुनी जङ्गबहादुरले प्रसन्न भई तारीफ गर्दा महारानी भिक्टोरियाले “तपाईं अंग्रेजी बुझ्नुहुन्न, कसरी गानाको प्रशंसा गर्नुहुन्छ” भन्दा “चराको चाइँचाइँ चुइँचुइँ पनि त बुझिन्न, तैपनि तिनमा मीठा प्रशंसनीय बोली हुन्छन्, तस्तै यहाँ पनि मेरो लेखा प्रशंसनीय गाना छ” भनी जङ्गबहादुरले जवाफ दिएथे ।

जङ्गबहादुर पहलमानीका खूब शौकीन थिए । बालककालदेखि नै कुस्ती खेल्ने यिनको स्वभाव बसेको थियो । यिनले आफ्ना दरबारमा पहलमानी अखडा खडा गराएका थिए । पछि बुढेसकालमा पनि यिनलाई पहलमानहरूलाई कुस्ती खेलाउँदै आफैँ बसी दाउपेच सिकाउने खूब शौक थियो । यिनी घोडा चढ्नामा पनि उस्तै सिपालु थिए । साँघुरो बाटोमा तथा भीरमा पनि फूर्तिसाथसँग घोडा हिँडाउन सक्तथे । हात्ती बहुलाएर माहुतेलाई मारी जथाभावी गरी हिँड्न लागेको थियो । त्यस वेला जङ्गबहादुर कच्चै उमेरका थिए । खुरुक्क एउटा अग्लो ठाउँबाट त्यस हात्तीका गर्धनमै पर्ने गरी उनले हाम्फाली आफूले बाँधेको फेटाले त्यो हात्तीको आँखा छोपिदिए । त्यस वेला त्यस हात्तीले जङ्गबहादुरलाई समाती फाल्न खूब कोशिश गरेथ्यो । तर उनी चलाकीसँग त्यस हात्तीमा टाँसिइरहेका

CC-0. Nepal Sanskrit Academy, Kathmandu

थिए । यता हात्तीको आँखा छोपिएको हुनाले माहुतेहरू आई सजिलैसँग खुट्टामा सिक्रीले बाँधी त्यस हात्तीलाई हात्तीसारमा लगेथे । जङ्गबहादुरका यस्ता उत्कट साहसका कुरा प्रशस्त छन् ।

जङ्गबहादुर औषधिमूलो गर्ने काममा पनि खूब प्रेम राख्तथे । आयुर्वेदीय औषधिका यी भक्त थिए । आफ्नो दरबारमा यिनले आयुर्वेदीय औषधालय नै राखेका थिए । यिनले आयुर्वेदका पुस्तक पनि लेखाएका थिए । बाघ आदि हिंस्रक जन्तुको शिकार गर्नामा र हात्तीखेदामा यिनको ठूलो रुचि थियो । बाघ र चितुवालाई यिनी तरबारले काटी मार्न पनि कम्मर कस्दथे । लडाइँको मैदानमा फौजलाई संचालन गर्ने काममा पनि यिनी खूब निपुण थिए । १९१२ सालको भोटको लडाइँमा भुंगासम्म यिनीले आफैँ गई फौजको संचालन गरेथे । १९१४ सालमा अंग्रेजका मद्दतका लागि जाँदा पनि गोरखपुर र लखनौ आदि ठाउँमा पनि यिनले आफैँ सेनापति भई फौज संचालन गरेथे ।

निसाफ गर्नमा पनि जङ्गबहादुर खूब होशियारी देखाउँथे । एकपल्ट यिनी सवारीमा गएका वेलामा एउटा विधवा स्वास्नीमानिस आई मलाई देवरहरूले खान दिएनन् भनी कराई । देवरचाहिँले भाउज्यू पोइलो गएकी छन् भनी भन्यो र मसँग यो बिग्रेकी छे भनी भन्ने एउटा मानिससमेत खडा हुन आयो । यस्तो कुरा सुनी “भइगयो, तिम्रा दाज्यू मरेछन्, तिम्री भाउज्यूलाई बिगार्ने मानिस अवश्य नै बदमाश रहेछ, दाज्यूको सट्टा भाइले नै जार काटे पनि हुन्छ, लौ अहिले नै काटिहाल” भनी जङ्गबहादुरले भने । जार काटिने कुरा सुन्नासाथ बिगार्ने मै हुँ भनी खडा भएको मानिसको मुख नीलोकालो भइहाल्यो । “यो कुरा सबै भूटो हो, मैले बिगारेको पनि होइन, त्यो बिग्रेकी पनि होइन, खालि देवरले भाउज्यूलाई ठग्न रचेको जाल मात्र हो” भनी त्यो मानिस साबित भयो । यस्ता विकट परिस्थितिका मुद्दामा पनि जङ्गबहादुर मानिसका चालचलनबाट नै भित्री परिस्थिति बुझी निसाफ गर्न सक्तथे । उनी रातिराति भेष बदलेर दुनियाँको व्यवहार बुझी हिँड्दथे भन्ने कुरा पनि खूब प्रख्यात छ ।

जङ्गबहादुर आफू धेरै पढेका विद्वान् थिएनन् । तथापि यिनका सभामा ठूलाठूला विद्वान्हरूको जमघट लाग्दथ्यो । यिनी विद्वान्हरूको शास्त्रीय चर्चा सुन्दथे

CC-0. Nepal Sanskrit Academy, Kathmandu

तथा कुरा घुमाइदिएर ती विद्वान्‌हरूको राय बझाउने र तिनीहरूले आफ्नो पक्षको समर्थनका लागि गरेको तर्क सुन्ने यिनलाई खूब रुचि थियो । भारदारहरूका साथमा पण्डितमण्डलीमा बसी यिनी तर्कवितर्कका कुरा गर्दथे । अंग्रेजी अखबारहरू पनि अरूद्वारा यिनी सुन्दथे । संसारको सबैतिरको परिस्थिति बुझ्ने यिनको रुचि थियो ।

१९०४ साल वैशाखमा राजेन्द्रविक्रम राज्यच्युत भई सुरेन्द्रविक्रम शाह नेपालको राजगद्दीमा बसेपछि सारा कामकुरो जङ्गबहादुरको प्रबन्धबाट चल्न लाग्यो ।

१९०७ सालमा जङ्गबहादुर आफ्ना दुइ भाइ तथा केही भारादारहरू लिई यूरोप गए । उहाँ बेलायतमा उनको स्वागत भयो । फ्रान्स आदि देशमा घुमी भारतमा पनि रामेश्वर, काशी आदि तीर्थस्थल घुमी नेपाल फर्के । बेलायत जाँदा जङ्गबहादुरले आफ्ना भाइ जनरल बमबहादुरलाई अधिकार सुम्पी कायममुकायम प्राइममिनिष्टरी दिई गएका थिए । यसै वेलादेखि बमबहादुर माहिला मिनिष्टर कहलाउन लागेका हुन् । १९१४ सालमा ३९ वर्षको उमेरमा उनको मृत्यु भयो ।

नेपाली शासकहरूमा पहिले यूरोप जाने जङ्गबहादुरै हुन् । यूरोपको परिस्थिति उहीं गई बुझ्न नेपालीहरूमा अग्रसर हुने मातवरसिंह हुन् । वि.सं. १८९२ मा भीमसेन थापाको अनुमतिले उनी कलकत्ता पुगी उताबाट बेलायत जान आँटेका थिए । तर बेलायतमा आफ्नो राजदूतको हैसियतको स्वागत नहुने बुझी सामान्य यात्रीको हैसियतले जान मञ्जूर नगरी उनी फर्केका थिए ।

१९०७ सालको हिउँदमा जङ्गबहादुर यूरोपबाट फर्केको अलिक दिनैमा युवराज उपेन्द्रविक्रम (श्री ५ सुरेन्द्रविक्रमका भाइ), जनरल बद्रीनरसिंह (जङ्गबहादुरका भाइ), जनरल जयबहादुर (जङ्गबहादुरका कान्छा बाबुका छोरा) तथा काजी करवर खत्रीहरू मिली जङ्गबहादुरको हत्याको चेष्टा गर्न लागे । हुन त यिनीहरू केहीनकेही आफ्नो स्वार्थले जङ्गबहादुरसँग चिढिएका थिए । तैपनि यिनीहरूको मुख्य भनाइ हाम्रा पुर्खाले कत्रो दुःखले थामेको हाम्रा देशलाई जङ्गबहादुरले अंग्रेजसँग हेलमेल बढाई बिगारिदिन लागे, यस्तै हो भने हाम्रो देश पनि अंग्रेजले बिगाऱ्यो, जाति जातभात लियो भन्ने थियो । हुन त जङ्गबहादुरलाई पनि आफ्ना

CC-0. Nepal Sanskrit Academy, Kathmandu

देशको स्वातन्त्र्यको सानो गर्व थिएन । यूरोपमा गई उनले मर्यादा तोडी कुनै अभक्ष्य खाएका थिएनन् । तैपनि आफ्ना स्वार्थसिद्धि गर्नको लागि ती विद्रोहीहरू नाना प्रकारका हल्ला पिटी जङ्गबहादुरलाई देशद्रोही र जातिपतित सिद्ध गर्न कोशिश गर्थे । ती विद्रोहीहरू माहिला मिनिष्टर बमबहादुरसमेतलाई हात लिई जङ्गबहादुरलाई मार्ने उद्योगमा लागे । बमबहादुरलाई जङ्गबहादुरको नीति पनि थाहा थियो । उनले सबै कुरा जङ्गबहादुरलाई सुनाइदिए । जङ्गबहादुरले तिनीहरूलाई पक्री श्री ५ राजेन्द्रविक्रम शाह, श्री ५ सुरेन्द्रविक्रम शाहका रोहबरमा ठूलो भारादारी गरे । भारदारहरूमा धेरैको विचार विद्रोहीहरूलाई मार्नैपर्छ भन्ने थियो । तैपनि जङ्गबहादुरको उदार नीति त्यसको विरुद्ध थियो तथा नेपालमै तिनलाई कैद गर्न पनि तिनीहरूको प्रभाव देख्दा डरलाग्दो कुरा थियो । यसैले आखिरमा जङ्गबहादुरले अंग्रेजसर्कारसँग लेखापढी गरी उपेन्द्रविक्रम, बद्रीनरसिंह, जयबहादुरलाई प्रयागको किल्लामा कैद गरिदिए । करवर खत्रीलाई नेपालमै उनकै घरमा कैद गरिदिए । तर केही वर्षपछि जङ्गबहादुरले ती सबैको अपराध क्षमा गरिदिएथे । उपेन्द्रविक्रम राजधानीमै रहन लागे । बद्रीनरसिंह पाल्पा गई रहन लागे । जयबहादुरको मृत्यु प्रयागमै भयो ।

जङ्गबहादुरको मुख्य दृष्टि नेपालको भित्री शासन सुधार्ने थियो । १९०६ सालमा बझाङ, छन्ना, जाजरकोट, जुम्ला, फलावाङ, थलहरा आदि आश्रित राज्यमा पञ्चखत गर्नुपर्दा नेपाल राजधानीमा श्री ५ सर्कार साधीकन मात्र गर्नुपर्छ भन्ने ब्यहोराको बन्दोबस्त बाँधेथे । बोलीको जुवाले र जिनसी माल दाउमा थाप्ने गर्दा दुनियाँ बिग्रने हुँदा अबदेखि नगदी टकबाहेक अरू जुवा नखेल्नू भनी इस्तिहार पनि उनले १९१२ सालमा जारी गरेथे । विदेशमा गुठी राख्ने चलन उनले रोकी पनि दिएका थिए । यस्ता किसिमका देशलाई फाइदा हुने अनेकन् नियम जङ्गबहादुरले बाँधेका थिए ।

देशमा शासनप्रबन्धमा बराबर फरक भइरहन्छ । सो फरक भइरहेका कुरा दुनियाँले थाहा पाऊन् भनी इस्तिहार जारी गर्न आवश्यक हुन आउँछ । यस्तो चलन लिच्छविकै पालामा पनि नेपालमा चलेको प्रशस्त प्रमाण पाइन्छ । पछिपछि

CC-0. Nepal Sanskrit Academy, Kathmandu

पनि यो चलन चलिआएकै थियो । लिच्छविहरू यो सबै व्यवहार संस्कृतमा गर्दथे । पछि भीमसेन थापाका पालासम्म पनि संस्कृत-नेपालीको खिचडीमा यो काम हुन्थ्यो । हुन त नेपालीमै सनदहरू लेखिन लागेको पनि विक्रमको १५०० देखि प्रमाण पाइएको छ तथापि कहिले संस्कृतमा र कहिले भाषामा हुने गरेकोमा जम्मै मिलाई नेपाली भाषामै गराई क्रमैसँग ती नियमलाई मिलाई लेखाउन जङ्गबहादुरले १९१० सालदेखि शुरू गरेका हुन् ।

यता भीमसेन थापाले १८९६ मा आत्महत्या गरेपछि नेपालको राजकाजमा गड्याङगुडुङ परेको हुनाले नेपालको कमजोरी सम्भी भोटका भारदारहरूले भोटमा जाने महाजनहरूलाई दुःख दिन लागेका थिए । यता नेपालमा पनि परस्परको कलहमा नै मन्त्रिपरिषद् फसेको हुँदा त्यतातिर ध्यान नेपाल सरकारले राम्रोसँग दिन सकेको थिएन । सामान्य कुराकानी गर्दा भोटका भारदारले वास्तै राखेका थिएनन् । यही अवस्था केही वर्षसम्म रहेको थियो । पछि त हुँदा हुँदा नेपाली महाजनहरूसँग भोटका भारदारहरूले महसूल बढाई लिने र बेहिसाबसँग कुटपिट गरी दुःख दिन पनि लागेका थिए । भोटका मुख्य काजी भारदारहरूलाई तथा चीन बादशाहका प्रतिनिधि अम्बालाई समेत नेपालबाट सबै कुरा लेखी पठाउँदा पनि उनीहरूले सुनेको नसुन्यै गरिदिए ।

चीनसँगका १८४९ को सन्धिबमोजिम ५, ५ वर्षमा नेपालबाट चीनमा राजदूत जान्थ्यो । बाटामा रसदको बन्दोबस्त चीनबाट हुन्थ्यो । वि.सं. १९०९ सालमा गएका दूतहरूलाई रसदपानीको राम्रो व्यवस्था नत भोटे भारादारहरूले गरिदिए न चिनियाँहरूले गरिदिए । नेपालीहरूले हामीले रसदपानी पाएनौं, भरियाको पनि बन्दोबस्त भएन भनी कुरा उठाउँदा उनीहरूले उल्टो हात छोडी कुटपिट गरे । यसले गर्दा धेरै नेपालीहरूको बीच बाटैमा प्राण गयो । बल्लबल्ल फर्की दूतमण्डलीका एक भारदार ११ सालको शुरूमा आफ्नो सारा दुःखकथा सुनाउन नेपाल आइपुगे । आखिर कुनै उपाय नदेखी लडाइँको बरबन्दोबस्तमा जङ्गबहादुर लागे । नयाँ सिपाही भर्ना गर्नामा लडाइँलाई चाहिने तोप, बन्दूक, गोलाबारुदहरू बनाउनमा तथा सच्याउनामा र रसदपानीको बन्दोबस्तमा त्यो साल बित्यो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

जङ्गबहादुरको इच्छा कुती र केरुङ दुइ बाटेबाट भोट पस्ने थियो । उता पूर्व हटिया आदि बाटेबाट र पश्चिम मुस्ताङ, जुम्ला आदिको बाटेबाट भोटे फौज नेपालमा पस्न नपाऊन् भन्नाका लागि उनले राम्रो बन्दोबस्त गरेका थिए ।

१९११ सालको निगल्दो मिनिष्टर बमबहादुर २००० जति नेपाली फौज लिई रसुवा भई केरुङ दख्खल गर्न हिंडे । यसको अलिक दिनपछि जनरल धीरशम्शेर (श्री ३ वीरशम्शेर, श्री ३ देवशमशेर, श्री ३ चन्द्रशमशेर, श्री ३ भीमशमशेर, श्री ३ जुद्धशमशेर आदि १७ भाइका पिता, पछि कमाण्डर इन चीफ, यिनी जङ्गबहादुरका कान्छा भाइ हुन् । यिनी विद्याका भक्त थिए । काठमाडौँका संस्कृत पाठशाला, तीनधारा पाकशाला तथा अंग्रेजी स्कूल यिनैको सदुद्योगका फल हुन् । यिनी विद्यार्थीलाई आफ्ना तर्फबाट सहायता पनि गर्दथे । यिनी पहलमानीमा खूब प्रसिद्ध थिए । लडाइँको मैदानमा यिनको नाउँ प्रसिद्ध छ, जङ्गबहादुर आफ्ना भाइहरूमध्ये सबभन्दा ठूलो पत्यार यिनैको मान्दथे । श्री ३ रणोद्दीपसिंहलाई यिनले आफैँले सारा राज्यको अभिभारा बोकी सुखपूर्वक राखेका थिए । यिनको मृत्यु हुँदा रणोद्दीपसिंहको हातै भाँचिएको र बुद्धि नै बिग्रेको जस्तो भएथ्यो । वि.सं. १९४१ मा ५७ वर्षको उमेरमा यिनको स्वर्ग भयो ।) नेपाली फौज लिई कुतीतर्फ गए । खासादेखि अलिपर ४, ५ हजार भोटे फौजलाई धीरशमशेरका मातहतका हजार जवान नेपालीले सहजैसँग जिती धपाइदिए । यति भएपछि धीरशमशेरले कुती कब्जा गरे ।

यता बमबहादुरका मातहतको नेपाली फौजले केरुङ सहजैसँग दख्खल गर्‍यो । केरुङभन्दा पर झुङ्गामा भोटको ठूलो फौज रहेको खबर आउँदा बमबहादुरका मद्दतका लागि जनरल जगत्शमशेर (जङ्गबहादुरका भाइ– पछि कमाण्डर इन चीफ) र कमाण्डर कर्णेल बखतजङ्ग (जङ्गबहादुरका माहिला बाबुका छोरा– पछि जनरल) फौज लिई केरुङतर्फ गए । लगत्तै वैशाखमा नेपाली फौजले ९ दिनसम्म घेरा दिई घण्टागढी दख्खल गर्‍यो । यसपछि झुङ्गातिर जगत्शमशेरले हाँकिएको नेपाली फौज अगाडि बढ्यो । आखिरमा झुङ्गामा पनि टिक्न नसकी भोटेहरू भागे । नेपालीहरूले त्यहाँ प्रशस्त रसद र नून तथा बख्खु हात लाए । अब जङ्गबहादुर स्वयं झुङ्गातिर अगाडि बढे । बमबहादुर राजधानीमा फर्के ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

यता कुतीतिरबाट पनि धीरशमशेरले अगाडि बढी ठूलो लडाइँ लडी सुनागुम्बा कब्जा गरे । यसरी पश्चिम र पूर्व दुवै बाटोबाट नेपालीहरू अगाडि बढ्दै गएका थिए । तर वर्षाद शुरू हुन लागेको हुनाले फाल्गुन-चैत्रसम्मलाई पर्खी भुङ्गामा र कुतीमा कुर्न फौज राखी जङ्गबहादुर, जगत्शमशेर र धीरशमशेर काठमाडौँ फर्के ।

यति भएपछि भोटेहरू नेपालसँग सन्धिको कुरा चलाउन लागे । सो सन्धिको कामलाई नेपालबाट काजी तिलविक्रम थापा (भीमसेन थापाका भतिजा) सिकारजुङ गए । चीनका अम्बा र भोटे काजीहरू बसी नेपाली दूतका साथमा सन्धिको कुरा गर्न लागे । नेपालीहरू आफूले कब्जा गरेको ठाउँ छोड्न चाहँदैनथे तथा सो छोडेमा ९० लाख हर्जाना चाहन्थे । भोटेहरू आफ्नो मुलुक नछोडी २० लाख हर्जाना तिरी कुरा तय गर्न खोज्थे । यसैले आखिरमा कुरा टुङ्गो केही लागेन । तिलविक्रम काठमाडौँ फर्के ।

यता कार्तिकको आधामा भोटेको विशाल फौजले कुतीमा आक्रमण गरी त्यहाँ रहेका नेपालीहरूलाई हटायो । यस लडाइँमा नेपालीहरू ७०० जति परे । भोटेहरूले भुङ्गातिर पनि आक्रमण गरे । तर हार खाई फर्के । १२०० जति फौज लिई काठमाडौँबाट धीरशमशेर कुतीतिर हिँडे । भुङ्गाको रक्षाका लागि कर्णेल सनकसिंह हिँडे । कुतीबाट हटी लिस्तीमा बसेको नेपाली फौजसमेत साथमा लिई धीरशमशेरले १०००० भोटेहरूलाई हटाउँदै कुतीसम्म पुऱ्याई धपाए । भोटेहरूले लुटी लिएका धेरै माल फिर्ता लिए । ११०० जति भोटेहरू लडाइँमा परे । यता भुंगातिर पनि सनकसिंहले हाँकिएको नेपालीको खुकुरीमा परी ११०० भोटेले प्राण छोडे ।

यति भएपछि भोटेहरूले सन्धि गर्नुसिवाय अर्को केही नदेखी उनीहरू सन्धिको कुरातिर लागे । आखिर वि.सं. १९१२ को चैत्रमा काठमाडौँमा भोटे दूतहरू आई सन्धिपत्रमा सहिछाप गरे । यस सन्धिबमोजिम नेपालीले भोटबाट आफ्नो फौज हटाउने, भोटले वर्षेनि नेपालीलाई १०००० रुपियाँ तिर्ने तथा नेपालीहरूले भोटमा भन्सार नतिरी व्यापार गर्न पाउने र भोटमा बसेका नेपाली प्रजाको मुद्दामामिला उहीँ बसेका नेपाली डिठ्ठाले हेर्ने स्थिति बस्यो । यस लडाइँमा

CC-0. Nepal Sanskrit Academy, Kathmandu

लागेको सरकारी खर्चका लागि बिर्तावारहरूबाट त्रिखण्डी (आमदानीको तीन खण्डको एक खण्ड) लडाइँपछि असूल गरियो । जङ्गबहादुरले प्राइममिनिष्टरी आफ्ना भाइ बमबहादुरलाई छाडिदिए । यसको केही दिनबाद वि.सं. १९१३ साल श्रावणमा श्री ५ सुरेन्द्रविक्रम शाहबाट जङ्गबहादुरलाई कास्की, लमजुङ राज्यको रजाइँका साथ महाराज पदवी तथा नेपाल राज्यको वैदेशिक मामलाको सर्वाधिकार मिल्यो । यसै वेलादेखि जङ्गबहादुर श्री ३ महाराज भए । बमबहादुरको १४ साल जेठमा मृत्यु भएपछि नेपाल राज्यको प्राइममिनिष्टरी काम पनि जङ्गबहादुरले नै लिए ।

यता भारतमा अंग्रेजहरू आफ्ना आश्रित राजाहरूको पनि राज्य धमाधम खोस्न लागेका थिए । कम्पनीका गवर्नर जनरल डलहौसीको यस नीतिले गर्दा भारतीय जनतामा ठूलो असंतोष फैलिएको थियो । यसैको परिणाम १९१४ साल लाग्दा नलाग्दा भारतमा जताततै अंग्रेजहरूका विरुद्ध फौज तथा प्रजा खडा हुन लागे । १९१० सालदेखि अंग्रेजहरूले भारतीय सिपाहीहरूलाई ढकनी दाँतले च्यापीकन मात्र काम लाउन सकिने कारतोस दिएका थिए । १९१३ सालको हिउँदमा त्यो कारतोसमा गाईको र सुँगुरको बोसो परेको छ भन्ने हल्ला चल्यो । गाईको बोसो हाली हिन्दुको र सुँगुरको बोसो हाली मुसलमानको जात लिन अंग्रेजहरूले उद्योग गरेका रहेछन् भन्ने हल्लाले अरू कारणहरूले पारेको असंतोषको आगोमा घिउ हाले जस्तो गऱ्यो ।

अंग्रेजहरूले सिपाहीहरूको विद्रोह दबाउन सकभर कोशिश गरे । तर केही लागेन । आखिरमा त्यस वेलाका कम्पनीका गभर्नर लार्ड क्यानिङले १९१४ साल आषाढमा नेपालसँग मद्दत लिए । जङ्गबहादुरले अंग्रेजसँग "यो विद्रोह कारतोसको कुराबाट भएको होइन, वास्तवमा अंग्रेजहरूले आफ्ना मद्दतगार भइरहेका नागपुर तथा अवध राज्यहरूलाई जुन अनुचित हिसाबबाट आफ्नो राज्यमा मिलाएथे, त्यसै अन्यायले गर्दा भारतीय जनतामा यो असंतोष फैलिएको हो, कारतोसको कुरा निहुँ मात्र हो, ढङ्ग पुऱ्याएर भएको छैन, यसमा हामी आफ्ना मित्रलाई मद्दत दिन्छौँ, यसले अवश्य हाम्रो देश हाम्रो राजा हाम्रो कुललाई फाइदा होला" भन्ने कुरा साफै भनिदिएथे । यसरी यस विद्रोहमा

CC-0. Nepal Sanskrit Academy, Kathmandu

जङ्गबहादुरले अंग्रेजहरूका मद्दतका लागि हतियारबद्ध तीन हजार नेपाली फौज आषाढमा पठाइदिए र यो फौजले जौनपुर तथा आजमगढतिर गई विद्रोहीहरूको दमन गर्‍यो । यसपछि लखनौमा विद्रोहीहरूको ठूलो जमघट देखी हड्बडाएर गभर्नर जनरल क्यानिङले नेपालसँग फेरि मद्दत मागे । यसै महीनामा आफैँ जङ्गबहादुर ८००० सिपाही र तोपखानासमेत लिई मैदानमा उत्रे । गोरखपुर र लखनौमा नेपालीहरूले ठूलो बहादुरी देखाए । हिउँदभर अनेक लडाइँ लडी विद्रोह साम्य गराएपछि जङ्गबहादुर १९१५ साल वैशाखमा आफ्ना फौजका साथ काठमाडौँ उत्रे ।

यता अवधका विद्रोहीहरू कतै आश्रय नपाएर नेपाल तराईमा थुप्रिन लागे । हुँदा हुँदा तिनीहरूको संख्या ६० हजार जति पुग्यो । हतियारबद्ध यतिका फौज तराईमा थुप्रिनु नेपाल राज्यका लागि भयकै कारण देखिन लाग्यो । यस कारणले तिनीहरूको चाल बुझ्न जङ्गबहादुरले केही फौज पठाए र पछिपछि आफू त्यहाँ गई सब कुरा बुझे । विद्रोहीहरूले जङ्गबहादुरसँग आत्मसमर्पण गरे । तिनीहरूलाई जङ्गबहादुरले अभय दिए तथा तराईतिर बस्न पनि दिए । यसै कारण नेपाल तराईमा जङ्गल फाँडिदै घना बस्ती बस्न गएको हो । स्त्रीहत्या, बालहत्या गर्ने अपराधीहरूलाई मात्र उनले अंग्रेजी मुलुकमा पठाइदिए । विद्रोहीका मुख्य नेता नाना साहेब र बालारावका जहानले तथा अवधका अन्तिम नवाब वाजिदली शाहका बेगम हजरत महल र उनका छोरा बिर्जिस कदरहरूले जङ्गबहादुरसँग आश्रय मागे, पाए पनि । अगि १९०६ सालमा अंग्रेजको कैदबाट भागी आएकी सीख महारानी जिन्दा कौरलाई पनि जङ्गबहादुरले नेपालमा आश्रय दिएका थिए ।

१८७३ सालको सन्धिबमोजिम नेपालबाट काटिएको कर्णालीप्रदेशको तराई वि.सं. १९१७ सालमा अंग्रेज सरकारबाट नेपाल सरकारलाई फिर्ता आयो । पछिबाट नेपालमा मिल्न आएको हुनाले मानिसहरू यस तराईलाई नयाँ मुलुक भन्दछन् । तराईका मौजामा चौधराई खडा गरी सरकारी बाली असूल गर्ने गर्दा रैती खेतीपाती गरी बाली गुटमुटाएर मुग्लान पस्ने तथा सरकारी बाली डुब्ने डर कम भएको हुनाले सोहीबमोजिमको स्थिति १९२८ सालमा जङ्गबहादुरले बाँधे । पुराना देवमन्दिरहरूको जीर्णोद्धारको काम, ठाउँठाउँको नक्सा बनाउने काम,

CC-0. Nepal Sanskrit Academy, Kathmandu

नयाँनयाँ हातहतियारहरू बनाउने काम, तराईका गाउँगाउँमा इनार खनाउने काम इत्यादि अनेकन् काम पनि जङ्गबहादुरले गरेका हुन् ।

जङ्गबहादुरले नेपालको प्राइममिनिष्टरी आफ्ना भाइ-छोराहरूमा नियत गराए । यसमा श्री ५ सुरेन्द्रविक्रम शाहबाट लालमोहर धर्मपत्र भयो । जङ्गबहादुरले आफ्ना छोराहरूको श्री ५ का छोरीहरूसँग, श्री ५ का छोरासँग आफ्ना छोरीहरूको विवाह गरिदिएथे । जङ्गबहादुरको प्रकृति धार्मिक थियो । उनी शास्त्रोक्त तीर्थ-यात्रा गर्न र दान, व्रत गर्न विशेष रुचि देखाउँथे । पशुपतिका विश्वरूप, काल-मोचनघाटका नारायण इत्यादि अनेक देवता उनैले स्थापना गरेका हुन् । पशुपति, गुह्येश्वरी आदि मन्दिरमा पनि उनले चढाएका पदार्थहरू अजसम्म देखिँदैछन् । उनले स्वयम्भू आदि बौद्ध तीर्थस्थलहरूको पनि जीर्णोद्धार गराएका हुन् ।

जङ्गबहादुर प्रायः हिउँदमा एकपल्ट तराईतिर ओर्ली उताबाट पहाड भई राजधानी फर्कने गर्दथे । १९३३ सालमा आफ्ना प्रिय पुत्र बबरजङ्गको मृत्युले जङ्गबहादुरको हृदयमा ठूलो चोट लागेथ्यो । त्यसै साल तराईमा गएको वेलामा सिमानगढमा रगत वमन भई उनको इहलीला समाप्त भयो । पत्थरघट्टामा वागमती किनारामा उनको लाशका साथ बडामहारानी हिरण्यगर्भकुमारी (चौ. फत्यजङ्ग शाहकी बहिनी)समेत ३ जना महारानीहरू सती गए ।

जङ्गबहादुर जस्तोसुकै ठूलो काम पनि आफ्नो बुद्धिका भरले पार गर्दथे । लडाइँको मैदानमा फौज हाँक्न र भित्री राजकाजको काममा दत्तचित्त भई प्रबन्ध मिलाउन उनी आफैँ अघि सर्दथे । भोटको लडाइँमा र लख्नौको लडाइँमा पनि उनले मैदानमा आफैँ गई लडाइँको प्रबन्ध मिलाई ठूलो नाम कमाए ।

उनी शूरा र बोलक्कड पनि उस्तै थिए । बखतअनुसारको कामकुरो गर्न खूब शिपालु थिए, लडाकु प्रकृतिका शूरवीर भए तापनि उनी व्यर्थ हिंसाका समर्थक त थिएनन् भन्ने कुरा पनि उनका आचरणबाट झल्कन्छ ।

केटाकेटी र स्वास्नीमानिसहरूको परस्परको वैमनस्यमा फसी गृहकलहमा फसेको नेपालले त्यस कलहबाट उम्कन जो पाएथ्यो, सो जङ्गबहादुरकै बलियो हातको काम थियो । यो प्रशंसनीय कुरा हो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

माथवरसिंहको हत्याको काम कान्छा महारानीको इशाराबाट गगनसिंहले जो गरेथे, त्यसमा जङ्गबहादुरका लागि दुइ कुरा थियो । चूप लागेर अह्राएको सो काम गर्नु अथवा माथवरसिंहलाई त्यसको सूचना दिनु । तर माथवरसिंहको अरूको कुरा नसुन्ने बानी थियो, किनभने आफ्ना छोराहरूले राति एक्लै जानु बढिया छैन भन्दा भन्दै त्यस विकट परिस्थिति बुझेर पनि राति एक्लै दरबार गएको कुराबाट पनि साफै बुझिन्छ । एकपल्ट जङ्गबहादुरले आफ्ना एक जना इष्टमित्रको सजाय माफी गरिदिनोस् भनी भन्दा उनले कडा जवाफ दिएथे, सो कुरा पनि माथि लेखिएको छ । माथवरसिंहको यस प्रकृति बुझेका जङ्गबहादुरले अवश्य पनि मेरो कुरा पत्याउनेछैनन् भनी देखेका हुनन् । यस परिस्थितिमा उनले सूचना दिएको भए पनि सो कुरा माथवरसिंहले पत्याउँदथे भन्न सकिँदैन । उल्टा दुवैतिरबाट जङ्गबहादुरको सत्यानाश हुन्थ्यो । यस कारण उनले आफ्नो आत्मरक्षाको लागि सो काम गर्नुपरेको थियो ।

कोतपर्वको जो हत्या भयो, त्यसमा पनि राजेन्द्रविक्रम शाहको अनिश्चित नीति र महारानीको रिसको आगोले परिस्थिति अत्यन्त भयङ्कर भएको थियो । एकदम अपराधीलाई खोज्नु कुनै सजिलो कुरा थिएन । त्यसमा अलिकता मात्र पनि महारानीको कुरामा चाइँचुइँ गरेको भए जङ्गबहादुरको नाश हुन केही बेर थिएन । त्यस वेला जङ्गबहादुरले ठूलो बुद्धिमानीपूर्वकको काम गरेर आत्मरक्षा गरेथे ।

राजेन्द्रविक्रम शाहले अझ पनि परिस्थितिलाई आफ्नो हातमा लिई काम नगरिदिँदा जङ्गबहादुरले आत्मरक्षा-देशरक्षाका लागि सबै भार आफ्नै शिरमा बोकी आफ्नो बुद्धिले काम गर्नुपरेथ्यो ।

नेपालको गृहकलहको मौका छोपी पुरानो स्थिति तोडी नेपाली व्यापारीहरूको नोक्सान गराउन भोटेहरूले जो कोशिश गरेथे, जङ्गबहादुरकै उद्योगले भोटेहरूको सो कोशिश सफल हुन पाएन । १८७२ सालको लडाइँमा काटिएको नयाँ मुलुक फेरि फर्काई नेपालमा मिलाउनु पनि जङ्गबहादुरको प्रशंसनीय काम हो ।

यी सबै कुराहरूबाट पृथ्वीनारायण शाहले उठाएको उद्योगलाई बहादुर शाहले झैँ जङ्गबहादुरले पनि अगाडि बढाए भन्ने कुरामा सन्देह रहोइन ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

नेपालको संक्षिप्त इतिहासमा रहेका अशुद्धिको खण्डन परेका निबन्धको सूची

गौतमवज्र वज्राचार्य - *इतिहास-संशोधन*
[५४ क्रमागत संख्या]
प्राध्यापक श्रीतोत्रराज पाँडे तथा श्रीगुरु पं. नयराज पन्त
विरचित 'नेपालको संक्षिप्त इतिहास' मा तथा
अरू इतिहासकारहरूका ग्रन्थमा
रहेका अशुद्धिको
संशोधन
संशोधन-मण्डल, काठमाडौँ, वि.सं. २०१९

दिनेशराज पन्त - दैवज्ञशिरोमणि लक्ष्मीपति पाँडे (वि.सं. १८१५-८८), *पूर्णिमा* ८ पूर्णाङ्कका ३४-४१ पृ., संशोधन-मण्डल, काठमाडौँ, वि.सं. २०२२

धनवज्र वज्राचार्य - *इतिहास-संशोधन*
(४८ क्रमागत संख्या)
प्राध्यापक तोत्रराज पाँडे तथा श्रीगुरु पं. नयराज पन्तविरचित
नेपालको संक्षिप्त इतिहासमा परेको अशुद्धिको
संशोधन
धनवज्र वज्राचार्य, काठमाडौँ, वि.सं. २०१६

CC-0. Nepal Sanskrit Academy, Kathmandu

धनवज्र वज्राचार्य - *इतिहास-संशोधन*

(५० क्रमागत संख्या)

प्राध्यापक तोत्रराज पाँडे तथा श्रीगुरु पं. नयराज पन्तविरचित
नेपालको संक्षिप्त इतिहासमा परेको अशुद्धिको
संशोधन

धनवज्र वज्राचार्य, काठमाडौँ, वि.सं. २०१६

धनवज्र वज्राचार्य,
ज्ञानमणि नेपाल - *इतिहास-संशोधन*

[४ संख्या]

प्रो. तोत्रराज पाण्डेय एम्.ए. तथा पं. नयराज पन्त
ज्यौतिषाचार्य विरचित नेपालको संक्षिप्त
इतिहासमा रहेका अशुद्धिहरू

धनवज्र वज्राचार्य ज्ञानमणि नेपाल, काठमाडौँ, वि.सं. २०११

भोलानाथ पौडेल,
धनवज्र वज्राचार्य - *व्याकरण-संशोधन*

(५ संख्या)

प्रो. तोत्रराज पाँडे एम्.ए. तथा पं. नयराज पन्त ज्यौतिषाचार्य-
विरचित नेपालको संक्षिप्त इतिहासमा रहेका
व्याकरणविषयका अशुद्धिहरू

भोलानाथ पौडेल धनवज्र वज्राचार्य, काठमाडौँ, वि.सं. २०१६

महेशराज पन्त - *इतिहास-संशोधन*

[५३ क्रमागत संख्या]

लिच्छविवंशक्रममा इतिहासकारहरूले गरेको भूलको
संशोधन

संशोधन-मण्डल, काठमाडौँ, वि.सं. २०१८

CC-0. Nepal Sanskrit Academy, Kathmandu

महेशराज पन्त - *इतिहास-संशोधन*

[५५ क्रमागत संख्या]

पं. भगवानलाल इन्द्रजी, ऐ.शि. बाबुराम आचार्य, श्रीगुरु पं. नयराज पन्त, आचार्य रेनिइरो नोलीहरूले गर्नुभएको लिच्छविकालको अङ्कविषयको अशुद्धिको संशोधन

संशोधन-मण्डल, काठमाडौँ, वि.सं. २०१९

महेशराज पन्त - नेपाल-अंग्रेजयुद्धको दोस्रो चरण, *पूर्णिमा* ८ पूर्णाङ्कका ४१-४९ पृ., वि.सं. २०२२

महेशराज पन्त - वाङ्मुख, *नयराज पन्तको दृष्टिमा श्री ५ पृथ्वीनारायण शाह*, खिलशर्म-राजीवलोचनजोशीस्मारकप्रतिष्ठान, काठमाडौँ, क-त पृ., वि.सं. २०७३

महेशराज पन्त,
दिनेशराज पन्त - नेपालखाल्डोमा पाल्पाली राजा मुकुन्द सेनको हमला, *पूर्णिमा* ४३ पूर्णाङ्कका १०५-१५२ पृ., वि.सं. २०३६

CC-0. Nepal Sanskrit Academy, Kathmandu

CC-0. Nepal Sanskrit Academy, Kathmandu

संशोधन-मण्डलमा बिक्रीमा भएका हाम्रा कृति

१.	को हुन् त नयराज पन्त	७५०।००
२.	गोरखाली विजययात्रा	२२५।००
३.	जनैपूर्णिमादेखि रानीपोखरीसम्म	८२५।००
४.	धादिङमा फेला परेका नेपाली कविता	७५।००
५.	नयराज पन्तका गणितीय कृति	४५०।००
६.	नयराज पन्तका ज्यौतिषीय चिन्तन	५२०।००
७.	नयराज पन्तको दृष्टिमा श्री ३ जङ्गबहादुर राणा	३७५।००
८.	नयराज पन्तको दृष्टिमा श्री ५ पृथ्वीनारायण शाह	४००।००
९.	नयराजपन्तश्रद्धाञ्जलि	१२५।००
१०.	नेपालको संक्षिप्त इतिहास	४००।००
११.	नेपालसंवत्को राष्ट्रिय मान्यताको अनौचित्य	५।००
१२.	पं. गोपाल पाँडे र उनको घनमूल ल्याउने रीति	१६।४०
१३.	पूर्णिमा (२२-३२, ४५-४६, ४८-११८, १२२-१४५ पूर्णाङ्क)	९८७८।००
१४.	प्रसिद्ध ज्योतिषी भगीरथ जैसी	२००।००
१५.	प्राचीन गणित र नवीन गणितको तुलना	१५।००
१६.	बडागुरुज्यू विजयराजसँग सम्बद्ध पत्रहरू	५२५।००
१७.	बुद्धिविनोद-प्रश्नावली र त्यसको उत्तर	५०।००
१८.	महामण्डलदेखि काँगडासम्म	१७५।००
१९.	यो काम किन भइरहेछ ?	३२५।००
२०.	रत्नदीप (मूल मात्र)	२।५०
२१.	रत्नदीप १ भाग	१०५।००
२२.	रत्नदीप २ भाग	९२।००
२३.	राजज्योतिषी लीलानाथ पाँडेले तयार पारेको तिथ्यावली	१५०।००
२४.	राजा, राणा र काङ्ग्रेस	५७५।००
२५.	राजीवलोचन जोशीका बराज्यू दामोदर जोशी	१५०।००
२६.	विद्वच्छिरोमणि हेमराजको गोरखासम्बन्धी अनुसन्धान	१५०।००
२७.	विश्रान्ति	८२।००
२८.	श्री ३ महाराज पद्मशमशेरका कुरा	१२।००
२९.	श्री ३ वीरशमशेरको जीवनचरित्र	२००।००
३०.	श्री ५ त्रिभुवनको राज्यारोहण	२५।००
३१.	संक्षिप्त वंशावली	२००।००
३२.	साधनमाला	१०००।००
३३.	सिद्धान्तज्यौतिषे नयराजपन्तस्य योगदानम्	२२५।००
३४.	हनूमान्ढोकादरबार मनमोहनचोकको दलानको शिलापट्ट र त्यहाँका शिलामूर्ति	५००।००
३५.	हाम्रो उद्देश्य र कार्यप्रणाली	२२५।००
३६.	हिन्दू सिद्धान्तज्यौतिष र ग्रीक सिद्धान्तज्यौतिषको तुलना	२६०।००
३७.	Ādarśa	५५०।००

ISBN 978-9937-1-3980-9